समृद्ध धुर्कोटः हाम्रो शान

# आवधिक विकास योजना

(आ.व. २०७६/०७७ – २०८०/०८१)




## धुर्कोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

गुल्मी, प्रदेश नं. ५

२०७६

| | |
|---|---|
| दस्तावेज | गाउँपालिकाको प्रथम आवधिक विकास योजना, २०७६ |
| प्रकाशक | धुर्कोट गाउं कार्यपालिकाको कार्यालय, वरवोट, गुल्मी, प्रदेश नं. ५<br>http://www.dhurkotmun.gov.np |
| सर्वाधिकार | प्रकाशकमा |
| प्राविधिक सहयोग | थर्ड पोल ग्रुप तथा नेमडेक प्रा.लि. काठमाडौं |
| @ फोटो | पृष्ठ पेजमा राखिएको गाउं कार्यापालिका कार्यालयको फोटो धुर्कोट गाउपालिको वेवसाइटबाट लिईएको |

# धुर्कोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वरवोट, गुल्मी
## प्रदेश नं. ५

### मन्तव्य

संघीय शासन व्यवस्था अनुसार जनताको सबैभन्दा नजिकको सरकारका रुपमा रहेको स्थानीय सरकारले समृद्धी र सुशासनको जनआकांक्षा पुरा गर्ने प्रयासलाई दिशानिर्देश गर्न आवधिक योजना तर्जुमाको आवश्यकता रहेको छ। साथै नेपालको संविधान र कानुन बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रका विषयलाई समेट्ने गरी स्थानीय तहको आर्थिक सामाजिक विकासको लागि आवधिक विकास योजना तर्जुमा गर्नु पर्ने व्यवस्था रहेको छ। नेपालको संविधान बमोजिम स्थानीय तहलाई प्राप्त अधिकार एवं कानून बमोजिम स्थानीय तहको योजना तर्जुमा सम्वन्धी जिम्मेवारी तथा अधिकारलाई मनन् गरी संघीय शासन व्यवस्था अनुसार राज्यको पुनस्थापना पछि स्थानीय सरकारको रुपमा स्थापित यस धुर्कोट गाउँपालिकाले पहिलो प्रयासको रुपमा प्रथम आवधिक विकास योजना (२०७६/०७७-२०८०/८१) तर्जुमा गरेको छ।

वस्तुस्थिति विश्लेषण विवरणको आधारमा गाउँपालिकाको विकासको वर्तमान अवस्था, संभावना, अवसर, समस्या तथा चूनौति विश्लेषण गरी गाउँपालिकाको एकीकृत स्वरुपको यस प्रथम आवधिक विकास योजना तर्जुमा गरिएको छ। आवधिक विकास योजना तयारी तथा अभिमुखीकरण, कार्ययोजना तर्जुमा, वस्तुस्थिति विश्लेषण तथा आवधिक योजना तर्जुमा विस्तृत कार्यशाला, मस्यौदा प्रस्तुती तथा सुझाव संकलन कार्यशाला चरणबद्ध रुपमा संचालन गरी सहभागितामूलक प्रक्रिया बमोजिम यो आवधिक विकास योजना तर्जुमा गरिएको छ। गाउँ सभा तथा कार्यपालिकाका पदाधिकारी, कार्यालयका कर्मचारी, स्थानीय राजनीतिक दलहरू, अगुवा तथा विषयविज्ञहरु तथा अन्य सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गरी आवधिक विकास योजनालाई सहभागितामूलक, समावेशी र नतिजामूलक बनाउने प्रयास गरिएको छ। योजना तर्जुमा प्रक्रियामा जस्तै बार्षिक योजना र बजेट मार्फत कार्यान्वयनमा समेत सम्बन्धित सबैको सहयोग प्राप्त हुने र योजनामा प्रस्तावित श्रोत प्रक्षेपण अनुसार स्रोत परिचालन हुने अपेक्षा राखिएको छ।

आवधिक विकास योजना तर्जुमा प्रक्रियामा गाउँपालिकाको विकासको वर्तमान अवस्था अध्ययन तथा विश्लेषण गरी गाउँपालिकाको समष्टिगत विकास लागि दुरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति तथा प्रमुख कार्यक्रम तर्जुमा गरिएको छ। यस योजनाले गाउँपालिकाको समग्र तथा योजनावद्ध विकासका लागि गर्नुपर्ने कार्यको मार्गदर्शन तथा नतिजा अनुगमन र प्रभाव लेखाजाखाको लागि आधार प्रदान गर्नुका साथै आगामी ५ वर्षको मार्गचित्र तयार गरी त्यसका लागि श्रोत परिचालनको योजना समेत तय गरेको छ। यस आवधिक योजनाको आधारमा मध्यमकालिन खर्च संरचना र मध्यमकालिन खर्च संरचनाको आधारमा बार्षिक बजेट तथा कार्यक्रम तयार गरी निर्धारित प्रक्रिया अनुसार बार्षिक योजनाको कार्यान्वयन, नतिजाको अनुगमन तथा प्रगति मापन एवम् असर र प्रभावको लेखाजोखा गरी योजना कार्यान्वयन सुनिश्चित गरिनेछ।

अन्त्यमा, धुर्कोट गाउँपालिकाको यस प्रथम आवधिक विकास योजना तर्जुमा कार्यमा सहयोग गर्नु हुने गाउँ सभा तथा कार्यपालिकाका पदाधिकारी एवं कर्मचारी, विषयगत समिति, स्थानीय राजनीतिक दलहरू, अगुवा तथा विषयविज्ञहरु, सरोकारवाला निकाय, परामर्शदाता संस्था थर्डपोल तथा नेमडेक सम्बन्धित विषयविज्ञलाई धन्यवाद व्यक्त गर्दछु।

......................

भुपाल पोखरेल

मिति: २०७६ असार

अध्यक्ष

# धुर्कोट गाउँपालिका

## प्रथम आवधिक योजना अवधारणा सारंश


| | | |
|---|---|---|
| **दीर्घकालिन सोच** | : | **समृद्ध धुर्कोटः हाम्रो शान** |
| **निर्देशक सिद्धान्त** | : | • स्थानीय अर्थतन्त्रको विकास र विस्तार<br>• व्यवस्थित भू-उपयोग र योजनाबद्ध विकास<br>• उत्पादनमूलक, जलवायु तथा विपद् उत्थानशिल पूर्वाधार<br>• प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापन<br>• अन्तर सरकार, निजी, गैर सरकारी तथा समुदाय साझेदारी र सहकार्य<br>• समवेशीकरण, सुशासन तथा सदाचार प्रर्वधन<br>• सूचना तथा नतिजामा आधारित विकास व्यवस्थापन |
| **लक्ष्य** | : | **सभ्य, सुन्दर, समावेशी, विकसित धुर्कोटको आधार हुने** |
| **उद्देश्य** | : | १. स्थानीय उत्पादन, रोजगारी र आयमा गुणात्मक तथा दीगो वृद्धि गर्नु<br>२. स्वस्थ, सिर्जनशिल, शिक्षित र सीपयुक्त मानव संशाधनको विकास गर्नु<br>३. आवागमन, बजार सुविधा तथा अन्तरआबद्धता व्यवस्थित र सहज बनाउनु<br>४. वन, जैविक विविधता, जमीन र जलश्रोतको दीगो उपयोग सुनिश्चित गर्नु<br>५. सेवा प्रवाह, कार्यसम्पादन र जवाफदेहिताको स्तर अभिबृद्धि गर्नु |
| **रणनीति तथा प्राथमिकता** | : | १. कृषि, पशुपंक्षी र वनजन्य उत्पादनको व्यवसायीकरण, विविधिकरण र औद्योगिकरण गर्ने<br>२. ऐतिहासिक, साँस्कृतिक, कृषि तथा ग्रामीण पर्यटन विकास तथा प्रवर्द्धन गर्ने<br>३. गुणस्तरीय तथा व्यवसायिक शिक्षा, आधारभूत स्वास्थ्य, सरसफाई तथा खानेपानी सेवा सुविधा, सशक्तिकरण र समावेशीकरण सुनिश्चित गर्ने,<br>४. यातायात, बजार र सुरक्षित आवास, स्वच्छ उर्जा, पर्यटन र संचारका पुर्वाधारको विस्तार र स्तरोन्नति गर्ने,<br>५. विकास प्रक्रिया तथा नतिजालाई वातावरणमैत्री, उत्थानशील र दीगो बनाउने,<br>६. अन्तर सरकार, सहकारी, नीजि क्षेत्र, समुदाय र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यलाई सुदृढ बनाउने |
| **उद्देश्य १ सँग सम्बन्धित प्रतिफलहरु** | | |
| **प्रतिफल १.१** | : | कृषि उत्पादनको वृद्धी, व्यावसायीकरण र विविधिकरण भएको हुनेछ । |
| **प्रतिफल १.२** | : | खेतीयोग्य जमीनमा भरपर्दो सिंचाई सुविधा उपलब्ध भएको हुनेछ । |
| **प्रतिफल १.३** | : | पशुपंक्षीजन्य उत्पादनको बृद्धी, व्यावसायीकरण र विविधीकरण भएको हुनेछ । |
| **प्रतिफल १.४** | | पर्यटकीय पूर्वाधार, सेवा तथा सुविधाको विकास, विस्तार र स्तरोन्नति भएको हुनेछ । |
| **प्रतिफल १.५** | | स्थानीय साँस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक सम्पदाको संरक्षण र प्रवर्धन भएको हुनेछ |
| **प्रतिफल १.६** | : | स्थानीय कच्चा पदार्थ, श्रम, सीपमा आधारित उद्योग व्यवसायको सिर्जना, विकास र उत्पादनमा बृद्धि भएको हुनेछ । |
| **प्रतिफल १.७** | : | बैंक तथा वित्तीय सेवामा लक्षित वर्गको पहुँच बृद्धि भएको हुनेछ । |
| **उद्देश्य २ सँग सम्बन्धित प्रतिफलहरु** | | |
| **प्रतिफल २.१** | : | विद्यालय शिक्षाको गुणस्तर, प्राविधिक एवं उच्च शिक्षाको पहुँचमा बृद्धि भएको हुनेछ । |
| **प्रतिफल २.२** | : | आधारभुत स्वास्थ्य सेवा तथा पोषणको पहुँच तथा गुणस्तरमा वृद्धि भएको हुनेछ । |
| **प्रतिफल २.३** | : | स्वच्छ खानेपानीको उपलब्धता र स्वस्थ व्यवहारमा अभिबृद्धि भएको हुनेछ । |
| **प्रतिफल २.४** | : | विपन्न तथा जोखिममा रहेका एवं लक्षित वर्गको सक्षमता र संलग्नता अभिवृद्धि भएको हुनेछ। |
| **प्रतिफल २.५** | : | युवाको नवप्रवर्तनशिलता, सक्षमता, उद्यमशिलता एवं सहभागितामा अभिबृद्धि भएको हुनेछ । |
| **उद्देश्य ३ सँग सम्बन्धित प्रतिफलहरु** | | |
| **प्रतिफल ३.१** | : | यातायात, बजार एवं आधारभूत सुविधामा बृद्धि भएको हुनेछ । |
| **प्रतिफल ३.२** | : | एकीकृत वस्ती, सुरक्षित आवास तथा सार्वजनिक सुविधामा अभिवृद्धी भएको हुनेछ । |
| **प्रतिफल ३.३** | : | स्वच्छ उर्जाको पहुँच र उपयोगमा बृद्धि भएको हुनेछ । |
| **प्रतिफल ३.४** | : | सूचना तथा संचार प्रविधिको पहुँच र उपयोगमा वृद्धि भएको हुनेछ । |

| | | |
|---|---|---|
| **उद्देश्य ४ सँग सम्बन्धित प्रतिफलहरु** | | |
| **प्रतिफल ४.१** | : | जैविक विविधता संरक्षण, वनको संचिती तथा वन पैदावरको उत्पादनमा बृद्धि भएको हुनेछ। |
| **प्रतिफल ४.२** | : | जल, जमीन तथा जलाधारका श्रोतको संरक्षण तथा उपयोगमा बृद्धी भएको हुनेछ। |
| **प्रतिफल ४.३** | : | पर्यावरणीय स्वच्छता, सुन्दरता र वातावरणीय सरसफाईमा भएको हुनेछ। |
| **प्रतिफल ४.४** | : | स्थानीय विकास व्यवस्थापनमा विपद् मूलप्रवाहीकरण भएको हुनेछ। |
| **प्रतिफल ४.५** | : | विपद् जोखिम तथा विपदजन्य क्षती न्यूनीकरण भएको हुनेछ। |
| **उद्देश्य ५ सँग सम्बन्धित प्रतिफलहरु** | | |
| **प्रतिफल ५.१** | : | स्थानीय कार्य सम्पादन प्रणाली एवं प्रक्रिया सरल, स्पष्ट तथा पारदर्शी भएको हुनेछ। |
| **प्रतिफल ५.२** | : | स्थानीय सेवाको व्यवस्थापन क्षमता, मानव संशाधन र कार्य दक्षतामा अभिबृद्धि भएको हुनेछ। |
| **प्रतिफल ५.३** | : | आन्तरिक आय तथा वाह्य स्रोत परिचालनमा अभिबृद्धि भएको हुनेछ। |
| **प्रतिफल ५.४** | : | विकास व्यवस्थापन प्रणाली सूचना प्रविधिमा आधारित, सहभागितामूलक तथा नतिजामूलक भएको हुनेछ। |
| **योजना लागि आवश्यक स्रोत अनुमान** | : | (तलको तालिका) |
| **योजना अवधिमा उपलब्ध हुन सक्ने प्रक्षेपित स्रोत** | : | (तलको चार्ट) |

**योजना लागि आवश्यक स्रोत अनुमान**

| विषय क्षेत्र | अनुमानित श्रोत (हजारमा) | प्रतिशत |
|---|---|---|
| आर्थिक विकास | ६७७,५०० | २०.९४ |
| सामाजिक विकास | १,०७८,९०० | ३३.३५ |
| पूर्वाधार विकास | १,१५६,८०० | ३५.७६ |
| वन तथा वातावरण व्यवस्थापन | १७५,६६० | ५.४३ |
| संस्थागत विकास र सुशासन | १४६,३०० | ४.५२ |
| **कूल जम्मा** | ३,२३५,१६० | १००.०० |

**योजना अवधिमा उपलब्ध हुन सक्ने प्रक्षेपित स्रोत**



| शब्द संक्षेप | | |
|---|---|---|
| अ.मु. | : | अनुगमन तथा मूल्याङ्कन |
| अ/गैसस | : | अन्तराष्ट्रिय/गैर सरकारी संस्था |
| आ.व. | : | आर्थिक वर्ष |
| आ.ले.प | : | आन्तरिक लेखा परिक्षण |
| आ.वि. | : | आधारभुत विद्यालय |
| उ.स. | : | उपभोक्ता समिति |
| क.व. | : | कवुलियत बन |
| कि.मि. | : | किलोमिटर |
| गा.पा. | : | गाउँपालिका |
| गाकापा | : | गाउँ कार्यपालिका |
| जिसस | : | जिल्ला समन्वय समिति |
| नपा | : | नगरपालिका |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| रायोआ | : | राष्ट्रिय योजना आयोग |
| रु. | : | रुपैंया |
| लि | : | लिटर |
| व. नं. | : | वडा नम्वर |
| स.सं | : | सहकारी संस्था |
| सा.ब. | : | सामुदायिक बन |
| सा.सं | : | सामुदायिक संस्था |
| हे. | : | हेक्टर |
| CBOs | : | Community Based Organisations |
| DRR | : | Disaster Risk Reduction |
| EMIS | : | Education Management Information System |
| HMIS | : | Health Management Information System |
| I/NGO | : | International/Non-Governmental Organization |
| O & M | : | Organization and Management |
| SWOT | : | Strength, Weakness, Opportunity and threats |
| SIP | : | School Improvement Plan |

# विषय सूची

परिच्छेद १ ........ १
परिचय ........ १
१.१ पृष्ठभूमि ........ १
१.२ योजना तर्जुमाको उद्देश्य ........ २
१.३ आवधिक विकास योजनाको कानुनी तथा नीतिगत आधार ........ २
१.४ आवधिक विकास योजना तर्जुमा तथा प्रक्रिया ........ ३
१.५ सीमा ........ ६
परिच्छेद २ ........ ७
गाउँपालिको संक्षिप्त परिचय ........ ७
२.१ परिचय ........ ७
२.२ भौगोलिक तथा राजनीतिक अवस्थिति ........ ७
२.३ ऐतिहासिक चिनारी तथा नामकरण ........ ७
२.४ जनसंख्या विवरण तथा बनौट ........ ८
२.५ भू–उपयोग तथा प्राकृतिक सम्पदा ........ ८
२.६ साँस्कृतिक उत्कृष्टता ........ ८
२.७ विकासका उपलब्धी र संभावना ........ ८
परिच्छेद ३ ........ १०
योजनाको अवधारणा र प्रारूप ........ १०
३.१ दीर्घकालिन सोच तथा ध्येय ........ १०
३.२ लक्ष्य तथा उद्धेश्य ........ ११
३.३ समष्टिगत रणनीतिहरू ........ ११
३.४ नतिजा तालिका ........ ११
परिच्छेद ३ ........ २४
आर्थिक विकास योजना ........ २४
३.१ वस्तुस्थिति विश्लेषण ........ २४
३.१.१ कृषि विकास ........ २४
३.१.२ सिंचाई ........ २५
३.१.३ पशु विकास ........ २५
३.१.४ पर्यटन तथा संस्कृति ........ २६
३.१.५ उद्योग, व्यापार तथा व्यवसाय ........ २६
३.१.६ बैंक, वित्तीय संस्था एवं सहकारी ........ २७
३.२ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम ........ २७
३.२.१ लक्ष्य ........ २७
३.२.२ उद्देश्य ........ २७
३.२.३ रणनीति तथा कार्यनीति ........ २८
३.२.४ कार्यक्रम तथा योजना (कार्यान्वयन योजना) ........ ३१
परिच्छेद ४ ........ ३४
सामाजिक विकास योजना ........ ३४
४.१ वस्तुस्थिति विश्लेषण ........ ३४
४.१.१ शिक्षा तथा सीप विकास ........ ३४
४.१.२ स्वास्थ्य तथा पोषण ........ ३५
४.१.३ खानेपानी तथा सरसफाई ........ ३५
४.१.४ लैंगिक समानता तथा सामाजिक समावेशिकरण ........ ३६
४.१.५ युवा तथा खेलकुद ........ ३६
४.२ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम ........ ३७
४.२.१ लक्ष्य ........ ३७
४.२.२ उद्देश्य ........ ३७

४.२.३ रणनीति तथा कार्यनीति....................३७
४.२.४ कार्यक्रम तथा योजना (कार्यान्वयन योजना)....................४२
परिच्छेद ५....................४६
पूर्वाधार विकास योजना....................४६
५.१ वस्तुस्थिति विश्लेषण....................४६
५.१.१ सडक, पुल तथा यातायात....................४६
५.१.२ आवास, भवन, वस्ती तथा शहरी विकास....................४६
५.१.३ विद्युत तथा वैकल्पिक उर्जा....................४७
५.१.४ सूचना, संचार र प्रविधि....................४७
५.२ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम....................४८
५.२.१ लक्ष्य....................४८
५.२.२ उद्देश्य....................४८
५.२.३ रणनीति तथा कार्यनीति....................४८
५.२.४ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वियन योजना)....................५०
परिच्छेद ६....................५३
वन, वातावरण तथा विपद् जोखिम व्यवस्थापन योजना....................५३
६.१ वस्तुस्थिति विश्लेषण....................५३
६.१.१ वन तथा जैविक विविधता....................५३
६.१.२ भू–संरक्षण तथा जलाधार व्यवस्थापन....................५४
६.१.३ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन....................५५
६.१.४ विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन....................५६
६.२ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम....................५७
६.२.१ लक्ष्य....................५७
६.२.२ उद्देश्य....................५७
६.२.३ विषयगत रणनीति तथा कार्यनीति....................५७
६.२.४ प्रमुख रणनीतिक कार्यक्रम/आयोजना (कार्यान्वियन योजना)....................५९
परिच्छेद ७....................६२
संस्थागत विकास तथा सुशासन योजना....................६२
७.१ वस्तुस्थिति विश्लेषण....................६२
७.२ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम....................६४
७.२.१ लक्ष्य....................६४
७.२.२ उद्देश्य....................६४
७.२.३ विषयगत रणनीति तथा कार्यनीति....................६४
७.२.४ प्रमुख रणनीतिक कार्यक्रम आयोजना (कार्यान्वियन योजना योजना)....................६७
परिच्छेद ८....................७२
कार्यान्वियन व्यवस्था....................७२
८.१ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना....................७२
८.२ स्रोत अनुमान तथा प्रक्षेपण....................७३
८.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट....................७४
८.४ श्रोत परिचालन रणनीति....................७५
८.५ आवधिक विकास योजना कार्यान्वियन....................७६
अनुसूची १ः आर्थिक विकास क्षेत्रको वस्तुस्थिति विश्लेषण....................७९
अनुसूची २ः सामाजिक विकास क्षेत्रको वस्तुस्थिति विश्लेषण....................८१
अनुसूची ३ः भौतिक पूर्वाधार विकास क्षेत्रको वस्तुस्थिति विश्लेषण....................८५
अनुसूची ४ः वन तथा वातावरण क्षेत्रको वस्तुस्थिति विश्लेषण....................८७
अनुसूची ५ः वन तथा वातावरण क्षेत्रको वस्तुस्थिति विश्लेषण....................९०
अनुसूची ६ः प्रति एकाई लागत अनुमान....................९२
अनुसूची ७ः सन्दर्भ सामग्रीहरू....................९५

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र राज्यशक्तीको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था गरेको छ। संविधानले संघ, प्रदेश र स्थानीय तहको अधिकार र कार्यक्षेत्र तोकेको छ र तिनै तहले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा कानून बनाउने, बार्षिक बजेट बनाउने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था गरेको छ (धारा ५९ को उपधारा १)। प्रदेश र स्थानीय तहले बजेट पेश गर्ने समय सङघीय कानून बमोजिम हुने व्यवस्था गरेको छ (धारा ५९ को उपधारा ३)। स्थानीय तह संचालन सम्बन्धी संघीय कानून (स्थानीय सरकार संचालन ऐन, २०७४) ले गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरको विकासकालागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, बार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ। यस प्रकारका योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी तर्जुमा गर्नुपर्ने ऐनमा उल्लेख गरिएको छ।

यसैगरी योजना तर्जुमा गर्दा सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने व्यवस्था समेत स्पष्ट गरिएको छ। यसका अतिरिक्त ऐनले योजना तर्जुमा गर्दा प्राथमिकता दिनु पर्ने विषयहरू समेत तोकेको र स्थानीय तहले कार्यसम्पादनका क्रममा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग र प्रभावकारी सेवा प्रवाह सम्वन्धी व्यवस्था स्पष्टरुपमा उल्लेख गरेकोछ। सोही व्यवस्थाअनुसार उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, गरिबी निवारण, जीवनस्तरमा दीगो सुधार, रोजगारीका अवसरमा वृद्धी, जनसहभागिता प्रवर्धन, समावेशी, दीगो विकास र स्थानीय सँस्कृति संरक्षण जस्ता विषयलाई प्राथमिकता दिनुपर्ने कुरालाई जोड दिएको देखिन्छ। नेपालको संविधान बमोजिम स्थानीय तहलाई प्राप्त अधिकार एवं कानून बमोजिम स्थानीय तहको योजना तर्जुमा सम्वन्धी जिम्मेवारी तथा अधिकारलाई मनन् गरी संघीय शासन व्यवस्था अनुसार राज्यको पुनर्स्थापना पछि स्थानीय सरकारको रुपमा स्थापित यस धुर्कोट गाउँपालिकाले पहिलो प्रयासको रुपमा यस प्रथम आवधिक विकास योजना (२०७६/०७७-२०८०/८१) तर्जुमा गरेको छ।

यस आवधिक विकास योजनामा गाउँपालिकाको समष्टिगत आर्थिक, सामाजिक विकास तथा प्रभावकारी सेवा प्रवाहका लागि लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी आगामी ५ बर्ष अवधिभित्र सो हासिल गर्ने निर्देशक सिद्धान्त, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित मार्गचित्र प्रस्तुत गरिएको छ। यस योजनाले निर्धारित अवधिका लागि गाउँपालिकालाई आफुले चाहेको गन्तव्यतर्फ डोहोऱ्याउने अपेक्षा रहेको छ। स्थानीय तहको विकास प्रयासलाई दिशानिर्देश गर्न विषयक्षेत्रगत गुरुयोजना, आवधिक तथा बार्षिक गाउँ विकास योजना तर्जुमा, योजनाको कार्यान्वयन, अनुगमन तथा विकासका प्रयासहरुको प्रभाव लेखाजोखा गर्न विषयगत सूचना तथा श्रोत नक्शा सहित वस्तुस्थिति विवरण तयार समेत गरिएको छ। जुन आवधिक योजनाको आधार दस्तावेजको रुपमा रहेको छ। वस्तुस्थिति विश्लेषण विवरणको आधारमा गाउँपालिकाको विकासको वर्तमान अवस्था, संभावना, अवसर, समस्या तथा चूनौति विश्लेषण गरी गाउँपालिकाको एकीकृत स्वरुपको यस प्रथम आवधिक विकास योजना तर्जुमा गरिएको छ। योजना तर्जुमा गर्ने सिलसिलामा सहभागितामूलक योजना तर्जुमा प्रक्रिया बमोजिम गाउँ सभा तथा कार्यपालिका पदाधिकारी, कार्यालयका कर्मचारी, स्थानीय राजनीतिक दलहरू, अगुवा तथा विषयविज्ञहरु तथा अन्य सरोकारवालाको सहभागिता सुनिश्चित गरिएको छ।

यस प्रथम आवधिक विकास योजना तर्जुमा प्रक्रियामा गाउँपालिकाको विकासको वर्तमान अवस्था अध्ययन तथा विश्लेषण गरी गाउँपालिकाको समष्टिगत विकास लागि दुरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति तथा प्रमुख कार्यक्रम तर्जुमा गरिएको छ। यस योजनाले गाउँपालिकाको समग्र तथा योजनावद्ध विकासका लागि गर्नुपर्ने कार्यको मार्गदर्शन तथा नतिजा अनुगमन र प्रभाव लेखाजाखाको लागि आधार प्रदान गर्नुका साथै आगामी ५ वर्षको मार्गचित्र

तयार गरी त्यसका लागि श्रोत परिचालनको योजना समेत तय गरेको छ । यस आवधिक योजनाको आधारमा मध्यमकालिन खर्च संरचना र मध्यमकालिन खर्च संरचनाको आधारमा बार्षिक बजेट तथा कार्यक्रम तयार गरी निर्धारित प्रक्रिया अनुसार बार्षिक योजनाको कार्यान्वयन, नतिजाको अनुगमन तथा प्रगति मापन एवम् असर र प्रभावको लेखाजोखा गरिनेछ ।

## १.२ योजना तर्जुमाको उद्देश्य

गाउँपालिकाको नेतृत्वमा सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई मूलधारमा ल्याई गाउँपालिकाको एकीकृत, व्यवस्थित र समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु आवधिक विकास योजना तर्जुमाको मुख्य उद्देश्य हो । योजना तर्जुमाका विशिष्ट उद्देश्यहरू देहायअनुसार छन् :

- गाउँपालिकाको एकीकृत, नतिजामूलक र योजनाबद्ध विकासका लागि सम्बन्धित सरकारी, गैर सरकारी साझेदार तथा सरोकारवालालाई एकथलोमा ल्याई विकास प्रक्रिया र उपलब्धीमा साझा उत्तरदायित्व सिर्जना गर्ने ।
- गाउँपालिकाको विकासको संभावना, समस्या तथा स्रोत परिचालनको विद्यमान स्थिति विश्लेषण गरी गाउँपालिकाबासीको चाहानाअनुसार लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता सहित विकासको प्रारुप तथा नतिजा खाका तयार गर्ने ।
- गाउँपालिकाको विकास प्रयासलाई मार्गदर्शन गर्ने तथा अपेक्षित नतिजा हासिल गर्ने नविन तथा प्रमुख कार्यक्रम र कार्यनीति तयार गर्ने ।
- स्थानीय तहको विकासका प्रयास तथा कार्यहरु प्रक्रिया तथा नतिजाको अनुगमन तथा प्रभाव लेखाजोखा आधार तथा खाका तयार गर्ने ।

## १.३ आवधिक विकास योजनाको कानुनी तथा नीतिगत आधार

संघीय नेपालको संविधान अन्तर्गत मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, स्थानीय तहको अधिकार, संघीय एवं प्रदेश नीति र कानून तथा स्थानीय नीति र कानून बमोजम स्थानीय तहको विकासको मार्गाचित्र निर्माण गरिनुपर्ने हुन्छ । धुर्कोट गाउँपालिकाको यस प्रथम आवधिक विकास योजना देहायअनुसारका नीतिगत तथा कानूनी व्यवस्थालाई आधार लिई तर्जुमा गरिएको छ ।

- नेपालको संविधान
- नेपाल सरकाबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरुको कार्यविस्तृतीकरण प्रतिवेदन
- स्थानीय सरकार संचालन ऐन, २०७४
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- संघ र प्रदेश सरकारले जारी गरेका विषयगत नीति, कानून तथा मापदण्ड *(भूउपयोग नीति, कृषि विकास रणनीति, पर्यटन नीति, वन तथा वातावरण ऐन, विद्यालय क्षेत्र सुधार योजना तथा १५ बर्षे स्वास्थ्य क्षेत्र रणनीति, वहुक्षेत्रीय पोषण योजना, बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड आदी)*
- नेपाल सरकारको दीर्घकालिन सोच, पन्ध्रौ राष्ट्रिय योजना (संघीय आवधिक योजना), प्रदेश ५ सरकारको प्रथम आवधिक योजनाको आधार पत्र
- नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारको मध्यमकालिन खर्च संरचना
- नेपाल सरकार, प्रदेश सरकारबाट राजस्व बाँडफाँड, वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक तथा विशेष अनुदान, स्थानीय आय (कर शुल्क, सेवा शुल्क तथा दस्तुर), जनसहभागिता आदी
- विकासका अन्तरसम्बन्धित (साझा) विषयहरु *(लैंगिक समानता तथा समावेशीकरण, सुशासन, वातावरण तथा विपद् व्यवस्थापन, जलवायु परिवर्तन अनुकुलन आदी)*
- नेपाल सरकार र प्रदेश सरकारको अवलम्बन गरेका आर्थिक नीतिहरु
- दीगो विकास लक्ष्य (सन् २०१५-२०३०)
- नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरु तथा नेपाल सरकारले अन्तराष्ट्रियस्तरमा जनाएका प्रतिवद्धताहरु

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा कानून बनाउने, बार्षिक बजेट बनाउने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था गरेको छ (धारा ५९ को उपधारा १) । संविधानको अधिकारको सूचीको अवस्था अनुसार नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदनमा स्थानीय स्तरका आवधिक योजना र बार्षिक योजना तथा बजेट स्वीकृती सम्बन्धी कार्यलाई स्थानीय तहको कार्यसूचीमा सूचीकृत गरिएको छ। स्थानीय शासन संचालन सम्बन्धी संघीय कानून, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार गाउँ/नगरपालिकाले आफ्नो अधिकार क्षेत्रको भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, बार्षिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ। यस प्रकार योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनु पर्ने व्यवस्था गरेको छ।

यसका अतिरिक्त स्थानीय सरकार संचालन ऐनले गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा गर्दा देहायअनुसार गर्नुपर्ने व्यवस्थालाई यस आवधिक योजनामा समायोजन गरिएको छ।

- मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची तयारी,
- योजना तर्जुमा प्रक्रियामा स्थानीय बृद्धीजिवि, विषयविज्ञ, अनुभवी, पेशाविद्, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, सीमान्तकृत तथा लोपोन्मुख समुदाय लगायतका सरोकारवालाको अधिकतम सहभागिता,
- कार्यक्रम र प्रमुख आयोजनाहरुको स्रोत साधनको पूर्वानूमान र योजना कार्यान्वयन तालिका तयार,
- योजनामा संघ तथा प्रदेश सरकारबाट संचालन गर्ने आवश्यक आयोजना कार्यक्रमलाई अवसरको रुपमा समावेश
- आवधिक योजनामा आधारमा वार्षिक योजना तर्जुमा गर्दा आयोजनाको संभाव्यता अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनलाई कार्यनीतिमा समावेश
- गाउँपालिकामा गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाले संचालन गर्ने तथा साझेदारीमा संचालन हुने आयोजना, कार्यक्रम तथा लगानी समेतलाई योजनामा समावेश
- नेपाल सरकारको स्वीकृति बमोजिम विकास साझेदार तथथा अन्तरराष्ट्रिय गैर सरकारी संस्थाबाट गाउँपालिकामा संचालन भएका तथा हुने कार्यक्रम तथा लगानीलाई योजनामा मध्यनजर तथा समावेश

संवैधानिक व्यवस्था तथा स्थानीय सरकार संचालन सम्बन्धी संघ र प्रदेश कानूनका अतिरिक्त स्थानीय तहको आवधिक योजना तर्जुमा प्रक्रियामा गाउँपालिकाको सन्दर्भमा उपयुक्त हुने नीतिगत तथा कानूनी व्यवस्था समेतलाई आधारको रुपमा अपनाइएको छ

## १.४ आवधिक विकास योजना तर्जुमा तथा प्रक्रिया

यस गाउँपालिकाको विस्तृत स्वरुपको आवधिक विकास योजना देहायको विधि तथा प्रक्रिया अनुसार तर्जुमा गरिएको छ।

### *१.४.१ योजना तयारी तथा तथा अभिमुखिकरण*



**आवधिक योजना तर्जुमा र कार्यान्वयन बारेमा मन्तव्य राख्नु हुँदै गाउँपालिकाका अध्यक्ष भुपाल पोखरेल**

गाउँ कार्यपालिकाको आयोजनामा कार्यपालिकाका पदाधिकारी, कर्मचारी र स्थानीय सरोकारवाला बीच आवधिक विकास योजना बारेमा साझा धारणा, बुझाई, योजना तर्जुमा प्रक्रिया, कार्ययोजना तयार र स्वीकृत गर्न २०७६ साल वैशाख ७ र ८ गते दुई दिवसीय योजना तयारी कार्याशाला अभिमुखीकरण गोष्ठी आयोजना गरी कार्ययोजना तयार तथा स्वीकृत गरियो। गाउँ कार्यपालिकाका अध्यक्ष

श्री भुपाल पोखरेलको अध्यक्षतामा संचालन भएको कार्यशालामा उपाध्यक्ष, वडा अध्यक्ष समेत कार्यपालिकाका सदस्य, गाउँ कार्यपालिका कार्यालयका शाखा प्रमुख, वडा सचिव तथा स्थानीय संघ/संस्थाका प्रतिनिधि समेत ५४ जनाको उपस्थिति रहेको थियो । उक्त कार्यशालामा आवधिक विकास योजनाको अवधारणा, तर्जुमा विधि तथा प्रक्रिया, आधाररेखा सूचना, योजना तर्जुमाको कार्ययोजना बारे प्रस्तुती जानकारी, छलफल र कार्ययोजना स्वीकृत गरिएको थियो ।



**आवधिक योजनाको अभिमुखीकरण गर्दै डा. नारायण वहादुर थापा**

### *१.४.२ वस्तुस्थिति विश्लेषण विवरण तथा आधार सूचना तयारी*

राष्ट्रिय जनगणना २०६८ को प्रतिवेदन, स्थानीय तह सम्बन्धी जानकारी पुस्तिका, कृषि गणना र गाउँपालिकाबाट संचालित कृषि सर्वेक्षण २०७६ लाई प्रमुख आधार मानी गाउँपालिकाको वस्तुस्थिति विवरण तयार गरिएको छ । वस्तुस्थिति विवरणमा गाउँ कार्यापालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय, स्थानीय संघ, संस्था र समूहबाट प्राप्त सूचना तथा अन्य द्धितीय स्रोतबाट उपलब्ध सूचना समावेश गरिएको छ । यस आवधिक योजना तर्जुमा प्रक्रियामा अन्तर्गत वस्तुस्थिति विश्लेषण गोष्ठीमा गरिएको सहभागितामूलक छलफलबाट प्राप्त सूचना समेतको आधारमा वस्तुस्थिति विश्लेषण विवरण थप सूचना तथा जानकारीमूलक बनाइएको छ । वस्तुस्थिति विश्लेषण विवरणबाट प्राप्त सूचनालाई यस योजनाको आधाररेखा सूचनाको रुपमा उपयोग गरिएको छ, जसलाई योजनाको आधार दस्तावेजको रुपमा लिइएको छ ।

### *१.४.३ दीर्घकालिन सोच निर्धारण तथा वस्तुस्थिति विश्लेषण कार्यशाला गोष्ठी*

गाउँपालिकाको आयोजनामा तथा थर्ड पोल ग्रुपका प्राविधिक टोलीको सहजीकरण २०७६ साल जेठ ६ र ७ गते दीर्घकालिन सोच निर्धारण तथा वस्तुस्थिति विश्लेषण कार्यशलाा सम्पन्न गरियो । कार्यशाला गोष्ठीमा विकासको दीर्घकालिन सोच (Vision), ध्येय (Mission) योजनाको समष्टिगत लक्ष्य (Goal), उद्देश्य (Objectives) तथा रणनीति (Strategies), विषय क्षेत्रगत संभावना तथा अवसर, समस्या तथा चूनौती र अवलम्बन गर्नु पर्ने विषय क्षेत्रगत रणनीति (Sectoral Strategies) तर्जुमा गरियो । गोष्ठीमा गाउँ कार्यपालिकाका पदाधिकारी, विषयगत योजना समितिका पदाधिकारी, विषयगत शाखा र सेवा केन्द्र तथा इकाईका प्रमुख तथा सम्बन्धित कर्मचारी र सरोकारवालाहरुको सहभागिता रहेको थियो ।



**आवधिक योजनाको दीर्घकालिन सोच प्रस्तुत गर्दै गाउँपालिकाका उपाध्यक्ष शिव वहादुर खत्री**

### *१.४.४ योजना तर्जुमा कार्यशाला गोष्ठी*

गाउँ कार्यपालिकाको आयोजना र नेतृत्व तथा विषयक्षेत्र योजना तर्जुमा समितिहरुको संयोजनमा २०७६ साल जेठ ६ र ७ गते आवधिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठीको आयोजना गरियो । गोष्ठीमा वस्तुस्थिति विवरण, आधारसूचनाको आधारमा विषयगत वस्तुस्थिति विश्लेषण, योजनाको नतिजा, कार्यान्वयन योजना, विषय क्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्ने रणनीति तथा अपेक्षित प्रतिफल हासिल गर्न अवलम्बन गर्ने कार्यनीति तर्जुमा गरियो । यसका साथै कार्यशालामा गत आर्थिक बर्षहरुमा उपलब्ध स्रोतको आधारमा योजनाको अवधिमा गाउँपालिकाको आन्तरिक स्रोत, राजस्व बाँडफाँटबाट प्राप्त राजस्व, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान समेत अन्य विभिन्न स्रोतबाट प्राप्त आगामी ५ बर्षको उपलब्ध हुन सक्ने श्रोत समेत अनुमान तथा प्रक्षेपण गरियो ।


कार्यशालामा मस्तिष्क मन्थन, समूह कार्य, वृहत समूह प्रस्तुती तथा छलफल आदी जस्ता कार्यशाला विधिको प्रयोग गरिएको थियो । उक्त कार्यशालामा गाउँ कार्यपालिका, विषयगत शाखा प्रमुख तथा प्रतिनिधि र अन्य सरोकारवाला गरी २५ जनाको सहभागिता रहेको थियो ।



**विस्तृत कार्यशाला गोष्ठीमा विषय क्षेत्र योजनाको खाकामा समूह कार्य गर्दै आर्थिक तथा सामाजिक समिति**

### *१.४.५ योजना दस्तावेज तयारी*

योजना तर्जुमा प्राविधिक टोलीको सहयोगमा वस्तुस्थिति विवरण तथा आधार सूचना, वस्तुस्थिति विश्लेषण र योजना तर्जुमा कार्यशाला गोष्ठीको नतिजा, विषयक्षेत्र योजना तर्जुमा समितिको छलफल तथा परामर्शबाट प्राप्त विवरण, सूचना तथा निष्कर्ष नतिजामूलक योजना तर्जुमाको ढाँचामा लिपिवद्ध गरी योजना दस्तावेजको मस्यौदा तयार गरिएको छ। योजना दस्तावेजलाई **मुख्य ९ परिच्छेद**मा विभाजन गरिएको छ । जसअनुसार परिचय, गाउँपालिकाको संक्षिप्त चिनारी, योजनाको अवधारणा तथा प्रारुप, विषय क्षेत्रगत योजना, संस्थागत तथा कार्यान्वयन व्यवस्था रहेका छन् । सन्दर्भ सामग्रीको रुपमा राष्ट्रिय तथा प्रदेश आवधिक योजना, साविक जिल्ला तथा स्थानीय निकायका गाविसहरुका आवधिक, विषय क्षेत्रगत गुरुयोजनाको प्रारुपलाई उपयोग गरिएको छ । साथै योजनाविद्, विषयविज्ञ तथा सरोकारवालाको समेत सुझाब लिई योजना तर्जुमा प्राविधिक टोलीद्वारा नतिजामूलक योजनाको ढाँचामा स्थानीय तहका अधिकार क्षेत्रका विषय एवं प्राविधिक पक्षहरुलाई तर्कपूर्ण एवं वस्तुनिस्ठ ढंगबाट प्रस्तुत गरी आवधिक योजनाको मस्यौदा दस्तावेज तयार गरिएको छ ।




### *१.४.६ मस्यौदा प्रस्तुती तथा सुझाव संकलन कार्यशाला तथा अन्तिम दस्तावेज तयारी*

स्थानीय तहको आवधिक योजना तर्जुमा दिग्दर्शन, योजनाको स्तरीय ढाँचा, सहभागितामूलक कार्यशाला, विषयविज्ञको सुझाब र परामर्शका आधारमा तयार योजनाको मस्यौदा दस्तावेजलाई गाउँपालिकाका पदाधिकारी, कर्मचारी र सरोकारवाला माझ २०७६ साल साउन २७ र २८ गते मस्यौदा प्रस्तुती सुझाव संकलन कार्यशालाको आयोजना गरी प्रस्तुती, छलफल तथा सुझाव प्राप्त गरियो । कार्यशालामा प्रस्तुती, विषय क्षेत्र समूह तथा वृहत समूह छलफल र परामर्श गरी आवधिक योजनालाई पूर्ण बनाउन आवयक सुझाव प्राप्त गरियो । यस कार्यशालामा सहभागितामूलक प्रक्रियाबाट गाउँपालिकाको दिर्घकालिन सोच (Vision), विकासका निर्देशक सिद्धान्तको रुपमा योजनाको ध्येय (Mission), योजनाको समष्टिगत लक्ष्य



**मस्यौदा प्रस्तुती कार्यशालामा सुझाव पेश गर्दै ने.का. प्रशिक्षण केन्द्रका सदस्य श्री छन्त वहादुर पहराई**

(Goal), उद्देश्य (Objectives) तथा रणनीति (Strategies) तर्जुमा गरिएको छ ।

यस कार्यशालाबाट योजनाको वित्तीय विश्लेषणमा जनसमुदाय, नीजि क्षेत्र, गैसस तथा समुदायिक संस्था, संघ तथा प्रदेश सरकारबाट सिधै कार्यान्वयन हुने आयोजना तथा कार्यक्रममा हुने लगानी समेत विश्लेषण गरी अपुग श्रोत परिचालन रणनीति समेत तय गरिएको छ । साथै कार्यशालामा योजनाको नतिजा खाकामा आधारित भई प्रस्तावित प्रमुख आयोजनाको प्रक्रिया अनुगमन, प्रतिफल, असर तथा प्रभावको नतिजा अनुगमन तथा लेखाजोखाको खाँका समेत प्रस्तुत तथा छलफल गरिएको थियो । यस कार्याशाला गोष्ठीमा कार्यापालिकाका पदाधिकारी, सबै विषय क्षेत्र योजना तर्जुमा समिति पदाधिकारी, कर्मचारी, स्थानीय विषयविज्ञ तथा अगुवा, समाजसेवी बुद्धीजिवि, लक्षित वर्ग तथा समुदाय, राजनीतिक दल, गैसस र समुदायिक संस्थाका प्रतिनिधि समेत ९३ जनाको उपस्थिति रहेको थियो । यस कार्यशालाको निष्कर्ष तथा कार्यशाला र सरोकारवालाबाट प्राप्त सुझाब तथा पृष्ठपोषणलाई समावेश गरी धुर्कोट गाउँपालिकाको प्रथम आवधिक विकास योजनाको दस्तावेजलाई अन्तिम रुप प्रदान गरिएको छ ।



**आवधिक योजनाको लक्ष्य, उद्देश्य, रणनीति र स्रोतको प्रक्षेपण बारे सहजीकरण गर्दै योजनाविज्ञ प्रेम दवाडी**

## १.५ सीमा

गाउँपालिकाबाट तयार गाउँ वस्तुस्थिति विवरणबाट उपलब्ध सूचना तथा विवरणलाई आवधिक विकास योजना लागि आधार सूचनाको रुपमा उपयोग गरिएको छ । यसका साथै गाउँपालिकाबाट संचालित कृषि गणना, आवधिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठीमा गरिएको विषयगत वस्तुस्थिति विश्लेषण, वडागत छलफल तथा संस्थागत सूचनालाई योजनाको प्रमुख आधारको रुपमा लिइएको छ । योजना तर्जुमा प्रक्रियामा बिषय क्षेत्र तथ्याङ्क तथा उपलब्ध आधार सूचनामा कुनै दुविधा उत्पन्न भएको अवस्थामा कार्यशालाको क्रममा नै सहभागितामूलक छलफलबाट सहमति बनाई सोही आधारमा विश्लेषण गरिएको छ । यसका साथै संघ, प्रदेशका प्रकाशन तथा दस्तावेज लगायत अन्य सूचना समेतलाई आधार बनाइएको छ । प्रदेश नं. ५ सरकारले पहिलो प्रादेशिक आवधिक योजना तथा नेपाल सरकारको पन्ध्रौ योजनाको आधार पत्र मात्र तयार भएको र नतिजा तालिका तर्जुमाको क्रममा रहेको हुँदा साझा अधिकारका क्षेत्रका आयोजना, कार्यक्रम तथा लक्ष्य यथोचित रुपमा यस आवधिक योजनामा समेट्न सकिएको छैन ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था, सामुदायिक संघ/संस्था र निजी क्षेत्रबाट संचालन हुने कार्यक्रमहरू गाउँसभाबाट पारित गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था भएतापनि यो अभ्यास पूर्ण रुपमा कार्यान्वयनमा आइनसकेको हुँदा गैर सरकारी तथा अन्य क्षेत्रबाट संचालन हुने कार्यक्रम, आयोजना र लगानीलाई पूर्ण रुपमा समायोजन गर्न सकिएको छैन र योजनाको अद्यावधिक तथा मध्यावधी मूल्याङ्कनको क्रममा यसलाई पूर्णता दिने प्रस्ताव गरिएको छ । नेपाल सरकार र प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरेकोमा सोही अनुसार श्रोत साधनको अनुमान तथा प्रक्षेपण संभाव्य श्रोत आँकलन गरिएको छ । नेपाल सरकार वा प्रदेश सरकार वा अन्य स्थानीय सरकारको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा संचालन तथा व्यवस्थापन हुने आयोजना तथा कार्यक्रमलाई समावेश गर्ने प्रयास गरिएको भएका पूर्णता प्राप्त गर्न सकेको छैन ।

# परिच्छेद २
# गाउँपालिकाको संक्षिप्त परिचय

## २.१ परिचय

धुर्कोट गाउँपालिका संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्रदेश नम्बर ५ स्थित गुल्मी जिल्लाको पश्चिम क्षेत्रमा अवस्थित छ। जिल्लाको १२ वटा स्थानीय तह मध्ये यो गाउँपालिका जिल्लाको सदरमुकाम तम्घास देखि ३१ कि.मि.को दुरीमा पर्दछ। संघीय शासन प्रणाली अनुसार स्थानीय तह पुनसंरचना प्रक्रियामा गुल्मी जिल्लाको साविक नयाँगाउँ, पिपलधारा, हाडहाडे, जैसीथोक, वस्तु, धुर्कोट राजस्थल, वाग्ला गरी ७ वटा गाउँ विकास समिति समायोजन भएर २०७३ सालमा यो गाँउपालिका स्थापना भएको हो। यस गाउँपालिकाको कुल क्षेत्रफल ८६.३२ वर्ग कि.मी. रहेको छ।

## २.२ भौगोलिक तथा राजनीतिक अवस्थिति

यस धुर्कोट गाउँपालिका नेपालको मध्यपहाडी क्षेत्रमा पर्दछ। भौगोगिक अवस्थितिका हिसाबले यो गाँउपालिका २८°१'०" उत्तरदेखि २८°१२'०" उत्तरी अक्षांश र ८३°१२'९२" पूर्वदेखि ८३°६'१६" पूर्वी देशान्तरमा फैलिएको छ। यस गाँउपालिकाको पूर्वमा रेसुङ्गा नगरपालिका र इस्मा गाउँपालिका, पश्चिममा मदाने गाउँपालिका, उत्तरमा मुसीकोट नगरपालिका र दक्षिणमा अर्घाखाँची जिल्लाको मालारानी गाउँपालिका पर्दछ। धरातलिय रुपमा महाभारत क्षेत्रमा फैलिएको यस गाउँपालिका कृषि तथा पशुजन्य उत्पादन, जैविक, विविधता, प्राकृतिक स्रोत तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेको छ।

यस गाउँपालिकाको औषत अधिकतम तापक्रम २३.३२ डिग्री सेल्सियस रहेको छ भने औसत बार्षिक वर्षा १५५७५ मि.मि रहेको छ। नेपालको संविधान र संघीय शासन प्रणाली अनुसार स्थापित यस धुर्कोट गाउँपालिकाको वडागत विवरण देहायअनुसार प्रस्तुत गरिएको छ।

*तालिका १: पुनसंरचित गाउँपालिकाको वडागत विवरण*

| वडा नम्बर | समावेश साविक गाविस र वडा | वडाको क्षेत्रफल (व.कि.मि.) | वडाको केन्द्र रहेको स्थान |
|---|---|---|---|
| १ | नयाँ गाउँ १-७ | | |
| २ | पिपलधारा १-९ | | |
| ३ | हाडहाडे १-९ | | |
| ४ | जैसीथोक १-९ | | |
| ५ | वस्तु १-९ | | |
| ६ | धुर्कोट राजस्थल १-९ | | |
| ७ | वाग्ला १-९ | | |
| | **जम्मा** | ८६.३२ | |

कुल ७ वटा वडा रहेको यस गाउँपालिका जिल्लामा कायम भएका २ नगरपालिका र १० गाउँपालिका गरी १२ स्थानीय सरकार मध्ये एक हो। यो गाउँपालिका जिल्ला भित्रको संघीय प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ र प्रदेश सभा निर्वाचन प्रयोजनका लागि तय गरिएको प्रदेश "ख" मा पर्दछ।

## २.३ ऐतिहासिक चिनारी तथा नामकरण

संघीय नेपालको प्रदेश नं. ५ मा पर्ने गुल्मी जिल्लाको ऐतिहासिक तथा पर्यटकीय स्थल घुर्कोट कोटको नामबाट यस गाउँपालिकाको नामाकरण भएको हो। २०७३ सालमा नेपालको संघीय पुनसंरचनाको प्रक्रियामा साविकका नयाँगाउँ, पिपलधारा, हाडहाडे, जैसीथोक, वस्तु, धुर्कोट राजस्थल, वाग्ला गाउँ विकास समिति समायोजन गरी ऐतिहासिक धुर्कोट गाउँपालिका स्थापना भएको हो।

## २.४ जनसंख्या विवरण तथा बनौट

राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको जम्मा घरधुरी ५३९० र जनसंख्या २२८५८ रहेको छ । गाउँपालिकाका ७ वडा मध्ये वडा नम्बर ५ को घरधुरी (१०१५) तथा जनसंख्या (४२८२) सबै भन्दा उच्च रहेको देखिन्छ । जसअनुसार औषत घरपरिवारको आकार ४.२ र लैंगिक अनुपात ७४।५ रहेको छ। घरपरिवार तथा जनसंख्या वडागत विवरण देहाय बमोजिम रहेको छ ।

| वडा नम्बर | घरपरिवार | जनसंख्या | | | परिवारको औषत आकार |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | |
| १ | ५७१ | ९८० | १३३९ | २३१९ | ४.०६ |
| २ | ७२० | १३१४ | १८१९ | ३१३३ | ४.३५ |
| ३ | ८८३ | १५८२ | २१८९ | ३७७१ | ४.२७ |
| ४ | ६२७ | ११६५ | १५२३ | २६८८ | ४.२९ |
| ५ | १०१५ | १७७५ | २५०७ | ४२८२ | ४.२२ |
| ६ | ७६१ | १३८८ | १७४८ | ३१३६ | ४.१२ |
| ७ | ८१३ | १५५३ | १९७६ | ३५२९ | ४.३४ |
| जम्मा | ५३९० | ९७५७ | १३१०१ | २२८५८ | ४.२४ |

*श्रोत: गाउँपालिका वस्तुस्थिति विवरण, २०७५*

## २.५ भू–उपयोग तथा प्राकृतिक सम्पदा

वनले ढाकेको क्षेत्र, कृषि जमीन, खोलाखोल्ला र मनोरम दृश्य रकेको यस गाउँपालिका प्राकृतिक श्रोत साधनमा सम्पन्न र विविधतायुक्त रहेको छ । यस गाउँपालिकामा ५० प्रतिशत भन्दा बढी क्षेत्रफल वन रहेको छ । उक्त वन क्षेत्रमध्ये ५४ वटा सामुदायिक वन रहेका छन् भने केही वन क्षेत्र मात्र सरकारद्धारा व्यवस्थित वन क्षेत्र रहेको छ । यस गाउँपालिकामा पनाह र छल्दी जस्ता मुख्य खोलाहरु समेत ८१ वटा ससाना खोलाखोल्सीहरु रहेका छन् । पनाह र छल्दी खोला किनारमा खेतीयोग्य समथर भूभाग तथा उर्वर फाँटहरु रहेका छन् ।

## २.६ साँस्कृतिक उत्कृष्टता

यस गाउँपालिकामा सामाजिक संरचना हिसाबले ब्राम्हण, क्षेत्री, मगर र दलित समुदायको मिश्रित बसोबास रहेको छ । फलस्वरुप मुख्य रुपमा खस वाह्मण र मगर भाषा तथा सँस्कृतिको समिश्रण तथा संगम रहेको छ। यस गाउँपालिका क्षेत्रमा चाडपर्वका समयमा गरिने विभिन्न क्रियाकलापहरूले यहाँको सामाजिक र साँस्कृतिक उत्कृष्टता झल्काउने गर्दछन् । यस गाउँपालिकामा नयाँगाउँ कोट, पिपलधारा, थामाकोट, हाडहाडेकोट, पिपलधाराको घरिथुम खेलमैदान, जनजाती होमस्टे, अर्घाआलम मन्दिर, लोहोरी लेक, खानीखोला, जैसिथोकको कुमारीदेवी मन्दिर, सहिद पार्क, वस्तुको विचित्र गुफा, सिस्टुङ फाँट, कालिका मन्दिर, किरातेश्वर मन्दिर, धुर्कोट राजस्थलमा रहेको ऐतिहासिक धुर्कोट कोट, ऐतिहासिक धुर्कोट दरवार, वाग्लामा रहेको ऐतिहासिक अजमिर कोट, अस्कुना (सानो स्वर्गद्वारी), मानचौर पोखरी जस्ता महत्वपूर्ण ऐतिहासिक तथा पर्यटकीय स्थलहरु रहेका छन् ।

## २.७ विकासका उपलब्धी र संभावना

यस गाँउपालिका क्षेत्रभित्र रहेका प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरू, आर्थिक अभ्यास र उपलब्ध मानवीय पूँजी तथा पूर्वाधार लगायतको अवस्थालाई विकासका प्रशस्त सम्भावनाहरूको आँकलन गर्न सकिन्छ । गाउँपालिकाको विकासका संम्भावनाहरूलाई देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | विषय क्षेत्र/उपक्षेत्र | सम्भावना |
|---|---|---|
| १ | प्राकृतिक | • समशितोष्ण तुलनात्मक चिसो र वसोबास योग्य हावापानी रहेको<br>• धेरै जसो क्षेत्र पहाड र महाभारत क्षेत्र रहेको<br>• वन जंगल तथा जैविक विविधता क्षेत्र रहेको<br>• वन, झाडी क्षेत्र र कृषि योग्य जमीनको संयोजन रहेको |

| क्र.सं. | विषय क्षेत्र/उपक्षेत्र | सम्भावना |
|---|---|---|
| | | • आँखुखोला, गांगाजमुना झरना, आफल खोला, वगुवाखोला, कल्स्योङ्ग खोला, अँधेरी खोला, बुढी खोला जस्ता खोला नाला रहेको |
| २ | आर्थिक | • सुन्तला र अमिलो जातको फलफलको उल्लेख्य उत्पादन रहेको<br>• कफि, अदुवा, हलेदो जस्ता नगदेबाली उत्पादन रहेको<br>• बाखा, कुखुरा हाँस जस्ता पशुपंक्षीपालन र उत्पादन क्षेत्र रहेको<br>• नदी बेंसीका उर्वर भूमि र सिंचित क्षेत्र विस्तारित क्षेत्र रहेको<br>• बैंक र सहकारीको सेवा उपलब्ध रहेको<br>• १५ भन्दा बढी ऐतिहासिक, साँस्कृतिक र पर्यटकीय स्थलहरु रहेको<br>• ९ भन्दा बढी संभाव्य बजारहरु रहेको |
| ३ | सामाजिक | • उच्च शिक्षा र प्राविधिक शिक्षा उपलब्ध रहेको<br>• ९ वटा स्वास्थ्य संस्था स्वास्थ्य सेवा प्रवाह भैरहेको<br>• खुल्ला दिसामुक्त तथा पूर्ण सरसफाइ क्षेत्रको घोषणा भई सो को पालना भैरहेको<br>• एक घर एक धारा अवधारणा अनुसार खानेपानीको सुविधा विस्तार भैरहेको<br>• ६ स्थानमा सार्वजनिक खेल मैदान उपलब्ध रहेको<br>• युवा क्लव, वाल क्लब र संजालहरु स्थापन भई अभियान संचालन भई रहेको<br>• ७२ वटा टोलस्तरीय महिला मंच गठन भई अधिकार, सचेतना र विकास कार्यमा क्रियाशिल रहेको |
| ४ | भौतिक पूर्वाधार | • जिल्ला सदरमुकामसम्म ग्राभेल सडकबाट १२ हैं महिना सुचारु सडक रहेको , ६० कि.मि. भन्दा बढी सडकमा यातायात सुचारु रहेको र ७ वटै वडा केन्द्रहरु सडक संजालमा जोडिएको<br>• गाउँपालिकामा १५० कि.मि. भन्दाबढी सडक निर्माण भएको<br>• गाउँपालिकामा बजार पूर्वाधारका पूर्वाधार विस्तार हुँदै रहेको<br>• व्यवस्थित, सुरक्षित र एकीकृत वस्ती विकासलागि स्थान उपलब्ध रहेको<br>• ८५ प्रतिशत घरधुरीमा विद्युत सेवा पहुँच पुगेको<br>• सुधारिएको र वैकल्पिक उर्जाको रुपमा एलपि ग्यास, विद्युत्, वायोग्यास तथा सोलारको उपयोगमा बृद्धि भईरहेको<br>• मोवाइल, इन्टरनेट, गाउँपालिका र वडा तथा माध्यामिक तहको विद्यालयमा इन्टरनेट सुविधा उपलब्ध रहेको |
| ५ | वन तथा वातावरण | • गाउँपालिका क्षेत्रमा वस्तुको विचित्र गुफा लगायत १५ भन्दा बढी पर्यटकीय स्थलहरु रहेको<br>• ५४ वटा सामुदायिक वन उपभोक्ता समूहबाट २००० हेक्टर वन क्षेत्रको व्यवस्थापन भैरहेको<br>• पनाह र छल्दी खोला लगायत ८१ वटा खोलाखोल्सीहरु रहेको<br>• रतुवा मृत, दुम्सी, चितुवा, कालिज जस्ता वन्यजन्तु वनमा उपलब्ध रहेको |
| ५. | सुशासन तथा संस्थागत | • संघीय संरचना बमोजिम संघीय सरकारबाट उपलब्ध संगठन संरचना कार्यान्वयनको अवस्थामा रहेको<br>• गाउँपालिकामा विषय शाखा, इकाई, सेवा केन्द्र, वडा कार्यालय १०४ जना कर्मचारीहरु कार्य संचालन भैरहेको<br>• ७२ वटा टोलस्तरीय महिला मंच, ७ वटा भन्दा बढी गैससहरुबाट गाउँपालिकासँग साझेदारी गरिएको |

*स्रोतः समूह छलफल, २०७६*

# परिच्छेद ३

# योजनाको अवधारणा र प्रारूप

## ३.१ दीर्घकालिन सोच तथा ध्येय

वस्तुस्थिति विश्लेषण विवरण तथा द्धितिय स्रोतवाट प्राप्त आधार सूचना तथा आवधिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठीमा प्रस्तुत गाउँपालिकाको वस्तुस्थिति विश्लेषण, सहभागितामूलक छलफल तथा परामर्शका आधारमा विकासका संभावना, अग्रणी क्षेत्र र गाउँपालिकावासीले चाहेको अवस्थालाई मध्यनजर गर्दै देहायअनुसार दीर्घकालिन सोच तयार गरिएको छ :

**"समृद्ध धुर्कोटः हाम्रो शान"**

**उत्पादनशिल, शिक्षित, मध्यम आय र मर्यादित रोजगारको अवसर प्राप्त सुखी नागरिक बसोबास गर्ने स्वच्छ, सुन्दर, पर्यटकीय, अन्तरनिर्भर र समृद्ध धुर्कोट गाउँपालिका**

गाउँपालिकाको उपरोक्त दीर्घकालिन सोचलाई साकार पार्न कृषि, पर्यटन र उद्यम व्यवसायलाई उच्च प्राथमिकता दिई देहायअनुसार विकासको निर्देशन सिद्धान्त तय गरिएको छः

१. **स्थानीय अर्थतन्त्रको विकास र विस्तार :** संघ र प्रदेश सरकारको विकास सम्बन्धी सोच, लक्ष्य, उद्देश्यसँग तादात्यता हुने गरी समन्वय, सहयोग र सहकार्यको माध्यमद्वारा स्थानीय अर्थतन्त्रको विकास र विस्तार गरी समृद्धिको आधार तयार गरिनेछ ।

२. **व्यवस्थित भू-उपयोग र योजनाबद्ध विकासः** राष्ट्रिय भूउपयोग नीति २०६९ बमोजिम भूमिको बनौट, क्षमता र उपयुक्ततता, आवश्यकता र वर्तमान उपयोग समेतको आधारमा भूउपयोग क्षेत्र निर्धारण सहित भू-उपयोग योजना तर्जुमा गरी सोको पालना अभिृद्धि गर्ने संयन्त्र, कानूनी र नीतिगत व्यवस्था गरिनेछ ।

३. **उत्पादनमूलक, जलवायु तथा विपद् उत्थानशिल पूर्वाधार :** भूउपयोग योजनाको आधारमा बस्ती तथा भौतिक पूर्वाधार विकास, विकासका अग्रणी क्षेत्रहरुको गुरुयोजना तर्जुमा गरी सो अनुसार पूर्वाधार विकास र सेवा सुविधा अभिबृद्धी गरिनेछ । पूर्वाधार तथा संरचना निर्माण गर्दा उत्पादन तथा आयमूलक क्षेत्रमा जोड दिने नीति अवलम्बन गरिनेछ । साथै पूर्वाधार निर्माण गर्दा रिचार्ज पोखरी, बाँध निर्माण जस्ता जलवायु अनुकुलन आयोजनामा विशेष प्राथमिकता दिने तथा संरचना निर्माण गर्दा वातावरण संरक्षण ऐन तथा नियम अनुसार वायोइञ्जिनियरिङ्ग र संरक्षण सम्बन्धी प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

४. **प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनः** गाउँपालिकालाई प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधार केन्द्रको विकास गर्दै जनतालाई शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी, सरसरफाई लगायतका सेवा सुविधा पहुँच सुनिश्चित गरिनेछ । यसका लागि सूचना, प्रमाण र ज्ञानमा आधारित ठोस योजना तर्जुमा, प्रभावकारी कार्यान्वयन र प्राप्त उपलब्धीको नतिजामूलक अनुगमन र प्रभावको लेखाजोखाको व्यवस्था गरिनेछ ।

५. **अन्तर सरकार, नीजि, गैर सरकारी तथा समुदाय साझेदारी र सहकार्यः** पूर्वाधार निर्माण, संचालन, सेवा प्रवाहमा नीजि, गैर सरकारी, सहकारी र समुदायसँग साझेदारी र सहकार्य गरी विकास उपलब्धीलाई प्रभावकारी बनाइनेछ । कृषि पशुपालन, व्यवसाय सेवा, उत्पादन तथा बजारीकरण, खानेपानी तथा सरसफाई, इञ्जिनियरिङ्ग जस्ता सेवालाई नीजि क्षेत्र, गैर सरकारी र सहकारी संस्थासँग करार गरी वैकल्पिक प्रणालीमा आधारित सेवा प्रवाहको व्यवस्था गरी स्थानीय सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाईनेछ । साथै विकास निर्माण कार्यमा नीजि, गैर सरकारी, सहकारी र समुदायको लगानी र साझेदारी अभिबृद्धी गरिनेछ ।

६. **समावेशीकरण, सुशासन तथा सदाचार प्रवर्धन :** सुशासन, विकास र समृद्धि देश विकासको अवको प्रमुख कार्यसूची तय भएको छ । सुशासन, विकास र समृद्धिको पूवसर्तको रुपमा रहेको छ । यसका लागि विद्यमान सबै खालका

विभेद तथा वहिष्करण अन्त्य, कानून तथा विधिको शासन, सरकारी, नीजि, सहकारी र सामुदायिक साझेदारी, पारदर्शिता र जवाफदेहिता उच्चतम अभ्यास गरिनेछ । राजनीति तथा समाजमा बढ्दै गईरहेको अराजकता र भ्रष्टचारको विरुद्ध सदाचार पद्धति अबलम्बन र सामाजिक जवाफदेहिता सम्बन्धी संयन्त्रहरुको एकीकृत र सचेत अभ्यास गरिने छ । यस प्रक्रियामा नागरिक समाजसँग साझेदारी र सहकार्य गरिनेछ ।

७. **सूचना तथा नतिजामा आधारित विकास व्यवस्थापन :** विकास व्यवस्थापन प्रक्रियालाई सूचना, प्रमाण तथा ज्ञानमा आधारित तथा नतिजामूलक बनाईनेछ । यस प्रक्रियामा सूचना प्रविधि, अनुभव र सफल अभ्यासलाई अधिकतम परिचालन गरिनेछ ।

## ३.२ लक्ष्य तथा उद्धेश्य

यस प्रथम आवधिक योजना “**समृद्ध धुर्कोटः हाम्रो शान**” धुर्कोट गाउँपालिकाको दीर्घकालिन सोच प्राप्त गर्ने आधार योजनाको रुपमा रहने छ । गाउँपालिकाको दीर्घकालिन सोच तर्फ उन्मुख हुन “समृद्ध, सुन्दर, सभ्य, समावेशी, विकसित धुर्कोटको आधार तयार हुने” गाउँपालिकाको समष्टिगत लक्ष्य लिइएको छ । गाउँपालिकाको दीर्घकालिन सोच अनुरुप उपरोक्त लक्ष्य हासिल गर्न आवधिक विकास योजनाले देहायअनुसारको उद्देश्य लिइएको छः

१. स्थानीय उत्पादन, रोजगारी र आयमा गुणात्मक तथा दीगो वृद्धि गर्नु

२. स्वस्थ, सिर्जनशिल, शिक्षित र सीपयुक्त मानव संशाधनको विकास गर्नु

३. आवागमन, बजार सुविधा र अन्तरआवद्धता व्यवस्थित र सहज बनाउनु

४. वन, जैविक विविधता, जमीन र जलश्रोतको दीगो उपयोग सुनिश्चित गर्नु

५. सेवा प्रवाह, कार्यसम्पादन र जवाफदेहिताको स्तर अभिबृद्धि गर्नु

## ३.३ समष्टिगत रणनीतिहरू

प्रथम आवधिक विकास योजनाले लिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न देहायअनुसारका रणनीति अवलम्बन गरिनेछः

१. कृषि, पशुपंक्षी र वनजन्य उत्पादनको व्यवसायीकरण, विविधिकरण र औद्योगिकरण गर्ने,

२. ऐतिहासिक, साँस्कृतिक, कृषि तथा ग्रामीण पर्यटनको विकास तथा प्रवर्द्धन गर्ने

३. गुणस्तरीय तथा व्यवसायिक शिक्षा, आधारभूत स्वास्थ्य, सरसफाई तथा खानेपानी सेवा सुविधा, सशक्तिकरण र समावेशीकरण सुनिश्चित गर्ने,

४. यातायात, बजार र सुरक्षित आवास, स्वच्छ उर्जा, पर्यटन र संचारका पुर्वाधारको विस्तार र स्तरोन्नति गर्ने,

५. विकास प्रक्रिया तथा नतिजालाई वातावरणमैत्री, उत्थानशील र दीगो बनाउने,

६. अन्तर सरकार, सहकारी, नीजि क्षेत्र, समुदाय र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यलाई सुदृढ बनाउने,

## ३.४ नतिजा तालिका

गाउँपालिकाको विकास प्रयासलाई योजनाबद्ध रुपमा दीर्घकालिन सोच तथा लक्ष्यतर्फ उत्मुख तथा अग्रसर गराउन र लक्ष्य, उद्देश्य तथा अपेक्षित नतिजा हासिल गर्न परिवर्तनको सिद्धान्त अनुसार नतिजामूलक योजनाको ढाँचामा आवधिक विकास योजना तर्जुमा गरिएको छ । योजनामा स्थानीय तहको अधिकार क्षेत्रलाई आर्थिक, सामाजिक, पूर्वाधार विकास, वन तथा वातावरण र संस्थागत विकास र सुशासन क्षेत्रहरुमा एकीकृत गरिएको छ । परिवर्तनको सिद्धान्त अनुसार तयार गरिएको गाउँपालिकाको समष्टिगत विकासको एकीकृत नतिजा तालिका देहायअनुसार प्रस्तुत गरिएको छ ।

## गाउँपालिका आवधिक विकास योजना एकीकृत नतिजा तालिका

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व.०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| **प्रभाव**<br>समृद्ध, सुन्दर, सभ्य, समावेशी, विकसित धुर्कोटको आधार निर्माण हुने | मानव विकास सूचकांङ्क (NHDR 2014) | मान | ०.४६४ | ०.५२४ | ०.५६४ | ०.६०४ | - वस्तुस्थिति विवरण<br>- अध्ययन/सर्वेक्षण प्रतिवेदन<br>- मूल्याङ्कन प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | |
| | प्रति व्यक्ति वार्षिक आय (NHDR 2014) | डलर | ७५२ | ८०० | १००० | १२०० | | |
| | रोजगारी दर (प्रदेश वस्तुस्थिति विवरण) | प्रतिशत | ५६ | ५८.० | ६२.० | ६६.० | | |
| | शिक्षित वेरोजगार संख्या | जना | १२०० | १००० | ५०० | ३०० | | |
| | बार्षिक १ लाख भन्दा कम आम्दानी हुने घरपरिवार | प्रतिशत | ३० | २५ | २० | १० | | |
| **असर १**<br>स्थानीय उत्पादन, रोजगारी र आयमा दीगो बृद्धी भएको हुनेछ । | कृषि तथा पशुपालन क्षेत्रमा रोजगार | जना | २७० | ३०० | ४०० | ५०० | - वस्तुस्थिति विवरण (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- मूल्याङ्कन तथा समीक्षा प्रतिवेदन | - कृषि, औद्योगिक र रोजगारी क्षेत्रमा संघ, प्रदेश र विकास साझेदारको लगानी बृद्धि हुनेछ ।<br>- जलवायु परिवर्तन र विपदको असर न्युन हुनेछ । |
| | उद्योग र व्यवसाय क्षेत्रमा रोजगार | जना | १५७९ | १७०० | २००० | २५०० | | |
| | पर्यटन तथा सेवा क्षेत्रमा रोजगार | जना | १५० | १६० | १८० | २०० | | |
| | वैदेशिक रोजगारीमा गएका व्यक्ति | जना | १६०० | १५५० | १४०० | १२०० | | |
| | जमीनको उत्पादकत्व प्रति हेक्टर (वार्षिक औषत कुल कृषि उत्पादन) | रु. हजारमा | १२० | १३० | १४० | १५० | | |
| | साना किसान तथा उत्पादकको औषत वार्षिक आय | रु. हजारमा | ९० | १०० | १५० | २०० | | |
| | उन्नत विउ, जैविक मल, विषादी र आधुनिक कृषि प्रविधि प्रयोग गर्ने घर परिवार | प्रतिशत | २० | ३० | ४० | ५० | | |
| **प्रतिफल १.१**<br>कृषिजन्य उत्पादनको बृद्धि, व्यावसायीकरण, विविधिकरण र औद्योगीकरण भएको हुनेछ । | आफ्नो उत्पादनबाट वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | ३० | ३५ | ४० | ५० | - वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- समीक्षा प्रतिवेदन | - कृषि सेवा प्रवाह र प्रविधी प्रसारमा वैकल्पिक प्रणालीको प्रयोग हुनेछ ।<br>- जलवायु परिवर्तन तथा विपद असर न्यून हुनेछ<br>- कृषि वातावरणीय ह्रास कम हुनेछ ।<br>- कृषि क्षेत्रमा संघ, प्रदेश सरकार, विकास साझेदार र नीजि क्षेत्रको लगानी वृद्धी हुनेछ । |
| | कृषि तथा पशुपालन व्यवसायमा संलग्न परिवार | संख्या | २५० | ३०० | ४०० | ५०० | | |
| | व्यवसायिक कृषि फार्म | संख्या | ६६ | ८० | १०० | १२० | | |
| | सक्रिय व्यवसायिक कृषक समूह | संख्या | १४० | १५० | १६० | १८० | | |
| | व्यवसायिक उत्पादनमा संलग्न कृषक | संख्या | २७० | ३०० | ४०० | ५०० | | |
| | तरकारी उत्पादन | क्विन्टल | २४००० | ३०००० | ३५००० | ४०००० | | |
| | फलफुल उत्पादन | क्विन्टल | ७१६७ | २२०० | २५०० | ३००० | | |
| | नगदे वाली उत्पादन | क्विन्टल | ३५०० | ४००० | ४५०० | ५००० | | |
| | मह उत्पादन | क्विन्टल | २ | २७ | १३२ | २२० | | |
| | व्यावसायिक कृषि नर्सरी | संख्या | ५ | ७ | १० | १४ | | |
| | कोल्ड स्टोर/रष्टिक स्टोर/सेलार स्टोर | संख्या | ० | १ | २ | २ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व.०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| | प्रवर्द्धित कृषि उपज संकलन र बजार केन्द्र | संख्या | १ | ३ | ५ | ८ | | |
| | कृषि संकलन केन्द्र | संख्या | १ | ३ | ५ | ८ | | |
| **प्रतिफल १.२**<br>खेतीयोग्य जमीनमा भरपर्दो सिंचाई सुविधा उपलब्ध भएको हुनेछ। | १२ है महिना सिंचाई हुने क्षेत्र | रोपनी | २००० | २२०० | २५०० | ४००० | - वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- समीक्षा प्रतिवेदन | - कृषि विकास रणनीति कार्यान्वयन हुनेछ।<br>- सरकारी, गैसस र निजी क्षेत्रको लगानी बृद्धि हुनेछ। |
| | सुचारु नयाँ प्रविधिमा आधारित सिंचाई आयोजना (कुलो, थोपा, पाईप आदि) | संख्या | २ | ४ | ४ | ४ | | |
| | सुचारु कुलो तथा नहर आयोजना | संख्या | १०० | ११० | १२० | १२५ | | |
| | नदी नियन्त्रणबाट संरक्षित क्षेत्र | हेक्टर | १० | ३० | ५० | ७० | | |
| | नदी नियन्त्रण सम्बन्धी संरचनाको लम्बाई | कि.मि. | १.५ | २ | ३ | ५ | | |
| **प्रतिफल १.३**<br>पशुपंक्षीजन्य उत्पादनको बृद्धि, व्यावसायीकरण, विविधीकरण र औद्योगीकरण भएको हुनेछ। | कुखुरा तथा पन्छीको बार्षिक मासु उत्पादन | मे.टन | ९१६ | १००० | १२०० | १५०० | - वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- समीक्षा प्रतिवेदन | - कृषि विकास रणनीति कार्यान्वयन हुनेछ।<br>- सरकारी, गैसस र निजी क्षेत्रको लगानी बृद्धि हुनेछ।<br>- पशु सेवा र प्रविधी प्रवाहमा वैकल्पिक प्रणालीको प्रयोग हुनेछ<br>- जलवायु परिवर्तन तथा विपद असर न्यून हुनेछ |
| | सुँगुर वा वंगुरको बार्षिक मासु उत्पादन | मे.टन | ४.५ | ६ | ८ | १० | | |
| | माछाको बार्षिक उत्पादन | मे.टन | २० | २५ | ३५ | ४५ | | |
| | खसी, बोका, भेडाको बार्षिक मासु उत्पादन | मे.टन | ३०० | ४०० | ५०० | ६०० | | |
| | राँगाको बार्षिक मासु उत्पादन | मे.टन | १५ | १८ | २० | २५ | | |
| | बार्षिक दूध उत्पादन (हजारमा) | लिटर | १८३ | २०० | २५० | ३०० | | |
| | व्यवसायिक पशुपालन फर्म | संख्या | १०० | १२० | १५० | १७० | | |
| | सक्रिय पशुपालन समूह | संख्या | ७ | १० | १५ | २५ | | |
| | व्यवसायिक पशुपालनमा संलग्न परिवार | संख्या | ४० | ५० | ८० | १०० | | |
| | भुइघाँसको व्यवसायिक उत्पादन क्षेत्र | रोपनी | ० | १०० | ३०० | ५०० | | |
| | सूचारु नश्ल सुधार तथा उपचार केन्द्र | संख्या | ० | १ | २ | ३ | | |
| | क्रियाशिल ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता | संख्या | १५ | २० | २५ | ३० | | |
| | पशुपालन सम्बन्धी प्रविधि (खोप, कृत्रिम प्रजनन, क्यासट्रेसन) उपयोग गर्ने घरपरिवार | प्रतिशत | ४० | ५० | ६० | ९० | | |
| | चिस्यान केन्द्र/संकलन केन्द्र | संख्या | ० | १ | २ | ३ | | |
| **प्रतिफल १.४**<br>पर्यटकीय पूर्वाधार, सेवा तथा सुविधाको विकास, विस्तार र तथा स्तरोन्नति भएको हुनेछ। | भ्रमण गर्ने वार्षिक पर्यटक (बाह्य) | संख्या | ५० | १०० | २०० | ३०० | - वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- समीक्षा प्रतिवेदन | - संघीय संरचना अनुसार पर्यटन प्रर्वधन संबन्धी संघीय कानून तथा नीति तर्जुमा हुनेछ।<br>- संघ, प्रदेश तथा स्थानीय सरकार, विकास साझेदार र निजी क्षेत्रबाट पर्यटन |
| | भ्रमण गर्ने वार्षिक पर्यटक (आन्तरिक) | संख्या | १०००० | १२००० | १५००० | २०००० | | |
| | तालिम प्राप्त टुर गाइड | संख्या | ० | ५ | १० | १५ | | |
| | व्यवस्थित/स्तरोन्नत पर्यटकीय सम्पदा | स्थल | १ | ५ | १५ | २५ | | |
| | व्यवस्थित होमस्टे र ग्रामीण पर्यटकीय गाउँ | संख्या | १ | ३ | ५ | ७ | | |
| | पर्यटकीयस्तरका होटेल तथा रेष्टुरेण्ट | संख्या | ० | १ | २ | ३ | | |
| | कृषि पर्यटन संचालन स्थान | संख्या | ० | १ | ३ | ७ | - वस्तुस्थिति विवरण | |
| | संचालित र व्यवस्थित पदमार्गको लम्बाई | कि.मि. | ० | १ | ३ | ५ | - सर्वेक्षण प्रतिवेदन | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व.०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| **प्रतिफल १.६** स्थानीय साँस्कृतिक, ऐतिहासिक र पुरातात्विक सम्पदा हरुको संरक्षण र प्रवर्धन भएको हुनेछ । | व्यवस्थित मेला/जात्रा/साँस्कृतिक सम्पदा | संख्या | ३ | ५ | ७ | १० | - प्रगति/अनुगमन प्रतिवेदन<br>- समीक्षा प्रतिवेदन | विकासमा लगानी बृद्धि हुनेछ ।<br>- स्थानीय कला तथा संस्कृति संरक्षण पर्यटन र पहिचानसँग आवद्ध हुनेछ । |
| | संरक्षित कला, सँस्कृति र सम्पदा | संख्या | १ | ५ | १० | १५ | | |
| | मातृभाषा पढाई हुने आधारभूत विद्यालय | संख्या | ० | ० | ० | १ | | |
| | स्थानीय संस्कृति, कला, सम्पदा र साहित्य सम्बन्धी अध्ययन तथा अनुसन्धान | पटक | ० | १ | १ | १ | | |
| | स्थानीय कला, संस्कृति, सम्पदा, भाषा साहित्यमा आधारित प्रकाशन | संख्या | १ | २ | ३ | ५ | | |
| **प्रतिफल १.५** स्थानीय कच्चा पदार्थ, सीप र श्रममा आधारित उद्योग व्यवसायको सिर्जना, विकास र उत्पादनमा बृद्धि भएको हुनेछ । | उद्योग तथा व्यवसायमा संलग्न परिवार | संख्या | १५०० | १८०० | २००० | २५०० | - गाउँ वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- | - उद्यम तथा व्यापार प्रवर्धन सम्बन्धी संघीय प्रदेश तथा स्थानीय कानून तथा नीति तत्काल तर्जुमा भई कार्यान्वयन हुनेछ ।<br>- औद्योगिक विकास नीति तर्जुमा हुनेछ । |
| | सुचारु व्यापार व्यवसाय | संख्या | ५४३ | ७०० | १००० | १२०० | | |
| | चालु लघु उद्योग | संख्या | ५० | ७५ | १५० | २५० | | |
| | चालु घरेलु उद्योग | संख्या | ४ | १० | ३० | ५० | | |
| | साना उद्योग | संख्या | २ | ५ | १४ | १७ | | |
| | कच्चा पदार्थको निकासी परिमाण | रु.हजारमा | ३००० | ४००० | ८००० | १०००० | | |
| | उत्पादन र बजारीकरण सहकारी संस्था | संख्या | ३ | ५ | ७ | ९ | | |
| | उद्यम सृजना र विकास तालिम प्राप्त उद्यमी | संख्या | १५० | २०० | ४०० | ६०० | | |
| | व्यवसायिक प्राविधिक सीपयुक्त दक्ष व्यक्ति | संख्या | ५७ | ७७ | ११७ | १५७ | | |
| **प्रतिफल १.६** बैंक तथा वित्तीय सेवामा लक्षित वर्गको पहुँच बृद्धि भएको हुनेछ । | सहकारी/वित्तीय संस्थामा आवद्ध घरपरिवार | संख्या | ३२०० | ३५०० | ४००० | ४४७५ | - वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- समीक्षा प्रतिवेदन | - संघीय संरचना अनुसार वित्तीय सेवा प्रदायकको सेवा समायोजन हुनेछ<br>- वित्तीय सेवा र सुविधा स्थानीय तहमा विस्तार हुनेछ । |
| | सुचारु वैक शाखा र वित्तीय सेवा प्रदायक | संख्या | ७ | ७ | ८ | ९ | | |
| | बैंक र वित्तीय संस्थाबाट औद्योगिक, व्यवसायिक क्षेत्रमा लगानी रकम | रु. लाखमा | २०० | २५० | ३०० | ४०० | | |
| | बैक खाता हुने वा सेवा उपयोग गर्ने परिवार | प्रतिशत | ६० | ७० | ८० | ९० | | |
| **असर २** स्वस्थ, सिर्जनशिल, शिक्षित र सीपयुक्त मानव संशाधनको विकास हुने | साक्षर जनसंख्या | प्रतिशत | ९२ | ९३ | ९४ | ९५ | - वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- मूल्याङ्कन तथा समीक्षा प्रतिवेदन<br>- EMIS प्रतिवेदन | - सामाजिक विकास र सेवा सम्बन्धी संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ<br>- सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ |
| | स्नातक तह उतीर्ण जनसंख्या | जना | ४००० | ४५०० | ५५०० | ६५०० | | |
| | स्नातक तह उतीर्ण अपाङ्ग | जना | ५५ | ६० | ७० | १०० | | |
| | उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | १०९८ | १२०० | १४४० | १६५० | | |
| | सामाजिक सुरक्षाबाट लाभान्वित लक्षित वर्ग | संख्या | १४५९ | १५५४ | १४७० | १४९० | | |
| | सरकारी, गैर सरकारी र नीजि क्षेत्रमा रोजगार | जना | ३१५८ | ३२०० | ३५०० | ४००० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व.०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| | प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताल पुग्न लाग्ने औसत समय | मिनेट | ९० | ८० | ७५ | ६० | | - सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित कार्यक्रममा निरन्तरता हुनेछ । |
| | विरामी पर्दा सर्वप्रथम स्वास्थ्य संस्था जाने जनसंख्या | प्रतिशत | १०० | १०० | १०० | १०० | | |
| **प्रतिफल २.२** विद्यालय शिक्षाको गुणस्तर तथा प्राविधिक एवम् उच्च शिक्षाको पहुँचमा वृद्धी भएको हुनेछ । | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ५९ | ६४ | ७४ | ९४ | - वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- विद्यालय सुधार योजना प्रतिवेदन<br>- EMIS प्रतिवेदन<br>- राष्ट्रिय स्वास्थ्य सर्भे प्रतिवेदन | - अभिभावक तथा सरोकारवालाको सहभागितामा अभिबृद्धि हुनेछ ।<br>- सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित वर्ग कार्यक्रम तर्जुमा र पालना हुनेछ<br>- अन्तर सरकार, नागरिक समाज र समुदायको सहकार्य र साझेदारीमा बृद्धि हुनेछ । |
| | प्रारम्भिक बालकक्षामा अध्ययनरत ४-५ बर्षका बालबालिका | जना | ९४२ | १००० | १५०० | १५०० | | |
| | कक्षा ८ को उतिर्ण दर | प्रतिशत | ५९ | ६२ | ६८ | ७१ | | |
| | कक्षा १० को जिपिए औसत | प्रतिशत | २.६ | २.७ | २.८ | ३ | | |
| | कक्षा १२ को जिपिए औसत | प्रतिशत | २.४ | २.५ | २.६ | २.८ | | |
| | कक्षा ८ को निरन्तरता दर | प्रतिशत | ९९ | ९९ | १०० | १०० | | |
| | कक्षा १० को निरन्तरता दर | प्रतिशत | ९८ | ९८ | ९८ | ९९ | | |
| | पानी तथा सरसफाइ सुविधासहित छात्र तथा छात्रा शौचालय निर्माण भएका विद्यालय | संख्या | २५ | ३० | ४० | ४८ | | |
| | कम्प्युटर र इन्टरनेट सुविधा उपलब्ध विद्यालय | संख्या | २० | २२ | २५ | ३० | | |
| | बालमैत्री पुर्वाधार (पर्खाल, कक्षा कोठा र खेल मैदान) भएका विद्यालय | संख्या | ३५ | ३८ | ४४ | ४८ | | |
| | बालक्लव गठन भएका विद्यालय | संख्या | १३ | २० | ४० | ४८ | | |
| | महिला शिक्षकको अनुपात | संख्या | १०७ | ११७ | १३७ | १५४ | | |
| | विज्ञान र कम्प्युटर प्रयोगशाला भएका | संख्या | १३ | १५ | २० | ३० | | |
| | प्राविधिक विद्यालय | संख्या | १ | १ | १ | २ | | |
| **प्रतिफल २.२** आधारभूत स्वास्थ्य सेवा तथा पोषणको पहुँच तथा गुणस्तरमा वृद्धि भएको हुनेछ । | स्थानीय स्वास्थ्य संस्था | संख्या | ७ | ७ | ७ | ८ | - वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- HMIS प्रतिवेदन<br>- राष्ट्रिय स्वास्थ्य सर्भे प्रतिवेदन | - सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित वर्ग कार्यक्रमको निरन्तरता हुनेछ ।<br>- राजनीतिक प्रतिबद्धता तथा स्थानीय तहका सरोकारवाला बीच समन्वय, सहकार्य र साझेदारीमा बृद्धि हुनेछ। |
| | प्रोटोकल अनुसार पूर्व प्रसूति सेवा ४ पटक प्राप्त गर्ने गर्भवती | प्रतिशत | ६४ | ८० | ९० | १०० | | |
| | जन्मदा २५०० ग्रामभन्दा कम जन्मतौल भएका शिशु | प्रतिशत | ०.२३ | ० | ० | ० | | |
| | स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | प्रतिशत | २७ | ५० | ७० | १०० | | |
| | झाडापखालाको संक्रमण दर (प्रति हजारमा) | प्रतिशत | ३३ | २० | १० | ३ | | |
| | स्वाशप्रश्वासको संक्रमण (ARI) दर (प्रति हजारमा) | जना | ५४ | ४० | २५ | १० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व.०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| | हे.अ. जनसंख्या अनुपात | संख्या | १:१०३१९ | १:१०३१९ | १:१०३१९ | १:२९४८ | | |
| | परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | ३९ | ४५ | ५० | ५५ | | |
| | स्वास्थ्य विमा गर्ने परिवार | प्रतिशत | ० | ५०० | १५०० | २५०० | | |
| | निजी तथा समुदायमा आधारित स्वास्थ्यकर्मी | संख्या | १० | ० | १५ | २० | | |
| | आधारभुत सुविधा (खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड र परामर्श केन्द्र आदि) उपलब्ध स्वास्थ्य संस्था | संख्या | ३ | ५ | ६ | ७ | | |
| **प्रतिफल २.३ :** स्वच्छ खानेपानीको उपलब्धता र स्वस्थ व्यवहारमा अभिवृद्धी भएको हुनेछ। | निजी धारा उपलब्ध घर परिवार | संख्या | २८ | ४० | ६० | ९९ | - वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- समीक्षा प्रतिवेदन<br>- आयोजना प्रभाव मूल्याङ्कन प्रतिवेदन | - संघ, प्रदेश र गैर सरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुने छ।<br>- सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित वर्ग कार्यक्रमको निरन्तरता हुनेछ।<br>- अन्तर सरकार, नागरिक समाज र समुदायको सहकार्य र साझेदारीमा बृद्धि हुनेछ। |
| | पाइपलाइनबाट वितरित पानी प्रयोग गर्ने घरधुरी | प्रतिशत | ८३.१ | १०० | १०० | १०० | | |
| | उपचार गरिएको/सुरक्षित खानेपानी सुविधा उपयोग गर्ने जनसंख्या | प्रतिशत | १४०० | १९०० | ३३०० | ४००० | | |
| | स्वच्छ (प्यान भएको) शौचालय भएका घरधुरी | प्रतिशत | ९७ | ९८ | ९९ | १०० | | |
| | सार्वजनिक शौचालय | संख्या | ० | १ | ५ | ७ | | |
| | जोखिमयुक्त अवस्थामा साबुन पानीले हात धुने | प्रतिशत | ७० | ८० | ९० | १०० | | |
| | फोहोर विसर्जन स्थल भएको घरपरिवार | प्रतिशत | ५० | ६० | ८० | ९० | | |
| | फोहोर वर्गीकरण गरी विसर्जन गर्ने परिवार | प्रतिशत | ३० | ३५ | ४५ | ५१ | | |
| | सक्रिय खानेपानी र सरसफाई उपभोक्ता समिति | संख्या | ५ | ८ | ११ | १५ | | |
| **प्रतिफल २.४ :** विपन्न तथा जोखिममा रहेका एवं लक्षित वर्गको सक्षमता र संलग्नतामा अभिबृद्धी भएको हुन्छ। | नेतृत्वदायी पदमा महिला र अन्य लक्षित वर्गको प्रतिनिधित्व भएका स्थानीय समिति तथा संरचना | संख्या | ४० | ४० | ४५ | ५० | - वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- समीक्षा प्रतिवेदन | - संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ।<br>- संघ, प्रदेश र गैर सरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ |
| | समावेशी (महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्ग) प्रतिनिधित्व भएका समिति, संयन्त्र तथा संजाल | संख्या | ० | ५ | ७ | १० | | |
| | लैंगिक हिंसा र छुवाछुत सम्बन्धी घटना (बार्षिक) | संख्या | ८ | ० | ० | ० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व.०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| | सीपमुलक तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | जना | ५ | १० | १५ | २५ | | - सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित वर्ग कार्यक्रमको निरन्तरता हुनेछ । |
| | व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | संख्या | ३० | ५० | १०० | १५० | | |
| | उद्दार, उपचार र सहयोग प्राप्त गर्ने हिंसाजन्य घटना पीडित | संख्या | ५ | ६ | ८ | १० | | |
| | जेष्ठ नागरिक दिवा सेवा केन्द्र | संख्या | १ | २ | ३ | ७ | | |
| | घर व्यवहार तथा कारोबार सम्बन्धी निर्णयमा महिला सहभागी हुने परिवार | प्रतिशत | ५० | ५० | ६० | ७० | | |
| | संरक्षण प्राप्त अनाथ बालवालिका | संख्या | २० | १० | १० | ० | | |
| **प्रतिफल २.५** युवाको नवप्रवर्तन शिलता, सक्षमता, उद्यमशिलता र सहभागितामा अभिबृद्धि भएको हुनेछ । | वैदेशिक रोजगारीमा गएका युवा | संख्या | २५०० | २००० | १५०० | १००० | - वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- समीक्षा प्रतिवेदन | - सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ<br>- युवामैत्री वातावरण र लगानीमा बृद्धि हुनेछ । |
| | युवाक्लब, संजाल तथा संस्था | संख्या | १७ | २० | २५ | ३५ | | |
| | क्लब, सञ्जाल र संस्थामा आवद्ध युवा | संख्या | ३४५ | ४६६ | ५१२ | ७०० | | |
| | उद्यम, व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | संख्या | ५० | १०० | २०० | २५० | | |
| | व्यवस्थित कभर्ड हल | संख्या | ० | ० | ० | १ | | |
| | व्यवस्थित र सुविधायुक्त खेलकुद मैदान | संख्या | ६ | ६ | ७ | ७ | | |
| | अभियान्ता वा स्वयंसेवक युवा | संख्या | ० | ७ | १५ | ३५ | | |
| **असर ३** आवागमन, बजार सुविधा तथा अन्तर आवद्धता व्यवस्थित र सहज हुनेछ । | सडक घनत्व (प्रति वर्ग कि.मी. सडक लम्बाई) | कि.मि. | १.१ | १.२ | १.५ | १.७ | - वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- मूल्याङ्कन तथा समीक्षा प्रतिवेदन | - संघ, प्रदेश, गैर सरकारी निजी क्षेत्र र समुदायको लगानी र कार्यक्रममा बृद्धि हुनेछ । |
| | पक्की सडकमा पुग्न लाग्ने औषत समय | घण्टा | १.५ | १.५ | १ | ०.५ | | |
| | १२ है महिना यातायात सुचारु सडक लम्बाई | कि.मि. | ६१ | ७० | ९० | १२० | | |
| | पक्की घरमा बसोबास गर्ने परिवार | संख्या | ११० | १३० | १८० | २५० | | |
| | स्वस्थ उर्जाको प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १५ | २० | २२ | २४ | | |
| **प्रतिफल ३.१** यातायात, बजार तथा आधारभूत सुविधामा बृद्धि भएको हुनेछ । | कालोपत्रे सडक | कि.मि. | १ | ३ | ९ | १५ | - वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- समीक्षा प्रतिवेदन | - अन्तर सरकार, नागरिक समाज र समुदायको सहकार्य र साझेदारीमा बृद्धि हुनेछ ।<br>- संघ, प्रदेश र गैर सरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ । |
| | कच्ची सडक | कि.मि. | २२८ | २३३ | २४० | २५० | | |
| | पक्की पुल (वेली व्रिज समेत) | संख्या | ३ | ५ | ७ | १० | | |
| | गापा क्षेत्रमा सूचारु ४ पाँग्रे सार्वजनिक सवारी साधन | संख्या | ६० | ६५ | ७० | १०५ | | |
| | नियमित मर्मत संभार भएको सडकको लम्बाई | संख्या | ६० | ७० | ९० | १२० | | |
| | वायोइञ्जिनिरिङ्ग प्रविधी र सडक किनार वृक्षारोपण सडक लम्बाई | कि.मि. | ० | १० | ३५ | ६० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व.०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| | झोलुङ्गे पुल | संख्या | १६ | १८ | २२ | २६ | | - समुदायको योगदान र निगरानीमा बृद्धि हुनेछ । |
| **प्रतिफल ३.२:** एकीकृत वस्ती, सुरक्षित आवास, सार्वजनिक सुविधामा अभिवृद्धी भएको हुनेछ । | आधारभूत पूर्वाधारयुक्त व्यवस्थित बजार | स्थान | ० | १ | ५ | ९ | - वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- समीक्षा प्रतिवेदन | - संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>- स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ ।<br>- समुदायको योगदान र निगरानीमा बृद्धि हुनेछ । |
| | सुरक्षित वस्तीमा बसोबास गर्ने परिवार | प्रतिशत | ९० | ९१ | ९४ | ९८ | | |
| | भूकम्प प्रतिरोधी भवन निर्माणसम्बन्धी दक्ष व्यक्ति | जना | २५ | ५० | ७५ | १२५ | | |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन र संरचना | संख्या | २५ | २९ | ३८ | ४५ | | |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | प्रतिशत | १९ | २० | ३० | ५० | | |
| | व्यवस्थित नालाको लम्बाई | कि.मि. | १० | १५ | ३० | ५० | | |
| | चट्याङ रहित घर निर्माण | प्रतिशत | ३ | ५ | १५ | २५ | | |
| | भूकम्प पश्चात पुनःनिर्माण भएका घर | संख्या | २५० | ३०० | ४०० | ४७५ | | |
| **प्रतिफल ३.३** स्वच्छ ऊर्जाको पहुँच र उपयोगमा बृद्धि भएको हुनेछ । | स्थानीय विद्युत् उत्पादन | कि.वा. | ० | ० | ० | १००० | - वस्तुस्थिति विवरण<br>- अध्ययन तथा सर्वेक्षण<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- समीक्षा प्रतिवेदन | - स्वच्छ उर्जा उत्पादन र उपयोग संघीय नीति र कानून तर्जुमा हुनेछ ।<br>- अन्तर सरकार, नागरिक समाज र समुदायको सहकार्य र साझेदारीमा बृद्धि हुनेछ । |
| | विद्युत् सेवा उपलब्ध घरधुरी | प्रतिशत | ८० | ९० | ९५ | १०० | | |
| | सुधारिएको ऊर्जा प्रयोग गर्ने परिवार | प्रतिशत | १५ | १६ | १८ | २१ | | |
| | घरयासी बायोग्याँस प्लान्ट | प्रतिशत | १२ | १५ | १८ | २१ | | |
| | धुवारहित चुल्हो जडान भएका परिवार | प्रतिशत | ८० | ८५ | ९० | ९५ | | |
| | सोलार प्रणाली भएका घरपरिवार | प्रतिशत | ३० | ३५ | ५५ | ६५ | | |
| **प्रतिफल ३.४** सूचना तथा संचार प्रविधिको पहुँच र उपयोगमा वृद्धि भएको हुनेछ । | टेलिभिजन र कम्प्युटर उपलब्ध परिवार | प्रतिशत | ४० | ४५ | ७० | ८५ | - वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- समीक्षा प्रतिवेदन | - संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>- अन्तर सरकार, नागरिक समाज र समुदायको सहकार्य र साझेदारीमा बृद्धि हुनेछ । |
| | इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ३५ | ३६ | ४५ | ६० | | |
| | टेलिफोन/मोबाइल प्रयोगकर्ता | प्रतिशत | ९० | ९२ | ९५ | १०० | | |
| | स्थानीय स्तरमा भएका प्रकाशन र प्रसारण | संख्या | ० | २ | ६ | १० | | |
| | ईन्टरनेट सञ्चालन रहेका वडा कार्यालय, स्वास्थ्य चौकी र विद्यालय | वटा | १९ | २० | २५ | ३० | | |
| | चालु मोवाइल एप्स् (Dhurkot Gaunpalika) | वटा | १ | १ | १ | १ | | |
| | संचालित एफएम | वटा | ० | १ | १ | १ | | |
| | टेलिभिजन र कम्प्युटर उपलब्ध परिवार | प्रतिशत | ४० | ४५ | ७० | ८५ | | |
| | इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ३५ | ३६ | ४५ | ६० | | |
| | टेलिफोन/मोबाइल प्रयोगकर्ता | प्रतिशत | ९० | ९२ | ९५ | १०० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व.०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| **असर ४**<br>वन, जैविक विविधता, जमीन र जल श्रोतको दीगो उपयोग सुनिश्चित गर्ने | वन पैदावरको विक्रीबाट प्राप्त शुल्क | रु. हजारमा | ० | १०० | २०० | ४०० | - वस्तुस्थिति विवरण<br>- अध्ययन सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- समीक्षा र मूल्याङ्कन प्रतिवेदन | - संघीय व्यवस्था अनुसार संघ र प्रदेश तहमा वन तथा वातावरण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा र कार्यान्वयन हुनेछ । |
| | काठदाउरा र दहत्तर र बहत्तर बिक्रीबाट प्राप्त हुने आम्दानी | रु. हजारमा | २७०० | २९७० | ३५१० | ४०५० | | |
| | परम्परागत उर्जा (दाउरा) प्रयोग गर्ने घरधुरी | प्रतिशत | ९० | ८५ | ८० | ७५ | | |
| **प्रतिफल ४.१**<br>जैविक विविधता संरक्षण, वनको संचिती तथा वन पैदावरको उत्पादनमा बृद्धि भएको हुनेछ । | वैज्ञानिक वन व्यवस्थापन गरिएको वन समूह | संख्या | ० | १ | ३ | ७ | - वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- डि.व.का.को प्रगति प्रतिवेदन<br>- समीक्षा प्रतिवेदन | - अन्तर सरकार, नागरिक समाज र समुदायको सहकार्य र साझेदारीमा बृद्धि हुनेछ ।<br>- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>- वन, वातावरण नीतिको पालना हुनेछ । |
| | व्यवस्थित वन क्षेत्र | हेक्टर | ६०० | ८०० | १२०० | १५०० | | |
| | संरक्षित चरन क्षेत्र | संख्या | ० | ७ | २१ | ३५ | | |
| | उत्पादित काठ | क्यूफिट | ३२४०० | ३५१०० | ३७८०० | ४०५०० | | |
| | उत्पादित गैह्रकाष्ठ वन पैदावर | के.जि. | ५४०० | ५६०० | ६००० | ६५०० | | |
| | वनमा आधारित उद्योग तथा व्यवसाय | संख्या | ५ | ७ | ११ | १५ | | |
| | दर्ता निजी वन | वटा | ० | ५ | १० | १५ | | |
| | आयमूलक कार्य संचालित वन समूह | संख्या | ० | १० | ३० | ५४ | | |
| | वृक्षारोपण गरिएको क्षेत्रफल | रोपनी | ३ | १० | ३० | ५० | | |
| | गैरकाष्ठ वन पैदावारको व्यवसायिक खेती क्षेत्र | रोपनी | ० | १० | ५० | १०० | | |
| **प्रतिफल ४.२**<br>जल, जमीन र जलाधारका अन्य श्रोतको संरक्षण तथा उपयोगमा बृद्धी भएको हुनेछ । | संरक्षित खेतबारीको क्षेत्रफल | रोपनी | १९७५२ | २०००० | २४००० | २७६५३ | - वस्तुस्थिति विवरण<br>- डि.व.का.को प्रगति प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- समीक्षा प्रतिवेदन | - संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>- अन्तर सरकार, नागरिक समाज र समुदायको सहकार्य र साझेदारीमा बृद्धि हुनेछ । |
| | उपचार गरिएको/संरक्षित गल्छी र पहिरो | संख्या | ५ | ८ | १२ | १५ | | |
| | संरक्षित भू-क्षय र बाढी संवेदनशील क्षेत्र | संख्या | ० | १ | १ | २ | | |
| | संरक्षित तालतलैया र सिमसार क्षेत्र | संख्या | ० | १ | ३ | ६ | | |
| | बायोइन्जिनियरिङ प्रविधि प्रयोग संरचनाको लम्बाई | कि.मि. | ० | १ | ३ | ७ | | |
| | संरक्षण पोखरी | संख्या | ० | १ | ३ | ७ | | |
| | संरक्षित पानी मुहान | संख्या | ० | १० | ५० | १०० | | |
| **प्रतिफल ४.३**<br>पर्यावरणीय स्वच्छता, सुन्दरता र | कम्पोष्ट-बिन र गार्वेज-पिट प्रयोग गर्ने परिवार | प्रतिशत | ० | ५०० | २००० | ४४७५ | - वस्तुस्थिति विवरण<br>- डि.व.का.को प्रगति प्रतिवेदन<br>- समीक्षा प्रतिवेदन | - संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ । |
| | नियमित पूर्ण सरसफाइको अभ्यास गर्ने घरधुरी | प्रतिशत | ६० | ७० | ८५ | ९५ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व.०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| वातावरणीय सरसफाईमा अभिबृद्धि भएको हुनेछ । | फोहोर वर्गीकरण र व्यवस्थापनको अभ्यास गर्ने परिवार | प्रतिशत | ५ | १० | ३० | ५० | - प्रगति/अनुगमन प्रतिवेदन<br>- समीक्षा प्रतिवेदन | - संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी बृद्धि हुनेछ ।<br>- जलवायु परिवर्तनको असरसँग अनुकुलन क्षमता अभिबृद्धी हुनेछ । |
| | सार्वजनिक कार्यालय (वडा कार्यालय, विद्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी) परिसरमा बगैचा निर्माण | कार्यालय संख्या | १२ | १८ | ३० | ५० | | |
| | खुला तथा सार्वजनिक ठाउँमा प्लाष्टिक तथा बोतललगायतका फोहोरमुक्त टोल | संख्या | ० | १० | ३५ | ७२ | | |
| | कम्पोष्ट-विन र गार्वेज-पिट प्रयोग गर्ने परिवार | प्रतिशत | ० | ५०० | २००० | ४४७५ | | |
| **प्रतिफल ४.४** विपद् जोखिम तथा विपद्जन्य क्षति न्यूनीकरण भएको हुनेछ । | विपद्बाट प्रभावित र विस्थापित घरपरिवार | संख्या | २०० | १८० | १०० | ५० | - वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- समीक्षा प्रतिवेदन | - संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>- जलवायु परिवर्तनको असर र विपद जोखिम न्यूनीकरण हुनेछ । |
| | तालिमप्राप्त स्थानीय खोज, उद्दार कार्यकर्ता | संख्या | ० | २५ | ५० | ७५ | | |
| | प्राथमिक उपचार तालिम प्राप्त जनशक्ति | संख्या | २८ | २८ | ५० | ७५ | | |
| | विपदबाट भएको वार्षिक क्षती (जग्गा, संरचना, बाली नाली, पशु र अन्य सम्पत्ती) | रु. लाखमा | ५००० | ४००० | ३००० | १००० | | |
| | आपत्कालीन सामुहिक आश्रयस्थल | संख्या | ० | ९ | ३६ | ७२ | | |
| | पहिरो, नदी वा खोलाले काटेको, बगाएको खेतीयोग्य जमिन (गत वर्षको) | रोपनी | २०० | १८० | १०० | ५० | | |
| | विपद् व्यवस्थापन स्थानीय कोष रकम (वार्षिक) | लाखमा | १५ | १८ | २० | २५ | | |
| | विपद् व्यवस्थापनमा क्रियाशील संघ/संस्था | संख्या | १ | २ | ५ | ७ | | |
| | सुरक्षित, एकीकृत र व्यवस्थित आवास क्षेत्र तथा वस्ती | संख्या | ३० | ३५ | ४० | ५० | | |
| **असर ५** गाउँपालिकाको सेवा सुविधा, विकास सम्पादन र जवाफदेहिताको स्तरमा बृद्धि हुने | गाउँपालिकाको नीति, कानून, निर्णय र सेवा प्रवाह बाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ७५ | ८० | ८५ | ९० | - वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- समीक्षा र मूल्याङ्कन प्रतिवेदन | - संघीय शासन प्रणालीको प्रभावकारिता बृद्धि हुनेछ।<br>- अन्तर सरकार समन्वय, सहकाय र सहअस्तित्वमा अभिबृद्धि हुनेछ ।<br>- स्थानीय सरकारको नीति, कानून, योजना र निर्णय प्रक्रिामा जनताको सहयोग बृद्धि हुनेछ । |
| | बार्षिक आन्तरिक आय | रु. हजार | २६०० | ३३०० | ५००० | ८००० | | |
| | कूल बजेटमा आन्तरिक आयको योगदान | प्रतिशत | ०.६५ | ०.७५ | १ | १.५ | | |
| | विभिन्न सेवा प्राप्त गर्ने सेवाग्राही (बार्षिक) | संख्या | २२००० | २२००० | २२००० | २२००० | | |
| | गाउँपालिकाबाट संचालित आयोजनाबाट लाभान्वित जनसंख्या (बार्षिक) | संख्या | १५००० | १८००० | २२००० | २५००० | | |
| | प्रतिव्यक्ति बार्षिक बजेट लगानी (हजार) | रु. | १६ | १७.५ | १९.५ | २२ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व.०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| **प्रतिफल ५.१** स्थानीय कार्य सम्पादन प्रणाली एवं प्रक्रिया सरल, स्पष्ट र पारदर्शी भएको हुनेछ । | गाउँपालिकाले स्वीकृत गरेका: | | | | | | - साझा अधिकार क्षेत्रका विषयमा संघीय तथा प्रादेशिक नीति र कानून तर्जुमा हुनेछ । | - साझा अधिकार क्षेत्रका विषयमा संघीय तथा प्रादेशिक नीति र कानून तर्जुमा हुनेछ । |
| | ऐन | संख्या | ९ | ११ | १३ | १५ | | |
| | नियम तथा विनियम | संख्या | ४ | ९ | ११ | १५ | | |
| | कार्यविधि, निर्देशिका, आदेश, दिग्दर्शन | संख्या | १७ | २० | २५ | ३० | | |
| | **क्रियाशिल नीतिगत समिति तथा संयन्त्र** (विधायन, सुशासन, न्यायिक, लेखा, राजस्व, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, शिक्षा, विपद व्यवस्थापन समिति योजना तथा बजेट तर्जुमा, अनुगमन आदि) | संख्या | १० | ११ | १२ | १३ | | |
| | **अभ्यास गरिएका सामाजिक जवाफदेहिताका औजार** (नागरिक वडापत्र, सूचना पाटी, सुझाव पेटीका, गुनासो सुन्ने अधिकारी, सूचना अधिकारी, प्रवक्ता, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, समुदाय स्कोर कार्य, क्षतिपूर्ति सहितको नागरिक वडापत्र, सेवालिएर फिर्किएका सेवा ग्राहीको सुझाव तथा अनुभव संकलन, हेल्प डेस्क आदी) | संख्या | ८ | १२ | १३ | १४ | | |
| | स्थानीय नीति, ऐन तथा योजना तर्जुमा प्रक्रियामा नागरिक पृष्ठपोषण तथा सुझाव लिने माध्यमहरु (प्रत्यक्ष भेटघाट, रेडियो, पत्रपत्रिका, टेलिभिजन, अन्तरक्रिया, लिखित प्रतिक्रिया, सुभाव पेटिका, सामाजिक सञ्जाल, सन्तुष्टी सर्वेक्षण, समूदायमा छलफल, सामुदायिक मूल्यांकन आदी) | संख्या | ५ | ६ | ७ | ११ | | |
| | गाउँपालिकामा पेश भई सम्बोधन भएका सेवा प्रवाह सम्बन्धी गुनासो | प्रतिशत | ८५ | ९२ | ९५ | ९८ | | |
| | गाउँपालिकामा पेश भई सम्बोधन भएका विकास निर्माण सम्बन्धी गुनासो | प्रतिशत | ५० | ५५ | ६२ | ७५ | | |
| **प्रतिफल ५.२:** स्थानीय सेवाको व्यवस्थापन क्षमता, मानव संशाधन र | गाउँपालिकामा कार्यरत (वडा र विषयगत शाखा समेतको) जम्मा कर्मचारी | संख्या | ५५ | ६० | ६५ | ७५ | - वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - स्वीकृत संरचना र दरबन्दी अनुसार कर्मचारीको पदपूर्ती हुनेछ । |
| | गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारी | संख्या | ५ | १२ | १५ | २० | | |
| | स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारी | संख्या | ५० | ५५ | ६० | ६५ | | |
| | विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी | संख्या | ७०५ | ७०५ | ७२५ | ७२५ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व.०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| कार्य दक्षतामा अभिवृद्धि भएको हुनेछ । | उपलब्ध कार्यालय भवन (केन्द्र, वडा, शाखा, श्रोत तथा सेवा केन्द्र अन्य आदी) | संख्या | २२ | २३ | २४ | २५ | - समीक्षा प्रतिवेदन | - संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>- सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य र साझेदारीमा बृद्धि हुनेछ |
| | क्षमता विकास कार्यक्रमबाट लाभान्वित जनप्रतिनिधी, कर्मचारी र नागरिक समाज | जना | २५० | ३५० | ५५० | १००० | | |
| | संगठन विकास संबन्धी अनुसन्धान/सर्भेक्षण | पटक | ० | ० | १ | १ | | |
| | सशक्तिकरण र क्षमता विकास कार्यक्रमबाट लाभन्वित विपन्न र पिछडिएको वर्ग (बार्षिक) | संख्या | १२०० | १५०० | २००० | २५०० | | |
| | गाउँपालिकाबाट संचालित स्थानीय शासन, योजना तर्जुमा तथा सेवाप्रवाह सम्बन्धी क्षमता विकास कार्यक्रम (बार्षिक) | पटक | ८ | १३ | १५ | १७ | | |
| **प्रतिफल ५.३** गाउँपालिकाको आन्तरिक तथा वाह्य श्रोत परिचालनमा अभिबृद्धि भएको हुनेछ । | आन्तरिक आय रकम | रु. हजारमा | | | | | - वस्तस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- वित्तीय प्रतिवेदन<br>- समीक्षा प्रतिवदेन | - संघीय तथा प्रदेश राजस्व कानून उपलब्ध हुने सो अनुसार स्थानीय कानून तर्जुमा हुनेछ ।<br>- संघ, प्रदेश, विकास साझेदार, गैसस र समुदायको लगानी आकर्षण हुनेछ ।<br>- अन्तर सरकार, नागरिक समाज र समुदायको सहकार्य र साझेदारीमा बृद्धि हुनेछ ।<br>- वन, वातावरण नीतिको पालना हुनेछ । |
| | संघ सरकारको राजस्व बाँडबाँड प्राप्त कुल रकम | रु. हजारमा | | | | | | |
| | प्रदेश सरकारको राजस्व बाँडबाँड प्राप्त कुल रकम | रु. हजारमा | | | | | | |
| | रोयल्टीबाट प्राप्त रकम | रु. हजारमा | | | | | | |
| | संघ सरकारको अनुदान | | | | | | | |
| | प्रदेश सरकारको अनुदान | | | | | | | |
| | संघ सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | रु. हजारमा | | | | | | |
| | संघ सरकारबाट प्राप्त सशर्त अनुदान | रु. हजारमा | | | | | | |
| | संघ सरकारबाट प्राप्त विशेष अनुदान रकम | रु. हजारमा | | | | | | |
| | संघ सरकारबाट प्राप्त समपुरक अनुदान रकम | रु. हजारमा | | | | | | |
| | प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान रकम | रु. हजारमा | | | | | | |
| | प्रदेश सरकारबाट प्राप्त वित्तीय ससर्त अनुदान | रु. हजारमा | | | | | | |
| | प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान | रु. हजारमा | | | | | | |
| | प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान | रु. हजारमा | | | | | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | आधाररेखा (आ.व.०७५/७६ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | पहिलो वर्ष | तेश्रो बर्ष | पाँचौ बर्ष | | |
| | अ/गैसस, विकास साझेदारबाट संचालित आयोजना/कार्यक्रममा लगानी रकम | रु. हजारमा | | | | | | |
| | समुदायको लगानी तथा योगदान रकम | रु. हजारमा | | | | | | |
| | निजी क्षेत्रको लगानी रकम | रु. हजारमा | | | | | | |
| | कूल बार्षिक बजेट | रु. हजारमा | | | | | | |
| | बार्षिक वास्तविक खर्च रकम (प्रतिशत) | प्रतिशत | | | | | | |
| | औषत वार्षिक वेरुजु रकम | रु. हजारमा | | | | | | |
| **प्रतिफल ५.४** विकास व्यवस्थापन प्रणाली सूचना प्रविधिमा आधारित, सहभागितामूलक तथा नतिजामूलक भएको हुनेछ । | गाउँपालिकामा क्रियाशिल गैसस, अगैसस, विकास साझेदार संस्था | संख्या | | | | | - गाउँवस्तुगत विवरण (प्रोफाइल)<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- वित्तीय प्रतिवेदन<br>- | - संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ ।<br>- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ ।<br>- अन्तर सरकार, नागरिक समाज र समुदायको सहकार्य र साझेदारीमा बृद्धि हुनेछ । |
| | खण्डीकृत विषय क्षेत्र र श्रोत नक्शा सहित वस्तुगत विवरण तयारी तथा अद्यावधिक | भए/नभएको | | | | | | |
| | स्थानीय गौरवका आयोजनाको सूची | संख्या | | | | | | |
| | तर्जुमा भएका रणनीतिक योजनाको विषय क्षेत्र (पर्यटन, यातायात, भूउपयोग, जलश्रोत, कृषि आदी) | विषय क्षेत्र संख्या | | | | | | |
| | नतिजामूलक ढाँचामा आवधिक योजना तर्जुमा | भए/नभएको | | | | | | |
| | नतिजामूलक अनुगमन ढाँचामा आधारित अनुगमन तथा मूल्याङ्कन योजना | भए/नभएको | | | | | | |
| | कूल मध्ये उपभोक्ता समितिबाट कार्यान्वयन भएका आयोजनाको अनुपात | प्रतिशत | | | | | | |
| | आयोजना/कार्यक्रम अनुगमनमा अभ्यास गरिएका विधि (स्थलगत अवलोकन, प्रगति विवरण समीक्षा, नतिजा अनुगमन, प्रभाव मूल्याङ्कन, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण आदी) | संख्या | | | | | | |
| | लक्षित वर्ग बजेट प्रतिशत | प्रतिशत | | | | | | |
| क्र.सं. | प्रतिफल अनुसार प्रमुख आयोजना र कार्यक्रम | | | | | | | |
| १.१.१ | योजना दस्तावेजको परिच्छेद ३, ४, ५, ६ र ७ मा प्रस्तुत गरिएको छ । | बजेट (रु. हजारमा) | | | | | प्रगति तथा अनुगमन प्रतिवेदन | स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ । |

# परिच्छेद ३
# आर्थिक विकास योजना

## ३.१ वस्तुस्थिति विश्लेषण

*पृष्ठभूमि*

नेपालको संविधानले सुनिश्चित गरेको नागरिकको खाद्य सुरक्षा, मर्यादित रोजगारी र आयको अधिकार कार्यान्वयन गर्न संघीय सरकार, प्रदेश सरकारको साथसाथै स्थानीय सरकारको महत्वपूर्ण भूमिका रहेको छ । संघीय सरकार एवं प्रदेश सरकारले तर्जुमा गरेको नीति, कानून, योजना र लक्ष्यसँग तादाम्यता कायम गरी स्थानीय सरकारले समेत उक्त अधिकारलाई योजनाबद्ध ढंगले सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको छ । यस तथ्यलाई मनन् गर्दै गाउँपालिकाको समग्र विकासको अग्रणी क्षेत्रको रुपमा रहको कृषि, पर्यटन तथा उद्योग व्यवसायको विकास र प्रवर्द्धन मार्फत उत्पादन, रोजगारी र आय वृद्धि गर्न उपयुक्त योजना तर्जुमा एवं सोको कार्यान्वयन गर्नुपर्ने देखिन्छ । यस गाउँपालिकाको सन्दर्भमा विकासका विभिन्न विषयक्षेत्रमा विकास प्रयासलाई डोऱ्याउन यस सम्बन्धी संभावना र अवसर, समस्या तथा चुनौति र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ ।

### ३.१.१ कृषि विकास

***विद्यमान अवस्था, संभावना र अवसर***

सन् २०३० सम्ममा भोकमुक्त विश्व बनाउने दिगो विकासको लक्ष्य अनुरुप नेपाल सरकारले वि.सं. २०७७ सम्ममा खाद्यान्नमा आत्मनिर्भर हुने एवम् पाँच वर्षभित्र कृषि उत्पादकत्व दोब्बर गर्ने प्रतिवद्धता जनाएको छ । यसका लागि मूलभूत रुपमा १५ वर्षीय कृषि विकास रणनीति कार्यान्वयन भई कृषिको यान्त्रिकीकरण, आधुनिकीकरण र व्यवसायीकरण गर्ने अठोट गाउँपालिकाको रहेको छ । गाउँपालिका क्षेत्रमा २१,३१५ रोपनी क्षेत्रफलमा प्रमुख रुपमा मकै, धान, कोदो, गहुँ, जौ, तोरी र फापर जस्ता वालीको उत्पादन भैरहेको छ । खेती कार्य परम्परागत प्रणालीमा नै रहेको र गाउँपालिकाका करीव शत प्रतिशत घरपरिवार नै संलग्न रहेको देखिन्छ । स्थानीय अर्थतन्त्रमा उल्लेखनीय योगदान दिनसक्ने सुन्तला, अमिला जातका फलफूल, नासपाती, कफी, अदुवा तथा खुर्सानी खेतीका लागि उपयुक्त हावापानी रहेको देखिएको छ । स्थानीयस्तरमा उत्पादन भैरहेको वालीहरुको यथोचित संरक्षण तथा प्रवर्द्धन हुन सकेमा तथा अन्य व्यवसायिक तथा औद्योगिक वालीहरुको उत्पादन हुन सकेमा स्थानीय अर्थतन्त्रमा उल्लेखनीय योगदान दिनसक्ने देखिन्छ ।

गाउँपालिकाको कृषितर्फको अवस्था विश्लेषण गर्दा प्रमुख वालीहरुको वार्षिक उत्पादन २८,०२७ क्विन्टल भैरहेको देखिन्छ । व्यवसायिक रुपमा फलफूल वाली सुन्तला, अदुवा, कफी, खुर्सानी र अमिला जातका फलफूलको उत्पादन भैरहेको छ । गाउँपालिकाको वडा नम्बर १, २ र ३ मा पकेट कै रुपमा र अन्य क्षेत्रमा समेत गरी करीव ३,७७३ रोपनी क्षेत्रफलमा सुन्तलाको व्यवसायिक खेती भैरहेको र सोबाट वार्षिक रुपमा करीव ५१६.७ मे.ट. वरावरको सुन्तला उत्पादन भई करीव ३ करोड वरावरको विक्री भएको देखिन्छ । खाद्य सुरक्षातर्फ आफ्नै उत्पादनले वर्षैभरी खान पुग्ने परिवार ३० प्रतिशत रहेको छ ।

गाउँपालिका क्षेत्रमा फलफूलतर्फ ४३ वटा, तरकारीको १६ वटा, मौरी २ वटा र फलफूल नर्सरी ५ वटा गरी ६६ वटा व्यवसायिक कृषि उत्पादनमा संलग्न फर्म रहेको देखिन्छ । व्यवसायिक तथा समुहहरुले वार्षिक रुपमा करीव ६००० रोपनी क्षेत्रफलमा तरकारीको उत्पादन गरिरहेका छन् । वार्षिक रुपमा करीव २४०० मे.ट. वरावरको तरकारीको उत्पादन हुने गरेको देखिन्छ । गाउँपालिका क्षेत्रमा करीव १००० रोपनी क्षेत्रफलमा आलुखेती भैरहेको देखिन्छ । गाउँपालिकामा १३ वटा कृषि सहकारी, ४ जना कृषि प्राविधिक क्रियाशील रहेको देखिन्छ । व्यवसायिक उत्पादनका लागि उन्नत प्रविधिहरुको प्रयोगको शुरुवात भैसकेको देखिन्छ । यसका लागि प्लाष्टिक घरमा खेती, ट्रेक्टरको तथा अन्य उपकरणहरुको प्रयोग भएको देखिन्छ । आवश्यक जनशक्तिको विकास, वजार पूर्वाधारहरुको विकास तथा वजार संजाल निर्माण गर्नेजस्ता कार्य गर्न सकेमा यस उपक्षेत्रको विकास गर्न सकिने संभावना रहेको देखिन्छ ।

### *समस्या तथा चुनौति*

खेतीयोग्य जमीनको कम्तिमा ३० प्रतिशत खेतीयोग्य जमीन बाँझो रहनु, भएका खेतीमा पनि बँदेल र बाँदरजस्ता जंगली जनावारको कारण क्षती हुनु, लागत लाभको दृष्टिकोणमा खेती प्रणाली खर्चिलो हुनु, स्थानीय रैथाने जातको संरक्षण हुन नसक्नु, पकेट खेती विकास कार्यक्रम नहुनु एव प्रवर्द्धनात्मक कार्यक्रम संचालन नहुनु यस क्षेत्रका प्रमुख समस्या रहेका छन् । अन्य समस्याहरुमा माटोको नियमित परीक्षण नहुनु, कोल्ड स्टोरको सुविधा नहुनु, आवश्यक श्रमशक्तिको अभाव हुनु, वजार व्यवस्था नहुनु, प्राविधिक जनशक्तिको अभाव हुनुजस्ता समस्याहरु पनि विद्यमान रहेका देखिन्छन् । यसका साथै व्यवसायिक ज्ञान तथा सूचनाको कमी, आधुनिक तथा महिलामैत्री प्रविधिको अभाव, कृषि बजारको कमी, वितिय संस्थाको कमी, कृषि विमाको अभ्यासको कमी, संकलन केन्द्रको अभाव मुख्य चुनौतीको रुपमा रहेका छन् ।

स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन दिने खालको विभिन्न प्रजातीका बीउ बिजन उत्पादन गर्ने नर्सरी नहुँदा कृषकहरुले माग र आवश्यकता अनुसारको वोट विरुवा प्राप्त सकेका छैन । रैथाने बीउ विजनको उपलब्धता र संरक्षण नहुँदा वाह्य तथा आनुबांशिक जातिय शुद्धता र गुणस्तर कम हुने बीउविजनको प्रयोग गर्नु पर्ने वाध्यता रहेको छ । सो बीउ विजन समेत समयमा उपलब्ध हुन सकिरहेको अवस्था छैन । जलवायु परिवर्तनको असरका कारण बालीमा देखापर्ने हानीकारण झार तथा किराहरुको प्रकोप लगायत पोषण र पानी सम्बन्धी जोखिममा बृद्धि भइरहेको छ ।

## ३.१.२ सिंचाई

### *विद्यमान अवस्था, संभावना र अवसर*

गाउँपालिका क्षेत्रमा कम्तिमा १०० वटा सिंचाई योजनाहरुबाट करीव ४००० रोपनी खेतीयोग्य जमीनमा सिंचाई सुविधा पुगेको देखिन्छ । गाउँपालिकामा सिंचाईका लागि हालसम्म प्रयोगमा रहेका प्रविधिहरुमा कूलो, पाईप सिंचाई, प्लाष्टिक पोखरी रहेका छन् । सिंचाईका लागि प्रमुख श्रोतको रुपमा पनाह र छल्दीजस्ता सतह र लिफ्ट सिंचाई प्रणाली र सिंचाई पोखरीको दीगो व्यवस्थापनबाट खेतीयोग्य भूमिमा सिंचाई सुविधा विस्तार गर्न संभावना रहेको छ ।

### *समस्या तथा चुनौति*

संचालित सबै सिंचाई आयोजनाको नियमित रुपमा मर्मत सम्भार नहुनु, सिंचाईका श्रोतहरुको संरक्षण नहुनु एवं सिंचाई सुविधाबाट बञ्चित क्षेत्रका लागि बैकल्पिक सुविधाको कमी मुख्य चुनौतीको रुपमा रहेको देखिन्छ ।

## ३.१.३ पशु विकास

### *विद्यमान अवस्था, संभावना र अवसर*

गाउँपालिका क्षेत्रमा करीव ९० प्रतिशत परिवार पशुपालनमा संलग्न रहेको देखिन्छ । पशुपालन गर्ने किसानहरुले वार्षिक रुपमा १६,४६९ खसीबोका बाखापालन गरिहेका तथा सोबाट वार्षिक १२५.८७ मेट मासु उत्पादन भैरहेको, व्यवसायिक कुखुपालनबाट वार्षिक २३६ मेट वरावरको मासु उत्पादन हुने गरेको देखिन्छ । यसैगरी गाउँपालिका क्षेत्रमा ६४ वटा व्यवसायिक बाखापालन फर्म, २१ वटा कुखुरापालन फर्म, ६ वटा गाईभैंसीपालन फर्म, २ वटा वंगुरपालन फर्म र ४० रोपनी क्षेत्रफलमा व्यवसायिक माछापालन संचालनमा रहेको देखिन्छ । यस गाउँपालिका क्षेत्रमा वार्षिक दुध उत्पादन ४१४१७७० लिटर तथा अण्डा उत्पादन २९३१५० वटा भैरहेको देखिन्छ । नश्ल सुधारका लागि बोयर जातका बोका वितरण भएको तथा गाई भैंसीमा कृत्रिम गर्भाधानको अभ्यास भैसकेको देखिन्छ ।

गाउँपालिका क्षेत्रमा चरण क्षेत्रको रुपमा सामुदायिक वनका आंशिक भूभाग र निजी जमीन नै प्रयोगमा आईरहेको छ भने उन्नत घाँसवालीको क्षेत्र विस्तारका लागि २ वटा व्यवसायिक घाँस नर्सरी क्रियाशील रहेका छन् । पशुजन्य उत्पादनको सहज विक्री वितरणका लागि वडा नं. ४ मा खसीबोका संकलन तथा विक्री केन्द्र स्थापना भई संचालनमा रहेको छ । यस क्षेत्रमा क्रियाशील रहेका पशु सेवा प्राविधिक ६ जनाबाट पशुस्वास्थ्य सेवा उपलव्ध भैरहेको छ ।

पशु विकासका लागि गाउँपालिका क्षेत्रमा पर्याप्त चरण क्षेत्रको विकास गर्न सकिने, पशुजन्य उत्पादनको वजारको सम्भावना रहेको एवं उत्पादकत्व वृद्धि, वजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरुको व्यवसायिक दक्षता अभिवृद्धिजस्ता कार्य गर्न सकेमा यस क्षेत्रमा पशुपालन कार्यलाई थप व्यवसायिक वनाउन सकिने देखिन्छ ।

### *समस्या तथा चुनौति*

उन्नत जातको गाईभैसी, बाखापालन नहुनु, आधुनिक किसिमको गोठ, खोरको व्यवस्थामा कमी, उन्नत घाँसको व्यवस्था नहुनु तथा दक्ष प्राविधिकको सेवा विस्तार हुन नसक्नु, सरल कर्जाको व्यवस्था नहुनु उत्पादकत्व वृद्धि, वजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरुको व्यवसायिक दक्षता अभिवृद्धिजस्ता कार्य अझैपनि चुनौतिको रुपमा रहिरहेको छ । एग्रोभेटको अभाव, उन्नत जातको घाँसहरुको कमी, दक्ष जनशक्तिको अभाव, पशु स्वास्थ्य उपकरणको कमी, नश्ल सुधारको कमी, भेटेरीनरी प्रसार सेवाको कमीजस्ता पक्षपनि थप समस्याको रुपमा रहेको छ ।

## ३.१.४ पर्यटन तथा संस्कृति

### *संभावना, अवसर र विद्यमान अवस्था*

पर्यटन गाउँपालिकाको विकासको प्रमुख सम्भावना भएको क्षेत्रमध्ये एक हो । यस गाउँपालिकाको नयाँगाउँमा रहेको नयाँगाउँ कोट, पिपलधारा थामाकोट, हाडहाडे, पिपलधाराको घरिथुम खेलमैदान, हाडहाडेको जनजाती होमस्टे, अर्घाआलम मन्दिर, लोहोरी लेक, खानीखोला, जैसिथोकको कुमारीदेवी मन्दिर, सहिद पार्क, वस्तुको विचित्र गुफा, सिस्टुङ फाँट, कालिका मन्दिर, किरातेश्वर मन्दिर, धुर्कोट राजस्थलमा रहेको ऐतिहासिक धुर्कोट कोट, ऐतिहासिक धुर्कोट दरवार, वाग्लामा रहेको ऐतिहासिक अजमिर कोट, अस्कुना (सानो स्वर्गद्वारी), मानचौर पोखरी जस्ता महत्वपूर्ण ऐतिहासिक तथा पर्यटकीय स्थलहरु रहेका छन् । गाउँपालिकामा २५ भन्दा बढी मठमन्दिर, दृश्यावलोकन स्थल, प्राकृतिक, साँस्कृतिक र साहसिक पर्यटकीय स्थल र सम्पदाहरु रहेका छन् ।

त्यसैगरी यस गाउँपालिकाको अधिकांश क्षेत्र जैविक विविधता र दृश्यावलोकनको लागि महत्वपूर्ण रहेको छ । यस गाउँपालिकाको विभिन्न पर्यटकीय स्थलहरुमा बार्षिक औषतमा १० हजार पर्यटकहरुले भ्रमण गर्ने गरेका छन् । यस गाउँपालिकामा २ जना पर्यटन व्यवसायी, गाउँपालिकाको ३ नम्बर वडाको हाडहाडेको धनमुडा सामुदायिक होमस्टे संचालनमा रहेको अवस्था छ ।

पर्यटनको दृष्टिकोणले अत्यन्त महत्वपूर्ण क्षेत्रको रुपमा रहेको धुर्कोट, विचित्र गुफा, अजमिरकोट, शहिद पार्क र कुमारीदेवी मन्दिरको संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसार तथा ग्रामीण एव्म कृषि पर्यटन विकास र प्रवर्धन गर्न तथा गाउँपालिका क्षेत्रका अन्य पर्यटकीय महत्वका क्षेत्रको समेत समुचित विकासको संभावना प्रसस्त देखिन्छ ।

### *समस्या तथा चुनौति*

ऐतिहासिक एवं धार्मिक क्षेत्रको संरक्षण एवं प्रवर्द्धन प्रभावकारी नहुनु, पर्यटकीय क्षेत्रको पहिचान एवं संभावनाका लागि कुनै योजना नहुनु, व्यवस्थित रुपमा होमस्टे लगायत पर्यटकीय सुविधाहरुको उपलव्धतामा कमी, सुरक्षित पर्यटनप्रति आश्वस्त पार्न नसक्नु एवं व्यवस्थित होटल नहुनु, पर्यटन प्रवर्द्धनको निम्ति आवश्यक नीतिनियम तथा ज्ञानको अभाव, पर्यटकीय विकासको लागि आवश्यकीय सूचना, बाटो, धारा, पथ पदर्शकहरु होटल व्यवसाय, बैंक, वितिय संस्था आदिको अभाव प्रमुख समस्याको रुपमा रहेको छ ।

## ३.१.५ उद्योग, व्यापार तथा व्यवसाय

### *विद्यमान अवस्था, संभावना र अवसर*

गाउँपालिकामा आर्थिक कारोवार गर्ने व्यापार व्यवसायको संख्या करीव ५४३ रहेका, संचालित व्यापार व्यवसायमा १,५७९ जना संलग्न (८२६ पुरुष र ७५३ महिला) रहेको देखिन्छ । यस गाउँपालिकामा हाल सानाठूला गरी १५ वटा उद्योग, ५ वटा साना फर्निचर उद्योग र १५ वटा विभिन्न क्षेत्रका घरेलु उद्योग संचालनमा रहेका छन् । करिब १५० जना व्यक्तिले उद्यम सिर्जन, विकास तथा उद्यमशीलता सम्बन्धी तालिम प्राप्त गरेका छन् । यस गाउँपालिकामा विशेष गरी कृषि तथा पशुजन्य उपज, माछा र जडिबुटीको उत्पादन, प्रसोधन र बजारीकरण सम्बन्धी उद्योगको संभावना रहेको छ । कृषि, पशुपंक्षी, माछा, जडिबुटी उत्पादनको लागि आवश्यक प्रविधि, सामग्री र वस्तु सेवा र स्थानीय उत्पादन बजारीकरण सम्बन्धी व्यापार व्यवसायमा पनि क्रमिक बृद्धि हुँदै गईरहेको छ । गाउँपालिका क्षेत्रमा सिसा, फलाम, आल्मुनियम, कोवाल्टजस्ता खनिजजन्य पदार्थको संभावना रहेकोले सो को प्राविधिक संभाव्यता अध्ययन गरी उत्खनन तथा प्रशोधन कार्य गर्न सकेमा स्थानीय अर्थतन्त्रमा विशेष योगदान पुग्न सक्ने देखिन्छ ।

### *समस्या तथा चुनौति*

उद्योग संचालन सम्बन्धी प्रर्याप्त सीप तथा जानकारीको कमी हुनु, उद्योग सिर्जना, विकास र संचालन सम्बन्धी तालीम प्रर्याप्त नहुनु, परम्परागत व्यवसायलाई आधुनिकीकरण गर्न नसक्नु, उद्योग संचालनका लागि वित्तीय पहुँच नहुनु तथा स्थानीयस्तरमा दक्ष जनशक्तिको उपलव्धता नहुनु प्रमुख समस्याको रुपमा रहेको देखिन्छ। यसका अतिरिक्त उत्पादनमुखी बजारको व्यवस्थापन नहुनु, व्यवसायिक परामर्श सेवा तथा सूचना कमीजस्ता उद्योग व्यवसाय विकासको चुनौतिको रुपमा रहेका छन् ।

### ३.१.६ बैंक, वित्तीय संस्था एवं सहकारी

### *संभावना, अवसर र विद्यमान अवस्था*

वित्तीय पहुँच तथा सेवाको लागि गाउँपालिकामा हाल १ वटा वैंक शाखा, १ शाखा रहित बैंक सेवा, ५ वटा लघुवित्त, ६ वटा वचत तथा ऋण सहकारी, ३ वटा बहुउद्धेश्यीय र १३ वटा कृषि सहकारीबाट वित्तिय सेवा उपलब्ध भैरहेको छ। गाउँपालिकाका करीव ८० प्रतिशत घरपरिवार बैंक तथा वित्तीय सेवाको पहुँचमा रहेको देखिन्छ।

### *समस्या तथा चूनौति*

सहकारी संचालनमा कर्मचारी एवं पदाधिकारीहरुको क्षमतामा कमी, सहकारीहरुको नियमित एवं प्रभावकारी अनुगमन नहुनु, वित्तीयसंस्थाबाट लिइने ऋणको सदुपयोग हुन नसक्नु एवं व्यवसायको लागि ऋणको जोखिम उठाउने क्षमतामा कमी, स्थानीयहरुमा आम्दानी तथा बचतको मात्रामा अत्यन्तै कमी रहनु यस क्षेत्रको विस्तारका लागि चुनौतीको रुपमा रहेको छ।

कार्यशालाबाट प्राप्त आर्थिक विकाससँग सम्बन्धित क्षेत्र तथा सो अर्न्तगतका उपक्षेत्रहरुको वस्तुस्थिति विश्लेषण **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ३.२ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस गाउँपालिकाको कृषि तथा पशु विकास, पर्यटन विकास र विस्तार, उद्योग व्यापार तथा व्यवसाय, सहकारी, बैंक तथा वित्तिय सेवा सुविधा लगागत स्थानीय तहको लागि उपलब्ध आर्थिक अधिकार क्षेत्रको उद्धेश्य, लक्ष परिमाण, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ।

### ३.२.१ लक्ष्य

गाउँपालिकाको आर्थिक विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छ:

- *स्थानीय उत्पादन, रोजगारी र आयमा गुणस्तरीय तथा दीगो वृद्धि हुने*

### ३.२.२ उद्देश्य

गाउँपालिकाको आर्थिक विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

१. कृषि उत्पादनको बृद्धि, व्यावसायिक र विविधिकरण गर्नु,
२. खेतीयोग्य जमीनमा भरपर्दो सिंचाई सुविधा उपलब्ध गराउनु,
३. पशुपंक्षीजन्य उत्पादनको वृद्धि, व्यावसायीकरण र विविधीकरण गर्नु,
४. पर्यटकीय पूर्वाधार, सेवा तथा सुविधाको विकास, विस्तार तथा स्तरोन्नति गर्नु
५. स्थानीय साँस्कृतिक, ऐतिहासिक र पुरातात्विक सम्पदाहरुको संरक्षण र प्रवर्द्धन गर्नु
६. स्थानीय कच्चा पदार्थ, श्रम र सीपमा आधारित उद्योग व्यवसायको सिर्जना, विकास र उत्पादनमा बृद्धि गर्नु
७. बैंक तथा वित्तीय सेवामा लक्षित वर्गको पहुँच बृद्धि गर्नु

### ३.२.३ रणनीति तथा कार्यनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि विषयगत क्षेत्रगत रुपमा देहायनुसारका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरी रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ ।

*तालिका २ : विषयगत क्षेत्र/उपक्षेत्रअनुसार रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **क. कृषि तथा पशुपंक्षीय विकास** | |
| १. कृषि तथा पशुपन्छी उत्पादन प्रवर्धन, व्यवसायीकरण र विविधिकरण प्रोत्साहन गरी कृषकलाई उद्यमी बनाउने | १. स्थानीयस्तरमा वीउ तथा बेर्नाको उत्पादन र सहज आपूर्तिका लागि कृषि सहकारी तथा अगुवा कृषक लाई प्रोत्साहन गरिने छ ।<br>२. कृषि, पशुपन्छी, माछा, मौरीपालन पकेट क्षेत्रहरु पहिचान तथा निर्धारण गरी यस सम्बन्धी सेवा, सुविधा र प्रविधि एकीकृत रुपमा उपलब्ध गराउने व्यवस्था गरिने छ ।<br>३. सुन्तला, तरकारी, कफी, मसलाबाली, मौरी, पुष्पखेती, च्याउ, माछा, गाईभैसी र वाखापालनमा केन्द्रित गरी नमूना कृषि फर्म मोडेलको रुपमा संचालन गरिनेछ ।<br>४. घरदैलो गरी पशु सेवा प्रसार र पशु स्वास्थ्य सेवा सहज र भरपर्दो बनाइने छ ।<br>५. पशु विकास पकेट क्षेत्रका सार्वजनिक र निजी जग्गामा भुई तथा डालेघाँसको ब्लक स्थापना गरी पशु आहारको न्यूनतालाई पुरा गरिनेछ ।<br>६. बाँझो जमीन राख्ने प्रवृतिलाई न्यूनीकरण गर्न अनुदान एवं प्रोत्साहनका कार्यक्रम संचालन गरिनेछ । बाँझो जमीनको पहिचान, बाँझो रहनुको कारण समेत पहिचान गरी उपयुक्त बालीको उत्पादन कार्यमा प्रोत्साहन गरिने छ ।<br>७. खाद्य तथा तरकारी उत्पादन बृद्धि गर्न खेतीयोग्य क्षेत्रमा सिंचाई सुविधा विस्तार गर्दै जाने नीति लिइने छ ।<br>८. संचालित सिंचाई कूलो, पोखरी र अन्य आयोजनाको नियमित मर्मत सम्भारका लागि आवश्यक कोषको व्यवस्था गरिने छ ।<br>९. व्यवसायिक उत्पादनमा संलग्न किसानलाई प्रोत्साहित गर्न वार्षिक रुपमा उत्कृष्ट कृषक छनौट गरी पुरस्कृत गरिने छ । |
| २. कृषि र पशुपंक्षीजन्य उत्पादन, प्रशोधन र बजारीकरण व्यवसायलाई प्रवर्धन गरी औद्योगीकरण गर्ने | १. एक गाउँ एक उत्पादन जोड दिई वडास्तरमा जैविक खेती प्रवर्द्धन गर्न अगुवा कृषक, कृषक समूह वा सहकारी र निजी क्षेत्र परिचालन गरिने छ ।<br>२. कृषि तथा पशुपालन पकेट क्षेत्रहरुमा कृषि तथा पशुजन्य उत्पादन, संकलन, प्रसोधन केन्द्रको विकास गरिने छ ।<br>३. तरकारी, फलफूल, मसलाबाली, दुध उत्पादन पकेट क्षेत्रलाई लक्षित गरी कृषि तथा पशुपन्छीजन्य उपजहरुको संकलन र चिस्यान केन्द्रको विकास र विस्तार गरिनेछ ।<br>४. स्थानीय उद्यमी, व्यवसायी, सहकारीको साझेदारीमा खेती, कृषि उपज प्रशोधन, पशपंक्षी पालन, उत्पादन, प्रशोधन उद्योग तथा केन्द्र स्थापनामा जोड दिइनेछ ।<br>५. इच्छुक युवा, लक्षित वर्ग र कृषकहरुका लागि कृषि उद्यम सिर्जना र विकास सम्बन्धी तालिम संचालन गरिनेछ । |
| ३. कृषि र पशुपंक्षीजन्य उपजको विशिष्टिकरण गरी उत्पादन र उत्पादकत्वको वृद्धि गर्ने | १. जैविक मल तथा विषादीको उत्पादन एवं प्रयोग गर्न कृषकलाई सचेतना, उत्पादन प्रविधि र प्रसार कार्यक्रम संचालनको व्यवस्था गरिनेछ ।<br>२. स्थानीय कृषकको माग,स्थानीय जातमा आधारित विशिष्टकृत एक वडामा एक वहुउद्देश्यीय कृषि नर्सरीको स्थापना गरी विरुवाको उपलब्धतालाई सहज गराइने छ । यसरी उपलब्ध गराईने विरुवाको हकमा ६० प्रतिशत कलमी र ४० प्रतिशत विजु विरुवा (नेचुकी प्रविधि) वितरणको व्यवस्था मिलाईने छ ।<br>३. सुन्तला लगायत अमिला जातका फलफूल, कफि, टिमुर, मसलाजन्य बाली आदिको पकेट क्षेत्र पहिचान गरी स्थान, माटो र हावापानी अनुसारको बाली |

| रणनीति | कार्यनीति |
|---|---|
| | छनौट गरी व्यवसायिक उत्पादनको लागि कृषि प्रसार तथा प्रविधि हस्तान्तरण गरिनेछ । |
| ४. दक्ष जनशक्तिको व्यवस्थापन मार्फत प्रभावकारी सेवा प्रवाह गर्ने | १. कृषि तथा पशुपालन व्यबसायलाई प्रवर्द्धन गर्न स्थानीय स्तरमा एक वडा एक कृषि र एक पशु प्राविधिक व्यवस्था गरिनेछ ।<br>२. कृषि सेवा प्रवाह र प्रविधी प्रसारमा गैसस, नीजि कम्पनी तथा समुदायमा आधारित संस्थासँग सेवा करार जस्ता वैकल्पिक प्रणाली कृषि प्रसार तथा प्राविधिक सेवा प्रदान गरिनेछ ।<br>३. माटो विज्ञान लगायत कृषि र पशु विकाससँग सम्बधित अध्ययन अनुसन्धान तथा प्रविधि हस्तान्तरणका लागि नेपाल सरकार र प्रदेश सरकारका संबन्धित निकाय एवं विश्वविद्यालय, शैक्षिक तथा अनुसन्धानमूलक संस्थासँग समन्वय, साझेदारी र सहकार्य गरिनेछ । |
| ५. कृषकलाई कृषि यान्त्रिकीकरण सहयोग गर्ने | १. कृषकलाई अत्यावश्यक यन्त्र उपकरण उपलब्ध गराउन आवश्यक प्रवर्द्धनात्मक तथा प्रोत्साहनका कार्यक्रम संचालन गरिने छ ।<br>२. नेपाल सरकार, प्रदेश सरकार, निजी क्षेत्रसँग समन्वय गरी कृषि औजार तथा यन्त्रहरुको उपलब्ध गराउने व्यवस्था गरिनेछ ।<br>३. कृषकहरुको लागि श्रममा आधारित उत्पादन, भण्डारण, प्रसोधन र बजारीकरणका प्रविधि हस्तान्तरण व्यवस्था गरिनेछ ।<br>४. कृषि सामग्री, बिमा, ऋण, शित भण्डार, संकलन, प्रशोधन र विक्री केन्द्र, बजारीकरण र कृषि सूचनामा किसानको सहज पहुँच अभिबृद्धि गरिनेछ । |
| **ख. पर्यटन तथा सँस्कृति** | |
| १. पर्यटकीय स्थल, स्रोत र सम्पदाको पहिचान नक्शाङ्कन, विकास र प्रवर्द्धन गर्ने | १. गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सो अनुसारको प्राथमिकता आधारमा पर्यटन क्षेत्रको पूर्वाधार विकास र सेवा सुविधा अभिबृद्धि लगायतका कार्यहरु चरणबद्ध रुपमा कार्यान्वयन गरिनेछ ।<br>२. पर्यटकीय स्थल र सम्पदाको संरक्षण, सम्वर्द्धन गरी पर्यटकीय सेवा सुविधाको विकास र विस्तार गरिनेछ ।<br>३. निजी क्षेत्र र समुदायसँग साझेदारीमा पर्यटन विकासका कार्यहरु संचालन गरिनेछ। |
| २. पर्यटकीय सम्पदा र सेवाको विशिष्टिकरण गर्ने | १. प्राकृतिक, दृश्यावलोकन, धार्मिक, साँस्कृतिक, कृषि र ग्रामीण जनजीवनमा आधारित दिगो पर्यटनको विकास गरिनेछ ।<br>२. स्थानीय संस्कृति एवं रितीरिवाजको प्रवर्द्धन सहित होम स्टे कार्यक्रम संचालन गरिने छ ।<br>३. कृषि तथा पशुपालन पकेट क्षेत्रजस्ता एकीकृत कृषि फर्म सहित कृषि पर्यटनको विकास र विस्तार गरिनेछ ।<br>४. पर्यटन विकास र विस्तार कार्यलाई सम्पदाको संरक्षण सम्बर्द्धनसँग एकीकृत गरी संचालन गरिनेछ ।<br>५. निजी क्षेत्रसँग साझेदारी गरी गाउँपालिकाको संभाव्य पर्यटकीय स्थलहरुमा पर्यटकीय पूर्वाधार लगायत सेवासुविधा सहित पर्यटन विकास गरिनेछ । |
| ३. पर्यटन विकासको माध्यमद्वारा दिगो रोजगारी सिर्जना र आय वृद्धि गर्ने | १. पर्यटन विकास विशेष गरी युवा, महिला र लक्षित वर्गमा रोजगारी सृजना र आय बृद्धि गरिने छ ।<br>२. कृषि, उद्यम र पूर्वाधार विकाससँग एकीकृत गरी पर्यटन विकासको कार्यक्रम संचालन गरिने छ ।<br>३. पर्यटन क्षेत्रबाट प्राप्त आयको लक्षित समुदायसम्म पुऱ्याउन विकासका कार्यक्रमलाई लक्षित वर्ग र समुदाय प्राथमिकता दिई संचालन गरिने छ । |
| ४. पर्यटन विकासलाई गा.पा.को समष्टिगत विकासको अग्रणी क्षेत्रको रुपमा विकास र प्रवर्धन गर्न संस्थागत आधार तयार गर्ने | १. गाउँपालिकामा पर्यटन विकास तथा साँस्कृतिक संरक्षण समिति र कार्यपालिका कार्यालयमा शाखा गठन गरी पर्यटन विकास, सँस्कृति संरक्षण र प्रवर्धन सम्बन्धी कार्यहरु व्यवस्थित रुपमा संचालन गरिनेछ ।<br>२. स्थानीय सँस्कृति, कला तथा रहनसहनलाई पर्यटन विकाससँग आवद्ध गरी संरक्षण र प्रवर्धन गरिनेछ ।<br>३. पर्यटन विकास र साँस्कृतिक सम्पदा संरक्षण प्राथमिकतासाथ लगानी गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४. पर्यटन तथा सँस्कृति प्रवर्धन लागि नीजि, समुदाय, विकास साझेदारी र सहकार्यमा अभिबृद्धि गरिनेछ । |
| ५. स्थानीय साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक श्रोत सम्पदाको संरक्षण र प्रवर्धन गरी पर्यटन विकासको अवसरमा अभिबृद्धी गर्ने | १. स्थानीय युवालाई कला सँस्कृती, सो को मौलिकता, संरक्षण र उपयोग बारे अध्ययन अनुसन्धान गर्न अभिप्रेरित गरिनेछ ।<br>२. हामेस्टे संचालन गरी कला सँस्कृतीलाई पर्यटन विकाससँग आवद्ध गरिनेछ ।<br>३. मगर समुदायसँग सम्बन्धित कला, सँस्कृती र भेषभुषाको संरक्षण र प्रवर्धन गर्न पहल गरिनेछ ।<br>४. आरन, भाडावर्तन, हाते सामान निर्माण, सिलाई बुनाई जस्ता परम्परागत सिल्पी पेशालाई नयाँ प्रविधि हस्तान्तरण गरी व्यावसायिक बनाइनेछ ।<br>५. कला, सँस्कृती, चलन, भेषभुषाको मौलिकता उपयोग बारे प्रकाशन, प्रसारण गरिनेछ ।<br>६. प्रदर्शनी र सूचना प्रविधिको प्रयोग गनरी कला तथा संस्कृति प्रवर्धन गरिनेछ। |
| **ग. उद्योग र व्यापार** | |
| १. स्थानीय स्रोत साधन, कच्चा पदार्थ, श्रम, सीप र प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योगको विकास र विस्तार गर्ने | १. कृषि, पशु, माछा र वनमा आधारित उत्पादन, प्रसोधन र बजारीकरण सम्बन्धी उद्योगको स्थापना र संचालन गरिनेछ ।<br>२. स्थानीय उद्यमी, व्यवसायी, सहकारीको साझेदारीमा कृषि प्रशोधन, दाना उद्योग तथा केन्द्र स्थापनामा जोड दिइनेछ ।<br>३. युवालाई लक्षित गरी सीप र उद्यमशिलता विकास सम्बन्धी तालिम कार्यक्रम संचालन गरिनेछ ।<br>४. स्थानीय समुदायलाई उद्योगको लागि आवश्यक कच्चा पदार्थको उत्पादनमा आधारित सचेतना, सीप र प्रविधि हस्तान्तरण गरिनेछ ।<br>५. उद्यम व्यवसाय संचालनमा एकल महिला, भूमिहीन, अपाङ्गता भएका व्यक्तिलाई विशेष प्राथमिकता दिईनेछ ।<br>६. लघु उद्यम प्रवर्द्धन तथा विकासका लागि रणनीतिक योजना तर्जुमा गरिनेछ सो को आधारमा रही गाउँपालिकास्तरीय कार्यविधि वनाई लागू गरिनेछ । |
| २. स्थानीय खानी र खनिजजन्य पदार्थको अध्ययन अनुसन्धान र उत्खखनको व्यवस्था गर्ने | १. गाउँपालिका क्षेत्रमा संभाव्य खनिजजन्य पदार्थको अध्ययन अनुसन्धान तथा पहिचान गरी क्षेत्र नक्शाकंन गरिनेछ ।<br>२. संभाव्य खनिजजन्य पदार्थ उत्खनन् गर्न सम्बन्धित निकायसँग वहश र पैरवी गरिनेछ ।<br>३. स्थानीय खनिजन्य पदार्थमा आधारित उद्योग स्थापना प्रोत्साहन गर्ने |
| ३. उद्यम विकास सेवा प्रवाह गर्न सेवा करार गर्ने | १. उद्यम विकास सेवा (उद्यमशिलता विकास तालिम, सीप र प्रविधि हस्तान्तरण, मुल्य श्रृंखला विश्लेषण, बजार सेवा, वित्तीय र कानूनी) प्रवाह गर्न प्रतिस्पर्धात्मक रुपमा पेशागत दक्षता भएको गैर सरकारी वा नीजिसँग सेवा करार गरी सेवा प्रवाह गरिनेछ ।<br>२. संघीय ऐनको व्यवस्था अनुसा उद्योग व्यवस्था दर्ता, नविकरण, खारेजी सम्बन्धी कार्यविधि तर्जुमा गरी गाउँपालिमा उद्योग, व्यवसाय दता, नविकरण, खारेजीको व्यवस्था सुचारु गरिनेछ ।<br>३. मिनी औद्योगिक ग्राम तथा साझा सुविधा केन्द्रको संभाव्यता अध्ययन गरी स्थापनाको लागि पहल गरिनेछ<br>४. मैत्री बहुउद्देश्यीय सहकारी संस्था मार्फत वडाहरुमा कोशेली घर तथा स्थानीय वस्तुको संकलन तथा आउटलेटको विस्तार गरिनेछ । |
| **घ. बैक, सहकारी र वित्तीय सेवा** | |
| १. व्यवसायिक गतिविधि केन्द्रित वित्तीय सेवाको पहुँच बृद्धि गर्ने | १. बैंकिङ लगानी कृषि क्षेत्रमा बृद्धि गर्न पैरवी गरिने छ ।<br>२. वित्तीय साक्षरताका कार्यक्रम संचालन गरिने छ ।<br>३. आर्थिक कारोवार विस्तार लागि बैंक तथा वित्तीय शाखा विस्तार सहजीकरण गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४. सहकारीहरुको संस्थागत क्षमता सुदृढीकरणको माध्यमबाट सुशासन प्रवर्द्धन अभिबृद्धि गरिने छ । |
| २. युवालाई लक्षित गरी उत्पादन, रोजगारी आयमा बृद्धि गर्ने | १. वेरोजगार युवालाई प्राथमिकता दिई कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसायमा आधारित उद्यम, व्यवसाय संचालनमा प्रोत्साहित गरिनेछ ।<br>२. वैदेशिक रोजगारीमा रहेका परिवार, फर्केका र जान लागेका युवालाई कृषि, पशुपालन, वन, माछा र पर्यटनमा आधारित उत्पादन, प्रसोधन र बजारीकरण सम्बन्धी उद्योग व्यवसाय संचालनको लागि उद्यमशिलता, सीप विकास तालिम, परामर्श सेवा र सहयोगको एकीकृत प्याकेज कार्यक्रम संचालन गरिने छ । |

## ३.२.४ कार्यक्रम तथा योजना (कार्यान्वयन योजना)

आवधिक योजनाको लक्ष्य प्राप्तीको लागि संचालन गर्ने विषयगत कार्यक्रम तथा योजना, भौतिक लक्ष्य, कार्यक्रम गर्ने स्थान, अनुमानित लागत तथा जिम्मेवारी सहितको कार्यविभाजन देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

***तालिका ३: आवधिक योजनाको नतिजा प्राप्तिको लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजना***

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०८१/८२) | | |
| **प्रतिफल १.१: कृषि उत्पादनको बृद्धि, व्यावसायिक र विविधिकरण भएको हुनेछ (कृषि विकास) ।** | | | | | |
| १.१ कृषि विकास रणनीतिक योजना तर्जुमा | पटक | ० | १ | ५०० | विस्तृत खाका सहितको कृषि विकास क्षेत्रको योजना तर्जुमा गर्ने |
| १.२ खाद्यान्न तथा तरकारी विजबृद्धि कार्यक्रम | रोपनी | ० | २०० | ४००० | - धान र मकैवाली: १०० रोपनी<br>- तरकारीबाली: ५० रोपनी<br>- आलुबाली: ५० रोपनी |
| १.३ बहुउद्देश्यीय कृषि नर्सरी स्थापना र संचालन | संख्या | ० | ७ | ७००० | सबै वडामा १/१ वटा |
| १.४ जैविक मल तथा विषादी प्रवर्द्धन कार्यक्रम (गोठ तथा भकारो सुधार कार्यक्रम समेत) | संख्या | ० | ७ | ८००० | - व्यवसायिक कृषक लक्षित गरी घरपरिवारमा तह वा निजी क्षेत्रमा संस्थागत रुपमा भर्मी कम्पोष्ट |
| १.५ व्यवसायिक तरकारी उत्पादन पकेट विकास कार्यक्रम | रोपनी | १५० | २००० | २००० | - तरकारी खेती: १५०० रोपनी<br>- खुर्सानी, अदुवा र बेसार: ५०० रोपनी |
| १.६ व्यवसायिक आलु उत्पादन पकेट विकास कार्यक्रम | रोपनी | १००० | २००० | २०००० | सबै वडामा |
| १.७ व्यवसायिक फलफूल उत्पादन पकेट विकास कार्यक्रम (मौरीपालन समेत) | रोपनी | ४००० | ८००० | १०००० | - कफी: १००० रोपनी<br>- अमिला जातका फलफूल: ६००० रोपनी<br>- नास्पाती र ओखर: १००० रोपनी<br>- मौरी घार: २७५० (वडा नं. १, २, ३ र ६ मा प्रत्येक वडामा ४०० का दरले २००० घार र वडा नं. ४, ५ र ७ मा १५० का दरले ७५०) |
| १.८ कृषि पूर्वाधार विकास कार्यक्रम | संख्या | ० | ५ | ८०००० | - तरकारी संकलन केन्द्र तथा कृषि उपज विक्री स्थल: ८ स्थानमा (प्रत्येक वडामा १/१ र वडा नं. ४ मा २ स्थानमा)<br>- वीउ र खाद्यान्न भण्डारण गृह: वडामा १/१ वटा<br>- विद्युतीय सेलार स्टोर: वडा नं १, २, ३ र ६<br>- कोल्ड स्टोर: वडा नं. ४, ५ र ७ |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०८१/८२) | | |
| १.९ कृषि व्यावसाय क्षमता विकास कार्यक्रम | संख्या | ० | ५० | २५०० | - उत्पादक व्यवसायी अन्तर्क्रिया<br>- अध्ययन अवलोकन भ्रमण<br>- कृषक समूह तथा सहकारीको वजारीकरण क्षमता विकास<br>- वजार संजाल विकास तालीम |
| १.१० कृषि उपज मूल्य श्रृंखला अध्ययन | पटक | ० | २ | १००० | सुन्तला र तरकारी बाली |
| १.११ कृषि सम्बन्धी सालबसाली कार्यक्रम | पटक | १ | ५ | २०००० | सशर्त अनुदान र अन्य बजेटबाट संचालन गर्ने |
| **कृषि विकास जम्मा** | | | | **१५५०००** | |
| **प्रतिफल १.२: खेतीयोग्य जमीनमा भरपर्दो सिंचाई सुविधा उपलब्ध भएको हुनेछ (सिंचाई)** | | | | | |
| २.१ सिंचाई कुलो निर्माण तथा संचालन | वटा | १०० | १२५ | ५०००० | सबै वडा |
| २.२ बैकल्पिक सिंचाई विकास कार्यक्रम | संख्या | ० | | २५००० | आकाशे पोखरी, साना मुहान संरक्षण, संकलन पोखरी सहित पाईप, लिफ्ट सिंचाई आदि) |
| २.३ सिंचाई आयोजना मर्मत तथा संभार | संख्या | १ | ५ | १५००० | |
| **सिंचाई विकास जम्मा** | | | | **९००००** | |
| **प्रतिफल १.३ : पशुपंक्षीजन्य उत्पादनको वृद्धि, व्यावसायीकरण र विविधीकरण भएको हुनेछ (पशु विकास) ।** | | | | | |
| ३.१ पशु विकास रणनीतिक तर्जुमा | पटक | ० | १ | १००० | मूल्य श्रृंखला विकास समेत |
| ३.२ घाँस नर्सरी केन्द्र स्थापना | संख्या | २ | ७ | ३००० | सबै वडामा |
| ३.३ उन्नत घाँसेबाली विस्तार कार्यक्रम | रोपनी | ० | २००० | ८००० | व्यवसायिक पशुपालन गर्ने किसानलाई प्रति परिवार २० रोपनी क्षेत्रमा भुईं, डाले र बहुवर्षे |
| ३.४ वोयर वाखा स्रोत केन्द्र स्थापना | संख्या | ० | १ | १०००० | प्राविधिकको प्रत्यक्ष निगरानीमा समूह वा सहकारी मार्फत वडा नं. ५ मा स्थापना गर्ने |
| ३.५ व्यवसायिक पशुपालन कार्यक्रम | संख्या | ० | ५ | १५०००० | - बाख्रापालन फर्म: १०० वटा<br>- गाईभैंसीपालन फर्म: २० वटा<br>- बंगूरपालन फर्म: १० वटा कुखुरापालन: १०० वटा<br>- माछापालन: १० वटा |
| ३.६ पशु स्वास्थ्य प्राविधिकको व्यवस्था | जना | ४ | ९ | ० | एक वडा एक पशु प्राविधिक |
| ३.७ पशुजन्य उत्पादन र प्रशोधन पूर्वाधार विकास कार्यक्रम | संख्या | ० | ८ | १२००० | - दूग्ध संकलन रचिस्यान केन्द : ७ वटा<br>- स्वस्थ मासु विक्री तथा वधस्थल निर्माण: १ वटा (वडा नं. ४) |
| ३.८ पशुसेवा सालवसाली कार्यक्रम | पटक | ० | ५ | २५००० | |
| **पशु सेवा जम्मा** | | | | **२०९०००** | |
| **प्रतिफल १.४: पर्यटकीय पूर्वाधार, सेवा तथा सुविधाको विकास, विस्तार तथा स्तरोन्नति भएको हुनेछ (पर्यटन विकास)** | | | | | |
| ४.१ पर्यटन गुरुयोजना तयारी | संख्या | ० | १ | २००० | प्रमुख पर्यटकीय क्षेत्र, सेवा र सुविधा पहिचान, नक्शाङ्कन, विकास र विस्तार सम्बन्धी स्थानगत र रणनीति समावेश गर्ने |
| ४.२ पर्यटन पूर्वाधार विकास कार्यक्रम | संख्या | ० | ५ | १००००० | - पर्यटन क्षेत्रको पूर्वाधार<br>- पर्यटन सूचना केन्द्र<br>- जलाशय पार्क<br>- साँस्कृतिक सूचना केन्द्र |
| ४.३ पर्यटकीय पदमार्ग विकास कार्यक्रम | किमि | ० | ५ | १०००० | प्राथमिकताका आधारमा देहाय अनुसार पदमार्ग विकास गर्ने<br>- नयाँगाउँ कोट<br>- झल्या कोट<br>- अर्घाआलम मन्दिर |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०८१/८२) | | |
| | | | | | - लोहोरी लेक<br>- विचित्र गुफा<br>- धुर्कोट कोट<br>- अजमिर कोट<br>- अस्कुना (सानो स्वर्गद्वारी)<br>- मानचौर पोखरी |
| ४.४ पर्यटकीय सेवा क्षमता विकास कार्यक्रम | संख्या | ० | ५ | २५००० | • होमस्टे<br>• ग्रामीण कृषि पर्यटन (नयाँगाउँ, पीपलधारा, हाडहाडे, वाग्ला मानचौर)<br>• पर्यटन सेवा क्षमता विकास |
| ४.५ पर्यटन सालबसाली कार्यक्रम | पटक | १ | ५ | ५००० | |
| **पर्यटन विकास जम्मा** | | | | १४२००० | |
| **प्रतिफल १.५: स्थानीय साँस्कृतिक, ऐतिहासिक र पुरातात्विक सम्पदाहरुको संरक्षण र प्रवर्धन भएको हुनेछ (कला तथा संस्कृति)** | | | | | |
| ५.१ मौलिक संस्कृति संरक्षण तथा प्रवर्द्धन | संख्या | ० | ५ | ५००० | सराय नाच, तीज, भैलो आदी |
| ५.२ धार्मिक क्षेत्र संरक्षण, मेला तथा पर्व व्यवस्थापन | संख्या | ० | ५ | ५००० | - सूचीकृत धार्मिक क्षेत्र<br>- संरक्षित मेला तथा पर्व |
| ५.३ भ्रमण वर्ष कार्यक्रम संचालन | संख्या | ० | १ | १०००० | वि.स. २०७८ लाई भ्रमण बर्षको रुपमा संचालन गर्ने |
| **पर्यटन विकास जम्मा** | | | | २०००० | |
| **प्रतिफल १.६: स्थानीय कच्चा पदार्थ, श्रम र सीपमा आधारित उद्योग व्यवसायको सिर्जना, विकास र उत्पादनमा बृद्धि भएको हुनेछ (उद्योग र व्यावसाय)।** | | | | | |
| ५.१ उद्योगको संभाव्यता अध्ययन | पटक | ० | १ | १००० | गापास्तर |
| ५.२ खनिज पदार्थको उत्खननका लागि संभाव्यता अध्ययन | पटक | ० | १ | १०००० | - तामाः हाडहाडे<br>- सिसा, आल्मुनियम, कोवाल्टः खानीखोला<br>- फलामः धुर्कोट रजस्थल |
| ५.२ उद्यम व्यवसाय विकास सम्बन्धी रणनीतिक योजना तर्जुमा | पटक | ० | १ | ५०० | गापास्तर |
| ५.३ औद्योगिक ग्राम स्थापना | संख्या | ० | १ | ५००० | गापास्तर |
| ५.४ उद्यमशीलता विकास तालीम | जना | ० | ५०० | ५०० | टोपेटोसे (Start & Improve Your Business) |
| ५.५ व्यवसाय विस्तार तालीम | जना | ० | २५० | १०००० | गापास्तर |
| ५.६ कृषि, जडिबुटी र पशुपंक्षी उपज प्रशोधन उद्योग स्थापना र संचालन | संख्या | ० | ५ | १२५०० | - कृषि उपज प्रशोधन २,<br>- पशुजन्य उपज प्रशोधन २<br>- जडिबुटी प्रशोधन १ |
| ५.७ कोशेली (सौगात) घर संचालन | संख्या | ० | १ | २००० | घुम्ति कोष मार्फत संचालन गर्ने |
| ५.८ परम्परागत पेशाको आधुनिकीकरण | जना | ० | १०० | ५००० | गापास्तर |
| ५.९ उद्यमी स्तरोन्नती कार्यक्रम | जना | ० | ५० | ५००० | संचालित तर कमजोर अवस्थामा रहेका (गापास्तरमा) |
| **उद्योग तथा व्यवसाय जम्मा** | | | | ५१५०० | |
| **प्रतिफल १.७: बैंक तथा वित्तीय सेवामा लक्षित वर्गको पहुँच बृद्धि भएको हुनेछ (सहकारी तथा वित्तीय सेवा)** | | | | | |
| ६.१ सहकारी क्षमता अभिवृद्धि कार्यक्रम | पटक | ० | १० | ५००० | - वित्तीय साक्षरता<br>- संस्थागत क्षमता विकास |
| ६.२ विप्रेषण पुँजी परिचालन कार्यक्रम | जना | ० | २०० | ५००० | - वैदेशिक रोजगारीबाट फर्केका वा परिवारलाई लक्षित गर्ने<br>- कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसाय प्रोत्साहन गर्ने<br>- वेरोजगार उद्यमशिलता विकास कार्यक्रम संचालन गर्ने |
| **वैक, वित्तीय सेवा तथा रोजगारी जम्मा** | | | | १०००० | |
| **आर्थिक विकास कूल जम्मा** | | | | ६७७५०० | |

# परिच्छेद ४

# सामाजिक विकास योजना

## ४.१ वस्तुस्थिति विश्लेषण

### *पृष्ठभूमि*

नेपालको संविधानले गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा सबैको सहज पहुँच, सामाजिक न्याय र सामाजिक सुरक्षाको यथोचित व्यवस्थापन, स्वस्थ्य तथा सभ्य संस्कृतिको विकास र साँस्कृतिक विविधता कायम राख्दै सम्पदाको संरक्षणलाई राज्यको निर्देशक सिद्धान्त तथा नीतिमा समावेश गरेको छ । संविधानतः शिक्षा, स्वास्थ्य र समावेशीकरणका आधारभूत सवालहरु मौलिक हकको रुपमा स्थापित भइसकेका छन् । नेपालले लिएको दिगो विकास लक्ष्य अनुसार सन् २०३० सम्ममा सबैलाई गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य, स्वच्छ पिउने पानी र सबैखाले विभेदको अन्त्य जस्ता सवालहरुलाई महत्वपूर्ण रुपमा उठान गरेको छ। नेपाल सरकारले तर्जुमा गरेको १५ औं राष्ट्रिय योजनाले सामाजिक विकास गुणस्तरीय जीवन तथा समृद्धिको आधार हो भन्ने कुरालाई मनन गर्दै समतामूलक सामाजिक, आर्थिक तथा साँस्कृतिक संरचना निर्माणमा योगदान गर्दै हरेक नागरिकलाई गुणस्तरीय जीवनयापनको लागि अवसरको वृद्धि गर्ने कुरालाई महत्वपुर्ण रुपमा उठान गरेको छ ।

शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमूखी बनाउदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने राज्यको मुल नीतिअनुसार संरचनागत तथा नीतिगत आधारहरु परिपक्क बन्दै गएका छन् । गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँचको सुनिश्चितता तर्फ थप अग्रसरता जरुरी रहेको छ । सामाजिक न्याय तथा सामाजिक सुरक्षामा सबैको पहुँच कायम गर्दै स्वस्थ तथा सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्नु आजको मुख्य आवश्यकता रहेको छ । साँस्कृतिक विविधता कायम राख्दै ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र विकास गर्ने स्थानीय सरकारको महत्वपुर्ण जिम्मेवारीका रुपमा रहेको देखिन्छ । सामाजिक विकासलाई गुणस्तरीय जीवनयापनको आधार रुपमा लिई संघ सरकार, प्रदेश सरकार र विकास साझेदार संस्थासँगको सहकार्य र समन्वयमा स्थानीय सरकारले अर्थपुर्ण प्रयास गर्नु पर्ने आवश्यकता रहेको छ । धुर्कोट गाउँपालिकाको समृद्धीका लागि शैक्षिक विकास, स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाई, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण, युवा तथा खेलकुद जस्ता क्षेत्रमा गाउँपालिकामा भएका सम्भावना, अवसर र विद्यमान अवस्था सहित समस्या तथा चूनौति पहिचान गरिएको छ ।

### ४.१.१ शिक्षा तथा सीप विकास

#### *विद्यमान अवस्था, संभावना र अवसर*

धुर्कोट गाउँपालिका ऐतिहासिक रुपमा धार्मिक, साँस्कृतिक, प्राकृतिक र शैक्षिक रुपले सुपरिचित क्षेत्र हो । कूल साक्षर जनसंख्या ९२ प्रतिशत रहेको यस गाउँपालिकामा १ स्नातक तहको अध्यापन हुने क्याम्पस, १ प्राविधिक धारको विद्यालय, ११ वटा माध्यामिक विद्यालय, ३७ वटा आधारभूत विद्यालय, कक्षा ११ र १२ सम्मको पढाइ ५ वटा विद्यालय र ४८ वटा वालविकास केन्द्र शैक्षिक पूर्वाधारका रुपमा रहेको छन् । शैक्षिक विकासका दृष्टिकोणले यस गाउँपालिका तुलनात्मक रुपले अगाडी रहेको तथ्याङ्कबाट देखिन्छ । यस गाउँपालिकाको आधारभूत र माध्यामिक तहको शिक्षाको गुणस्तर समेत उच्च रहेको गाउँपालिकाको कक्षा ८ र १० को जिपिए दर २.६ र २.४ ले देखाउँछ । गुणस्तरीय शिक्षाका लागि यस क्षेत्रका २ वटा विद्यालयमा विज्ञान प्रयोगशाला र ११ वटा विद्यालयमा पुस्तकालय तथा कम्प्युटर र इन्टरनेट सुविधाको व्यवस्था गरिएको छ । यस क्षेत्रको शैक्षिक गुणस्तर र गुणस्तरीय शिक्षामा पहुँच क्रमशः वृद्धि हुँदै गएको देखिन्छ ।

#### *समस्या तथा चुनौती*

यस गाउँपालिकाका अधिकांश विद्यालयमा विद्यार्थी शिक्षक अनुपात मिलेको छैन भने विद्यार्थी संख्या न्यून र भौगोलिक दूरी समेतलाई मध्य नजर गर्दा केही विद्यालय मर्ज गर्नुपर्ने अवस्थामा रहेका छन् । संरक्षण दृष्टिकोणले ५ वटा विद्यालयहरु जोखिममा रहेका छन् । विद्यालयमा छात्रा मैत्री शौचालयको व्यवस्था, सेनिटरी प्याडको व्यवस्था र बाल तथा अपांगमैत्री पुर्वाधारको व्यवस्था नभएका कारण प्रायः जसो विद्यालयमा वालमैत्री संरचना र सिकाई लागू हुन सकिरहेका छैन । आफ्ना बालबालिकाको शैक्षिक स्थितिका बारेमा अविभावकको यथोचित चासो नभएका कारण विद्यार्थीमा शिक्षाप्रति नकारात्मक

सोच र अनुशासित विहिनता अवस्था समेत देखिन थालेको छ। विद्यालय व्यवस्थापन समिति तथा शिक्षकबीच सुझबुझ तथा समझदारी निर्माणमा कठिनाई रहेको र प्रधानाध्यापक तथा शिक्षक बीच तहगत बेमेलका कारण शैक्षिक वातावरणमा सुधार हुन सकेको छैन । कतिपय विद्यालयमा विद्यार्थी संख्या बढी तर विषयगत शिक्षक र शिक्षक दरवन्दी कम भएको कारण शिक्षण सिकाइमा प्रतिकुलता देखिएको छ । शिक्षक तथा विद्यार्थीको नियमितता, विज्ञान प्रयोगशाला, कम्प्युटर शिक्षक र सुचना प्रविधिको उपयोग र अतिरिक्त क्रियाकलापमा नियमितताको कमीका कारण गुणस्तरीय शिक्षामा नकारात्मक प्रभाव परिरहेको छ ।

### ४.१.२ स्वास्थ्य तथा पोषण

#### *विद्यमान अवस्था, संभावना र अवसर*

यस गाउँपालिकामा १ प्राथमिक स्वास्थ्य केन्द्र, ६ वटा स्वास्थ्य चौकी र २ वटा सामुदायिक स्वास्थ्य इकाई गरी ९ वटा स्वास्थ्य संस्थाबाट आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराइएको छ। उपरोक्त ९ वटा स्वास्थ्य संस्थाहरुमा १ जना मेडिकल अधिकृत, ७ जना अधिकृत, ७ जना हेल्थ असिष्टेण्ट, १४ जना अहेव, १५ जना अनमी र ७८ जना महिला स्वास्थ्य स्वयम्सेविका कार्यरत रहेको देखिन्छ। गाउँपालिकाको ५ वटा वडालाई पूर्ण खोप क्षेत्र घोषणा भएको छ भने बाँकी कुनै वडा घोषणाको क्रममा रहेका छन्। वृद्धि अनुगमन गरिएका बालवालिकामा कुपोषण नरहेकोले विवरणले पोषणको अवस्था सन्तोषजनक रहेको देखाउँछ । यस क्षेत्रमा स्वास्थ्य र पोषण सम्बन्धी क्षेत्रमा क्रियाशिल गैससले महत्वपुर्ण सहयोग पुर्‍याउँदै आएको छ। स्वास्थ्य तथा पोषणको क्षेत्रमा जनचेतनामा वृद्धि हुँदै गएको देखिन्छ।

#### *समस्या तथा चूनौती*

रुढीगत सामाजिक मान्यता लगायत पूर्वाधारको कमी, जनशक्तिको कमी र उच्च स्तरीय सेवामा सिमितताका कारण गाउँपालिकामा स्वास्थ क्षेत्रमा विभिन्न खालका समस्या र चुनौति विद्यमान रहेका छन् । स्थानीय स्तरमा चिकित्सक/ विशेषज्ञ सेवाको उपलब्धता नभएका कारण विशिष्ट स्वाथ्य उपचारको लागि तम्घास, पाल्पा, बुटबल, काठमाडौं र भारतको लखनउ जानुपर्ने वाध्यता रहेको छ । स्थानीय स्वास्थ्य संस्थामा रक्त परीक्षण तथा गर्भ परीक्षण लगायत प्रयोगशाला र नियमित परीक्षण सेवा उपलब्ध हुन सकेको छैन । स्वास्थ्य चौकी र गाउँघर क्लिनिकमा आवश्यक कोठा सहितको भवन लगायतका पूर्वाधार तथा समाग्री र वर्थिङ्ग सेन्टरको कमी रहेको छ। विरामीलाई स्वास्थ्य संस्थामा समयमै लैजान अवश्यक संख्यामा एम्वुलेन्सको व्यवस्थापन हुन सकेको छैन । स्वास्थ्यकर्मीको नियमिततामा र औषधीको प्रर्याप्ततामा कमीका कारण उपलब्ध स्वास्थ्य सेवा प्रभावकारी हुन सकेको छैन । दुर्गम क्षेत्रमा अझैपनि घरमा सुत्केरी हुने अभ्यास कायम रहेको छ भने आङ खस्ने र यौन संक्रमण बारे लुकाउने र परिवार नियोजनको साधनको उपयोगमा संकुचित सोच विद्यमान रहेको छ। बालबालिकाको नियमित तौल, अनुगमनमा ध्यान दिने गरिएको देखिदैन। खानपिनमा पौष्टिकताको ख्याल गर्ने आनिबानी र धुम्रपान र मद्यमानको कुलतका कारण स्वास्थ्यमा नकारात्मक प्रभाव परेको देखिन्छ । गाउँपालिकामा स्वास्थ्य विमाको कार्यक्रममा पहुँच अत्यन्त न्युन रहेको छ।

### ४.१.३ खानेपानी तथा सरसफाई

#### *विद्यमान अवस्था, संभावना र अवसर*

यस गाउँपालिकामा खानेपानी र सरसफाईका क्षेत्रमा पछिल्ला वर्षमा उल्लेखनिय सुधार देखिएको छ। हाल ८५ प्रतिशत जनसंख्यामा पाइपबाट वितरित धाराको पानी पहुँच रहेको देखिन्छ। गाउँपालिकामा सबै बासिन्दालाई स्वच्छ खानेपानीको पहुँच वृद्धि गर्न एक घर एक धारा अभियान कार्यान्वयनमा रहेको छ। एक घर एक धारा कार्यक्रम अन्तर्गत हालसम्म ३० प्रतिशत (१,१११) घरमा खानेपानीको उपलब्ध रहेको देखिन्छ । यसका साथै हालसम्म करिब ९३ प्रतिशत घरमा प्यान भएको शौचालय निर्माण भई सकेको देखिन्छ। गाउँपालिका खुला दिशा मुक्त क्षेत्र घोषणा भइ सकेकोले पूर्ण सरसफाइका अभ्यासहरु हुँदै गरेका छन्। पूर्ण सरसफाई अभियान अन्तर्गत धुवाँरहित चुलो निर्माण र उपयोग गर्ने अभ्यास रहेको छ । यस गाउँपालिकामा खानेपानी र सरसफाईको क्षेत्रमा गैरसरकारी क्षेत्रको सहयोग समेत उल्लेखनीय रहेको छ । हाल समुदायमा स्वच्छ खानेपानी र सरसफाइसम्बन्धी चेतनामा क्रमशः वृद्धि हुँदै गएको छ।

### *समस्या तथा चूनौती*

यस गाउँपालिकामा खानेपानी तथा सरसफाईको क्षेत्रमा सुधारका बावजुद स्वच्छ पानीको उपलब्धता र खानेपानी प्रणाली व्यवस्थित हुन सकेको देखिदैन । खुला दिशा मुक्त क्षेत्र घोषणा भएता पनि यसको पूर्ण कार्यान्वयनमा कमी रहेको छ भने सार्वजनिक सौचालयको व्यवस्था नहुँदा पूर्ण सरसफाई कायम राख्न असहज रहेको छ । खानेपानीका लागि पानीको मुहान कमी रहेकोले स्वच्छ खानेपानीमा पहुँच पुर्‍याउन कठिनाई रहेको छ । सञ्चालित खानेपानी आयोजनाको मर्मतसंभार तथा दिगोपनाको कमी रहेका कारण पुनः लगानी गर्नुपर्ने अवस्था रहेको छ । संस्थागत तथा घरपरिवारमा कुहिने र नकुहिने फोहोर वर्गीकरण गरी कुहने फोहोरबाट कम्पोष्ट मल र नकुहिने फोहोरको पुनःप्रयोग तथा विसर्जन गर्न प्रविधि र ल्याण्डफिल साइट व्यवस्था हुन हुन नसक्दा फोहोरमैला व्यवस्थापनको समस्या बढ्दै गएको छ । यसैगरी फोहोर जलाउने जस्ता वातावरणीय दृष्टिकोणले गलत अभ्यास कायम रहेका छन् । खाद्यान्न लगायत बजारका रेडिमेट सरसमानको प्रयोगको बृद्धिसाग प्लास्टिक तथा सिसाजन्य फोहोरमा बृद्धि हुँदै गएको छ । यस प्रकारका प्लाष्टिक तथा सिसाजन्य फोहोर स्वास्थ्य संस्थाबाट बिसर्जन हुने खतराजन्य फोहोर व्यवस्थापन व्यवस्थापन यस क्षेत्रको प्रमुख चूनौतिको रुपमा रहेकोछ ।

## ४.१.४ लैंगिक समानता तथा सामाजिक समावेशिकरण

### *विद्यमान अवस्था, संभावना र अवसर*

लैंगिक समानता तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तिकरण सम्बन्धमा हालका दिनहरुमा संघ, प्रदेश र स्थानीय स्तरमा नीतिगत र कानूनी व्यवस्था, कार्यक्रम र प्रयासहरु संचालन लगायत सकारात्मक वातावरण बन्दै गएको अवस्था देखिन्छ । यस गाउँपालिकामा एकातिर हालका दिनमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र अन्य लक्षित वर्गमा अधिकार बारे उनीहरुमा सचेतनाको वृद्धि हुँदै गएको छ, आर्थिक, सामाजिक र राजनीति अवसर बढोत्तर भएको छ । हाल गाउँपालिकामा महिला तथा बालवालिका शाखा स्थापना भई सशक्तिकरण, संरचना र प्रोत्साहनका कार्यक्रमहरु संचालनमा रहेका छन् ।

लैंगिक समानता र सशक्तिकरण सम्बन्धी सूचकको आधारमा विश्लेषण गर्दा यस गाउँपालिका अन्तर्गत वडा नं. ५ को वस्तुमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र संचालनमा रहेको छ । गाउँपालिकाको विद्यमान समिति, संरचना तथा संयन्त्र मध्ये ४० प्रतिशत संरचना लक्षित वर्ग समावेशी रहेका छन् । बार्षिक रुपमा औषत ८ वटा जती लैंगिक हिंसा र छुवाछुत सम्बन्धी घटना हुने गरेको सरोकारवाला छलफलको निष्कर्ष रहेको छ । गाउँपालिकामा ४ वटा महिला सहकारी, १ वटा किशोरी समूह ५० भन्दा बढी आमा समूहहरु क्रियाशिल रहेका छन् । यसैगरी गाउँपालिकाको पहलमा स्थानीय स्तरमा विकास निर्माण कार्यमा सहयोग र सहजीकरण गर्न, विकास कायको निगरानी गर्न, जनसुमदायक परिचालन गर्न टोलस्तरीय महिला संरक्षण मंच गठन भई क्रिया रहेका छन् । यसैगरी बाल संरक्षण, विकास तथा सहभागिता अभिबृद्धिमा पैरबी गर्न र सो सम्बन्धी कार्यहरु संचालन गर्न गाउँपालिका क्षेत्रमा १५ वटा वालक्बल गठन भई क्रियाशिल रहेका छन् ।

### *समस्या तथा चूनौती*

यस गाउँपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा हालका दिनमा सकारात्मक प्रयास भएता पनि रणनीतिक पहल र अपेक्षाकृत सुधार हुन सकेको देखिदैन । गाउँपालिकामा महिला, बालबालिका र लक्षित वर्गमैत्री पूवार्धार, नीति, नियम र संरचनाको कमी रहेको छ । एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित, जेष्ठ नागरिक तथा महिला प्रतिको सोच र व्यवहार अझपनि सकारात्मक छैनन् । उपरोक्त वर्गमाथि हिंसाजन्य व्यवहार कायमै देखिन्छ । लक्षित वर्गमा अधिकार र कर्तव्यसम्बन्धी सचेतनामा कमी रहेको छ । महिलामा बहुकार्य वोझको अवस्था कायमै रहेको छ । लक्षित वर्ग सशक्तीकरणसम्बन्धी तालिम प्रभावकारी हुन नसक्दा उनीहरुको अवस्थामा आशातित सुधार हुन सकेको छैन । बालश्रम र हिंसा उत्मूलन हुन सकेका छैनन् । लक्षित वर्गमा आत्मविस्वास कमी रहेको छ । सामाजिक सुरक्षा वृत्ती वितरणमा समस्या र गुनासो कायमै रहेको छ । भाषिक समस्याका कारण मगर समुदायमा जानकारी हासिल गर्न कठिनाई रहेको छ ।

## ४.१.५ युवा तथा खेलकुद

### *विद्यमान अवस्था, संभावना र अवसर*

यस गाउँपालिका क्षेत्र भित्र खेलकुद विकासका ६ वटा सार्वजनिक खेलकुद मैदान रहेका छन् । विद्यार्थीलाई खेलकुद र अन्य अतिरिक्त क्रियाकलाप संचालनको लागि कूल ५० विद्यालय मध्ये १७ वटामा खेल मैदान रहेका छन् । युवाको सिर्जनशिलता, उद्यमशिलता र क्षमता अभिबृद्धीका लागि १७ वटा युवा क्लबहरु गाउँपालिकामा क्रियाशिल रहेका छन् र क्लबमा ३४५ जना युवा संगठित रहेका छन् । हालका दिनमा युवामा सरकारी रोजगारीको बढ्दो आकर्षणले युवालाई विकास प्रक्रिया र सृजनशिलतामा महत्वपूर्ण आधार प्रदान गरेको छ। यस गाउँपालिकाबाट ४ जना खेलाडीले जिल्लास्तरमा प्रतिनिधित्व जनाएका छन् भने उद्यम, व्यवसाय र स्वरोजगारीमा ५० जना युवा संलग्न तथा क्रियाशिल रहेका छन् ।

### *समस्या तथा चूनौती*

यस गाउँपालिकामा व्यवसायिक रुपमा खेलकुद प्रशिक्षण, विकास र खेलाडी उत्पादनमा कमी रहेको छ। गाउँपालिका क्षेत्र भित्र प्रर्याप्त संख्यामा खेलमैदान, कुनै कभर्ड हल तथा खेलकुद पूर्वाधार नरहेको, खेल प्रशिक्षक र प्रशिक्षणको व्यवस्था नभएको, खेलाडीको सम्मान गर्ने प्रचलन नभएको र नियमित खेल आयोजना कमी रहेको कारणले खेलकुदको विकास हुन सकेको छैन । वाह्य रोजगारीमा आकर्षण बढी हुनु, स्थानीय रुमि स्वरोजगारका अवसरमा कमी तथा युवा पलायन, युवा वेरोजगारीको यस गाउँपालिकाको प्रमुख चूनौतिको रुपमा रहेका छन् ।

कार्यशालाबाट प्राप्त सामाजिक विकाससँग सम्बन्धित क्षेत्र तथा सो अर्न्तगतका उपक्षेत्रहरुको वस्तुस्थिति विश्लेषण **अनुसूची २** मा प्रस्तुत गरिएको छ ।

## ४.२ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस गाउँपालिकाको शैक्षिक विकास, स्वास्थ्य तथा पोषण, खानेपानी र सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद लगायत स्थानीय तहको सामाजिक क्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएको छ ।

### ४.२.१ लक्ष्य

गाउँपालिकाको सामाजिक विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- *स्वस्थ, सिर्जनशिल, शिक्षित र सीपयुक्त मानव संशाधनको विकास हुने*

### ४.२.२ उद्देश्य

गाउँपालिकाको सामाजिक विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

- विद्यालय शिक्षाको गुणस्तर तथा प्राविधिक एवम् उच्च शिक्षाको पहुँचमा वृद्धी गर्नु
- आधारभूत स्वास्थ्य सेवा तथा पोषणको पहुँच तथा गुणस्तरमा वृद्धि गर्नु
- स्वच्छ खानेपानीको उपलब्धता र स्वस्थ व्यवहारमा अभिवृद्धी गर्नु
- विपन्न तथा जोखिममा रहेको एवं लक्षित वर्गको सक्षमता र संलग्नतामा अभिबृद्धी गर्नु
- युवाको नवप्रवर्तनशिलता, सक्षमता, उद्यमशिलता र सहभागितामा अभिवृद्धि गर्नु

### ४.२.३ रणनीति तथा कार्यनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल देहायअनुसारका रणनीति तथा कार्यनीति अबलम्बन गरी रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ ।

| रणनीति | कार्यनीति |
|---|---|
| **१. शिक्षा तथा मानव संशाधन** | |
| १. गुणस्तरीय, व्यवहारिक तथा जीवनपयोगी शिक्षाको सुनिश्चितता गर्ने | १. विद्यालय शिक्षा सम्बन्धी स्थानीय पाठ्यक्रममा कृषि अभ्यासका लागि नर्सरी, फलफूल, तरकारी खेती र मौरीपालनको व्यवहारिक ज्ञान समावेश गरी पठनपाठ र अभ्यासको व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २. स्थानीय कृषि विकासका लगि माध्यमिक विद्यालयमा कृषि अभ्यास केन्द्र स्थापना गरी वेना उत्पादन, फलफल तथा तरकारी खेती र मौरीपालन सम्बन्धमा व्यवहारिक ज्ञान तथा सीप विकास गरिनेछ ।<br>३. नयाँ शैक्षिकशत्र सुरु हुनु अगाडी विषयगत शिक्षक, समयानुकुल र तहगत तालिम शैक्षिक सत्रको बीचमार पुर्नताजकी तालिम सञ्चालन गरिनेछ ।<br>४. शिक्षण सिकाई तथा हाजिरीमा सूचना तथा संचार प्रविधि प्रयोग गरिनेछ ।<br>५. नियमित रुपमा अतिरिक्त क्रियाकलाप, सेवा आयोग कक्षा संचालन, कृषि उद्यम विकास लगायत रचनात्मक कार्यहरु संचालनको व्यवस्था गरिनेछ ।<br>६. हरेक विद्यालयमा वगैचा स्थापना र विरुवा रोपणको अभ्यास संस्थागत गरिनेछ।<br>७. विद्यालयमा आई पर्ने संभावित संकटसँग तयारी रहन विपद व्यवस्थापन सामाग्री वितरण र तालिम सञ्चालन गरिनेछ ।<br>८. श्रम बजारमा माग अनुसारको विषयवस्तुलाई पाठ्यक्रर्म र पठनपाठनमा समावेश गर्दै लगिनेछ । |
| २. सूचना प्रविधिमा आधारित प्रभावकारी संयन्त्रको स्थापना गरी विद्यालयहरुको अनुगमन र निरिक्षणलाई व्यवस्थित गर्ने | १. प्रविधिमा आधारित शिक्षालाई प्रवर्द्धन गर्न सवै विद्यालयहरुमा सुविधा सम्पन्न ICT ल्याव स्थापना गर्दै लगिने छ ।<br>२. विद्यार्थी संख्याको आधारमा विद्यालयहरुलाई मर्ज गर्ने तथा शिक्षक दरबन्दी निर्धारण र समायोजन र सरुवाको प्रवन्ध गरिने छ ।<br>३. विद्यालय सम्बन्धी तथ्याङ्क र विद्यालय सुधार योजना अध्यावधिक गरिनेछ ।<br>४. विद्यालय र अध्यापन कार्यको सघन रुपमा अनुगमन निरीक्षण शिक्षाको गुणस्तरका सुधारको लागि पृष्ठपोषण र सहजीकरण गरिनेछ ।<br>५. ई-हाजिरी र सिसि क्यामेरा जडान गरी विद्यालयहरुको अनुगमन गर्ने प्रणालीलाई मजबुत बनाईने छ । |
| ३. विद्यालय शिक्षाको सबै तहको शिक्षामा गुणस्तर सुनिश्चितता गर्ने | १. शिक्षण सिकाइमा टेवा पुऱ्याउने डिजिटल पाठ्यसामाग्रीको व्यवस्था मिलाईनेछ ।<br>२. विद्यार्थीको टिकाउदरमा बृद्धि गर्न ३ वर्ष भन्दा माथिका वाल वालिकालागि पनि दिवा खाजा दिने निति अवलम्बन गरिनेछ ।<br>३. प्रत्येक विद्यालयमा स्वास्थ्य सेवा एवं स्वास्थ्य शिक्षाका लागि १ जना नर्सको व्यवस्था गरिनेछ ।<br>४. खेलकुद मैदानको निर्माण तथा व्यवस्थापन गरी विद्यार्थीको सिर्जनशिलता र खेलकुद प्रवर्धनको व्यवस्था गरिनेछ ।<br>५. विद्यालयमा खेलकुदलाई प्रवर्द्धन गर्न पर्याप्त मात्रामा खेलकुदका समाग्री व्यवस्था गरिनुका साथै वालवालिकाहरुको प्रतिभा पहिचान र प्रोत्साहनका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन र पुरस्कारको प्रवन्ध गरिनेछ ।<br>६. अत्याधुनिक पुस्तकालय, बाल उद्यान, फुलवारी, खेलमैदान जस्ता विद्यालयका पूर्वाधारहरुलाई विकास र विस्तार गर्दै लगिने छ ।<br>७. समयसापेक्ष शैक्षिक गुणस्तर कायम गर्न शिक्षकलाई पेशागत दक्षता एवम् क्षमता बृद्धि गर्न तालिम र प्रोत्साहनको व्यवस्था गरिने छ ।<br>८. सामुदायिक शिक्षामा अभिभावको सहभागिता बढाउन अभिभावक शिक्षा संचालन गरिने छ । |
| ४. विद्यालयको संस्थागत सक्षमता वृद्धि गर्ने | १. नतिजामा आधारित बिद्यालय सुधार कार्ययोजना (SIP) निर्माण र कार्यन्वयनलाई निरन्तरता दिइनेछ ।<br>२. विद्यालय भौतिक संरचना तथा पठनपाठनलाई बालमैत्री बनाइनेछ ।<br>३. विद्यालय व्यवस्थापन समितिको गठन, पुनःगठन, सहजीकरण गरी विद्यालयमा शैक्षिक व्यवस्थापनका वातावरण तयार गर्न परिचालन गरिनेछ ।<br>४. उच्च शिक्षाको लागी क्यापसमा प्राविधिक धार थप गर्न र स्नातकोत्तर तह सञ्चालन गर्न प्रदेश तथा संघ सरकारसँग पैरवी गरिनेछ ।<br>५. विद्यालयमा बालक्लब, इकोक्लब र बाल सहभागिता अभिबृद्धिको प्रयासलाई संस्थागत गरिनेछ । |
| **२. स्वास्थ्य तथा पोषण** | |

| रणनीति | कार्यनीति |
|---|---|
| १. आधारभूत स्वास्थ्य सेवालाई सहज र गुणस्तरीय बनाउने | १. प्रत्येक स्वास्थ्य संस्थामा अत्याधुनिक एम्बुलेन्सको व्यवस्था गरी सवै वडामा एम्बुलेन्स सेवाको पहुँच विस्तार गरिनेछ ।<br>२. ५ वर्ष मुनिका सम्पूर्ण बालवालिकाको बृद्धि अनुगमन गरी पोषण स्थितिमा सुधार ल्याउन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ ।<br>३. आमा समुह र महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता बिकास र सुविधामा सुधार गरी सामुदायिक स्वस्थ्यलाई प्रभावकारी बनाईने छ ।<br>४. प्रत्येक विद्यालयमा कम्तिमा १ जना स्वास्थ्यकर्मी सहित आकस्मिक उपचार कक्ष निर्माण गरी सञ्चालन गरिने छ ।<br>५. प्रत्येक विद्यालयमा किशोर किशोरी स्वास्थ्य शिक्षा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने छ ।<br>६. नसर्ने रोग व्यवस्थापनको लागि जनसमुदायमा व्यवहार परिवर्तन बारे सचेतना कार्यक्रम सञ्चलन गरिने छ ।<br>७. गरिवीको रेखामुनी रहेका घरपरिवारको निःशुल्क उपचारको प्रवन्ध मिलाइने छ<br>८. आयुर्वेद सेवा विस्तार गरी स्थानीय जडिवुटि लागि जडिवुटि वृक्षारोपण, जडिबुटी उद्यान कार्यक्रमलाई अघि वढाउने |
| २. स्थानीय स्वास्थ्य संस्थाको सुदृढीकरण तथा सेवाको गुणस्तर अभिबृद्धि गर्ने | १. स्वास्थ्य संस्थाको अनुगमन तथा सुपरिवेक्षण प्रणालीको विकास गरिने छ ।<br>२. सवै स्वास्थ्य संस्थामा बर्थिङ सेन्टरको विस्तार प्रसुती सेवालाई सहज र भरपर्दो बनाइने छ ।<br>३. आयुवेद चिकित्सालय स्थापना गरी गुणस्तरीय सेवामा वृद्धि गरिने छ ।<br>४. विषेषज्ञ सेवा प्रदान गर्न कम्तिमा १५ शैयाको १ वटा अस्पताल निर्माण गरी सञ्चालन गरिने छ ।<br>५. सामुदायिक स्वास्थ्यलाई मजबुत बनाउदै स्वास्थ्य सुविधामा सुधार गरिनेछ ।<br>६. जिवनशैली परिवर्तन तथा योग शिक्षा कार्यक्रम संञ्चालन गरिनेछ । |
| ३. स्वास्थ्य सेवालाई सहज र गुणस्तरीय बनाउन आवश्यक पूर्वाधार निर्माण गर्ने | १. गाउँघर क्लिनिक तथा खोप केन्द्र निर्माणका साथै स्वास्थ्य चौकीमा सभाहल र प्रतिक्षालय निर्माण गरिनेछ ।<br>२. स्वास्थ्य संस्थामा अपुग संरचना निर्माण र उपकरणहरु थप गर्दै लगिनेछ ।<br>३. स्वास्थ्य संस्थामा खानेपानी र शौचालयको उचित व्यवस्थापन गरिनेछ ।<br>४. स्वास्थ्य सम्बन्धी पूर्वाधारको महिला, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिक मैत्री रुपमा निर्माण गरिनेछ । |
| **३. खानेपानी तथा सरसफाई** | |
| १. स्वच्छ खानेपानी आपुर्ती लाई जनस्वास्थ्य र पूर्ण सरसफाई रणनीतिको रुपमा विकास गर्ने | १. जलश्रोत व्यवस्थापन गुरुयोजना तयार गरी खानेपानी, सिंचाई, विद्युत र भू तथा जलाधार संरक्षण समेत जलश्रोत उपयोग रणनीति तयार गरिनेछ ।<br>२. खानेपानी सेवा सुविधालाई जनस्वास्थ्य तथा पूर्ण सरसफाई कार्यक्रमसँग एकीकृत गरी संचालन गरिनेछ ।<br>३. खानेपानीको मुलहरुको पहिचान गरी संरक्षण गरिनेछ ।<br>४. स्वच्छ तथा सुरक्षित खानेपानी उपलब्ध गराउन खानेपानीको गुणस्तर परीक्षण लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।<br>५. विद्यमान खानेपानी आयोजनाको निरन्तरता, संरक्षण र मर्मतसंभारको व्यवस्था गरिनेछ । |
| २. खानेपानी सुविधाबाट बञ्चित सबै घरपरिवारमा खानेपानीको पहुँच सुनिश्चित गर्ने | १. एक घर एक धारा कार्यक्रमका लागि वृहत्तर तथा वैकल्पिक प्रणालीमा आधारित खानेपानी आयोजना संचालन गरी खानेपानी सुविधाको उपलब्धतालाई सहज र प्रभावकारी बनाइने छ ।<br>२. लिफ्ट खानेपानी प्रविधि मार्फत सुख्खा क्षेत्रहरुमा खानेपानीको व्यवस्था गर्ने र लिफ्टिङ खानेपानी योजना संचालन गरीने छ ।<br>३. सानातिना खानेपानी आयोजना संचालन गरी खानेपानी वितरण प्रणालीलाई आधुनिक वितरण प्रणालीमा विस्तार गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४. आकाशे पानी संकलनको लागि घैटो कार्यक्रमलाई निरन्तरता दिई सुख्खा क्षेत्रमा कृत्रिम पोखरी निर्माण गरी खानेपानीको आपूर्तिलाई सहज बनाईनेछ ।<br>५. खानेपानी मूल दर्ता र खानेपानी वितरण सम्बन्धी कानून बनाई खानेपानी वितरण प्रणलीलाई व्यवस्थित गरिने छ ।<br>६. स्थानीय स्तरमा खानेपानी र सरफाई सम्बन्धी प्राविधिक जनशक्ति उत्पादन र परिचालन गरिनेछ । |
| ३. फोहोरमैला व्यवस्थापनको आधार तयार गर्ने | १. टोल विकास संस्था तथा टोलस्तरीय महिला संरक्षण परिचालन गरी प्रतिस्पर्धात्मक र नियमित अभियानको रुपमा घर गाउँ सरसफाई र फोहोर व्यवस्थापन गरिनेछ।<br>२. घर तथा संस्थागत तबर निस्कने फोहोरलाई संकलन र विसर्जन गर्न संस्थागत व्यवस्था, साधन श्रोत र स्थानमा व्यवस्था गरिनेछ ।<br>३. फोहोरमैला व्यवस्थापनको रणनीति सहित ल्याण्डफिल साइटको संभाव्यता अध्ययन, पूर्वाधार निर्माण र फोहोर संकलन र विसर्जनको व्यवस्था गरिनेछ ।<br>४. स्वच्छ तथा सरसफाइ सम्बन्धी सचेतनामूलक सामाग्रीको नियमित प्रकाशन र प्रसारणको व्यवस्था गरिनेछ । |
| ४. वातावरणीय स्वच्छता र सरसफाई प्रभावकारी बनाउने | १. पुर्ण सरसफाईयुक्त क्षेत्र घोषणालाई पूर्णपालना गरिनेछ ।<br>२. व्यक्तिगत, घरपरिवार र टोल सरसफाईलाई स्वास्थ्य, शिक्षा तथा सूचना प्रक्रिया नियमित अभ्यासको रुपमा संचालन गरिनेछ ।<br>३. स्वास्थ्य आहारविहार र पूर्ण सरसफाईका लागि व्यक्तिगत बानी र व्यवहारमा परिवर्तन सम्बन्धी सचेतना प्रदान गरिनेछ ।<br>४. घर र संस्थागत तबरबाट निस्कने फोहोरको श्रोतमा नै वर्गीकरण गर्ने र व्यवस्थपन गर्ने प्रणलीको बिकास गरिनेछ ।<br>५. कपडा, जुटका झोला प्रवर्धन गरी प्लाष्टिकजन्य पदार्थ प्रयोगलाई विस्थापन गर्दै लगिनेछ । |
| **ससक्तिकरण र समावेशीकरण** | |
| १. लक्षित वर्गको सक्षमता र आत्मविश्वास एवम् आत्मनिर्भरता अभिबृद्धि गर्ने | १. महिला, अपाङ्गता भएका, दलित, आदिवासी जनजातिका लागि आयआर्जनका अवसर वृद्धि गर्न उद्यमशिलता तथा सीप विकास सम्बन्धी तालिम संचालन, प्रविधि हस्तान्तरण र टेवा कार्यक्रम संचालन गरिनेछ ।<br>२. स्थानीय कच्चा पदार्थ र सीपमा आधारित उच्च मूल्यका वस्तु तथा सेवा उत्पादनमुखी व्यवसाय संचालन गर्न लक्षित वर्गलाई बीउ पुँजि मार्फत प्रोत्साहन गरिनेछ ।<br>३. लक्षित वर्गको सामाजिक तथा आर्थिक अवस्थामा सुधार नागरिक समाजसँग समन्वय र सहकार्य गरी सामाजिक परिचालन र सशक्तिकरणका कार्यक्रम संचालन गरिनेछ ।<br>४. लक्षित वर्गका विद्यार्थीलाई केन्द्रित गरी सेवा आयोगको कक्षा सञ्चालन गरिनेछ<br>५. टोल संरक्षण महिला मञ्चलाई स्थानीय कानून बमोजिम दर्ता गराई अझ क्रियाशिल बनाइने छ ।<br>६. महिला सहकारीहरुको नेतृत्व क्षमता विकास गर्ने कार्यक्रम सञ्चालन गरी महिला आर्थिक शसक्तिकरणमा योगदान पुऱ्याइनेछ । |
| २. लक्षित वर्गको स्थानीय संरचना, नीति तथा निर्णय प्रक्रियामा संलग्नता सुनिश्चित गर्ने । | १. समावेशी नीतिलाई योजना तर्जुमा, निर्णय प्रक्रिया र स्थानीय संरचनामा यथोचित सम्बोधन गरी कार्यान्वयन गरिनेछ ।<br>२. एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अति विपन्न तथा जोखिम रहेका वर्गको गाउँपालिका स्तरीय संजाल/समिति गठन गरी क्रियाशिल बनाइने छ ।<br>३. लक्षित वर्गका अगुवा तथा संजालका पदाधीकारीलाई कानुनी तथा नीतिगत व्यवस्था र अधिकारका सम्बन्धमा तालिम संचालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४. विद्यालयहरुमा बालक्लव र गापास्तरीय बाल सञ्जाल गठन गरी क्रियाशिल बनाईने छ । |
| ३. समावेशी स्थानीय निति, कानुन तथा कार्यक्रम तर्जुमा गरी लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्ने | १. बालविवाह, वोक्सी तथा दाइजो प्रथा जस्ता हानिकारक अभ्यासलाई निरुत्साहित गर्न नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ । <br> २. महिला, अपाङ्गता भएका व्यक्ति, दलित, जेष्ठ नागरिक प्रति हुने दुर्व्यवार र हिंसालाई सचेतना तथा न्यायिक उपचारको माध्यमबाट न्यूनीकरण गर्दै लगिनेछ। <br> ३. लैगिक हिंसा अन्त्यका लागि टोलस्तरीय महिला संरक्षण मंच र निगरानी समूहको क्षमता अभिबृद्धि गरिनेछ । <br> ४. यौनजन्य अपराधहरु रोक्न र किशोरी स्वास्थ्य प्रवर्द्धन गर्न किशोरी केन्द्रित कार्यक्रमहरु सञ्चालन गरिने छ । <br> ५. सामाजिक विसंगति र बिकृति कम गर्न समूहहरु मार्फत सचेतना अभियान सञ्चालन गरिने छ । <br> ६. गाउँपालिकालाई जातीय भेदभावमुक्त क्षत्रे बनाउन जागरण अभियान सञ्चालन गरिने छ । <br> ७. लैगिक उत्तरदायी बजेट बिनियोजन पद्दतिलाई संस्थागत गरिनेछ । <br> ८. विद्यालय जान नसकेका र विचमा पढाई छोडेका बालवालिकालाई विद्यालय सम्म ल्याउने, टिकाउने र सिकाउने वातावरण मिलाईने छ । <br> ९. बालप्रतिभा प्रस्फुटन गराउने खाल्का कार्यक्रमहरु विद्यालय भित्र र बाहिर सञ्चालन गर्ने वातावारण मिलाईने छ । <br> १०. अपाङ्गता भएकाहरुको लागि सिप, सहायक सामग्री वितरण गरी व्यवसायी बनाउदै समाजमा सम्मानजनक वातावरण तयार गरिने छ । |
| ४. अपांगमैत्री, बालमैत्री र महिला मैत्री नीति तथा पूर्वाधार निर्माणमा जोड दिने | १. गाउँपालिका र स्थानीय संचित कोष बजेट विनियोजन भई निर्माण हुने भौतिक पूवार्धार संरचना लक्षित वर्ग मैत्री रुपमा निर्माण गरिनेछ । <br> २. लक्षित वर्गमैत्री नीति, मापदण्ड र योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ । <br> ३. आर्थिक समावेशीकरणको अवधारणा बमोजिम विशेष अवस्थामा रहेका लक्षित वर्गको जीविकोपार्जन र आथिर्क अवसर सिर्जना गर्ने नीति, कार्यक्रम तथा वस्तुगत टेवा प्रदान गरिनेछ । |
| ५. ज्येष्ठ नागरिकको सम्मान, सुरक्षा र सेवालाई सुनिश्चित गर्ने | ४. अन्तरपुस्ता सीप तथा अनुभव हस्तान्तरण, ज्येष्ठ नागरिक सम्मान कार्यक्रम निरन्तरता दिईने छ । <br> ५. ज्येष्ठ नागरिकका लागि दिवा सेवा कार्यक्रम संचालन र विस्तार गरिनेछ । <br> ६. ज्येष्ठ नागरिक स्वास्थ्य उपचार सहयोग, खानपिन र मनोरञ्नात्मक कार्यक्रम संचालन गरी नागरिकको संलग्नता अभिबृद्धि गरिनेछ । |
| **युवा तथा खेलकुद** | |
| १. युवापिढीमा स्वरोजगार र आत्मविश्वासको अभिवृद्धि गर्ने | १. सूचीकृत भएका वेरोजगार युवालाई उनीहरुको चाहाना, क्षमता र योग्यता तथा बजारको माग अनुसार उद्यमशिलता विकास तथा रोजगारमूलक कार्यक्रम संचालन गरिनेछ । <br> २. विकास कार्य संचालन, रेखदेख र सहजीकरणका लागि गठन गरिने टोल सुधार समितिमा युवालाई प्रमुख भूमिका प्रदान गर्न सहजिकरण गरिनेछ । <br> १. युवा लक्षित संघीय तथा प्रादेशिक कार्यक्रम एवं संघ/संस्थाका कार्यक्रमसँग एकीकृत गरी स्थानीय युवा सम्बन्धी कार्यक्रम संचालन गरिनेछ । <br> २. युवा उद्यमीलाई सहज कर्जा र सीप हासिल गर्न आवस्यक पहल गरिने छ । |
| २. खेलकुदको पूर्वाधार, खेलकुद प्रक्षिक्षण र खेलाडिको क्षमता बिकास र प्रोत्साहनको व्यबस्था गर्ने | १. खेलकुद प्रतियोगिताहरु आयोजना गरी खेलकुदलाई नियमित र व्यावसायमूलक बनाइनेछ । <br> २. गाउँपालिमा खेलकुद मैदान स्तरोन्नति र सहायक पूर्वाधारको विस्तार र खेलकुद प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ । <br> ३. स्थानीय युवालाई खेलकुद प्रतियोगिमा सहभागि हुन प्रोत्साहन तथा प्रशिक्षण कार्यक्रमको व्यवस्था मिलाइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. युवा वर्गमा उद्यमशिल सँस्कृतिको बिकास गर्ने | १. राष्ट्रियस्तरका सफल युवा उद्यमीहरुका अनुभव स्थानीय युवाहरुमाभ्ह प्रदान गरी उद्यमतर्फ अभिप्रेरित गरिनेछ ।<br>२. स्थानीय युवा क्लब, समूह र संघ/संस्था मार्फत क्षमता अभिबृद्धीका कार्यक्रम संचालन गरिनेछ ।<br>३. युवा उद्यमशिलता अभिवृद्धि गर्न संघीय र प्रादेशिक कार्यक्रमसँग तादम्यता मिलाई स्थानीय स्तरमा युवा उद्यमी र उद्यमशिलता बिकास गरिने छ ।<br>४. लागुपदार्थ दुर्व्यसन विरुद्ध सचेता बढाउने तथा संभावित ठाउँहरुमा निगरानी समूह गठन गरी परिचालन गरिने छ । |

## ४.२.४ कार्यक्रम तथा योजना (कार्यान्वयन योजना)

आवधिक योजनाको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, नीजि क्षेत्र, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता प्रस्तुत रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ । सामाजिक क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना, भौतिक लक्ष्य, कार्यक्रम गर्ने स्थान, अनुमानित लागत तथा जिम्मेवारी सहितको कार्यविभाजन देहायबमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

***तालिका ४: आवधिक योजनाको नतिजा प्राप्तिको लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजना***

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (०८१/८२) | | |
| **प्रतिफल २.१: विद्यालय शिक्षाको गुणस्तर तथा प्राविधिक एवम् उच्च शिक्षाको पहुँचमा वृद्धी भएको हुनेछ (शैक्षिक विकास)** | | | | | |
| २.१.१विद्यार्थी कृषि अभ्यास कार्यक्रम (नर्सरी, उत्पादन, तरकारी, फलफुल र मौरीपालन) | विद्यालय | ० | ११ | ५५०० | सबै माध्यमिक विद्यालय (नर्सरी, तरकारी, मौरीपालन) |
| २.१.२ विद्यालय पूर्वाधार विकास कार्यक्रम | विद्यालय | २५ | ४८ | ६०००० | - घेराबार: ४८ विद्यालय<br>- आधुनिक शौचालय: सबै<br>- भवन निर्माण र मर्मत: २५<br>- खेलमैदान र सामाग्री: सबै |
| २.१.३ प्राविधिक (कृषि, IT) विद्यालय स्थापना | विद्यालय | १ | २ | २०००० | मा.वि.मध्ये संभाव्य कुनैमा |
| २.१.४ शैक्षिक गुणस्तर अभिबृद्धि कार्यक्रम | विद्यालय | २ | ११ | २५००० | - एक वडा एक नमुना विद्यालय<br>- तहगत तथा विषयगत शिक्षक तालिमको व्यवस्था<br>- थप ९ मा.वि.मा ICT ल्याव स्थापना र संचालन<br>- ११ वटै मा.वि.मा विद्युतीय पुस्तकालय स्थापना<br>- ११ वटै मा.वि.मा सेवा आयोग कक्षा संचालन<br>- ११ वटै मा.वि.मा अडियो भिडियोमा आधारित कक्षा संचालन र पठनपाठन<br>- ११ मा.वि.मा विद्युतीय हाजिरी तथा सिसि क्यामेरा जडान |
| २.१.५ कक्षा १ व्यवस्थापन कार्यक्रम (बाल कक्ष व्यवस्थापन समेत) | विद्यालय | ० | ४८ | ४८०० | ईसिडि कक्षा सञ्चालित ४८ वटै विद्यालयमा |
| २.१.६ अभिभावक शिक्षा र सचेतना कार्यक्रम | विद्यालय | ० | ४८ | ४८०० | सबै टोलहरुमा |
| २.१.७ शिक्षकको पेशागत सीप र दक्षता अभिबृद्धि कार्यक्रम | जना | १०० | ३०० | ६००० | आधारभूत र मा.वि. विद्यालयमा सबै शिक्षक |
| २.१.८ क्याम्पसको स्तरोन्नति कार्यक्रम | संख्या | १ | १ | १००००० | वडा नं. ४ जैसीथोक |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (०८१/८२) | | |
| २.१.९ छात्रावृति कोष स्थापना | जना | २००० | ८००० | ३०००० | लक्षित छात्रछात्रा |
| २.१.१० विद्यालयको श्रेणी मापन | वि.स | ४८ | ४८ | १००० | ४८ विद्यालय |
| २.१.११ योजना निर्माण र नियमित कार्यक्रम | संख्या | ० | १०० | २०००० | ४८ विद्यालय |
| **शैक्षिक तथा मानव संशाधन विकास जम्मा** | | | | **२७७१००** | |
| **प्रतिफल २.२: आधारभूत स्वास्थ्य सेवा तथा पोषणको पहुँच तथा गुणस्तरमा वृद्धि भएको हुनेछ (स्वास्थ्य तथा पोषण)।** | | | | | |
| २.२.१ अस्पताल स्थापना र भवन निर्माण | स्वास्थ्य संस्था | ० | १ | २००००० | वडा ६ मा १५ शैयाको अस्पताल स्थापना गर्ने |
| २.२.२ स्वास्थ्य संस्था पूर्वाधार विकास कार्यक्रम | स्वास्थ्य संस्था | ९ | ९ | १८००० | - ४ वटा स्वाथ्य चौकीमा वर्थिङ्ग सेन्टर स्थापना<br>- ९ वटै स्वास्थ्य संस्थामा वैठक र तालिम कक्ष निर्माण<br>- सबै स्वास्थ्य संस्थामा करेशाबारी र वगैचा निर्माण |
| २.२.३ स्वास्थ्य सेवा विस्तार र सुदृढीकरण कार्यक्रम | स्वास्थ्य संस्था | ८ | ९ | १५००० | - सबै स्वास्थ्य संस्थामा प्रयोगशाला स्थापना<br>- सबै स्वास्थ्य संस्थामा कम्प्युटर र इन्टरनेट सुविधा जडान<br>- थप स्वास्थ्य संस्थामा एमबुलेन्सको व्यवस्था गर्ने<br>- विद्यालयमा उपचार कक्ष सञ्चालन र नियमित चेकजाँचको व्यवस्था गर्ने |
| २.२.४ सुरक्षित मातृत्व र पोषण कार्यक्रम | वडा | १ | ७ | १०००० | गर्भवती र सुत्केरी आमा तथा बच्चालाई लक्षित गर्ने |
| २.२.५ औषधी व्यवस्थापन कार्यक्रम | स्वास्थ्य संस्था | ७ | ७ | १०००० | नेपाल सरकारले तोकेको निशुल्क औषधी बषैभरी पुग्ने गरी वितरण व्यवस्था मिलाउने |
| २.२.६ स्वास्थ्यकमी पेशागत तालिम तथा महिला स्वास्थ्य स्वयमसेविका तालिम | जना | ७८ | १२० | २५०० | |
| २.२.७ स्वास्थ्य उपचार सहयोग कार्यक्रम (विपन्न र विशेष अवस्था परिवारका सदस्य) | जना | २० | २०० | १६०० | स्थानीय स्वास्थ्य संस्थामा निशुल्क उपचार र वाह्य उपचारमा आर्थिक सहयोग गर्ने |
| २.२.८ स्वास्थ्य शिक्षा, सूचना र संचार कार्यम | वटा | ० | ९ | ९०० | - ११ वटै मा.वि.मा किशोर किशोरी स्वास्थ्य शिक्षा कार्यक्रम<br>- ७२ वटै प्रमुख टोलमा सर्ने र नसर्ने रोग, स्वच्छता र सरसफाई सम्बन्धी सचेतना कार्यक्रम |
| २.२.९ सामुदायीक स्वास्थ्य इकाई स्थापना | | ० | १ | १२०० | गाउँपालिकाको केन्द्र वडा नं. ४ बरबोटमा |
| २.२.१० प्रजनन स्वास्थ्य सचेतना कार्यक्रम | संख्या | ५०० | २५०० | २५०० | गापा भरी |
| २.२.११ मनोसामाजिक सहजकर्ता तालिम | वटा | ० | ७ | १४०० | गापा भरी |
| २.२.१२ आयुर्वेद चिकित्सालय स्थापना तथा आयुर्वेद स्वास्थ्य क्लिनिक संचालन | | | | ३५००० | आयुर्वेद औषधालयलाई स्तरोन्नति गरी चिकित्सालय बनाउने |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (०८१/८२) | | |
| २.२.१३ स्थानीय जडिबुटीबारे अध्ययन तथा पहिचान, संकलन तथा प्रशोधन | | | | ६००० | संभाज्य जडिबुटी सम्बन्धी अध्ययन, पहिचान, खेती र संकलन र प्रशोधन केन्द्र स्थापना |
| २.२.१४ जडिवुटी खेती तथा उद्यान निर्माण | वटा | ० | १ | १५०० | संभाव्य र उपयुक्त स्थानमा |
| २.२.१५ योग केन्द्र स्थापना र कक्षा संचालन | वटा | ० | ७ | ७०० | गाउँपालिका केन्द्रमा |
| २.२.१६ स्वास्थ्य सेवा घरदेलो र सालबसाली कार्यक्रम | पटक | ० | ५ | २५०० | घुम्ती शिविर संचालन र सशर्त अनुदानका कार्यक्रम |
| **स्वास्थ्य तथा पोषण जम्मा** | | | | ३०८८०० | |
| **प्रतिफल २.३: स्वच्छ खानेपानीको उपलब्धता र स्वस्थ व्यवहारमा अभिवृद्धी भएको हुनेछ (खानेपानी तथा सरसफाई)** | | | | | |
| २.३.१ खानेपानी मुल पहिचान तथा संरक्षण | संख्या | ३० | १५० | ६००० | प्रत्येक वडामा ७ वटा |
| २.३.२ एक घर एक धारा कार्यक्रम | संख्या | ११११ | ३००० | ३००००० | वृहत खानेपानी (लिफ्टिङ) आयोजना निर्माण गर्ने |
| २.३.३ मौजुदा र साना खानेपानी आयोजना मर्मत सुधार व्यवस्थापन कार्यक्रम | संख्या | ० | १० | २०००० | प्रत्येक वडामा ७ वटा आयोजना र वितरण प्रणाली तयार गर्ने |
| २.३.४ आकाशे पानी संकलन र व्यवस्थापन कार्यक्रम | वडा | ० | ७ | १०००० | ७ वटै वडाको सुख्खाग्रस्त क्षेत्रमा |
| २.३.५ पानीको गुणस्तर मापन | स्थान | २ | ७ | १४०० | सवै आयोजनामा |
| २.३.६ आयोजना निर्माण र मर्मत संभार प्राविधिक उत्पादन र परिचालन | जना | ० | ४० | २५०० | VMW पम्प अपरेटर तालिम प्लम्बिङ्ग र निर्माण र मर्मत संभार तालिम |
| २.३.७ पूर्ण सरसफाई तथा स्वच्छ घरगाउँ कार्यक्रम | पटक | ४ | ७१ | ३५०० | खुल्ला दिसामुक्त क्षेत्र घोषणा, सरसफाई आईसी सामग्री व्यवस्थापन |
| **खानेपानी तथा सरसफाई जम्मा** | | | | ३४३४०० | |
| **प्रतिफल २.४: विपन्न, जोखिममा रहेको तथा लक्षित वर्गको सक्षमता र संलग्नतामा अभिबृद्धी भएको हुन्छ (लक्षित वर्ग तथा सामाजिक समावेशीकरण)।** | | | | | |
| २.४.१ लक्षित वर्ग संस्थागत विकास कार्यक्रम (नेतृत्व विकास, कार्यालय व्यवस्थापन, कोष तथा लेखा व्यवस्थापन, अभिलेख व्यवस्थापन आदी) | संस्था/ समिति | ० | १०० | ५००० | - महिला समूह, संजाल तथा सहकारी,<br>- टोल संरक्षण महिला मंच<br>- बालक्लब तथा संजाल<br>- अपाङ्गता भएका व्यक्ति संरक्षण समिति<br>- ज्येष्ठ नागरिक अधिकार संरक्षण समिति<br>- दलित उत्थान समिति आदी |
| २.४.२ लक्षित वर्ग स्वरोजगार र आयमूलक कार्यक्रम (अचार, मुडा तथा फर्निचर, निर्माण, मोवाइल, मेकानिक्स, विद्युत, ड्राइभिङ्ग, अगरवत्ती, साबुन, ढाँका बुनाइ, सिलाई कटाई, हस्तकला, बुटिक आदी) | जना | २०० | २००० | ६००० | - उद्यमशिलता र सीप विकास तालिम<br>- वस्तुगत सहयोग<br>- विउँ पुजि सहयोग<br>- प्रविधि हस्तान्तरण<br>- बजारीकरण र नेटवर्किङ्ग |
| २.४.३ लक्षित वर्ग सशक्तिकरण र सचेतना कार्यक्रम (समूह तथा संजाल गठन, सचेतना कक्षा, तालिम अभिमुखीकरण) | पटक | ० | ५ | २००० | - व्यक्तिगत र संस्थागत रुपमा सम्बोधन गर्ने |
| २.४.४ लक्षित वर्ग पूर्वाधार विकास कार्यक्रम | पटक | ० | ५ | ३०००० | - सबै विद्यालयमा वाल उद्यान निर्माण |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (०८१/८२) | | |
| | | | | | - ७ वटा सामुदायिक भवन निर्माण<br>- ७ वटा महिला समूह तथा सहकारी भवन<br>- सामुदायिक अध्ययन केन्द<br>- ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र भवन<br>- अपाङ्गता भएका व्यक्तिका लागि सहयोगी सामाग्री |
| २.४.५ टोल संरक्षण महिला मञ्च सहयोग कार्यक्रम | वटा | ७० | ७० | ७००० | - संस्थागत क्षमता विकास,<br>- कार्यालय व्यवस्थापन |
| २.४.६ बाल विकास कार्यक्रम | जना | २५ | ३० | ७०० | - सबै विद्यालयमा बाल क्लव, बाल सञ्जाल, अतिरिक्त क्रियाकलाप, बाल अधिकार संरक्षण आदी |
| २.४.७ जातिय विभेद मुक्त घोषणा कार्यक्रम | | ० | ७ | ३५०० | ७ वटै वडा |
| २.४.८ हिंसा पिडित महिला पुनर्स्थापना केन्द्र | संख्या | ० | १ | १०००० | गाउँपालिका केन्द्रमा |
| २.४.९ अन्तरपुस्ता अनुभव हस्तान्तरण तथा सम्मान कार्यक्रम | पटक | १ | ५ | ५०० | सवै वडाका बृद्धबृद्धा |
| २.४.१० ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र | संख्या | १ | ७ | ५००० | सबै वडामा |
| **सशक्तिकरण तथा समावेशीकरण जम्मा** | | | | ६९७०० | |
| **प्रतिफल २.५: युवाको नवप्रवर्तनशिलता, सक्षमता, उद्यमशिलता र सहभागितामा अभिबृद्धि भएको हुनेछ (युवा तथा खेलकुद)** | | | | | |
| २.५.१ युवा उद्यमशिलता तथा स्वरोजगार कार्यक्रम | वटा | ० | १००० | ५००० | - ३०० जनालाई फलफुल र व्यवसायिक तरकारी खेती<br>- २०० जनालाई पशुपन्छि पालन<br>- ५० जनालाई माछा तथा मौरीपालन<br>- २०० युवालाई ड्राइभिङ्ग प्लम्बिङ्ग, विद्युत र मेकानिक्स<br>- १०० युवालाई मोवाइल कम्प्युटर निर्माण<br>- १५० जनालाई अन्य |
| २.५.२ युवा नेतृत्व विकास तथा सामाजिक उद्यमशिलता विकास कार्यक्रम | जना | ० | २०० | २५०० | - युवाक्लब र संजाल निर्माण<br>- नेतृत्व विकास तालिम<br>- अभियान संचालन |
| २.५.३ खेलकुद पूर्वाधार निर्माण र स्तरोन्नति | | ६ | १७ | ६८००० | - एक वडा एक खेलमैदान<br>- १ वटा कभर्ड हल<br>- खेलकुद सामाग्री |
| २.५.४ खेलकुद विकास र प्रवर्धन कार्यक्रम | पटक | ० | २० | १००० | - खेलकुद प्रतियोगिता<br>- खेलकुद प्रशिक्षण<br>- प्रोत्साहन तथा पुरस्कार |
| २.५.५ लागुपदार्थ दुर्व्यसन विरुद्ध सचेतना तथा निगरानी कार्यक्रम | पटक | ० | १४ | १४०० | ७२ वटा टोलहरुमा केन्द्रित गर्ने |
| २.५.६ सेवा आयोग कक्षा संचालन | जना | ० | ५०० | २००० | गाउँपालिकाको केन्द्र स्थान |
| **युवा तथा खेलकुद जम्मा** | | | | ७९९०० | |
| **सामाजिक विकास कूल जम्मा** | | | | १०७८९०० | |

# परिच्छेद ५
# पूर्वाधार विकास योजना

## ५.१ वस्तुस्थिति विश्लेषण

### *पृष्ठभूमि*

गाउँपालिकाको समष्टिगत आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाह गर्न भौतिक पूर्वाधार विकास क्षेत्रको भूमिका प्राथमिक तथा महत्वपूर्ण हुन्छ । भौतिक पूर्वाधारको विकासले अन्तरआवद्धता र अन्तरसम्बन्ध विकासद्वारा, बजार सूचना, सेवा सुविधाको स्तर, पहुँच र उपयोग जस्ता विकासको नतिजा हासिल प्रत्यक्ष योगदान गर्दछ । तर पूर्वाधार विकास र विस्तारबाट दीगो लाभ लिन पूर्वाधारको दिगो संचालनका साथसाथै वातावरणमा पर्ने नकारात्मक असरलाई न्यूनीकरण गर्न संरक्षणका उपायहरु अवलम्बन जरुरत पर्दछ । विकास प्रतिफललाई सकारात्मक दिशातर्फ उन्मुख गराउन तथा अपेक्षित नजिता हासिल गर्न पूर्वाधार विकास क्षेत्रमा मूलतः सडक, पुल तथा यातायात, आवास, वस्ती विकास, भवन र शहरी विकास, विद्युत तथा वैकल्पिक उर्जा र सूचना, संचार र प्रविधि जस्ता विषय क्षेत्रको विकास, विस्तार र दीगो संचालन सम्बन्धी विश्लेषण र विकासको मार्गचित्र यस योजनामा समावेश गरिएको छ। गाउँपालिकाको पूर्वाधार विकास क्षेत्रको विद्यमान अवस्था, संभावना र अवसर, समस्या तथा चूनौति र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ ।

### ५.१.१ सडक, पुल तथा यातायात

#### *विद्यमान अवस्था, संभावना तथा अवसर*

यस गाउँपालिका क्षेत्र भित्र धुले सडक समेत १५० कि.मि. सडक रहेको छ। गाउँपालिकाको ७ वटै वडाका वडा केन्द्रहरु कच्ची सडकको संजालमा जोडिएको छ । सडक यातायातसमेत व्यवस्थित रुपले पूर्वाधार विकास गर्न गाउँपालिकाले सडकको नामाकरण र मापदण्ड तयारी कार्य अघि बढाएको छ । गाउँपालिका क्षेत्रका मैदान, पिपलधारा, निङनुखर्क, बरबोट, कालिकास्थान (वस्तु), काफलपानी, द्वानेटा जस्ता ९ बजार केन्द्रहरु सडक संजालमा जोडिएका छन् । हाल गाउँपालिका क्षेत्र भित्रका ७ वटा सडकहरुको कूल ६१ कि.मि. सडकमा यातायात सुचारु भईरहेको छ। जहाँ दैनिक रुपमा ६० वटा सार्वजनिक यातायातका सवारी साधन संचालनमा भैरहेका छन् ।

#### *समस्या र चूनौति*

प्रदेश ५ को अस्थायी केन्द्रबाट करिब १२० कि.मि. र जिल्ला सदरमुकामवाट करिब १८ कि.मि दुरीमा गाउँपालिका केन्द्र रहेता पनि गाउँपालिकाको अधिकांश क्षेत्र यायातात तथा पूर्वाधार विकासका दृष्टिकोणले पछाडि परेको अवस्था छ । परिणामस्वरुप आर्थिक सामाजिक सेवा तथा सुविधाको उपलब्धता, गुणस्तर र उपयोगको अवस्था कमजोर रहेको छ । यस गाउँपालिकामा राष्ट्रिय सडक नभएको तथा धेरैजसो सडकहरु कच्ची (धुले) रहेको र उक्त सडकहामा मौसमी रुपमा मात्र यातायात संचालन हुने गरेको छ। सडक निर्माण तथा यातायात संचालनमा वातावरणीय पक्ष, गुणस्तर र मापदण्डको पालना हुन सकेको छैन । वातावरणीय संरक्षणको उपाय अवलम्बन नगरी र आर्थिक तथा सामाजिक विश्लेषण विना सडक निर्माण गर्ने क्रम बढ्दै गईरहेको छ। सडक निर्माणसँग आर्थिक, सामाजिक विकास तथा अन्य विकासका कार्यहरु प्राथमिकता साथ संचालन गर्न सकिएको छैन ।

### ५.१.२ आवास, भवन, वस्ती तथा शहरी विकास

#### *विद्यमान अवस्था, संभावना तथा अवसर*

व्यवस्थित रुपमा पूर्वाधार विकास लगायत आर्थिक, सामाजिक तथा वातावरण व्यवस्थापनलाई सम्बोधन गर्नका खातिर राष्ट्रिय भूउपयोग नीति अनुरुप भूउपयोग क्षेत्र निर्धारण सहित गाउँपालिकाको भू-उपयोग योजना तर्जुमा गरी सो अनुसार, वस्ती विकास, भौतिक विकास र विषयगत गुरुयोजना तर्जुमा गर्न सकिएको छैन । यससँग सम्बन्धित संघीय/राष्ट्रिय नीति, कानून तथा नियम उपलब्ध रहेको तर स्थानीय नियमावली तथा कार्यविधि तर्जुमाको आवश्यकता रहेको छ। यस गाउँपालिकामा २५ वटा स्थानीय सरकारी भवन भवन रहेका छन्। गाउँपालिका ३ वटा वस्ति जोखिमपूर्ण अवस्थित रहेको

हुँदा ७ वटा स्थानहरुमा एकीकृत वस्तीमा स्थानान्तरण गर्नु पर्ने रहेको छ। यस गाउँपालिकामा केही वस्तीहरुमा एकीकृत सेवा तथा बजारका आधारभूत पूर्वाधार उपलब्ध रहेको छ। महाभूकम्प २०७२ पश्चात् पुननिर्माण प्रक्रियामा हालसम्म १९ प्रतिशत निजी आवास भवन भूकम्प प्रतिरोधी रुपमा निर्माण भएका छन् भने ३ प्रतिशत आवास घरमा चट्याङ्ग रहित प्रविधि जडान गरिएका छन्।

### *समस्या र चूनौति*

निर्धारित भूउपयोग क्षेत्रअनुसार आर्थिक, सामाजिक विकास लगायत भौतिक विकासलाई डोऱ्याउन कानूनी, प्राविधिक र कार्यान्वयन संयन्त्रमा ध्यान दिन र सो बारेमा व्यापक छलफल र अभ्यासमा कमी रहको देखिन्छ। भूउपयोग क्षेत्र र योजनाको आधारमा एकीकृत र व्यवस्थित वस्ती विकास तथा भौतिक विकास योजना तर्जुमा र सो को आधारमा बजारको पूर्वाधार र सुविधा सहित व्यवस्थित भौतिक विकास, गुणस्तरीय पूर्वाधार र बजारको विकास गर्न सकिएको छैन। यससँग सम्बन्धी नीति, कानून र कार्यविधि तर्जुमा र अभ्यासको कमी रहेको छ। वस्ती तथा बसोबासलाई एकीकृत गरी विकासको पूवार्धारसहितको एकीकृत सेवा तथा सुविधा उपलब्ध गराउने तर्फ ध्यान पुग्न सकेको छैन। कुहिने र नकुहिने फोहोर छुट्याउने र स्रोतमै फोहोर व्यवस्थापन गर्ने जस्ता रचनात्मक परम्परागत प्रयासहरुलाई बढावा दिई फोहोरमैला व्यवस्थापन तर्फ ध्यान दिन नसक्दा जनघनत्व बढी भएका क्षेत्रमा प्लाष्टिक जन्य र अन्य हानिकारक फोहोरमैला व्यवस्थापनको समस्या बढ्दै गइरहेको छ। भूकम्प पछिको भौगोलिक अवस्थाको अध्ययनले ७ वटा वस्ती पहिरो तथा जोखिम स्थानमा बसोबास गरेको देखिएको छ। यस गाउँपालिकामा चट्याङ्गबाट प्रकोप समेत उल्लेखनिय रहेको छ। सडकको स्तरोन्नति र सुरक्षामा विशेष ध्यान दिई सडक दुर्घटनाको समस्या हल गर्ने तर्फ विशेष पहलको आवश्यक देखिन्छ।

विकास कार्यको सम्पादन र सेवा प्रवाहलाई उपलब्धीमूलक र प्रभावकारी बनाउन गाउँ कार्यपालिकाको एकीकृत भवन, वडा भवन, सभा हल, पार्क तथा क्रिडास्थल लगायतका भौतिक पूर्वाधार कमी रहेको छ। गाउँपालिकामा दमकल र एम्बुलेन्स, अस्पताल तथा विपद्को समयमा सुरक्षित आश्रय स्थल, गोदाम घर र विपदको अवस्थामा उद्धारको सरसामग्रीको यथोचित व्यवस्था हुन सकेको छैन। गाउँपालिकामा बसोबास गर्ने कूल ५,३९० घरपरिवार मध्ये अझसम्म पनि ८९ प्रतिशत परिवार कच्ची तथा असुरक्षित घरमा बसोबास गरेको देखिन्छ।

## ५.१.३ विद्युत तथा वैकल्पिक उर्जा

### *विद्यमान अवस्था, संभावना तथा अवसर*

यस गाउँपालिकाको लगभग ८० प्रतिशत घरपरिवारले राष्ट्रिय प्रसारण लाईनबाट वितरित विद्युत सेवा उपयोग गरिरहेको देखिन्छ। साथै ३० प्रतिशत घरधुरीमा सोलार प्रणाली र १२ प्रतिशत घरपरिवारमा वायोग्यास प्लाण्ट उपलब्ध रहेको छ। यहाँका ८० प्रतिशत घरधुरीमा सुधारिएको चुल्हो जडान भएको देखिन्छ। एलपिग्यास, वायोग्यास, विद्युत हिटर समेत खाना पकाउन स्वच्छ उर्जा प्रयोग गर्ने वा धुवाँमुक्त घरको प्रतिशत १५ प्रतिशत जती रहेको अनुमान गरिएको छ।

### *समस्या र चूनौति*

यस गाउँपालिकामा स्थानीय लघु जलविधुत आयोजना संचालन भई स्थानीय रुपमा विद्युत उत्पादन हुने सकेको छैन। यस गाउँपालिकामा अझै पनि २० प्रतिशत घरपरिवार विद्युत सेवाबाट बञ्चित रहेका छन् भने ८५ प्रतिशत घरधुरीले खाना पकाउन मुख्य इन्धनको रुपमा दाउराको प्रयोग गर्ने गरेका छन्। वायोग्यास, सुधाएिको चुल्हो तथा स्वस्थ उर्जाको प्रयोग अस्था न्यून रहेको देखिन्छ।

## ५.१.४ सूचना, संचार र प्रविधि

### *विद्यमान अवस्था, संभावना तथा अवसर*

सूचना र संचारमा पहुँचको अवस्था विश्लेषण गर्दा गाउँपालिकामा बसोबास गर्ने ९० प्रतिशतसँग मोबाइल फोनको नेटवर्कमा आवद्ध रहेका छन्। फोन बाहेक इमेल तथा इन्टरनेट लगायत आधुनिक संचार सूचना प्रविधिको प्रयोग गर्ने जनसंख्याको अनुपात ३५ प्रतिशत रहेको छ। यहाँका ४० प्रतिशत भन्दा बढी घरपरिवारमा टेलिभिजन तथा कम्प्युटर जस्ता मनोरञ्जनका साधनहरु उपलब्ध रहेको देखिन्छ। यस गाउँ कार्यपालिका कार्यालय, ७ वटै वडा कार्यालय, प्राथमिक स्वास्थ्य केन्द्र लगायत माध्यामिक विद्यालयहरुमा इन्टरनेट सेवा उपलब्ध गराइएको छ। गाउँपालिका क्षेत्रमा आधा

दर्जनभन्दा धेरै एफएम रेडियो, रेडियो नेपाल प्रसारण सुन्न सकिने तथा स्याटलाइट प्रविधिको प्रयोग गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय टेलिभिजन हेर्न सक्ने सुविधा उपलब्ध रहेको छ। गाउँपालिकाले आफ्नै एफएम रेडियो सञ्चालनको तयारी गर्दैछ। गाउँपालिका मै पत्रिका दर्ता नभएपनि विभिन्न राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकाहरु पुग्ने गरेका छन्।

***समस्या र चूनौति***

गाउँपालिकामा मोबाइल फोन समेत पहुँच नभएका घरपरिवार १० प्रतिशत रहेको छ। इमेल तथा इन्टरनेट, पत्रपत्रिका लगायत आधुनिक संचार सूचना प्रविधिको प्रयोग गर्ने जनसंख्याको अनुपात न्यून रहेको छ। तीन वटा कम्पनीले मोबाइल सेवा उपलब्ध गराएको भए तापनि मोबाइल फोनको पहुँच सबै वडाको सबै ठाउँमा पुग्न सकेको छैन। टेलिफोन सेवाको गुणस्तरीयता कम छ भने हालसम्म ल्याण्डलाईन टेलिफोन प्रविधि गाउँपालिकामा विस्तार हुन सकेको छैन। गाउँपालिका क्षेत्र भित्र, सवै विद्यालय, स्वास्थ्य संस्था, सेवा केन्द्र र वडा कार्यालयमा इन्टरनेट सुविधा उपलब्ध हुन सकेको छैन र उपलब्ध भएका केन्द्र र कार्यालयमा सेवाको गुणस्तर न्यून रहेको छ।

कार्यशालाबाट प्राप्त पूर्वाधार विकाससँग सम्बन्धित क्षेत्र तथा सो अन्तर्गतका उपक्षेत्रहरुको वस्तुस्थिति विश्लेषण **अनुसूची ३** मा प्रस्तुत गरिएको छ।

## ५.२ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस गाउँपालिकाको सडक तथा यातायात, आवास, वस्ती तथा भवन, विद्युत तथा वैकल्पिक उर्जा, सूचना र संचार लगायत स्थानीय तहको लागि स्थानीय पूर्वाधार क्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएको छ।

### ५.२.१ लक्ष्य

यस गाउँपालिकाको पूर्वाधार विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छ:

- आवागमन, बजार सुविधा तथा अन्तरआवद्धता व्यवस्थित र सहज हुने

### ५.२.२ उद्देश्य

गाउँपालिकाको पूर्वाधार विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

- यातायात, बजार तथा आधारभूत सुविधामा बृद्धि गर्नु
- एकीकृत वस्ती, सुरक्षित आवास, सार्वजनिक सुविधामा अभिवृद्धी गर्नु
- स्वच्छ ऊर्जाको पहुँच र उपयोगमा बृद्धि गर्नु
- सूचना तथा संचार प्रविधिको पहुँच र उपयोगमा वृद्धि गर्नु

### ५.२.३ रणनीति तथा कार्यनीति

योजनाको पूर्वाधार विकास सम्बन्धी लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना संचालनमा देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ।

| रणनीति | कार्यनीति |
|---|---|
| **सडक तथा यातायात** | |
| १. कृषि, पर्यटन तथा सामाजिक सेवा प्रवाहलाई सहज र सुलभ हुने गरी गुणस्तरीय पूर्वाधारको विकास र विस्तार गर्ने | १. गाउँपालिकाको रणनीतिक सडकहरुको प्राथमिकता अनुसार क्रमशः ग्राभेल र पिच गर्दै लगिनेछ।<br>२. सडक नपुगेका प्रमुख वस्ती तथा बजार केन्द्रलाई लक्षित गरी अति जरुरी स्थानमात्र नयाँ ट्र्याक खोलिनेछ।<br>३. सडक सञ्जाल निर्माण गर्दा कृषि, ऊर्जा, पर्यटन तथा उद्योग व्यवसायको समेत प्रवर्द्धन हुने गरी गरिनेछ।<br>४. पूर्व वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन पश्चात विस्तृत अध्ययन प्रतिवेदन तयार मात्र सडक निर्माण र स्तरोन्नति गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. सडकको मापदण्ड, वर्गीकरण, नामाकरण र प्राथमिकताक्रम सहित यातायात गुरुयोजना तर्जुमा गरी सडक निर्माण र संचालन गर्ने | १. भू-उपयोग क्षेत्र र योजना अनुसार, वस्ती विकास तथा भौतिक निर्माणको योजना तर्जुमा र कार्यान्वयन गरिनेछ ।<br>२. भौतिक योजना तथा यातायात गुरुयोजना अनुसार सडकको मापदण्ड, वर्गीकरण, नामाकरण तथा प्राथमिकता निर्धारण गरिनेछ ।<br>३. प्राथमिकताका आधारमा सडक निर्माण, मर्मतसंभार र यातायात संचालन गरिनेछ । |
| **आवास भवन तथा शहरी विकास** | |
| १. गाउँपालिका र वडा कार्यालय भवन निर्माण गरी सेवा प्रवाह व्यवस्थित गर्ने | १. जग्गाको व्यवस्थापन गरी क्रमश सबै वडामा एकीकृत सेवा सहितको वडा कार्यालय भवन निर्माण गरिनेछ ।<br>२. वडा कार्यालयलाई सेवा प्रवाह र कार्यान्वयनको आधार केन्द्रको रुपमा विकास गरिनेछ ।<br>३. एक वडा एक नमूना वस्तीको विकास गरिनेछ । |
| २. सुरक्षित तथा सुविधा सम्पन्न वस्तीको विकास गर्ने | १. एकिकृत वस्ती विकासका लागि संभाव्यता अध्ययन गरी एक वडा एक नमूना वस्तीको विकास गरिनेछ ।<br>२. औद्योगिक ग्राम समेत बजार, पार्क, कार्यालय, आपकतकालिन सामाग्री भण्डार गृह लगायत सार्वजिनक पूर्वाधार विकास स्थान र जग्गाको व्यवस्था गरी निर्माण कार्य क्रमश: संचालन गरिनेछ ।<br>३. वस्ती, आवास तथा भौतिक विकासलाई एकिकृत भुउपयोग योजना तयार गरी व्यवस्थित र निर्देशित गरिनेछ । |
| ३. गाउँपालिकाको शहर उन्मुख क्षेत्रमा भौतिक योजना सहित बजारको पूवार्धार विकास गर्ने | १. एकीकृत तथा नमूना वस्ती विकास र बजार व्यवस्थापनका लागि आवश्यक पूर्वाधारहरुको निर्माण गरिनेछ ।<br>२. स्थानीय प्रमुख बजार केन्द्रहरुको भौतिक विकास योजना अनुसार आधारभूत पूवार्धार विकास गरिनेछ ।<br>३. बजार र वस्तीको क्षेत्रमा खुल्ला स्थान समेत हरियाली पार्क, पोखरी र खुल्ला स्थानमा समेतको व्यवस्था गरिनेछ । |
| **विद्युत तथा वैकल्पिक उर्जा** | |
| १. सवै घरपरिवार र स्थानमा उज्यालो पुऱ्याउने | २. लागत साझेदारीमा संभाव्य स्थानमा बाँध निर्माण गरी विद्युत उत्पादन, सिंचाई, पार्क तथा पोखरी निर्माण गरिनेछ ।<br>३. लागत साझेदारीमा विद्युत नपुग भएका घरधुरीमा विद्युत लाइन विस्तार गरिनेछ<br>४. विद्युत लाईन र पोल जिर्ण भएका ग्रामीण स्थानमा जिर्ण पोल र तार मर्मत गरिनेछ र खुलातार प्रणालीलाई केबल प्रणालीमा रुपान्तरणको लागि सम्बन्धित निकायसँग पैरवी र साझेदारी गरिनेछ ।<br>५. स्वास्थ्य संस्था र माद्यामिक विद्यालयमा पावर व्याकअप तथा इन्टरनेटको व्यवस्था गरिनेछ । |
| २. नवीकरणीय ऊर्जा प्रविधिको विस्तार र प्रवर्धन गरी पहुँच र उपयोग बृद्धि गर्ने | १. वैकल्पिक उर्जा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड र योजना तर्जुमा गरी कार्यान्वयन र नियमनको व्यवस्था गरी स्वच्छ उर्जामा पहुँच बृद्धि गरिनेछ ।<br>२. दाउराको प्रयोगलाई कम गर्दै लैजान वायोग्यास, सुधारिएको चुलो, बायो ब्रिकेट जस्ता दाउराको किफायती नविकरणीय ऊर्जा प्रविधिहरूको प्रवर्द्धन एवम् विस्तार गरिनेछ ।<br>३. राष्ट्रिय प्रसारण लाईनको विद्युत नपुगेका स्थानमा र विद्युत सेवा पुऱ्याउन प्राविधिक रुपमा कठिनाई हुने स्थानमा सोलार, वायोग्यास र सुधारिएको चुल्होको विस्तार गरिनेछ ।<br>४. गरिब तथा विपन्न वर्गसम्म नवीकरणीय ऊर्जा प्रविधिको सुलभ र सरल पहुँच पुऱ्याउन प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ । |
| **सुचना तथा सञ्चार** | |

| रणनीति | कार्यनीति |
|---|---|
| १. इन्टरनेट सेवाको पहुँच अभिवृद्धि गर्ने | १. गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयमा उपलब्ध इन्टरनेट क्षमता वृद्धी गरी सेवाको विस्तार र गुणस्तरमा सुधार गरिनेछ ।<br>२. सबै वडा कार्यालयहरु, विद्यालय र स्वास्थ्य संस्थामा इन्टरनेट सेवा नियमित तथा सुचारु गर्न सेवा प्रदायक परिचालनको व्यवस्था गरिनेछ ।<br>३. गाउँ कार्यपालिका कार्यालय, वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्था मुख्य बजारमा सिसिटिभी क्यामेरा जडान गरिनेछ । |
| २. टेलिफोन सेवा प्रभावकारी बनाउने | १. टेलिफोन टावरको संख्या र क्षमता बृद्धि गर्न समन्वय र पैरवी गरिनेछ ।<br>२. विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा इन्टरनेट सुविधा जडान गर्ने र सूचना प्रविधिमा आधारित भई पठनपाठन तथा स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।<br>३. ल्याण्डलाइन टेलिफोन र अप्टिकल फाइबर प्रविधिको इन्टरनेट विस्तार सञ्चालन गर्न नेपाल टेलीकम र अन्य सेवा प्रदायक संस्थासँग छलफल, समन्वय र पैरवी गरिनेछ । |
| ३. सूचना तथा सेवा प्रवाहलाई सूचना प्रविधि बनाउने | १. राजस्व, प्रशासन, योजना तथा स्थानीय तथ्याङ्क सम्बन्धी सूचना व्यवस्थापन प्रणाली तयार गरी सूचना प्रविधिमा आधारित सेवा प्रवाहको व्यवस्था गरिनेछ<br>२. स्थानीय संचार माध्यम र संचारकर्मीका क्षमता विकास गरी गाउँपालिकालाई मिडियामैत्री बनाइने छ ।<br>३. सम्पादित योजना, कार्यक्रम र गतिविधि एफएम रेडियो स्थापना संचालन गरी सूचना र संचारको प्रमुख माध्यमको रुपमा विकास गरिनेछ ।<br>४. गाउँपालिकाको मुखपत्रको रुपमा धुर्कोट विकास बुलेटिन प्रकाशनको व्यवस्था गरिनेछ (चौमासिक)<br>५. पदाधिकारी तथा सेवाग्राही रेडियो संवाद कार्यक्रम नियमित रुपमा संचालन गरिनेछ ।<br>६. स्थानीय नीति, कानून, नियम र कार्यविधि, निर्णय, विकास कार्य संचालन, उपलब्धी, सफल अभ्यास बारे पत्रकार संवाद, पत्रपत्रिका, रेडियो र टेलिभिजनमा नियमित प्रकासन र प्रसारको व्यवस्था गरिनेछ । |

### ५.२.४ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनाको पूर्वाधार विकास क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिका स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ ।

| प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७५/०७६) | कूल लक्ष्य (०८१/८२) | | |
| **प्रतिफल ३.१: आवागमन, बजार सुविधा तथा अन्तरसम्बन्धमा सहजता र बढोत्तरी भएको हुनेछ (सडक तथा यातायात)** | | | | | |
| ३.१.१ कालोपत्रे सडक निर्माण | कि.मि. | १ | १६ | ३२०००० | यातयात गुरुयोजनाको प्राथमिकता अनुसार बार्षिक ३ कि.मि.का दरले १५ कि.मि. सडक पिच तथा बाँकी खण्ड ग्राभेल गर्ने<br>- सेउघा सिमाघाट पुर्कोट दह सडक<br>- बरबोट वाग्ला थेप्चे सडक<br>- हुलाकी वस्तु वरबोट सडक<br>- बरारुख नादी हाडहाडे लोहरे सडक<br>- उदिना पिपलधारा नादी बरबोट चौरासी सडक<br>- नयाँगाउँ ठूल्दी बरबोट सडक |

| प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७५/०७६) | कूल लक्ष्य (०८१/८२) | | |
| | | | | | - पालुखा वस्तु किमुखर्क द्ववानेटा सडक |
| ३.१.२ सडक ग्राभेल तथा स्तरोन्नति | कि.मि. | ५५ | १३४ | २००००० | प्राथमिकता अनुसार रणनीतिक सडकहरुको सहायक संरचना समेत, ग्राभेल गर्ने, सोलिङ्ग गर्ने, क्रस र होराइजेण्टल नाला निर्माण गर्ने |
| ३.१.३ पक्की पुल निर्माण | संख्या | ३ | ७ | २१०००० | - वडा नं. ४, सिमाघाट<br>- वडा नं. ६, जुरेढुङ्गा<br>- वडा नं. ५, हुलाकी<br>- वडा नं. ३ र ६ नादी |
| ३.१.४ सडकको नियमित, आवधिक र आकस्मिक मर्मत संभार र सुधार | कि.मि. | ५५ | १५० | ९०००० | - रणनीति प्रमुख सडक तथा अन्य सहायक सडकहरु मर्मत गर्ने |
| ३.१.५ वायोइञ्जिनिरिङ्ग प्रविधी र सडक किनार वृक्षारोपण कार्यक्रम | कि.मि. | ० | १६ | १६००० | - सेउघा सिमाघाट पुर्कोट दह सडक नमूनाको रुपमा गर्ने |
| ३.१.६ झोलुङ्गे पुल निर्माण | संख्या | ८ | १६ | २०००० | - संभाव्यता अध्ययनको आधारमा विभिन्न स्थानमा |
| ३.१.७ सडक मापदण्ड तथा यातायात गुरुयोजना तर्जुमा | पटक | ० | १ | ३००० | - सडकको मापदण्ड, वर्गीकरण, नामाकरण र प्राथमिकता तयार गर्ने |
| **सडक तथा यातायात जम्मा** | | | | ८५९००० | |
| **प्रतिफल ३.२: एकीकृत वस्ती, सुरक्षित आवास, व्यवस्थित बजार तथा सार्वजनिक सुविधामा अभिवृद्धी भएको हुनेछ (आवास, भवन र शहरी विकास)** | | | | | |
| ३.२.१ आधारभूत पूर्वाधार निर्माण तथा बजार व्यवस्थापन | स्थान | ० | ९ | ४५००० | - वडा नं. १ मैदान, वडा नं. २ पिपलधारा, वडा नं. ३ निङ्नुखर्क वडा नं. ४ बरबोटे, वडा नं. ५ कालिकास्थान र काफलपानी, वडा नं. ६ धुर, वडा नं. ७ र चौतारा र द्वारनेटा |
| ३.२.२ सुरक्षित बसोबास तथा वस्ती संरक्षण कार्यक्रम | स्थान | ० | ७ | ५०००० | - वडा नं. ६ लुङखर्क<br>- वडा नं. ७, अर्खुल र<br>- छल्दी र पनाहाखोला किनार क्षेत्र |
| ३.२.३ भूकम्प प्रतिरोधी भवन निर्माण सीप र प्रविधि विकास तालिम | जना | २५ | १२५ | ३००० | - लक्षित वर्गका युवालाई केन्द्रित गर्ने |
| ३.२.४ कार्यपालिका, वडा कार्यालय र तथा सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण | संख्या | १४ | १९ | १००००० | - भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण गरिने |
| ३.२.५ बजारमा सडक नाला निर्माण | कि.मि. | १ | २६ | २६००० | - मुख्य ९ वटा बजार केन्द्रहरुमा प्राथमिकता अनुसार निर्माण गर्ने |
| ३.२.६ चट्याङ रहित घर निर्माण | घरधुरी | ० | ४५०० | ८०० | - नीजि र सरकारी भवनमा अर्थिङ्ग गर्ने |
| **वस्ती, आवास तथा भवन जम्मा** | | | | २२४८०० | |
| **प्रतिफल ३.३: स्वच्छ ऊर्जाको पहुँच र उपयोगमा बृद्धि भएको हुनेछ (विद्युत तथा उर्जा)।** | | | | | |
| ३.३.१ स्थानीय विद्युत उत्पादन कार्यक्रम | कि.वा. | ० | २० | २०००० | - डयाम निर्माण र ताल गरी विद्युत उत्पादन गर्ने |
| ३.३.३ विद्युत लाइन विस्तार कार्यक्रम | कि.मि. | ५० | ३० | ३०००० | - विद्युत नपुगेका वस्तीमा विद्युत सेवा उपलब्ध गराउने |

| प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (०७५/०७६) | कूल लक्ष्य (०८१/८२) | | |
| ३.३.४ वैकल्पिक उर्जा प्रवर्धन कार्यक्रम | घरधुरी | ० | ५ | १५००० | - सुधारिएको चुल्हो: ५००, वायो ग्यास: १० वटा, सडक बत्ती १०० थान, सोलार: २०० थान |
| **विद्युत तथा वैकल्पिक उर्जा जम्मा** | | | | ६५००० | |
| **प्रतिफल ३.४: सूचना तथा संचार प्रविधिको पहुँच र उपयोगमा वृद्धि भएको हुनेछ (सूचना तथा संचार)।** | | | | | |
| ३.४.१ इन्टरनेट सेवा पहुँच तथा क्षमता अभिबृद्धि कार्यक्रम | पटक | १ | ६ | ३००० | स्वास्थ्य संस्था, विद्यालय, वडा कार्यालय र कार्यपालिका कार्यालय |
| ३.४.२ मोवाइल एप्स् निर्माण र संचालन | वटा | १ | १ | ५०० | हाम्रो धुर्कोट |
| ३.४.३ इएमएस सेवासहित हुलाक संचालन | वटा | | १ | ५०० | |
| ३.४.४ धुर्कोट एफएम स्थापना र संचालन | वटा | ० | १ | ३००० | वडा नं. ४ बर्बोटमा संचालन गर्ने |
| ३.४.५ धुर्कोट विकास बुलेटिन प्रकाशन र गतिविधि प्रशारण कार्यक्रम | पटक | ० | १० | १००० | धुर्कोट विकास वुलेटिन प्रकाशन र रेडियो तथा टेलिभिजनबाट गतिविधि प्रसारण गर्ने |
| **सूचना र संचार जम्मा** | | | | ८००० | |
| **पूर्वाधार क्षेत्र कूल** | | | | ११५६८०० | |

# परिच्छेद ६

# वन, वातावरण तथा विपद् जोखिम व्यवस्थापन योजना

## ६.१ वस्तुस्थिति विश्लेषण

### *पृष्ठभूमि*

नेपालको संविधानको भाग ३, धारा ३० ले नागरिकलाई स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हक प्रदान गरेको छ भने प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीति अन्तर्गत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्नु पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापनाको व्यवस्था रहेको छ। विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ ले विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा विपद् उत्थानशील राष्ट्र निर्माण गर्दै दीगो विकासमा योगदान पुऱ्याउने दीर्घकालिन सोच, ध्येय र लक्ष्य सहित प्राकृतिक र गैर प्राकृतिक विपद्बाट हुने क्षति उल्लेख्य रुपमा कम गर्ने मुल उद्देश्य राखेको छ। संविधानमा विपद् व्यवस्थापनसम्बन्धी एकल अधिकार क्षेत्र स्थानीय तहको भएको सन्दर्भलाई मध्यनजर गरी विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाले पनि विपद जोखिम न्यूनीकरणमा स्थानीय तहको भूमिकालाई महत्वपूर्ण स्थान दिएको छ। यसैगरी राष्ट्रिय विपद् प्रतिकार्य ढाँचा, वातावरण व्यवस्थापन नीति, राष्ट्रिय वन तथा जलवायु नीति लगायतका नीतिहरुले प्राकृतिक तथा गैरप्राकृतिक विपद् न्यूनीकरण, पूर्व तयारी, उद्दार तथा राहत पुनर्लाभलाई जस्ता विषयहरुमा स्पष्ट व्यवस्था गरेको छ।

संविधानको अनुसूची ८ ले विपद् व्यवस्थापन तथा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, वातावरण संरक्षण, जैविक विविधतालाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको छ। उपरोक्त संवैधानिक तथा नीतिगत कार्यसूचीको आधारमा योजनामा प्रस्तावित रणनीति, कार्यनीति तथा कार्यक्रमहरु समुदायमा आधारित संस्था र समूहको संस्थागत क्षमता विकास तथा प्रदेश र संघीय सरकारका सम्बन्धित निकायसँग समन्वय र सहकार्यमा संचालन गर्ने गरी तर्जुमा तथा प्रस्तावित गरिएका छन्।

संविधान, संघ र प्रदेश नीति र कानूनी प्रावधान एवम् दीगो विकासका लक्ष्य जस्ता अन्तर्राष्ट्रिय लक्ष्य तथा प्रतिवद्धतासमेत हासिल गर्न स्थानीय तहहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहने हुँदा वन, वातावरण, भूसंरक्षण तथा जलाधार व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन क्षेत्रको लक्ष्य, उद्देश्य र रणनीतिसहित क्षेत्रगत मार्गचित्र स्पष्ट गर्न विषय क्षेत्रगत योजनाका रुपमा यो योजना तर्जुमा गरिएको छ। योजनामा यस विषय क्षेत्रसँग सम्बन्धित संभावना, अवसर, समस्या तथा चुनौती सहित विद्यमान अवस्था, विषय क्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति तथा कार्यनीति एवम् रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनाहरूसमेत संलग्न गरी तर्जुमा गरिएको छ।

### ६.१.१ वन तथा जैविक विविधता

#### *विद्यमान अवस्था, संभावना तथा अवसर*

यस गाउँपालिका कूल भू-भाग मध्ये करिब ५० प्रतिशत भन्दा बढी क्षेत्रफल वन जंगलले ओगटेको छ। वनको संचिति र जैविक विविधतायुक्त यहाँको वन सम्पदा हरियाली, जलाधार तथा वातावरणीय महत्वका अतिरिक्त आयआर्जनको अवसर वृद्धिका दृष्टिकोणले समेत प्रशस्त संभावनायुक्त रहेको छ। यस गाउँपालिकामा उपलब्ध संभाव्य क्षेत्र वन व्यवस्थापनका लागि समुदायलाई हस्तान्तरण गरिएका छन्। हाल यस गाउँपालिकामा ५४ वटा सामुदायिक वन उपभोक्ता समूह क्रियाशिल रहेका छन्। उक्त सामुदायिक वन समूहमा ६,५४६ घरधुरी लाभान्वित रहेका छन्। उपरोक्त सामुदायिक वन समूह मध्ये एक तिहाई जती समूह व्यवस्थापनमा सक्रिय रहेको पाइन्छ। यस गाउँपाालिकामा सामुदायिक वनका अतिरिक्त राष्ट्रिय वन क्षेत्र पनि रहेको छ। यहाँको कुल वन क्षेत्रमध्ये करिब ३७ प्रतिशत वन क्षेत्र जैविक विविधतायुक्त रहेको छ।

गाउँपालिकामा नीजि वन रहेको तथा प्रवर्धन गरिएको भएता पनि हालसम्म दर्ता भैसकेका छैनन्। यसका साथै यहाँ कृषि बनको रुपमा खेतबारीका कान्ला, डिल र खोला खोल्सीमा डाँलेघाँस, अम्रिसो, बाँस, उत्तीस व्यस्थापन गरिएको छ। गाउँपालिका क्षेत्रका विभिन्न स्थानमा ५ वटा फर्निचर उद्योगहरु संचालनमा रहेका छन्। जडीबुटीका दृष्टिकोणले समेत

यो क्षेत्र सम्पन्न रहेको छ। प्रर्याप्त मात्रामा जडिबुटी उपलब्ध रहेको यस गाउँपालिकामा काष्ठ र गैरकाष्ठ वन पैदावारको समुचित व्यवस्थापन, खेती र प्रवर्धन गरी वनजन्य उद्यमको विकास गरी जीविकोपार्जनमा सुधार गर्न सकिने सम्भावना रहेको छ। यहाँ टिमुर, सुनकाउली/तेजपात, चिउरी, ओखर, बाँस, निगालो र अम्रिसो, लाँलीगुराँस, लप्सी, कुरिलो, बोझो, सुगन्धकोकिला, अमला लगायत विभिन्न जडीबुटी पाइन्छ । एकातर्फ गाउँपालिका क्षेत्रको जंगलमा चितुवा, यहाँको भिर्मिल्ला र वाग्लाको वनजङ्गलमा करिब २० देखि ३० वटा रतुवा मृग लगायतका संरक्षित वन्यजन्तुहरु पाइन्छन् भने बाँदर, दुम्सी र चितुवाले बालीनाली र पशुपंक्षीमा क्षती पुऱ्याइरहेका छन् ।

वन क्षेत्रले ग्रामीण जीवनमा दैनिक आवश्यक पर्ने काठ, घाँस दाउराका अतिरिक्त भूक्षयको नियन्त्रण महत्वपूर्ण योगदान पुऱ्याउँछ र वनले कार्वनको सिक्वेट्रेशनको माध्यमद्धारा वातावरणीय स्वच्छता काय गर्नुका साथै कार्वन संचिती गरी कार्वन व्यापार अवसर समेत बढाउँछ। हरियाली, स्वच्छता तथा जैविक विविधतायुक्त यहाँका वन तथा सुन्दर क्षेत्रहरुमा ग्रामीण तथा पर्यापर्यटनको विकास गर्न सकिने सम्भावना रहेको छ। खोटो, जडीबुटी, फलफूल, रेसालगायत अन्य गैरकाष्ठ वन पैदावारको उत्पादन वृद्धि गरी आयआर्जनका अवसर वृद्धि गर्न सकिने सम्भावना रहेको छ।

यहाँ कुल ५ वटा खोला र ८१ वटा खोाला तथा खोल्सीहरु रहेको तथ्याङ्क छ जसमध्ये उल्लेख्य संख्यामा नियमित रुपमा पानीको उपलब्धता हुने गरेको छ। कृषि तथा घरायसी प्रयोग बाहेक अन्य क्षेत्रबाट हुने कार्वन उत्सर्जन नगण्य रहेको छ। वन क्षेत्रमा विद्यमान यस सम्भावनालाई यथार्थमा रुपान्तरण गर्न वन, जैविक विविधता र संरक्षणसम्बन्धी प्राविधिक ज्ञान, सीपमा वृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ।

### *समस्या तथा चुनौती*

कुनै पनि क्षेत्रमा वातावरणीय सन्तुलन कायम राख्न सामान्यतः कुल क्षेत्रफलको कम्तीमा ४० प्रतिशत भूमिमा वन क्षेत्र ढाकेको हुनु पर्ने मान्यता रहेको छ। यहाको सामुदायिक तथा सरकारी वन समेतको समूचित व्यवस्थापन हुन सकेको छैन। वनको सीमाना स्पष्ट रहेको छैन र फलस्वरुप वन क्षेत्र अतिक्रमित हुने गरेको अवस्था देखिन्छ। हरेक वर्षजसो डढेलोबाट वन र जैविक विविधताको क्षति हुन गएको छ तर वन डढेलो नियन्त्रणका लागि आवश्यक आधुनिक उपकरण, औजार, सीप तथा नियन्त्रण तथा प्रति कार्ययोजना समेतको अभाव रहेको छ। वन, वातावरण र जलाधारका श्रोतहरुको व्यवस्थापन स्थानीय जनप्रतिनिधि, उपभोक्ता समिति तथा आम उपभोक्ताहरु सचेतना र क्रियाशिलताको कमी रहेकोछ।

जलवायुजन्य अतिशय परिणाम (Climate Extremities) तथा अनिश्चिततालाई सम्बोधन गर्न गाउँपालिका तथा स्थानीय नागरिकहरूमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ। अव्यवस्थित भू-उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार विकासमा वृद्धि, प्राकृतिक श्रोतहरूको अनियन्त्रित दोहन, वन वातावरणसम्बन्धी एकीकृत योजना तर्जुमा, कार्यान्वयन र सोको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन हुन नसक्नु लगायतका कारणले वन क्षेत्रमाथि चाप बढ्न गएको छ। वन सम्पदाको दीगो तथा वैज्ञानिक व्यवस्थापन गरी यथोचित लाभ लिन नसकिरहेको अवस्था छ। कृषियोग्य उर्वर जमिन अतिक्रमण गरी संरचना निर्माण हुनु, वनको उचित संरक्षण तथा वैज्ञानिक व्यवस्थापन हुन नसक्नु, वनस्रोतको बहुउपयोग हुन नसक्नु, वन डढेलो वर्षेनी बढेर जानु तथा विकास कार्यहरू वातावरणमैत्री नहुनुलगायतका समस्याहरू वन क्षेत्रका थप समस्याका रुपमा रहेका छन् ।

वन व्यवस्थापनमा वैज्ञानिकता नभएको हुँदा वन क्षेत्रको उत्पादन तथा उत्पादकत्व कम रहेको छ। परम्परागत रुपमा घाँस दाउराबाहेक वन क्षेत्रबाट आयआर्जनका क्रियाकलाप संचालन गरी यथोचित लाभ लिन सएिको छैन। वन र वातावरण संरक्षण र व्यवस्थापन प्रतिको जिम्मेवारी वोधमा ह्रास तथा उदासिनता हालका दिनमा बढेर गरएको छ। चरिचरन क्षेत्रको उचित व्यवस्था नहुँदा वन क्षेत्रमा घरपालुवा जनावर चराउने चलन रहेको छ। वैज्ञानिक वन व्यवस्थापन गरी काठ दाउराको उत्पादन र उपलब्धता बढाउनु, वन तथा कृषि क्षेत्रमा जडिबुटी लगायत आयमूलक क्रियाकलाप संचालन गर्नु तथा वन क्षेत्रलाई ग्रामीण तथा पर्यापर्यटनको आकर्षण केन्द्र बनाउनु यस क्षेत्रका प्रमुख चुनौतिहरु हुन् ।

## ६.१.२ भू–संरक्षण तथा जलाधार व्यवस्थापन

### *विद्यमान अवस्था, संभावना र अवसर*

यस गाउँपालिकामा छल्दी र पनाह जस्ता मध्यमस्तरका दुईवटा खोलाहरु रहेका छन् भने गाउँपालिकाभित्र ८६ वटा खोलाखोल्सी र ३५२ भन्दा बढी पोखरी तथा दहहरू रहेका छन् । यसबाट सिंचाई सुविधा विस्तारमा टेवा पुगेको छ । उपरोक्त खोलानाला तथा पोखरीको जलाधार क्षेत्रमा घना जंगलले ढाकेको, कृषि तथा सार्वजनिक क्षेत्रमा समेत हरियाली रहेको हुँदा यस गाउँपालिकामा पानीको श्रोत र जमीनको उर्वराशक्ति तुलनात्मक रुपमा राम्रो रहेको छ । वन तथा जलाधारको संरक्षण र व्यवस्थापनको माध्यमद्धारा गाउँपालिका आर्थिक विकास र वातावरणीय सन्तुलन कायम गर्न सकिने संभावना रहेको छ ।

सहकार्य र समन्वयको माध्यमद्धारा तिनै तहका सरकारहरुले भू तथा जलाधार संरक्षण र व्यवस्थापन योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न सक्ने संभावना रहेको छ । जल, जमीन र जङ्गलको संरक्षण र व्यवस्थापनलाई जलाधार व्यवस्थापनको अवधारणाबाट संचालन गरी उपरोक्त उपक्षेत्रमा प्रभावी नतिजा हासिल गर्न सकिने संभावना रहेको छ ।

### *समस्या तथा चुनौती*

जलाधार क्षेत्र व्यवस्थापनको अवधारणा अनुसार गाउँपालिका अन्तर्गत उपजलाधार र सुक्ष्म जलाधार क्षेत्रहरु पहिचान, नक्शाङ्कन, आवश्यकता पहिचान, व्यवस्थापन योजना तथा कार्यक्रम तर्जुमा हुन सकेको छैन । फलस्वरुप जमीन र जलाधार क्षेत्रको वैज्ञानिक व्यवस्थापन तथा दीगो संरक्षण सकेको छैन । तदबन्धन तथा नदी नियन्त्रण बाहेक गाउँपालिकाबाट जलाधार व्यवस्थापन तथा भूसंरक्षण सम्बन्धी कार्यक्रम र बजेट नगण्य मात्रामा रहेको छ । जमीन र जलश्रोतको व्यवस्थापन गरी पानीको भण्डारण तथा जमीनको उर्वराशक्ति बढाउनु आवश्यक रहेको छ । वातावरण ऐन र नियमको व्यवस्था बमोजिम वातावरणीय परीक्षण पालना हुन सकेको छैन । सडक तथा पुल, सिंचाई कुलो तथा खानेपानी र भवन निर्माण टेवा पर्खाल लगायत संरक्षणको ध्यान दिन सकेको छैन । भू तथा जलाधार संरक्षण र व्यवस्थापनलाई विकासका पूर्वाधार निर्माणको साझा विषयको रुपमा लिई प्राथमिकता अनुसार संचालन हुन नसक्नु, सुक्ष्म तथा उपजलाधार क्षेत्रको व्यवस्थापन योजना उपलब्ध नहुनु, तिनै तहका सरकार र सरोकारवाला निकायहरु बीच समन्वय र यससम्बन्धमा स्थानीय सरकारका निर्वाचित पदाधिकारी, कर्मचारी र स्थानीय समुदायको ज्ञान, सीप र अनुभवमा कमी यस क्षेत्रका प्रमुख चूनौतिको रुपमा रहेका छन् ।

## ६.१.३ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन

### *संभावना, अवसर र विद्यमान अवस्था*

यस गाउँपालिकामा जल, जमीन, वायु सामान्यतः स्वच्छ रहेको छ । प्लाष्टिकजन्य सामाग्रीको प्रयोगमा बृद्धि वाहेक प्रदूषणको स्थिति प्रारम्भिक अवस्थामा रहेको छ । तसर्थ प्लाष्टिकजन्य सामाग्रीको प्रयोगलाई समयमै प्रतिष्थापन र व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम राख्न सकिने अवस्था छ । इन्धनको उपयोगमा विद्युत तथा एलपी ग्यासको प्रयोग बढ्दै गएता पनि यस गाउँपालिकामा अझैपनि ९० प्रतिशत घरपरिवारले इन्धनको प्रमुख स्रोतको रुपमा दाउराको प्रयोग हुने गरेको देखिन्छ । तर करिब ८० प्रतिशत घरधुरीले धुँवारहित चुल्हो उपयोग गर्ने गरेको अवस्था छ । यस गाउँपालिकामा पूर्ण सरसफाइको नियमित अभ्यास गर्ने ६० प्रतिशत र कुहिने तथा नकुहिने फोहोरमैलाको वर्गीकरण, नकुहिने फोहोरको पुनः प्रयोग र फाहोर प्रशोधनका अभ्यास गर्ने घरपरिवार न्यून वा ५ प्रतिशत भन्दा कम रहेको छ । गाउँपालिका क्षेत्रमा नीजि घर तथा संस्थागत फोहोर संकलनको लागि कम्पोष्ट विन, पिट, ल्याण्डफिल साइट आवश्यकता देखिएको छ । गाउँपालिकामा ५० प्रतिशत जती वन क्षेत्र, सार्वजनिक स्थान र नीजि खेतबारीमा हरियालीको अवस्था रहेको हुँदा हालसम्म वातावरण स्वच्छताको अवस्था देखिन्छ । संघीय संरचना अनुसार वातावरण, स्वच्छता र हरियाली प्रवर्धन सम्बन्धी ऐन, नियम र निर्देशिका उपलब्ध रहेको र आवश्यकता अनुसार बन्ने क्रममा रहेका छन् । राजनैतिक नेतृत्व तथा जनप्रतिनिधि र समुदायमा समेत वातावरण संरक्षण र व्यवस्थामा सचेतना बृद्धि हुँदै गएको छ ।

### *समस्या तथा चुनौती*

गाउँपालिका क्षेत्रमा प्लाष्टिकजन्य सामाग्री तथा बोतलहरुको प्रयोग बढ्दै गएको छ । दैनिक उत्सर्जन हुने प्लाष्टिकजन्य पदार्थ तथा बोतल गर्दा फोहोरमैला र वातावरणीय प्रदूषण बढ्दो क्रममा रहेको छ । फोहोर वर्गीकरण, पुनःप्रयोग तथा व्यवस्थापन गर्ने बानी, व्यवहार र अभ्यासमा कमी रहेको छ । प्लाष्टिक, सिसा तथा बोतल निरन्तर बढ्दै जाँदा प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थहरु जलाउने अभ्यास रहेको हुँदा वायु प्रदूषित हुनुका अतिरिक्त मानव स्वास्थ्यमा समेत असर पुग्ने भएकाले फोहोर व्यवस्थापनका लागि स्पष्ट अवधारणा र प्रक्रियासहित अघि बढ्नुपर्ने देखिन्छ । कृषि भूमिमा जैविक मल

प्रयोग घट्दै गएको भने रासायनिक मलको प्रयोग बढ्दै गएको छ । यसबाट कृषि भूमिको गुणस्तरमा ह्रास हुँदै गएको छ । यसैगरी कृषि उत्पादनमा विषादीको प्रयोग पनि बढ्दै गएको छ । फलस्वरुप मानव स्वास्थ्यमा नकारात्मक असर परिरहेको छ । स्वास्थ्य संस्था तथा संस्थागत क्षेत्रबाट उत्पादन हुने फोहोर व्यवस्थापन प्रभावकारी नहुँदा प्रदूषण बढ्दै गएको छ । वन क्षेत्र, खोला खोल्सामा जथाभावी फोहोर फाल्ने तथा फोहोर जम्मा गरेर नदी, खोलामा बगाउने चलन रहेको हुँदा जल प्रदूषण पनि बढ्दो क्रममा रहको छ ।

### ६.१.४ विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

#### *संभावना, अवसर र विद्यमान अवस्था*

महाभुकम्प २०७२ पश्चात् नीजि आवास तथा सार्वजनिक भवन निर्माणमा भूकम्प प्रतिरोधी भवन तथा संरचनामा अभिबृद्धिसँगै भूकम्पीय जोखिमका दृष्टिकोणले सुरक्षित निर्माण संस्थागत हुँदै गएको छ । गाउँपालिकामा अध्यक्षको संयोजकत्वमा स्थानीय विपद् व्यवस्थापन समिति गठन भई क्रियाशिलता तर्फ उन्मुख रहेको छ । गाउँपालिका र नेपाल रेडक्रस सोसाइटी, स्वास्थ्य संस्था र विद्यालय बीच विपद् पूर्वतयारी तथा व्यवस्थापन सम्बन्धमा समन्वय र सहकार्य भइरहेको छ । गाउँपालिकामा आपतकालिन अवस्थाको लागि सवै स्वास्थ्य संस्थामा स्थानीय व्यक्ति समेतको संलग्नतामा Quick Response Team (QRT) व्यवस्था गरिएको छ । गाउँपालिकास्तरमा खोज उद्दार तालिम प्रदान गरिएको छ भने स्थानीय प्रतिकार्य दल निर्माण र खोज उद्दारका लागि सामग्रीको भण्डारण शुरुवात गरिएको छ ।

समुदायमा आधारित विपद् जोखिम जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि नेपाल रेडक्रस सोसाइटी र अन्य संघ/संस्था मार्फत तालिमलगायत स्थानीय समुदायको क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रम सञ्चालन गरिएका छन् । गाउँपालिकामा खोज उद्दार सामग्री भण्डारणका लागि नेपाल रेडक्रस सोसाईटी उपशाखा स्थापना गरिएको भवन निर्माण गर्ने प्रयास थालिएको छ । स्थानीय समुदायमा विपद् व्यवस्थापनसम्बन्धी परम्परागत ज्ञान, सीप र सचेतनामा बृद्धी हुँदै गएको छ । यस गाउँपालिका २ मध्यस्तरस्को वर्षैभरि पानी बहने खोला रहेका र केही साना तिना खोला खोल्सी रहेका छन् र यसबाट सिंचाई सुविधा विस्तार गरी खडेरीको जोखिम न्यूनीकरण गर्न सकिने सम्भावना रहेको छ । गाउँपालिकामा ताल पोखरी निर्माण संभावना र आवश्यकता रहेको छ ।

#### *समस्या तथा चुनौती*

यस गाउँपालिकामा पहिरो, बाढी, भूकम्प, चट्याङ, वन डढेलो, हावाहुरी तथा असिना प्रमुख प्रकोपको रुपमा रहेका छन् । यीमध्ये पहिरो, बाढी, वन डढेलो वार्षिक रुपमा दोहोरिरहने प्रकोपको रुपमा रहेका छन् भने अन्य प्रकोपहरुको आवृत्ति पनि उच्च रहेको छ । एकातिर विश्व तथा नेपालका अन्य क्षेत्रमा जस्तै यस गाउँपालिका क्षेत्रमा पनि विपद्जन्य घटनाका आवृत्ति (frequency) तथा सघनता (intensity) बढ्दै गएको छ भने अर्कोति विपद्सम्बन्धी प्रर्याप्त ज्ञान र सूचनाको कमी रहेको छ तथा विकास प्रक्रिया विपद् उत्थानशील हुन सकेको छैन । भूउपयोग योजना निर्माण भई व्यवस्थित तथा वैज्ञानिक रुपमा भूमिकको उपयोग हुन नसक्दा विकासका प्रयासहरू दीगो नहुने जोखिम रहेको छ । विपद् प्रतिकार्यका लागि सामुदायिक तथा संस्थागत क्षमता कम हुनु विपद् व्यवस्थापनका लागि गाउँपालिकाको प्रमुख चुनौतिका रुपमा रहेको छ ।

गाउँपालिकाको वडा नं. ६ लुङखर्क तथा वडा नं. ७, घोंड ओजेखोला तथा वालुवा पाखा क्षेत्रमा पहिरोका जोखिम रहेको छ । यस गाउँपालिकामा विभिन्न स्थानमा नांगाडाँडा रहेका हुँदा भूस्खलनको जोखिम रहेको छ । वनजंगलको संरक्षणसँगै जंगली जनावर विशेष गरी बाँदर, दुम्सी, बँदेल, चितुवाले बालीनाली र पशुपंक्षीको क्षती पुऱ्याउने क्रम पनि बढ्दो क्रममा रहेको छ । विपद् पूर्वतयारी, न्यूनीकरण तथा प्रतिकार्यका स्थानीय तथा समुदायस्तरमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । प्रमुख वस्तीहरूमा सामुदायिक आश्रयस्थलहरू रहेका छैनन् । यस क्षेत्रमा जलवायु परिवर्तनजन्य जोखिम उच्च भएता पनि जलवायु परिवतर्न अनुकुल कृषि बाली तथाा प्रणालीको विकास र विस्तार हुन सकेको छैन ।

कार्यशालाबाट प्राप्त वन, वातावरण र विपद् व्यवस्थापनसँग सम्बन्धित क्षेत्र तथा सो अन्तगतका उप क्षेत्रहरुको वस्तुस्थिति

विश्लेषण **अनुसूची** ४ मा प्रस्तुत गरिएको छ ।

## ६.२ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस गाउँपालिकाको वन तथा जैविक विविधता, भू तथा जलाधार, वातावरण तथा फोहोरमैला व्यवस्था, विपद व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन लगायत स्थानीय तहको वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएको छ ।

### ६.२.१ लक्ष्य

यस गाउँपालिकाको वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- वन, जैविक विविधता, जमीन र जलश्रोतको दीगो उपयोग सुनिश्चित गर्ने

### ६.२.२ उद्देश्य

गाउँपालिकाको वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

१. जैविक विविधता संरक्षण, वनको संचिती तथा वन पैदावरको उत्पादनमा बृद्धि गर्नु
२. जल, जमीन र जलाधारका अन्य श्रोतको संरक्षण तथा उपयोगमा बृद्धी गर्नु
३. पर्यावरणीय स्वच्छता, सुन्दरता र वातावरणीय सरसफाईमा अभिबृद्धि गर्नु
४. विपद् जोखिम तथा विपद्जन्य क्षति न्यूनीकरण गर्नु ।

### ६.२.३ विषयगत रणनीति तथा कार्यनीति

योजनाको वन, वातावरण र विपद् व्यवस्थापन सम्बन्धी लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम र आयोजना संचालन देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ ।

| रणनीति | कार्यनीति |
|---|---|
| **क. जैविक विविधता तथा वन व्यवस्थापन** | |
| १. वन संरक्षण र व्यवस्थापन सम्बन्धी राष्ट्रिय तथा प्रदेश नीति कार्यान्वयन गर्न सहयोग गर्ने | १. वन तथा जैविक विविधता सम्बन्धी राष्ट्रिय तथा प्रदेश नीति बारे स्थानीय स्तरमा सचेतना अभिबृद्धि गरी कार्यान्वयनमा सहजीकरण गरिनेछ ।<br>२. नीति कार्यान्वयनका लागि संघ तथा प्रदेश सरकारका सम्बन्धित निकाय र संरचनासँग समन्वय र सहकार्य गरिनेछ ।<br>३. कार्बन व्यापारबाट गाउँपालिकालाई पूँजीगत लाभका लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय/पहल गरिनेछ ।<br>४. वातावरणीय परीक्षण मूल्याङ्कन र सो सम्बन्धी सिफारिशलाई अनिवार्य कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ । |
| २. वैज्ञानिक वन व्यवस्थापन प्रणाली अनुसार वन पैदावरको सतत उत्पादन बृद्धि गरी वन पैदावरको आपुर्ती सहज बनाउने र आम्दानीमा बृद्धि गर्ने | १. ६० हेक्टर भन्दा बढी क्षेत्रफल भएका समुदायद्धारा व्यवस्थित वन क्षेत्रमा नमूनाको रुपमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम संचालन गरिनेछ ।<br>२. वैज्ञानिक तथा अन्य वन व्यवस्थापन प्रणालीद्धारा वन व्यवस्थापन गरी स्थानीय स्तरमा काठ, दाउरा, घाँस र सोतरको आवश्यकता परिपूर्ती तथा वनको संरक्षणमा अभिबृद्धि गरिनेछ ।<br>३. कार्बन व्यापारबाट वन संरक्षण तथा व्यवस्थापन गर्ने स्थानीय समुदायलाई पूँजीगत लाभ उपलब्ध गराउन प्रदेश तथा संघीय सरकारसँग समन्वय र पैरवी गरिनेछ । |
| ३. वनमा आधारित उद्यम सिर्जना र आयमूलक कार्यक्रम संचालन गरी रोजगारी र आम्दानीको श्रोत बृद्धि गर्ने | १. सामुदायिक वन तथा नीजि जग्गामा टिमुर, सुनकाउली, चिउरी, ओखर, बाँस, निगालो, अम्रिसो, अलैची, कुरिलो, मेन्था, बोझो तथा जडीबुटीजन्य प्रजातीको व्यवसायिक खेती प्रवर्द्धन गरिनेछ ।<br>२. वन तथा जडिबुटीमा आधारित आयमूलक कार्यक्रम संचालन गर्न महिला, युवा तथा लक्षित वर्गलाई प्रोत्साहन अनुदान मार्फत् आकर्षित गरिनेछ तथा राम्रो प्रतिफल प्रदर्शन गर्नेलाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३. सार्वजनिक खाली, नाङगा पाखा तथा बाँझो जग्गामा काष्ठ तथा गैर काष्ठ प्रजातीका आयमूलक बोटविरुवाको रोपण विस्तार गरिनेछ ।<br>४. डिभिजन तथा सवडिभिजन कार्यालयको प्राविधिक तथा अन्य सहयोगमा गाँउँपालिका क्षेत्र वहुउद्देशिय वन नर्सरी स्थापना गरी विरुवा उत्पादन र वितरण सहज बनाइनेछ । |
| **भू संरक्षण तथा जलाधार व्यवस्थापन** | |
| १. नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापन योजना अवधारणा अनुसार भिरालोपनाको स्थायीकरण, पहिरो, गल्छी नियन्त्रण तथा विकासका पूर्वाधार संरक्षण गर्ने | १. खेतबारी र वस्ती संरक्षण तथा पहिरो नियन्त्रणका लागि स्थानीय समुदायसँग सहकार्य गरी जैविक तथा इञ्जिनियरिङ्ग संरचना निर्माण र मर्मत संभार गरिनेछ<br>२. खोला खोल्साको किनार लगायत जोखिम क्षेत्रमा बाँस, निगालो खेती तथा बायोइञ्जिनियरिङ विधि प्रवर्द्धन गरी नदी कटान न्यूनीकरणमा दीगोपना कायम गरिनेछ ।<br>३. स्थानीयस्तरमा नर्सरी व्यवस्थापन तथा वृक्षारोपण विस्तार गरी नाङ्गा डाँडापाखाहरुमा हरियाली वृद्धि तथा क्षतीग्रस्त भूमिको पुनरुत्थान गरिनेछ । |
| २. सार्वजनिक पूर्वाधार निर्माण, भूमि व्यवस्थापन, खेती प्रणाली र वन व्यवस्थापनसँग एकीकृत गरी भू-संरक्षण तथा जलाधार व्यवस्थापन काय संचालन गर्ने | १. राष्ट्रिय भू उपयोग नीति अनुसार भूउपयोगको क्षेत्र निर्धारण गरी भूमि व्यवस्थापन, वस्ती विकास, भौतिक संरचना तथा पूर्वाधार निर्माणलाई व्यवस्थित र नियमित गरिनेछ ।<br>२. भूसंरक्षण तथा जलाधार व्यवस्थापनलाई विकासको साझा विषयको रुपमा एकीकृत गरी संचालन गरिनेछ ।<br>३. भू तथा जलाधार व्यवस्थापनमा जल, जमीन र जंगलको संरक्षण तथा उत्पादन बृद्धिमा विशेष जोड दिइनेछ । |
| **वातावरणीय स्वच्छता तथा फोहोरमैला व्यवस्थापन** | |
| १. वातावरण अनुकुलित विकास, स्वच्छ उर्जा तथा प्रविधि र हरियाली अभिबृद्धी गर्ने | १. गाउँपालिकाभित्र प्लाष्टिकका गिलास तथा प्लेटजस्ता वस्तुको उपयोगमा प्रतिबन्ध गरी दुना टपरीजस्ता स्थानीय वस्तुहरूको प्रवर्द्धनमा जोड दिइनेछ ।<br>२. कुहिने र नकुहिने फोहोरमैला छुट्याई कुहिने फोहोरबाट कम्पोष्ट मल र नहुहिने फोहोरको पुनःप्रयोग, प्रशोधन र खाडलको व्यवस्थापन गरिनेछ ।<br>३. सार्वजनिक स्थान र सडकको दायाबायाँ वरपिपल, समी, तुलसी, चाँप, पाँकुरी र लाकुरी, आप, लिचि, सुन्तला, नास्पती आरुवखडा जस्ता विरुवा रोपणलाई अभियानका रुपमा संचालन गरी वातावरण स्वस्छता कायम गरिनेछ ।<br>४. विद्युत, वायोग्यास, सोलार, सुधारिएको चुल्लो जस्ता स्वच्छ उर्जाको प्रयोग, प्रदुषण कम गर्ने निर्माण प्रविधि र सामाग्रीको प्रयोग, जलवायु परिवर्तन र विपद् उत्थानशिल प्रयासहरुलाई स्थानीय विकास प्रक्रियामा एकीकृत गरिनेछ। |
| २. सचेतना र व्यक्तिगत व्यवहार परिवर्तनको माध्यमबाट वातावरणीय स्वच्छता अभिबृद्धि गर्ने | १. जनचेतना अभिवृद्धि गरी प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थ जथाभावी फाल्ने प्रवृत्ति नियन्त्रण गरिनेछ ।<br>२. टोलस्तरीय प्रतिस्पर्धामूलक कार्यक्रम सञ्चालन गरी समुदाय र घर सरसफाइको अभियान सञ्चालन गरिनेछ ।<br>३. टोलस्तरीय समिति तथा संस्थाहरूलाई परिचालन गरी समुदाय र टोल सरसफाईका काम नियमित रुपमा सञ्चालन गरिनेछ । |
| ३. विकास निर्माण तथा उद्यम विकास र श्रोत परिचालन सम्बन्धी कार्यमा कानून अनुसार वातावरणीय परीक्षण सम्बन्धी व्यवस्था पालना अभिबृद्धि गर्ने | १. विकास निर्माण, उद्यम व्यवसाय, श्रोतको उपयोग सम्बन्धी कार्यमा कानून तथा नियमअनुसार वातावरणीय प्रभाव अध्ययन व्यवस्था पालना तथा अध्ययनबाट सिफारिश संरक्षणका कार्यहरुको अनिवार्य कार्यान्वयनको व्यवस्था गरिनेछ ।<br>२. वातावरण व्यवस्थापन सम्बन्धी नीति तथा कानून बारे निर्वाचित जनप्रतिनिधि, कर्मचारी, निर्माण व्यवसायी, उपभोक्ता समिति, उद्यमी र व्यवसायी तथा स्थानीय समुदाय अभिमुखीकरण तथा सचेतना अभिबृद्धि गरिनेछ ।<br>३. प्रदूषण (माटो, वायु, जल आदी) तथा यसको रोकथाम र व्यवस्थापनका उपायबारे स्थानीय स्तरमा सचेतना कार्यक्रम संचालन गरिनेछ । |
| **विपद् जोखिम व्यवस्थापन** | |

| रणनीति | कार्यनीति |
|---|---|
| १. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अवधारणाहरुलाई विकास व्यवस्थापन प्रक्रियामा मूलप्रवाहीकरण गर्ने | २. वडा तथा टोलस्तरमा विपद् व्यवस्थापन समिति तथा कार्यदल गठन गरी तालिम लगायत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. स्थानीय विपद् व्यवस्थापन संयन्त्रहरूलाई स्थानीय सामाजिक संरचनाअनुरुप लैंगिक तथा जातीय दृष्टिकोणले समावेशी बनाइनेछ ।<br>४. प्रमुख टोलहरुमा उद्दार सामग्रहरू भण्डारण र नियमित अद्यावधिक गरिनेछ ।<br>५. बायोइञ्जिनियरिङ प्रविधि प्रवर्द्धन गरी नदी, गल्छी, खहरे तथा पहिरो नियन्त्रणलाई दिगो बनाइनेछ ।<br>६. विकासका गतिविधि सञ्चालन गर्दा विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनसम्बन्धी अवधारणाहरूलाई सम्बोधन गरिनेछ ।<br>७. आवश्यक पूर्वाधारसहित सामुदायिक भवन निर्माण गरी आपत्कालका लागि सामुदायिक आश्रयस्थल सामुहिक सुरक्षित आवासको प्रवन्ध गरिनेछ ।<br>८. योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा वडा तथा टोलस्तरीय समितिलाई सहभागी गराई विपद् न्यूनीकरण तथा व्यवस्थापनलाई मूलप्रवाहीकरण गरिनेछ।<br>९. स्थानीय सरकारको क्षमता विकास कार्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय अनिवार्य रुपमा समावेश गरी संचालन गरिनेछ । |
| २. विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण, विपद व्यवस्थापनका लागि समुदाय तथा सरोकारवालासँग साझेदारी तथा सहकार्य अभिबृद्धी गर्ने | १. गाउँपालिका, गैसस र नागरिक समाज संस्था र नीजि क्षेत्रको समेत योगदान समावेश गरी स्थापित स्थानीय विपद व्यवस्थापन कोष बृद्धि र परिचालन गरिनेछ<br>२. टोल टोलमा विद्यार्थी र समुदायलाई मनोसामाजिक सहयोग प्रशिक्षण अभियानका रुपमा संचालन गरिनेछ ।<br>३. रेडक्रसको उपशाखाको संस्थागत क्षमता अभिबृद्धीमा सहयोग गरिनेछ ।<br>४. गैर सरकारी संस्था, संचार माध्यम तथा समुदायमा आधारित संस्था लगायत नागरिक समाज संस्थाहरुसँग सहकार्य गरी विपद पूर्व तयारी, जोखिम न्यूनीकरण र व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी बनाईनेछ । |
| ३. जलवायु परिवर्तन अनुकुलन लाई विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग एकीकृत गरी स्थानीय विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने | १. गाउँपालिकामा वातावरण तथा फोहोरमैला व्यवस्थापनसँग एकीकृत गरी विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन शाखा स्थापना र संचालनको व्यवस्था गरिनेछ ।<br>२. जलवायु परिवर्तन अनुकुलनका लागि पानी संलकन प्रविधि, सुख्खा पोखरी, कृषि प्रविधि तथा उत्पादन प्रविधिको विकास र विस्तार गरिनेछ ।<br>३. जलवायु परिवर्तन अनुकुलन सम्बन्धी सैद्धान्तिक र व्यवहारिक अभ्यासका बारेमा जनप्रतिनिधि, कर्मचारी र समुदायको अगुवाको लागि क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।<br>४. गाउँपालिकाको विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन र नतिजा अनुगमन गरिनेछ । |

### ६.२.४ प्रमुख रणनीतिक कार्यक्रम/आयोजना (कार्यान्वियन योजना)

गाउँपालिकाको यस प्रथम आवधिक विकास योजनाको अपेक्षित नतिजा प्राप्त गर्न स्थानीय सामुदायिक वन उपभोक्ता समूहरु, संजाल, संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ ।

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत ( रु.हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कुल लक्ष्य (२०८१/८२) | | |
| **प्रतिफल ४.१: जैविक विविधता संरक्षण, वनको संचिती, काष्ठ र गैरकाष्ठ वन पैदावरको उत्पादन बृद्धि भएको हुनेछ** | | | | | |
| १.१ वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम (ब्लक व्यवस्थापन र वन पैदावार ससत उत्पादन) | हेक्टर | ० | ६७० | ६७०० | ६० हेक्टर भन्दा बढी क्षेत्रफल भएको ७ वटा बन समूहमा लागू गर्ने |
| १.२ जडीबुटी व्यवसायिक खेती प्रवर्द्धन र प्रशोधन (टिमुर, सुनकाउली/तेजपात, चिउरी, ओखर, | हेक्टर | ० | १०० | १०००० | संभाव्यता अध्ययन, कार्ययोजना तयारी, |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु.हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कुल लक्ष्य (२०८१/८२) | | |
| बाँस, निगालो र अम्रिसो, जडिबुडीजन्य प्रजाती, अलैची, कुरिलो, मेन्था, बोझो) | | | | | उत्पादन, संकलन, प्रशोधनमा केन्द्रित गर्ने |
| १.३ हरियाली प्रवर्धन तथा वृक्षारोपण कार्यक्रम | हेक्टर | ० | ५० | २०००० | खाली डाँडापाखा र स्थानमा समुदायको सहभागितामा गर्ने |
| १.४ नीजि, कृषि वन र विरुवा उत्पादन कार्यक्रम | हेक्टर | ० | २० | ६००० | सडिवकाको सहयोगमा नर्सरी स्थापना गरी विरुवा उत्पादन गर्ने |
| १.५ वन डढेलो नियन्त्रण कार्यक्रम | हेक्टर | ० | २२०० | ५००० | अग्नी रेखा निर्माण, सरसफाई र समुदाय सचेतना तथा तालिम संचालन गर्ने |
| १.६ वनजन्तु संरक्षण कार्यक्रम | पटक | ० | ५ | १५०० | वन समूह र इकोक्लब मार्फत रतुवा मृग लगायत वन्यजन्तुको संरक्षण गर्ने |
| **वन तथा जैविक विविधता जम्मा** | | | | ४९२०० | |
| **प्रतिफल ४.२: जल, जमीन र जलाधारका अन्य श्रोतको संरक्षण तथा गुणस्तरमा बृद्धी भएको हुनेछ।** | | | | | |
| २.१ नदी, खोला खोल्सी नियन्त्रण तथा तटबन्धन | किमी | ० | ५ | ५०००० | छल्दी, पनाहा र अन्य खोलाबाट हुने क्षती न्यूनीकरण गर्ने |
| २.२ पहिरो नियन्त्रण र व्यवस्थापन | स्थान | ० | २ | १०००० | • वडा नं. ६ लुङखर्क<br>• वडा नं. ७, घोंड ओजेखोला, वालुवा पाखा, बाटुले, अर्खुल |
| २.३ पानीका मुहान संरक्षण कार्यक्रम | स्थान | ० | १०० | २००० | वडा नं. ७ को बाङग्रा समेत १०० वटा मुख्य मुहानहरु संरक्षण गरिने |
| २.४ संरक्षण ताल/पोखरी निर्माण | स्थान | ० | ७ | ३५०० | एक वडा एक संरक्षण पोखरी तथा ताल निर्माण गर्ने |
| २.५ विकासका पूर्वाधार संरक्षण | कि.मि. | ० | ७ | ५०० | सडक, सिंचाई, खानेपानी भवन जस्ता पूर्वाधारमा जैविक तथा इञ्जिनियरिङ्ग संरचना निर्माण गरी संरक्षण गर्ने |
| २.६ भू-उपयोग क्षेत्र पहिचान तथा कार्यान्वयन | पटक | ० | १ | १००० | भूबनौट, क्षमता, उपयुक्तता, वर्तमान उपयोग र आवश्यकता को आधारमा क्षेत्र निर्धारण गर्ने |
| **भूसंरक्षण तथा जलाधार व्यवस्थापन जम्मा** | | | | ६७००० | |
| **प्रतिफल ३: पर्यावरणीय स्वच्छता, सुन्दरता र वातावरणीय सरसफाईमा अभिबृद्धि भएको हुनेछ।** | | | | | |
| ३.१ पूर्ण सरसफाईको मापदण्ड र सूचकको पालना अभियान कार्यक्रम | वडा | ० | ७ | ७०० | खानेपानी तथा सरसफाई उपभोक्ता समिति र टोल स्तरीय महिला संरक्षण मंच परिचालन गरी गर्ने |
| ३.२ वडा र टोल प्रतिस्पर्धामूलक सरसफाई कार्यक्रम | टोल | ० | ७२ | २८०० | वडा समितिको पहलमा महिला संरक्षण मंच र खानेपानी र सरसफाई |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु.हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कुल लक्ष्य (२०८१/८२) | | |
| | | | | | उपभोक्तासँग साझेदारीमा गर्ने |
| ३.३ ल्याण्डफिल साइटको छनौट, साइट निर्माण र प्रशोधन कार्यक्रम | स्थान | ० | १ | १२००० | संभाव्यता अध्ययनको आधारमा डिपिआर तयार गर्ने |
| ३.४ फोहोरमैला व्यवस्थापन कार्यक्रम (सार्वजनिक स्थल र मुख्य पदमार्गमा डष्ट विन, कम्पोष्ट विन, फोहोर खाडल, तालिम) | परिवार | ० | ४४७५ | १००० | घरधुरी र संस्थागत स्तरमा व्यवस्थापन गर्ने |
| ३.५ वरपिपल, समी, तुलसी, चाँप, पाँकुरी र लाकुरी रोपण | वटा | ० | १४०० | २८०० | सार्वजनिक स्थान र सडको दायाँबायाँ केन्द्रित गर्ने |
| **वातावरण तथा फोहोमैला व्यवस्थापन जम्मा** | | | | १९३०० | |
| **प्रतिफल ४ : विपद् जोखिम तथा विपद्जन्य क्षति न्यूनीकरण भएको हुनेछ ।** | | | | | |
| ४.१ वडा तथा टोलस्तरमा विपद् व्यवस्थापन समिति गठन, क्षमता विकास (खोज उद्दार सामग्री, कृत्रिम अभ्यास, प्राथमिक उपचार तथा खोज उद्दार तालिम) | संख्या | ० | ७२ | २१६० | टोलस्तरीय महिला संरक्षण मंच परिचालन गर्ने |
| ४.२ बाढी, पहिरो र आगलागीबाट हुने जोखिम क्षेत्र, पहिचान, नक्शाकंन र पूर्व तयारी | पटक | ० | १ | १००० | गुगल तथा जिआइएस नक्शाकंन विधिबाट गर्ने |
| ४.३ न्यूनतम पूर्वाधारसहितको आपत्कालीन आश्रयस्थल निर्माण | स्थान | ० | ७२ | १४००० | हरेक टोलमा आवश्यक जग्गाको व्यवस्था सहित संरचना र सामग्री व्यवस्था गर्ने |
| ४.४ दमकल व्यवस्थापन | संख्या | ० | १ | १०००० | छिमेकी स्थानीय सरकारसँग समन्वय र सहकार्य गरी दमकलको व्यवस्था गर्ने |
| ४.५ वन्यजन्तु (बाँदर, दुम्सी, चितुवा, बँदेल) बाट सुरक्षा कार्यक्रम | वडा | ० | ७ | ५०० | साइरन, खाडल, तारबार आदीको प्रयोग निमन्त्रणको व्यवस्था गर्ने |
| ४.६ विपद व्यस्थास्थापन कोष बृद्धि तथा संचालन | पटक | ० | ५ | १२५०० | गाउँपलिकाको रकम बृद्धी गर्ने र अन्य सरोकारबाला निकाय बाट कोषमा योगदानको लागी पैरवी गर्ने |
| **विपद् व्यवस्थापन जम्मा** | | | | ४०१६० | |
| **वन, वातावरण र विपद् कुल जम्मा** | | | | १७५६६० | |

# परिच्छेद ७

# संस्थागत विकास तथा सुशासन योजना

## ७.१ वस्तुस्थिति विश्लेषण

### *पृष्ठभूमि*

प्रत्यक्ष अधिकारको संघीयताको मोडेलमा आधारित भई संविधानबाट स्थानीय सरकारहरु स्थापना भई संविधानको कार्यान्वयनमा क्रियाशिल रहेका छन् । स्थानीय सरकार जनताको घरदैलोको सरकार हो । आम नागरिक विशेष गरी विपन्न तथा पछाडि परेका वर्ग समुदायले स्थानीय सरकारबाट ठूलो अपेक्षा राखेका छन् । संवैधानिक व्यवस्था, कानूनी शासन र जनअपेक्षा अनुसार कूशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन संचालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने अहम् दायित्व स्थानीय सरकारमा रहेको छ । स्थानीय सरकारको फराकिलो संवैधानिक अधिकार क्षेत्र र साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा पनि चुलिएका छन् ।

चुलिदै गएका जनआकांक्षा पुरा गर्न परम्परागत र विगतकै सोच र तरिकाबाट संभव देखिदैन । बदलिदो परिवेशसँगै सेवा प्रवाह र विकास व्यवस्थापनमा सिर्जनात्मक र वैकल्पिक उपायहरु अबलम्बन गर्न जरुरी देखिएको छ । संगठन तथा क्षमता विकास, कर्मचारी व्यवस्थापन र अन्तर सरकार, नीजि तथा गैर सरकारी संस्था साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउने तर्फ गाउँपालिकाले विशेष ध्यान दिन आवश्यक छ । यसलाई मध्यनजर गरी सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारिता अभिबृद्धि गरी स्थानीय सुशासन कायम गर्न स्थानीय नीति, कानून, संगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत परिचालन र योजना व्यवस्थापनको वस्तुस्थिति विश्लेषण देहायअनुसार गरिएको छ ।

### *विद्यमान स्थिति तथा संभावना*

गाउँ सभाबाट शिक्षा ऐन, सहकारी ऐन, न्यायिक समितिको फैसला कार्यान्वयन कार्यविधिलाई व्यवस्थित बनेको ऐन र आर्थिक तथा विनियोजन ऐन समेत ९ वटा ऐन तयारी, प्रमाणीकरण र स्थानीय राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा रहेका छन् । यसैगरी गाउँ कार्यपालिकाबाट स्थानीय तहको अधिकार सूची अनुसार कार्यविभाजन तथा कार्यसम्पादन नियमावली लगायत ४ प्रकारका नियमावली र १७ प्रकारका कार्यविधि निर्माण भई र सो को अभ्यासमा रहेका छन् । साथै सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत नागरिक समाज संस्था समेतको सहभागितामा योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई वेवसाइट र सूचना पाटी मार्फत सार्वजनिक गर्ने अभ्यास समेत गरिएको छ ।

हाल गाउँपालिकाको केन्द्र बर्बोटमा १४ कोठा सहितको भवनमा गाउँ कार्यपालिका कार्यालय संचालनमा रहेको छ । यसैगरी वडा नम्बर १, २, ४, ५, ६ र ७ को आफ्नै भवनमा वडा कार्यालय संचालन गरी स्थानीय सरकार संचालन र सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउने प्रयास भैरहेको छ । गाउँपालिका तथा वडा कार्यालयको नाममा १२ रोपनी जग्गा दर्ता रहेको छ । एकीकृत सेवा सहितको गाउँ कार्यपालिका, सवै वडाको केन्द्रमा आधारभूत सुविधा सहित वडा कार्यालय भवन, स्वास्थ्य संस्था भवनबाट सेवा प्रवाह भैरहेको र उपरोक्त कार्यालयहरुको स्तरोन्नतिको लागि प्रयास भैरहेको छ । कार्यालयमा ४ पाङग्रे १ जिप, १७ थान मोटरसाईकल र कार्यालयमा इन्टरनेट, विषयगत सेवा प्रवाहको लागि न्यूनतम कार्यकक्ष र भौतिक सामग्रीको व्यवस्थापन गरिएको छ । संघीय संरचना अनुसार कर्मचारीको समायोजन प्रक्रियासँगै हाल गाउँपालिकामा विषय क्षेत्रगत समेत ६४ (१०४) जना कर्मचारी कार्यरत रहेका छन् ।

संघीय शासन व्यवस्था र स्थानीय तहको योजना तर्जुमा नमूना दिग्दर्शनको व्यवस्था अनुसार पहिलो पटक गाउँपालिकाको विषयगत वस्तुस्थिति विवरण तथा गाउँपालिकाको समष्टिगत आर्थिक सामाजिक विकासको लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा रणनीतिक कार्यक्रम सहितको आवधिक योजना तर्जुमा तयार गरी विकासको मार्गचित्र तयार गरिएको छ । साथै गाउँपालिकामा उपलब्ध स्रोत र संभावनालाई व्यवस्थित गर्न गाउँपालिकामा खानेपानी तथा पूर्ण सरसफाई समेत जलश्रोत व्यवस्थापन, यातायात र पर्यटन गुरुयोजना तर्जुमा गर्न लागिएको छ । बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा टोल एवं तथा वस्तीबाटै शुरु गरी सहभागितामूलक प्रक्रिया अभ्यास गरिदै आएको छ । गाउँपालिकाको मुख्य लगानीको क्षेत्रको

रुपमा कृषि, शिक्षा र सडक तथा यातायात क्षेत्रमा आवश्यक स्रोत परिचालन गरी प्राथमिकताक्रम अनुसार व्यवस्थित रुपमा संचालन गर्न ऐन्क नियम, कार्यविधि तथा सडकको मापदण्ड निर्धारण गरिएको छ । गाउँपालिकामा संचालित स्थानीय संचित कोष र अन्य स्रोतबाट संचालित आयोजना तथा कार्यक्रमको प्रगति तथा गुणस्तर कायम गर्न स्थलगत अनुगमन तथा प्रगति विवरण समीक्षा कार्यलाई नियमित गरिएकोछ ।

राजस्व परामर्श समितिको अध्ययन र शिफारिशका आधारमा मालपोत लगायत सिफारिस तथा प्रमाणितका शुल्क तथा दस्तुरका दर निर्धारण गरी सो अनुसार गत आ.व. मा करिब २६ लाख आन्तरिक आय संकलन गरिएको छ। गाउँपालिकाको कूल आय बजेटमा आन्तरिक श्रोतको योगदान मात्र ०.६५ प्रतिशत रहेको छ । आन्तरिक आयका क्षेत्रको संभाव्यता विश्लेषण गरी सुधारका कार्य संचालन गर्न राजस्व प्रक्षेपणसहितको राजस्व सुधार कार्ययोजना तयार गरी कार्यान्वयनको क्रममा रहेको छ ।

### *समस्या तथा चूनौति*

नेपालको संविधान, कार्य विस्तृतीकरण प्रतिवेदन, संघीय कानून बमोजिम गाउँपालिकाले अझै कृषि प्रसार तथा व्यवसाय प्रवर्धन, आधारभूत स्वास्थ्य तथा सरसफाई, पूर्वाधार विकास, पर्यटन तथा खेलकुद विकास, कला तथा सँस्कृति संरक्षण, महिला, बालबालिका र सशक्तिकरण लगायतका ३० भन्दा बढी विषयमा ऐन, नीति, नियम, कार्यविधि निर्माण गर्न सकेको छैन । तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिको बारेमा सबै जनप्रतिनिधि, वडा समिति, आम नागरिक विशेष गरी विपन्न तथा लक्षित वर्गलाई सूसूचित गराउने, प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र सो को पालनामा रहेको छ । विषय क्षेत्रगत रुपमा बजेट विनियोजन सन्तुलित गरी रोजगार, उत्पादनमूलक तथा आयमूलक आयोजनामा लगानी अपेक्षाकृत कम रहेको छ । आ.व. २०७४/७५ मा वेरुजु रकम शुन्य बनाउन सकिएको छैन ।

गाउँ कार्यपालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय र इकाईहरुमा आवश्यकता र दरबन्दी अनुसार शाखा प्रमुख तथा वडासचिव लगायत अन्य कर्मचारीको पदपूर्ती नहुँदा सेवा प्रवाह र कार्यसम्पादन कठिनाई भैरहेको छ । कार्यपालिका कार्यालयमा विषयगत शाखा संचालनको लागि भवन नहुँदा एकीकृत सेवा प्रवाहमा कठिनाई रहेको छ । गाउँपालिकाको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति सहित आवधिक योजना, गाउँपालिकाको विकासको अग्रणी क्षेत्रहरु पर्यटन विकास, यातायात र जलश्रोत तथा कृषि सम्बन्धी गुरुयोजना आदीको तर्जुमा भैनसक्दा ठोस तथा नतिजामुखी योजना तर्जुमाका साथै प्राथमिकता आधार र प्रक्रिया निर्धारण, मध्यकालिन खर्च संरचना तयार नहुँदा वितरणमुखी हिसाबले आयोजना तथा कार्यक्रम छनौट र बजेट विनियोजन हुने गरेको छ । फलस्वरुप आयोजना तथा कार्यक्रमलाई समयमा सम्पन्न गर्न र गुणस्तर कायम गरी ठोस उपलब्धी हासिल गर्न सकिएको छैन ।

गाउँपालिकाको अधिकार क्षेत्रका विषयमा राजस्वको संभाव्यता विश्लेषण तथा राजस्व प्रशासन सम्बन्धी ज्ञान, सीप, दक्षताको कमी तथा ऐन, कार्यविधि र कार्यप्रणाली नहुँदा आन्तरिक आय सम्बन्धी क्षेत्र पहिचान, संभाव्यता विश्लेषण, कराधार र दर निर्धारण, अनुमान तथा प्रक्षेपण गर्न र सो अनुसार करदाता शिक्षा, असुली र अभिलेख व्यवस्थित हुन सकेको छैन । जसको कारण गाउँपालिकाको विकासमा संघीय र प्रदेश सरकारको अनुदानमा पूर्ण रुपमा भर पर्नु पर्ने अवस्था रहेको छ । आन्तरिक राजस्व तथा स्रोत परिचालनको क्षमता न्यून रहेको छ ।

सेवा प्रवाह र कार्यसम्पादनमा अन्तर सरकार, नीजि क्षेत्र र गैसस र समुदायमा आधारित संस्थासँग समन्वय, सहकार्य र साझेदारी हुन सकेको छैन । गाउँपालिकामा स्थानीय गैसस, व्यवसायी र लगानीकर्तालाई आकर्षित गर्न सकिएको छैन । पर्यटन पूर्वाधार, सेवा तथा सुविधा विकास र विस्तार, कृषि प्रसार, प्रविधि हस्तान्तरण, व्यवसायिक परामर्श सेवा, पूर्वाधार विकास सम्बन्धी अध्ययन, डिजाइन इष्टिमेट, प्राविधिक सुपरभिजन, सम्पन कार्य प्रगतिको अभिलेखन र प्रकाशन जस्ता व्यवसायिक कार्यहरुमा नीजि र गैसस लगायतका सेवा प्रदायक संस्था र निकायबाट सम्पादन गर्ने कार्यको व्यवस्थापन गर्न सकिएको छैन । प्रचुर संभावनाका बाबजुद नीजि क्षेत्र र गैर सरकारी क्षेत्रसँगको साझेदारीलाई अपेक्षाकृत परिचालन गर्न सकिएको छैन ।

### *अवसर*

संघीय संरचना अनुसार प्रदेश नं. ५ को मध्य उत्तर क्षेत्रमा अवस्थित यस गाउँपालिकामा कृषि, पर्यटन विकास, जलश्रोत र वन विकास जस्ता अवसरहरु उपलब्ध रहेका छन् । यसबाट प्रर्यटनको विकास गरी गाउँपालिकाबासीले प्रत्यक्ष लाभ लिन सक्ने संभावना रहेको छ । यसैगरी गाउँपालिका जिल्ला सदरमुकाम र तराईसँग समेत छोटो दुरीमा रहेको हुँदा स्थानीय उत्पादन र उत्पादित जनशक्तिको बजार सहज रहेको छ ।

यसबाट उद्योग व्यवसाय विकास र विस्तार गरी उत्पादन र रोजगारी वृद्धिको संभावना देखिन्छ । यस गाउँपालिकामा पर्यटकीय स्थल, कृषि तथा पशुजन्य उपज, वन र जडिबुटीको विकासको लागि जिल्लाको सदरमुकाम सहित विभिन्न बजार र प्रदेशको अस्थायी राजधानी बुटवल बजारसँग सहज पहुँच रहेको छ । यस गाउँपालिका विकास साझेदार, अन्तरराष्ट्रिय र राष्ट्रिय संघ/संस्था तथा नीजि क्षेत्रको लगानीको आकर्षण केन्द्रको समेत स्थापित हुन सक्ने अवस्था रहेको छ ।

कार्यशालाबाट प्राप्त संस्थागत विकास र सुशासनसँग सम्बन्धित क्षेत्र तथा सो अन्र्तगतका उपक्षेत्रहरुको वस्तुस्थिति विश्लेषण **अनुसूची ३** मा प्रस्तुत गरिएको छ ।

## ७.२ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस गाउँपालिकाको नीति, कानून तथा सुशासन, संगठन तथा क्षमता विकास, स्रोत परिचालन र विकास व्यवस्थापन लगायत स्थानीय तहको संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएको छ ।

### ७.२.१ लक्ष्य

यस गाउँपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- गाउँपालिकाको सेवा सुविधा, विकास सम्पादन र जवाफदेहिताको स्तरमा बृद्धि हुने

### ७.२.२ उद्देश्य

गाउँपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

१. स्थानीय कार्य संचालन तथा सम्पादन प्रणाली एवं प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउनु
२. स्थानीय सेवाको व्यवस्थापन क्षमता, मानव संशाधन र कार्य दक्षतामा अभिवृद्धि गर्नु
३. गाउँपालिकाको आन्तरिक तथा वाह्य श्रोत परिचालनमा अभिबृद्धि गर्नु
४. विकास व्यवस्थापन प्रणाली सूचना प्रविधिमा आधारित, सहभागितामूलक तथा नतिजामूलक बनाउनु ।

### ७.२.३ विषयगत रणनीति तथा कार्यनीति

योजनाको संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य तथा उद्देश्य हासिल गर्न अपनाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना संचालनमा देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ ।

| रणनीति | कार्यनीति |
|---|---|
| **कानून, नीति तथा सुशासन** | |
| १. स्थानीय कानून, नीति, नियम, निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी, जवाफदेही बनाउने | १. स्थानीय तहको अधिकार क्षेत्रका विषयमा ऐन, नीति, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड निर्माण, प्रकाशन र प्रवोधीकरण गरी परिपालनामा अभिबृद्धि गरिनेछ ।<br>२. स्थानीय सरकारको जवाफदेहिता अभिबृद्धी सम्बन्धी एकीकृत संयन्त्रको विकास गरी नियमित अभ्यास गरिनेछ ।<br>३. आयोजनाको अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी स्तरीय कार्यविधि तयार गरी टोल विकास संस्था, आमा समूह, युवा क्लब, बालक्लब तथा नागरिक संस्था मार्फत सेवाग्राहीलाई जानकारी गराउने तथा सचेतना अभिबृद्धि गर्ने। |
| २. स्थानीय नीति, कानून तथा निर्णय प्रक्रियामा लक्षित | १. गाउँपालिकाको नीति, निर्णय, सेवा प्रवाह र कार्यसम्पादन बारे सेवाग्राहीसँग मत सर्वेक्षण गरी यस सम्बन्धमा पृष्ठपोषण र सुझाव प्राप्त गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| समुदाय तथा आम नागरिकको सुझाव प्राप्त गर्ने र अपनत्व बृद्धि गर्ने | २. स्थानीय सरकारको जवाफदेहिता अभिबृद्धी सम्बन्धी एकीकृत संयन्त्रको विकास गरी नियमित अभ्यास गरिनेछ ।<br>३. स्थानीय तहको ऐन, नीति, नियम, कार्यविधि र मापदण्ड बारे पदाधिकारी तथा कर्मचारीको क्षमता विकास गरिनेछ । |
| **संगठन तथा क्षमता विकास** | |
| १. स्थानीय सेवा प्रवाहलाई सरल, सहज र सेवाग्राही मैत्री बनाउने | १. गापा तथा वडा कार्यालयहरुको एकीकृत सेवा प्रवाह सहितको सुविधा सम्पन्न भवन निर्माण स्थानीय सरकारको संगठनात्मक क्षमता अभिबृद्धी गरिनेछ ।<br>२. सार्वजनिक भवन तथा अन्य संरचना निर्माण गर्दा बाल, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक मैत्री र महिलामैत्री रुपमा निर्माण गरिनेछ ।<br>३. सेवा प्रवाह र प्रशासनिक कार्यमा सूचना प्रविधिको प्रयोगमा क्रमशः बृद्धि गरिनेछ ।<br>४. वडा कार्यलयमा कम्प्यूटर अपरेटर सहित वडा कार्यलयमा कर्मचारी व्यवस्थापन गर्ने<br>५. सेवा प्रवाहको सहजता र सुविधाकोलागी सरोकारवालाको समन्वयमा कम्तीमा बर्षमा १ पटक घुम्ति सेवा शिविरको सञ्चालन गरिने छ ।<br>६. विकास कार्यमा समुदायको सहभागिता बृद्धि गर्न, वडास्तरका आयोजना संचालन गर्न र संचालित आयोजना संचालन प्रक्रिया तथा गुणस्तरमा समुदायको निगरानी बढाउन वडाका प्रत्येक टोलमा टोल सुधार समिति गठन गरी परिचालन गरिनेछ ।<br>७. उद्योग तथा व्यवसाय, पर्यटन, खानेपानी तथा सरसफाई क्षेत्रमा सेवा केन्द्र तथा इकाई स्थापना गरी सेवा संचालन गरिनेछ । |
| २. कार्यविधि निर्माण गरी सेवा प्रवाहलाई व्यवस्थित गर्ने | १. स्थानीय तहको अधिकार क्षेत्रका विषयमा कार्यविभाजन तथा कार्यसम्पादन नियमावली अनुसार सरल र स्पष्ट कार्यविधि निर्माण गरी कार्य सम्पादन र सेवा प्रवाह सुचारु गरिनेछ ।<br>२. नियमित क्षमता विकास कार्यक्रममा समावेश गरी स्वीकृत कार्यविधिको बारेमा जनप्रतिनिधि, कर्मचारी तथा नागरिक समाजलाई अभिमुखीकरण गरिनेछ।<br>३. एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, भूमिहिन, विस्थापित तथा विपन्नहरुको संस्था तथा संजाल निर्माण र क्षमता विकास गरिनेछ । |
| ३. गाउँ कायपालिका तथा वडा कार्यालयको संगठन क्षमता सुदृढीकरण गर्ने । | १. संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यविभाजन र कार्यसम्पादन नियमावली अनुसार संगठन संरचना, दरबन्दी र तह निर्धारण गरिनेछ ।<br>२. संगठन संरचना अनुसार विषय क्षेत्र समिति, शाखा, इकाई तथा वडा कार्यालय तथा कर्मचारीको कार्यविवरण तयार गरिनेछ ।<br>३. कार्यालयमा एकीकृत सेवा लागि लेआउट सहितको सोधपुछ, सहायता कक्ष, स्तनपान कक्ष र सेवाग्राही प्रतिछालय सहित कार्यकक्षको व्यवस्था गरिनेछ।<br>४. संगठन तथा क्षमता विकास रणनीति सहित गाउँपालिकाको विस्तृत क्षमता विकास योजना तयार गरी कार्यान्वयन गरिनेछ । |
| ४. सरकारी सम्पत्तीको अभिलेख तयार गरी संरक्षण र उपयोग गर्ने | १. स्वामित्वमा रहेको, अन्य सरकारी र सार्वजनिक सम्पत्ती (जग्गा, भवन तथा अन्य भौतिक संरचना) अभिलेख तयार गरी संरक्षण र सार्वजनिक हित तथा आयस्रोतको लागि व्यवस्थापन गरिनेछ ।<br>२. कार्यविधि तर्जुमा गरी गाउँपालिकाको सम्पत्तीको भाडा लगाउने तथा नष्ट भएर जाने संरचना तथा भौतिक सामग्रीको लिलामको व्यवस्था गरिनेछ ।<br>३. सरकारी तथा सार्वजनिक जग्गा, भवन र सम्पत्तीको पहिचान गरी हाल साविक गरिनेछ । |
| **श्रोत परिचालन तथा व्यवस्थापन** | |

| रणनीति | कार्यनीति |
|---|---|
| १. राजस्वको आधार, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित गरी व्यवस्थित गर्ने | १. कर तथा गैर कर राजस्व सम्बन्धी ऐन, नियम तथा कार्यविधि बारे जनप्रतिनिधि, कर्मचारी र करदारताको क्षमता विकास गरिनेछ । <br> २. स्थानीय आन्तरिक राजस्व परिचालनको संभाव्यता अध्ययन, विश्लेषण, तथा नियमित छलफल गरिनेछ । <br> ३. व्यवसाय दर्ता तथा नविकरण कार्यविधि तर्जुमा, जानकारी र प्रचार प्रसार गर्ने <br> ४. नीजि क्षेत्रलाई कर परामर्श सेवा केन्द्र संचालन गर्न प्रोत्साहन गरिनेछ । <br> ५. राजस्व सम्बन्धी आधार सूचना, अभिलेख, राजश्व संकलन, प्रशासन र खर्च व्यवस्थापमा सुधार गरिनेछ । |
| २. आन्तरिक राजस्व बृद्धिमा जोड गर्ने | १. राजस्व व्यवस्थापन सम्बन्धी एकीकृत ऐन, नियम र कार्यविधि तयार गरी प्रभावकारी कार्यान्वयन गरिनेछ । <br> २. सूचना प्रविधिमा आधारित भई आन्तरिक आयको संकलन, दाखिला तथा अभिलेखनलाई नियमित र व्यवस्थित गरिनेछ । <br> ३. राजस्व परामर्श समितिको क्रियाशिलतामा अझ बृद्धि गरिनेछ । <br> ४. आन्तरिक तथा वाह्य स्रोत परिचालनका लागि संभावित छिमेकी स्थानीय तह, प्रदेश तथा संघीय सरकारका कार्यालय तथा निकायसँग नियमित वैठक तथा छलफल गरिनेछ । |
| ३. गैसस, समुदाय, विकास साझेदार, नीजि क्षेत्र, प्रद्रेश र संघीय सरकारका निकायसँग साझेदारी विकास गर्ने | १. नीजि क्षेत्र, समुदायमा आधारित संस्था, गैसस, विकास साझेदार, प्रदेश तथा संघीय सरकारका निकायसँग नियमित वैठक, छलफल र संचार समन्वय र साझेदारी गरी स्रोत परिचालनमा बृद्धि गरिनेछ । <br> २. करदाता शिक्षा र राजस्व संकलनलाई अभियान रुपमा संचालन गरिनेछ । <br> ३. व्यवसाय दर्ता तथा नविकरण कार्यविधि तर्जुमा, जानकारी र प्रचार प्रसार गरिनेछ । <br> ४. नीजि क्षेत्रलाई कर परामर्श सेवा केन्द्र संचालन गर्न प्रोत्साहन गरी सेवाग्राहीलाई सहजीकरण गरिनेछ । |
| **विकास व्यवस्थापन** | |
| १. योजना व्यवस्थापन प्रक्रियालाई सरल, सेवाग्राहीमैत्री र पारदर्शी बनाउने | १. योजना वैंक सम्बन्धी कार्यविधि तयार गरी योजना वैंक तयार गरिनेछ र डिपिआर तयार तथा संभाव्यता अध्ययन भएका आयोजनामा मात्र बजेट विनियोजनको व्यवस्था गरिनेछ । <br> २. कार्यविधि तयार गरी डिपिआर तयार तथा संभाव्यता अध्ययन भएका आयोजनामा मात्र बजेट विनियोजनको व्यवस्था गरिनेछ । <br> ३. आयोजनाको प्राविधिक लगत ईस्टिमेट नेपाली भाषामा तयार गर्ने व्यवस्था गरी कार्यान्वयन गरिनेछ । <br> ४. पुर्वाधार विकास गर्दा अपाङ्ग तथा वालमैत्री अवधारणा लागु गरिनेछ । |
| २. योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित, सहभागितामूलक र नतिजामूलक बनाउने | १. योजना तर्जुमा तथा संचालन गर्दा जनसहभागिता अभिवृद्धि गरिनेछ । <br> २. आयोजना कार्यान्वयनलाई व्यवस्थित, गुणात्मक र परिणाममुखी बनाइनेछ <br> ३. आवधिक योजना र मध्यकालिन खर्च संरचना अनुसार नतिजामूलक ढाँचामा बार्षिक योजना तजुमाको गरिनेछ । <br> ४. १५ लाख भन्दा माथीका लागतका आयोजनाको स्वतन्त्र प्राविधिक परीक्षकद्धारा प्रभाव मूल्याङ्कन गरिनेछ । <br> ५. नीति, योजना तथा कार्यक्रमको नियमित, बार्षिक, मद्यावधी र आवधिक अनुगमन तथा मूल्याङ्कन कार्यविधि निर्माण, अनुगमन योजना तयार तथा चौमासिक र बार्षिक समीक्षा र प्रमुख आयोजनाको प्रभाव मूल्याङ्कन गरिनेछ |
| ३. गैसस, नीजि क्षेत्र, समुदायमा आधारित संस्थासँग समन्वय र साझेदारीमा अभिबृद्धि गर्ने | १. गैसस तथा समुदायमा आधारित संस्था समन्वय कार्यविधि तयार गरी नियमित वैठक तथा अन्तरक्रिया संचालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २. गैसस, समुदाय, विकास साझेदार, नीजि क्षेत्र, प्रद्रेश र संघीय सरकारका निकायसँग समन्वय वैठक तथा साझेदारीका क्षेत्रबारे अन्तरक्रिया गरिनेछ ।<br>३. टोल विकास संस्था गठन गरी सामाजिक परिचालनलाई प्रभावकारी बनाइनेछ । |
| ४. सडक, भवन तथा पूर्वाधार निर्माण मापदण्ड तयार गर्ने | १. जमीनको भूबनौट, क्षमता, वर्तमान उपयोग तथा गाउँपालिकाको आवश्यकता अनुसार भूक्षेत्र निर्धारण गरी भू-उपयोग क्षेत्र निर्धारण र योजना तर्जुमा गरी लागु गरिनेछ ।<br>२. भूउपयोग योजना र निर्धारित क्षेत्र अनुसार वस्ती विकास तथा पूर्वाधार विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>३. सडकको वर्गीकरण, नामाकरण र मापदण्ड सहित प्राथमिकता निर्धारण गर्ने।<br>४. भवन निर्माण मापदण्ड तथा नियमावली तर्जुमा गरी लागू गरिनेछ । |

## ७.२.४ प्रमुख रणनीतिक कार्यक्रम आयोजना (कार्यान्वयन योजना योजना)

आवधिक योजनाको संस्थागत विकास र सुशासन क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिका स्रोत, स्थानीय संघ संस्था, समुदाय, नीजि क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ ।

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (२०७५/०७६) | कूल लक्ष्य (२०८१/८२) | | |
| **प्रतिफल ५.१: स्थानीय कार्य संचालन तथा सम्पादन प्रणाली एवं प्रक्रिया सरल, स्पष्ट र पारदर्शी भएको हुनेछ (ऐन, नीति, नियम तथा सुशासन) ।** | | | | | |
| ५.१.१ ऐन, नियम, कार्यविधि र निर्देशिका निर्माण, प्रवोधीकरण तथा प्रकाशन | विषय | ३० | ६० | ५५०० | - संविधानको अनुसूची ८ र ९ मा उल्लिखित विषय क्षेत्र मध्ये बाँकी रहेका विषयमा केन्द्रित हुने (ऐन ६, नियम:९ र कार्यविधि निर्देशिका: १३ वटा) र आवश्यकता अनुसारका ऐन, नियम र कार्यबिधि तर्जुम गर्ने |
| ५.१.२ स्थानीय सरकार शासकीय सुधार तथा व्यवस्थापन परीक्षण कार्यक्रम | पटक | ० | २ | २००० | - आवधिक विकास योजनाको मद्यावधी तथा अन्तिम मूल्याङ्कन प्रक्रियासँग एकीकृत गरी संचालन गर्ने |
| ५.१.३ सुशासन तथा जबाफदेहिता प्रवर्द्धन कार्यक्रम | पटक | ७ | २१ | ८०० | - सामाजिक जवाफदेहिता अभिबृद्धीको एकीकृत औजारहरुको मार्गानिर्देशिका तयारी, नियमित अनुसरण गर्ने र स्वमूल्याँङ्कन गर्ने |
| ५.१.४ सूचना प्रविधिमैत्री शासन प्रवर्धन | पटक | ० | ५ | ५००० | - घटना दर्ता, योजना, खरिद, SUTRA जिन्सी, सम्पत्तीको अभिलेख, प्रशासन र प्रतिवेदन व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग गर्ने |
| ५.१.५ विवाद मध्यस्थता, कानूनी साक्षरता तथा मेलमिलाप कार्यक्रम | पटक | १ | २ | २००० | - न्यायिक समितिको संयोजनमा मेलमिलाप कर्ताद्धारा स्थानीय विवाद समाधान गर्ने<br>- वडा समिति र टोल सुधार समितिको सहयोग कानूनी साक्षरता कक्षा संचालन गर्ने |
| **नीति, नियम र सुशासन जम्मा** | | | | १५३०० | |
| **प्रतिफल ५.२: स्थानीय सेवाको व्यवस्थापन क्षमता, मानव संशाधन र कार्य दक्षतामा अभिवृद्धि भएको हुनेछ (संस्थागत विकास)।** | | | | | |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (२०७५/०७६) | कूल लक्ष्य (२०८१/८२) | | |
| १.२.१ एकीकृत विषयगत सेवा सहितको गाउँ कार्यपालिका र वडा कार्यालय भवन निर्माण र स्तरोन्नती | पटक | १० | ५ | ५०००० | - वडा नं ३ र ७ भवन निर्माण गर्ने<br>- बाँकी वडामा भवन स्तरोन्नती गरी, कार्यकक्ष तथा वैठक कक्ष व्यवस्थापन गर्ने । |
| १.२.२ स्थानीय सरकारको कार्य सम्पादन तथा संस्थागत लेखाजोखा कार्यक्रम | पटक | ० | २ | १५०० | - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट उपलब्ध स्थानीय तह संस्थागत लेखाजोखा प्रणाली (लिसा) को आधारमा संचालन गर्ने |
| १.२.३ अन्तर स्थानीय तह अध्ययन, परामर्श तथा टिम विल्डिङ कार्यक्रम | पटक | ० | ५ | ५००० | - पदाधिकारी र कर्मचारीलाई उत्कृष्ट कार्यसम्पादन गरीरहेका स्थानीय सरकारसँग परामर्श गर्ने र पदाधिकारी र कर्मचारी टिम विल्डिङ्ग सेसन संचालन गर्ने |
| १.२.४ कर्मचारी प्रोत्साहन कार्यक्रम | जना | ० | १० | १००० | - पुरस्कार र सुविधासहित कर्मचारी प्रोत्साहन कार्यविधि तयार गर्ने<br>- कार्यविधि बमोजिम बार्षिक २ जनाको दरले १० जनालाई पुरस्कृत वा थप कार्य वापत मासिक सुविधा प्रदान गर्ने |
| १.२.५ जनप्रतिनिधि तथा कर्मचारी क्षमता अभिबृद्धि कार्यक्रम | विषय | २ | ७ | ७००० | - ऐन, नियम र कार्यविधि तर्जुमा विषयवस्तु र सम्पादन प्रक्रिया<br>- योजना तर्जुमा, कार्यान्वयन, खरिद व्यवस्थापन, अनुगमन तथा गुणस्तर अभिवृद्धि<br>- उपभोक्ता समितिको क्षमता विकास र योजना व्यवस्थापन (प्राविधिक र व्यवस्थापकीय पक्ष)<br>- प्राविधिक कर्मचारीका लागि विद्युतीय खरिद प्रक्रिया, नयाँ, निर्माण सामग्री, गुणस्तर र आयोजना व्यवस्थापन<br>- जनप्रतिनिधि तथा कर्मचारीका लागि सफ्टवयर, इविडिङ्ग र सूचना प्रविधि प्रयोग<br>- विषयगत तालिम (कृषि, पशु विकास, पर्यटन, उद्यम विकास, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, वातावरण तथा विपद) |
| १.२.६ टोल विकास संस्था गठन र परिचालन, युवा क्लव गठन र परिचालन | संख्या | ० | ३५ | १००० | - वडा अन्तर्गत प्रमुख टोलहरुमा टोल संरक्षण महिला मञ्च (७२ वटा) गठन गरी गाउँपालिकामा दर्ता र नविकरण प्रक्रिया अद्यावधिक गर्ने ।<br>- युवा लक्षित कार्यक्रमहरु व्यापक र प्रभावकारी बनाउने तथा प्रत्येक वडाहरुमा एक बहुउद्देश्यीय खेलमैदान निर्माण गर्ने ।<br>- युवाहरुलाई संस्थागत सहयोग, बालविवाह, मदिरा न्यूनीकरण, सेवा |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (२०७५/०७६) | कूल लक्ष्य (२०८१/८२) | | |
| | | | | | प्रवाह लगायत सचेतनामुलक कार्यमा सहजीकरण गर्ने । <br>- नमूना विधान र दर्ता तथा अभिलेख, नियमन र क्षमता विकास सम्बन्धी कार्यविधि तयार गर्ने |
| १.२.७ आन्तरिक नियन्त्रण प्रणाली स्थापना र सुदृढीकरण | पटक | ० | ५ | ८०० | - आन्तरिक लेखा परीक्षण कार्यविधि निर्माण, कर्मचारी र कार्यकक्षको व्यवस्था गर्ने |
| १.२.८ गाउँ कार्यापालिका विषयगत शाखा र वडा कार्यालयको कार्यकक्ष, प्रतिक्षालय, उपकरण, प्रविधि र भौतिक सुधार | शाखा | १० | १३ | ५००० | - आन्तरिक लेखा परीक्षण, वन तथा वातावरण, सामाजिक विकास, वास, स्वास्थ्य, शिक्षा, आयुर्बेद, बिपद, पुनर्निमाण, आर्थिक विकास, कानून तथा मेलमिलाप, सहकारी, सामाजिक सुरक्षा तथा पंजिकरण, राजश्व र सूचना प्रबिधि शाखा, इकाईको लागि कायकक्ष र भौतिक सुविधाको व्यवस्था गर्ने <br>- एकीकृत सेवा प्रवाहका लागि लेआउट सहितको सोधपुछ कक्ष, सहायता कक्ष, स्तनपान कक्ष र सेवाग्राही प्रतिक्षालय सहितको कार्यकक्ष व्यवस्थापन गर्ने |
| १.२.९ संगठन तथा व्यवस्थापन सर्वेक्षण, विकास तथा सुदृढीकरण कार्यक्रम | पटक | ० | १ | ५०० | - कार्यविभाजन र कार्यसम्पादन नियमावली अनुसार संगठन संरचना, दरबन्दी र तह निर्धारण गर्ने <br>- समिति, शाखा, इकाई, वडा कार्यालय तथा कर्मचारीको कार्य विवरण तयार गर्ने <br>- संगठन तथा क्षमता विकास रणनीति सहित विस्तृत क्षमता विकास योजना तयार गर्ने |
| १.२.१० लक्षित वर्ग संस्थागत संरचना तथा क्षमता विकास कार्यक्रम | पटक | ० | ३५ | ३५०० | - एकल महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, भूमिहिन, विस्थापित तथा विपन्नहरुको संयन्त्र तथा संजाल निर्माण र क्षमता विकास गर्ने <br>- यस सम्बन्धी कार्यविधि तर्जुमा गरी संस्था र संजाल निर्माण गर्ने |
| १.२.११ न्यायिक समिति र मेलमिलाप केन्द्र संचालन तथा न्यायिक कार्य सम्पादन भौतिक सुधार कार्यक्रम | पटक | ७ | ५ | १००० | - कार्यपालिका कार्यालय र वडा कार्यालयमा व्यवस्था गर्ने <br>- प्रत्येक वडा नछुट्ने गरी मेलमिलापकर्तालाई तालिम संचालन गरी मेलमिलापकर्ता तयार गर्ने । <br>- स्थानीय तहको न्याय सम्पादन कक्षको व्यवस्था गर्ने |
| **संस्थागत विकास जम्मा** | | | | ७६३०० | - |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (२०७५/०७६) | कूल लक्ष्य (२०८१/८२) | | |
| **प्रतिफल ५.३ गाउँपालिकाको आन्तरिक तथा वाह्य श्रोत परिचालनमा अभिबृद्धि भएको हुनेछ (श्रोत परिचालन)।** | | | | | |
| १.३.१ आन्तरिक आयको संभावना अध्ययन र प्रक्षेपण (राजश्व सुधार कार्ययोजना तर्जुमा) | पटक | ० | १ | १००० | - राजश्व सुधार कार्ययोजना तर्जुमा गर्ने<br>- करदाता शिक्षा र राजस्व संकलन अभियान संचालन गर्ने<br>- व्यवसाय दर्ता तथा नविकरण कार्यविधि तर्जुमा, जानकारी र प्रचार प्रसार गर्ने |
| १.३.२ करदाता शिक्षा कार्यक्रम | पटक | ० | ७० | ४२०० | - कर, शुल्क, दस्तुरको दर, संकलन प्रक्रिया, छुट तथा दण्डको व्यवस्थाबारे वडा तथा समुदायस्तरमा टोल सुधार समित मार्फत करदाता शिक्षा कक्षा संचालन गर्ने (प्रत्येक वडामा वार्षिक २ पटक) |
| १.३.३ उत्कृष्ट करदाता प्रोत्साहन कार्यक्रम | जना | ० | ५ | ३०० | - कार्यविधि तथा आधार बनाएर वार्षिक १ जना करदातालाई प्रोत्साहन गर्ने |
| १.३.४ राजस्व शाखा स्थापना र सुदृढीकरण | पटक | ० | ८ | २००० | - कर्मचारी क्षमता विकास, सफ्टवेयर सञ्चालन, कर्मचारी तथा भौतिक सामग्री सहित कार्यकक्ष व्यवस्थापन, राजश्व र पंजिकरण अनलाईन प्रबिधिबाट संचालन गर्ने |
| १.३.५ अन्तर स्थानीय तह, संघीय तथा प्रदेश, निजि क्षेत्र र विकास साझेदार समन्वय कार्यक्रम | पटक | ० | ५ | २००० | - संभावित छिमेकी स्थानीय तह, संघीय तथा प्रदेशसरकारका कार्यालय तथा निकायसँग नियमित वैठक तथा छलफल गर्ने<br>- निजि क्षेत्र र विकास साझेदार संग समन्वय वैठक गर्ने ।<br>- गैसस डेक्स स्थापना तथा संचालन |
| १.३.६ वित्तिय व्यवस्थापन सुधार कार्यक्रम | पटक | ० | ५ | १२०० | - आधार सूचना, अभिलेख, राजश्व संकलन, प्रशासन र खर्च व्यवस्थापमा सुधार गर्ने |
| **स्रोत परिचालन जम्मा** | | | | १०७०० | - |
| **प्रतिफल ५.४ स्थानीय विकास व्यवस्थापन प्रणाली सूचना प्रविधिमा आधारित, सहभागितामूलक तथा नतिजामूलक भएको हुनेछ (विकास व्यवस्थापन)।** | | | | | |
| १.४.१ आयोजना वैंक, आयोजना पूर्व संभाव्यता अध्ययन तथा डिपिआर तयारी | पटक | ० | ५ | २५००० | - आयोजना वैंक सम्बन्धी कार्यविधि तयार गरी आयोजना वैंक तयार गर्ने,<br>- प्राथमिकता प्राप्त आयोजनाको संभाव्यता अध्ययन र डिपिआर तयार गर्ने |
| १.४.२ आवधिक तथा विषयगत गुरुयोजना तर्जुमा र अद्यावधिक कार्यक्रम | विषय | १ | ४ | ४००० | - पर्यटन, यातायात, भूउपयोग र कृषि, शिक्षा सम्बन्धी गुरुयोजना तर्जुमा, मद्यावधी तथा अन्तिम समीक्षा र अद्यावधिक गर्ने |
| १.४.३ तेश्रो पक्षवाट प्राविधिक परीक्षण कार्यक्रम | आयोजना | ० | १५ | ७५०० | - १५ लाख भन्दा माथीका लागतका आयोजनाको स्वतन्त्र प्राविधिक |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष (२०७५/०७६) | कूल लक्ष्य (२०८१/८२) | | |
| | | | | | परीक्षकद्धारा प्रभाव मूल्याङ्कन गर्ने ( वार्षिक ३ वटा) |
| १.४.४ उपभोक्ता समिति क्षमता विकास कार्यक्रम | पटक | ० | ३५ | १५०० | - आयोजनाको व्यवस्थापकीय र प्राविधिक पक्ष बारे उपभोक्ता समितिका पदाधिकारीलाई तालिम प्रदान गर्ने (प्रत्येक वर्ष प्रत्येक वडामा १ पटक) |
| १.४.५ मद्यकालिन खर्च संरचना तर्जुमा | पटक | ० | २ | १५०० | - आवधिक योजनाको मद्यावधि र अन्तिम मूल्याङ्कन गर्ने तथा मध्यकालिन खर्च संरचना तयार गरी वार्षिक अद्यावधिक गर्ने |
| १.४.६ वस्तुस्थिति विवरण तयारी तथा अद्यावधिक कार्यक्रम | पटक | ० | १ | १५०० | - घरधुरी सर्वेक्षण, संस्थागत सूचना तथा श्रोत नक्शा डिजिटल प्रोफाईल अद्यावधिक गर्ने |
| १.४.७ नतिजामूलक अनुगमन, मुल्याङ्कन प्रणाली तथा गुणस्तर सुदृढीकरण | पटक | ० | ५ | ३००० | - नीति, योजना तथा कार्यक्रमको नियमित, बार्षिक, मद्यावधी र आवधिक अनुगमन तथा मूल्याङ्कन कार्यविधि निर्माण गर्ने, योजना तयार गर्ने र चौमासिक र बार्षिक समीक्षा गर्ने<br>- विषयक्षेत्रगत एकीकृत योजना प्रणाली लागु गर्ने |
| **विकास व्यवस्थापन जम्मा** | | | | ४४००० | - |
| **संस्थागत विकास कूल जम्मा** | | | | १४६३०० | |


# परिच्छेद ८
# कार्यान्वयन व्यवस्था

## ८.१ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना

आवधिक विकास योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न संघीय शासन व्यवस्था अनुसार संवैधानिक अधिकारसहित स्थापित यस गाउँपालिकाले तत्काल संवैधानिक व्यवस्था बमोजिम कार्यविभाजन तथा कार्यसम्मादन नियमावली तयार तथा स्वीकृत गरी लागू गर्नु पर्ने देखिन्छ । यसैगरी कर्मचारी समायोजन भैसकेको अवस्थामा वडा कार्यालय समेत गाउँ कार्यपालिकाबाट प्रवाह गर्ने सेवा सुविधा र सम्पादन गर्ने कार्यलाई प्रभावकारी र नतिजामुखी बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यालयको संगठन संरचना, कर्मचारी दरबन्दी र कार्यविवरण तयार गर्नु पर्ने देखिन्छ । यस गाउँपालिकाको सन्दर्भमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रस्तावित नमूना संगठन संरचना तथा कर्मचारी दरबन्दीलाई अनुशरण गर्ने प्रयास गरिएको छ ।

उक्त संगठन संरचना अनुसार यस गाउँपालिकाको सन्दर्भमा प्रशासन तथा अनुगमन शाखा, पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा, सामाजिक विकास शाखा, शिक्षा युवा तथा खेलकुद शाखा, आर्थिक प्रशासन शाखा, आन्तरिक लेखापरीक्षण इकाई, स्वास्थ्य तथा सरसफाई र कृषि तथा पशु विकास सेवा केन्द्र गरी ७ वटा शाखाहरु प्रस्ताव गरिएका छन् । प्रस्तावित संगठन अनुसार कतिपय शाखा, उपशाखा, इकाई स्थापना भई संचालनमा रहेका छन् भने कतिपय गठनको प्रक्रियमा रहेका छन् यसैगरी प्रस्तावित दरबन्दी अनुसार केही शाखा, इकाई र केन्द्रमा कर्मचारीको पदपुर्ती भएको छ भने कतिपयमा हुन बाँकी रहेको छ । उपलब्ध विवरण अनुसार यस गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत समेत १२ जना अधिकृत, ७८ जना सहायकस्तर र १५ जना कार्यालय सहयोगी कार्यरत रहेका छन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट यस गाउँपालिकाको लागि प्रस्तावित संगठन संरचना देहायअनुसार रहेको छ ।

धुर्कोट गाउँपालिका, गुल्मी
गाउँ कार्यपालिकाको कार्यालयको संगठन संरचना




गाउँपालिकाको प्रथम आवधिक योजना लक्ष्य, उद्देश्य एवम् विषय क्षेत्रगत लक्ष्य, उद्देश्य हासिल गर्नका खातिर प्रस्तुत कार्यक्रम संचालन गर्न देहायअनुसार मानव संशाधन प्रस्ताव गरिएको छ । उक्त मानव संशासन स्थानीय सेवा संचालनको नियमित प्रक्रिया, सेवा करार र सेवा खरिद गरी व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

| सेवा/शाखा वा पद | स्तर अनुसार आवश्यक मानव संशाधन (जना) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अधिकृत स्तर आठौं | अधिकृत स्तर सातौ | अधिकृत स्तर छैटौ | सहायक स्तर पाँचौ | सहायक स्तर चौथो | श्रेणी विहिन वा अन्य | जम्मा |
| प्रशासन तथा स्थानीय कानून | ० | १ | ० | ८ | १ | ११ | २१ |
| कृषि, पशु विकास तथा पर्यटन | ० | ० | १ | २ | १४ | ० | १७ |
| शिक्षा, युवा तथा खेलकुद विकास | १ | ० | १ | १ | ० | ० | ३ |
| जनस्वास्थ्य, पोषण र सरसफाई | १ | १ | ७ | १६ | २० | ९ | ५४ |
| महिला बालबालिका र समाज कल्याण | ० | ० | ० | १ | १ | ० | २ |
| सामाजिक सुरक्षा तथा पञ्जिकरण | ० | ० | ० | १ | १ | ० | २ |
| पूर्वाधार विकास, योजना तथा अनुगमन | ० | १ | १ | २ | ४ | ० | ८ |
| वातावरण तथा विपद व्यवस्थापन | ० | ० | १ | १ | ० | ० | २ |
| आर्थिक प्रशासन तथा राजस्व | ० | ० | १ | २ | ७ | ० | १० |
| **जम्मा** | २ | ३ | १२ | ३४ | ४८ | २० | ११९ |

नोटः यस प्रस्तावमा विद्यालयमा अध्यापन गर्ने शिक्षकहरु समावेश गरिएको छैन :

## ८.२ स्रोत अनुमान तथा प्रक्षेपण

गाउँ कार्यपालिकाको नेतृत्वमा तर्जुमा भएको यस प्रथम आवधिक विकास योजना गाउँपालिका लगायत स्थानीय स्तरका सबै सरोकारवालाहरुको सार्थक सहयोग र प्रयत्नबाट कार्यान्वयन हुनेछ। नतिजा तालिकामा उल्लेखित नतिजा प्राप्त गर्न तर्जुमा गरिएको कार्यान्वयन तथा लगानी योजनामा गाउँपालिकाले आन्तरिक र वाह्य श्रोतबाट हासिल गर्ने आयका अतिरिक्त सबै सरोकारवाला स्रोतहरुको प्रक्षेपण गरी योजनाको लागि उपलब्ध हुन सक्ने कूल स्रोतको प्रक्षेपण गरिएको छ। आवधिक योजनाको ५ वर्ष अवधिका लागि आन्तरिक, वाह्य श्रोत, जनसहभागिता र अन्य स्रोतबाट जम्मा ३ अरब २० करोड १ लाख ९ हजार स्रोत उपलब्ध हुन सक्ने अनुमान गरिएको छ। स्रोत अनुसारको संभाव्य आय प्रक्षेपण विस्तृतमा देहायअनुसार प्रस्तुत गरिएको छ।

***तालिका ६: प्रक्षेपण गरिएको आवधिक/बार्षिक बजेट***

| बजेटका श्रोतहरु | वार्षिक प्रक्षेपण (आर्थिक बर्ष अनुसार रकम रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७७/७८ | २०७९/८० | २०७९/८० | कूल |
| आन्तरिक आय रकम | २५०० | ३३०० | ३९६० | ४७५२ | ५७०२ | ६८४३ | २४५५७ |
| संघ सरकारको राजस्व बाँडबाँड रकम | ५८९०० | ६९५०० | ७९९२५ | ९१९१४ | १०५७०१ | १२१५५६ | ४६८५९५ |
| प्रदेश सरकारको राजस्व बाँडबाँड रकम | ४५९५ | ५९८३ | ६८८० | ७९१३ | ९०९९ | १०४६४ | ४०३४० |
| रोयल्टीबाट प्राप्त रकम | ० | १२८० | १५३६ | १८४३ | २२१२ | २६५४ | ९५२५ |
| संघ सरकार वित्तीय समानीकरण अनुदान | ८३३०० | ९१३०० | १०४९९५ | १२०७४४ | १३८८५६ | १५९६८४ | ६१५५७९ |
| संघ सरकार सशर्त अनुदान | १६७६०० | १९७९०० | २२७५८५ | २६१७२३ | ३००९८१ | ३४६१२८ | १३३४३१७ |
| संघ सरकार विशेष अनुदान | ० | १५००० | ० | ० | ० | ० | १५००० |
| संघ सरकारबाट प्राप्त समपुरक अनुदान | ० | १५००० | २०००० | २२००० | २४२०० | २६६२० | १०७८२० |
| प्रदेश सरकार समानीकरण अनुदान | ४०९६ | ४१४० | ४७६१ | ५४७५ | ६२९६ | ७२४१ | २७९१३ |
| प्रदेश सरकारबाट प्राप्त ससर्त अनुदान | ९६०० | ८००० | ९२०० | १०५८० | १२१६७ | १३९९२ | ५३९३९ |
| प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान | ० | ५००० | ० | ० | ० | ० | ५००० |
| प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान | ० | १५००० | १०००० | ११००० | १२१०० | १३३१० | ६१४१० |
| गैसस, अगैसस, विकास साझेदारबाट संचालित आयोजना/कार्यक्रममा लगानी | ७२०० | ९००० | ९९०० | १०८९० | ११९७९ | १३१७७ | ५४९४६ |
| समुदायको लगानी तथा योगदान रकम | २००८९ | ३७६०५ | ४१३६६ | ४५५०२ | ५००५२ | ५५०५७ | २२९५८२ |
| निजी क्षेत्रको लगानी रकम | ० | २४८२९ | २७३१२ | ३००४३.१ | ३३०४७ | ३६३५२ | १५१५८४ |
| **कूल बार्षिक बजेट** | ३५७८८० | ५०२८३७ | ५४७४२० | ६२४३७९ | ७१२३९४ | ८१३०७९ | ३२००१०९ |

नोटः

- *नोटः यस तालिकामा आव २०७५/७६ को संशोधित आयलाई आधार वर्षको आय र आ.व. २०७६/७७ को लागि प्रस्तावित आयलाई नै सो वर्षको अनुमानित आयको रुपमा गणना गरिएको छ।*
- *कुल आयमा आव २०७५/७६ को संशोधित आयलाई समावेश गरिएको छैन। २०७६/७७ देखि २०८०/८१ (५ वर्षको) आयलाई मात्र कुल अनुमानित आयमा समावेश गरिएको छ।*

❖ *सामजिक सुरक्षातर्फको आय एवं अन्य स्थानीय तह, जिल्ला समन्वय समितिबाट प्राप्त हुनसक्ने आयलाई यस प्रक्षेपणमा समावेश गरिएको छैन ।*


## ८.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट

कार्यशाला गोष्ठीको छलफल, प्राविधिक संभाव्यता तथा प्रति इकाई लागतका आधारमा आवधिक विकास योजनाको नतिजा प्राप्त गर्नका लागि प्रस्तावित आयोजना तथा कार्यक्रम लगायत अति आवश्यक नियमित तथा सालबसाली कार्यक्रम संचालन गर्न आवश्यक स्रोतको अनुमान गरिएको छ । सो अनुसार आवधिक विकास योजना अवधिका लागि कूल ३ अरब, २३ करोड, ५१ लाख ६० हजार स्रोत आवश्यक पर्ने अनुमान गरिएको छ । यस आवधिक विकास योजनामा प्रस्तावित आयोजना तथा कार्यक्रमको **अनुसूची ६** मा प्रस्तुत प्रति इकाई लागत अनुमानको आधारमा गरिएको छ। यसका लागि हाल बार्षिक ५४ करोड, ७४ लाख २० हजार परिचालनको अनुमान रहेकोमा योजनाको पाँचौ बर्षमा बार्षिक ८१ करोड ३० लाख ७९ हजार लगानी हुने देखिन्छ । योजनाको प्रतिफल वा विषय क्षेत्रअनुसारको अनुमानित रकम देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छः

**तालिका ८: विषयक्षेत्र अनुसार कुल प्रस्तावित बजेट**

| सि. नं. | विषय क्षेत्र तथा उप क्षेत्र | रकम (रु. हजारमा) | प्रतिशत |
|---|---|---|---|
| **उद्देश्य १** | **आर्थिक विकास** | **६७७५००** | **२०.९४** |
| प्रतिफल १.१ | कृषि विकास | १५५००० | ४.७९ |
| प्रतिफल १.२ | सिंचाई विस्तार | ९०००० | २.७८ |
| प्रतिफल १.३ | पशु विकास | २०९००० | ६.४६ |
| प्रतिफल १.४ | पर्यटन प्रवर्धन | १४२००० | ०.६२ |
| प्रतिफल १.५ | कला तथा सँस्कृती | २०००० | १.५९ |
| प्रतिफल १.६ | उद्योग र व्यापार | ५१५०० | १.५९ |
| प्रतिफल १.७ | वित्तीय सेवा, श्रम र रोजगार | १०००० | ०.३१ |
| **उद्देश्य २** | **सामाजिक विकास** | **१०७८९००** | **३३.३५** |
| प्रतिफल २.१ | शैक्षिक विकास | २७७१०० | ८.५७ |
| प्रतिफल २.२ | स्वास्थ्य तथा पोषण | ३०८८०० | ९.५५ |
| प्रतिफल २.३ | खानेपानी तथा सरसफाई | ३४३४०० | १०.६१ |
| प्रतिफल २.४ | लक्षित वर्ग तथा समावेशीकरण | ६९७०० | २.१५ |
| प्रतिफल २.५ | युवा तथा खेलकुद | ७९९०० | २.४७ |
| **उद्देश्य ३** | **पूर्वाधार विकास** | **११५६८००** | **३५.७६** |
| प्रतिफल ३.१ | सडक तथा यातायात | ८५९००० | २६.५५ |
| प्रतिफल ३.२ | आवास, भवन र शहरी विकास | २२४८०० | ६.९५ |
| प्रतिफल ३.३ | विद्युत तथा वैकल्पिक उर्जा | ६५००० | २.०१ |
| प्रतिफल ३.४ | सूचना तथा संचार | ८००० | ०.२५ |
| **उद्देश्य ४** | **वन तथा वातावरण** | **१७५६६०** | **५.४३** |
| प्रतिफल ४.१ | वन तथा जैविक विविधता | ४९२०० | १.५२ |
| प्रतिफल ४.२ | भू तथा जलाधार व्यवस्थापन | ६७००० | २.०७ |
| प्रतिफल ४.३ | वातावरण व्यवस्थापन | १९३०० | ०.६० |
| प्रतिफल ४.४ | विपद व्यवस्थापन र जलवायु | ४०१६० | १.२४ |
| **उद्देश्य ५** | **संस्थागत विकास र सुशासन** | **१४६३००** | **४.५२** |
| प्रतिफल ५.१ | नीति तथा कानून | १५३०० | ०.४७ |
| प्रतिफल ५.२ | संगठन तथा क्षमता विकास | ७६३०० | २.३६ |
| प्रतिफल ५.३ | श्रोत परिचालन | १०७०० | ०.३३ |
| प्रतिफल ५.४ | विकास व्यवस्थापन | ४४००० | १.३६ |
| **कुल जम्मा** | | **३२३५१६०** | **१००.००** |

आवधिक विकास योजनामा प्रस्तावित विषय क्षेत्र स्रोत अनुमानलाई देहायननुसार रेखाचित्रमा प्रस्तुत गरिएको छः




## ८.४ श्रोत परिचालन रणनीति

आवधिक विकास योजनामा प्रस्तावित आयोजना तथा कार्यक्रम संचालन गरी अपेक्षित नतिजा हासिल गर्न कूल ३ अरब, २३ करोड ५१ लाख ६० हजार रुपैया आवश्यक पर्ने अनुमान गरिएको छ। आवधिक विकास योजनाको अवधि ५ बर्षमा विभिन्न स्रोतहरुबाट रु ३ अरब २० करोड १ लाख ९ हजार श्रोत प्रक्षेपण गरिएकोमा ३ करोड ५० लाख ५१ हजार रुपैया अर्थात १.१ प्रतिशत रकम अपुग हुने देखिन्छ। यस सम्बन्धी विवरण देहायअनुसार तालिमामा प्रस्तुत गरिएकोछ।

रकम रु. हजारमा

| आवश्यक श्रोत अनुमान तथा उपलब्ध हुन सक्ने बजेट अनुमान | रकम | प्रतिशत |
|---|---|---|
| आवधिक योजनाको आवश्यक श्रोत अनुमान | ३,२३,५१,६० | १००.० |
| आवधिक योजना अवधिमा उपलब्ध हुन सक्ने श्रोतको प्रक्षेपण | ३,२०,०१,०९ | ९८.९ |
| **अपुग श्रोत** | **३,५०,५१** | **१.१** |

आवधिक योजना कार्यान्वयनका लागि आवश्यक तथा नपुग श्रोत रकमको परिचालनका लागि देहायअनुसारको रणनीति अख्तियार गरिनेछ।

- आन्तरिक श्रोत (सम्पत्ती कर तथा भूमी कर, वहाल कर तथा विटौरी शुल्क, जडिबुटी कर, अन्य विक्री, विद्युत तथा खानेपानी महशुल, सेवा शुल्क शुल्क) दायरा र दर बढाउने
- संघीय र प्रदेश सरकारसँग अनुदान रकम बढाउन पैरवी गर्ने
- समपुरक तथा विशेष अनुदानको लागि परियोजना प्रस्ताव तयार गरी नेपाल सरकार तथा प्रदेश सरकारबाट अनुदान प्राप्त गर्ने
- गैसस तथा विकास साझेदारसँग थप साझेदारी र सहकार्य गर्ने
- स्वदेश तथा विदेशमा भएका संस्था तथा व्यक्तिबाट सहयोग जुटाउने
- जनश्रम, स्थानीय स्रोत र सामग्री योगदानमा बृद्धि गर्ने
- नीति क्षेत्रको लगानी र साझेदारी अभिवृद्धी गर्ने

- उत्पादनमूलक तथा आयमूलक आयोजनाको लागि आन्तरिक ऋण परिचालन गर्ने
- ताल पोखरी, सिंचाई र विद्युत उत्पादन लगायत आयमुलक आयोजनामा लगानी गरी आयआर्जनको व्यवस्था गर्ने
- छिमेकी स्थानीय सरकारसँग संयुक्त लगानीका आयोजना छनौट गरी श्रोत परिचालन गर्ने
- समुदाय तथा नीजि क्षेत्रसँग लागत साझेदारी (६०: ४०) मा कार्यक्रम तथा आयोजना संचालन गर्ने
- संघ तथा प्रदेश निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट थप स्रोत परिचालन गर्न पैरवी गर्ने

## ८.५ आवधिक विकास योजना कार्यान्वयन

आवधिक योजनामा आधारित वार्षिक योजना तथा बजेट तर्जुमा गरी आवधिक योजनाको कार्यान्वयन गरिनेछ । यसरी वार्षिक योजना तथा वजेट तर्जुमा गर्दा आवधिक योजनाको समग्र लक्ष्य, रणनीति तथा प्राथमिकता, विषयगत रणनीति तथा कार्यनीति एवं कार्यक्रमलाई आधार लिईनेछ। आवधिक विकास योजनामा आधारित भई तीन बर्षको खर्चको प्रक्षेपण सहित मध्यमकालिन खर्च संरचना तयार गरिनेछ र सो बमोजिम प्राथमिकता प्राप्त कार्यक्रममा बार्षिक बजेट तयार गरी योजना कार्यान्वयन गरिने छ । यसैगरी वार्षिक योजना तथा वजेट तर्जुमा गर्दा मध्यमकालिन खर्च संरचना र आवधिक योजनाको समग्र लक्ष्य, रणनीति तथा प्राथमिकता, विषयक्षेत्रगत उद्धेश्य तथा कार्यक्रमलाई आधार लिईने छ । आवधिक विकास योजनाको स्वीकृती पछि गाउँ कार्यपालिकाबाट सवै विषयगत समिति एवं शाखा, सवै वडा कार्यालय तथा सम्वन्धित सरोकारवालालाई बार्षिक योजना मार्फत योजनाको कार्यान्वयनको लागि लिखित रुपमा जानकारी प्रदान गरिनेछ । यस प्रकार आवधिक विकास योजनाको लक्ष्य, उद्देश्य, रणनीति, नतिजा तालिका तथा भौतिक लक्ष्य र कार्यक्रमका आधारमा सहभागितात्मक प्रक्रिया बमोजिम वार्षिक योजनाको तर्जुमा गरी आवधिक योजनाको कार्यान्वयन सुनिश्चित गरिने छ ।

## ८.६ अनुगमन तथा मूल्याङ्कन योजना

### अनुगमन तथा मूल्याकंनको आवश्यकता

गाउँपालिकाको समष्टिगत विकासका लागि निर्धारित लक्ष, उद्देश्य तथा अपेक्षित प्रतिफलहरु प्राप्तिमा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। आवधिक विकास योजनाको कार्यान्वयनका लागि बार्षिक योजना तर्जुमा तथा कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गरी योजना निर्धारण गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्ने दिशातर्फ भएको प्रगति सुनिश्चित गर्नुपर्ने हुन्छ। कार्यान्वयनका दौरान आईपर्ने समस्याहरुको समाधान एवं गरिएको लगानी तथा स्रोतसाधनको प्रवाह आशातित ढंगबाट भए नभएको जानकारी प्राप्त गर्नुपर्ने हुन्छ। तसर्थ गाउँपालिकाले आवधिक विकास योजनाको आधारमा वार्षिक विकास योजना तर्जुमा गर्नुपर्ने एवं सो को लागि एकीकृत वार्षिक कार्यान्वयन तालिका समेत तयार गर्नु पर्नेछ । यसरी तयार भएको कार्यान्वयन तालिकामा अनुगमन तथा मूल्याङ्कनका कार्यहरूसमेत निर्दिष्ट गर्ने एवं सो अनुसार अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यप्रणाली स्थापित गर्नु पर्नेछ।

### अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

आवधिक विकास योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन गरिनेछ र संचालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिनेछ । प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी गाउँ कार्यपालिकाको हुनेछ भने यस कार्यमा अनुगमन तथा सुपरीवेक्षण समितिलाई परिचालन गरिनेछ । गाउँपालिकाको आवधिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी तथा विधि देहायअनुसार रहेको छ ।

- गाउँ कार्यपालिका
- जिल्ला समन्वय समिति
- अनुगमन तथा सुपरीवेक्षण समिति र विषयगत समिति

- विषयगत शाखा, उपशाखा, इकाई, परियोजना, संघ/संस्था
- नागरिक समाज संस्था तथा तेश्रो पक्ष

आवधिक तथा बाार्षिक योजनाको नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली अनुसार अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनका लागि गाउँ कार्यपालिकाले सो सम्बन्धी कार्यविधि बनाई लागू गर्नेछ । उक्त कार्यविधिमा अनुगमन तथा मूल्याङ्कन तथा प्रतिवेदनको ढाँचा समावेश गरिनेछ ।

## अनुगमन तथा मूल्याकंन विधि तथा प्रक्रिया

आवधिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कनका औजार तथा विधि देहायअनुसार हुनेछः

- स्थलगत अनुगमन
- कार्ययोजना (लक्ष्य) र प्रगति विच तुलना
- नागरिक अनुगमन
- नतिजामा आधारित ढाँचा अनुसार बार्षिक समीक्षा
- नतिजामूलक ढाँचा अनुसार सहभागितामूलक मध्यावधि समीक्षा
- नतिजामूलक ढाँचा अनुसार सहभागितामूलक अन्तिम समीक्षा (तेश्रो पक्षबाट मूल्याङ्कन)

आवधिक तथा बार्षिक योजनाको अनुगमन तथा मूल्याङ्कनको ढाँचा तथा प्रक्रिया देहायअनुसार हुनु पर्नेछः

| नतिजा तह | पुष्टयाईका आधार | समयावधि | विधि तथा प्रक्रिया | जिम्मेवारी |
|---|---|---|---|---|
| प्रभाव तह अनुगमन तथा मूल्याङ्कन | • प्रभाव मूल्याङ्कन प्रतिवेदन<br>• प्रभाव अनुगमन प्रतिवेदन<br>• अध्ययन/सर्वेक्षण प्रतिवेदन<br>• मध्यावधी समीक्षा<br>• वस्तुस्थिति विवरण<br>• आयोजना/कार्यक्रम प्रभाव मूल्याङ्कन प्रतिवेदन | • योजना अवधि समाप्त भएको २ वर्ष<br>• मध्यावधि (तेश्रो बर्षको अन्त्यमा)<br>• प्रभाव नजिता अनुगमन (अन्तिम बर्ष) | • नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने<br>• सहभागितामूलक छलफल गर्ने<br>• अध्ययन तथा सर्वेक्षण गर्ने<br>• कार्यपालिका र सभाको वैठकमा समीक्षा गर्ने | • गाउँ कार्यपालिका, सरोकारवाला र तेश्रो पक्ष |
| असर तह अनुगमन तथा मूल्याङ्कन | • मद्यावधी समीक्षा प्रतिवेदन<br>• असर अनुगमन प्रतिवेदन<br>• बार्षिक समीक्षा प्रतिवेदन<br>• अध्ययन/सर्वेक्षण प्रतिवेदन<br>• वस्तुस्थिति विवरण | • बार्षिक, मध्यावधि र अन्तिम बर्ष | • सहभागितामूलक छलफल गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने<br>• नमूना सर्वेक्षण गर्ने<br>• गाउँ कार्यपालिका वैठकमा समीक्षा गर्ने | • सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष |
| प्रतिफल अनुगमन तथा मूल्याङ्कन | • चौमासिक प्रगति प्रतिवेदन<br>• बार्षिक समीक्षा प्रतिवेदन<br>• वस्तुस्थिति विवरण | • चौमासिक, अर्धवार्षिक, बार्षिक र मध्यावधि | • स्थलगत अनुगमन गर्ने<br>• बार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने<br>• विषयगत समिति र कार्यपालिका वैठकमा समीक्षा गर्ने<br>• सामाजिक परीक्षण गर्ने तथा प्रतिवेदन विश्लेषण गर्ने | • गाउँ कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति |
| कार्यक्रम वा प्रक्रिया अनुगमन | • मासिक प्रगति प्रतिवेदन<br>• चौमासिक प्रगति प्रतिवेदन<br>• गुणस्तर अनुगमन प्रतिवेदन | • पटके, मासिक, चौमासिक र बार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने | • अनुगमन सुपरीवेक्षण समिति, वडा समिति, विषयगत शाखा, |

| नतिजा तह | पुष्टयाईका आधार | समयावधि | विधि तथा प्रक्रिया | जिम्मेवारी |
|---|---|---|---|---|
| | | | • विषयगत समिति र कार्यपालिका वैठकमा समीक्षा गर्ने | इकाई परियोजना तथा गैसस |

## अनुसूची १: आर्थिक विकास क्षेत्रको वस्तुस्थिति विश्लेषण

| विषय क्षेत्र/उपक्षेत्र | संभावना तथा अवसर (हामीसंग के छ ?) | समस्या तथा चुनौती (के छैन ?) | संभावना उपयोग रणनीति (के हुनुपर्छ ?) |
|---|---|---|---|
| कृषि तथा पशुपालन | • चरण क्षेत्र प्रयाप्त नभएको<br>• बाखापालन कार्यक्रमले स्थानीयहरुको आर्थिक स्तर वृद्धि हुनुसक्ने<br>• जग्गा प्रयाप्त भएको<br>• उत्पादित महको बजारीकरणको संभावना रहेको<br>• स्थानीय समुदायको आर्थिक विकासको अवस्था सिर्जना गर्ने<br>• पशुपालनको काम गर्दा कृषकहरुको खेतीपातिमा उत्पादन वृद्धि हुने जसले गर्दा आर्थिक वृद्धिदर बढ्ने<br>• पोषणमा सहयोग गर्ने<br>• प्रसस्तमात्रामा जग्गा भएको<br>• हावा पानी राम्रो भएको<br>• सुन्तला खेती<br>• मौरी पालन<br>• माछा पालन<br>• बमौसमी तरकारी खेती<br>• किवि खेती<br>• कफी खेती<br>• केरा खेती | • आधुनिक डालेघाँसहरुको अभाव हुन सक्ने<br>• प्राविधिक जनशक्ति कम हुन सक्ने<br>• स्थानीयको लगानी गर्न नसक्ने अवस्था<br>• वन्यजन्तुहरुको समस्या<br>• विभिन्न किसिमका रोगहरुको संक्रमण हुन सक्ने<br>• प्रयाप्त मात्रामा जग्गा जमिन मौरी घार नहुनु<br>• जनशक्तिको अभाव हुनु<br>• प्राविधिक सेवा तथा सुविधाको कमि हुनु<br>• सिजनल रोग लाग्ने समस्या भएकोले व्यवसायमा हानी हुनु<br>• सिंचाईको कमी<br>• जनशक्तिको कमी<br>• प्राविधिकको कमी<br>• बन्यजन्तुको समस्या<br>• बजारको समस्या<br>• जग्गा चक्लावन्दी नहुनु<br>• मल विऊको उपलब्धता नहुनु<br>• प्राकृतिक प्रकोप | • बाखापालन समुह गठन गर्ने<br>• बाखापालन कार्यक्रम संचालनका लागि ८० प्रतिशत अनुदान कार्यक्रम संचालन गर्नुपर्ने<br>• विभिन्न प्रजातिका डालेघास वृक्षारोपण गर्ने<br>• उन्नत जातका बाखाहरुको व्यवसाय गर्ने<br>• बाखा पकेट क्षेत्र बनाई प्रचार प्रसार गर्ने जसले बजारीकरणमा सहयोग गर्दछ ।।ईभैसी पालन गर्ने कृषकहरुका लागि प्रोत्साहन हुने खालका कार्यक्रम संचालन गर्नुपर्ने<br>• पशुपालक कृषकहरुका लागि तालिमको व्यवस्था गर्नुपर्ने<br>• अनुदान कार्यक्रम संचालन गर्नुपर्ने<br>• दुग्धजन्य उत्पादन वस्तुहरुको तयारीका लागि लधु उद्योग संचालन गर्नुपर्ने<br>• दुग्ध तथा दुग्धजन्य वस्तुहरुको बजारीकरण गर्ने<br>• विभिन्न बेमौसमी तरकारी खेत<br>• सामुदायिक खेती प्रणाली, पूर्ण जैविक खेती प्रणाली अपनाइने<br>• कोल्ड स्टोर<br>• अनुदान कार्यक्रम राख्ने<br>• माटो परिक्षण कार्यक्रम राख्ने<br>• तालिम राख्ने<br>• कृषिमा यान्त्रिकरण गर्ने |
| ३. उद्योग तथा वाणिज्य | • प्राङगारीक मल/VERMIN उद्योग संचालन गर्न सकिने<br>• जेली जुस, जाम उत्पादन गर्ने उद्योग संचालन गर्ने | • प्राङगारिक मल उत्पादन गर्नका लागि आवश्यक जमिन नभएको<br>• सिपयुक्त प्राविधिकहरुको व्यवस्था नभएको | • प्राङगारिक मल उत्पादन गर्ने लधु उद्योग संचालन गर्नुपर्ने जसले गर्दा रोजगारीको सिर्जना हुने<br>• फलफुल प्रशोधन गर्ने चिस्यान केन्द्र स्थापना गर्नुपर्ने |

| विषय क्षेत्र/उपक्षेत्र | संभावना तथा अवसर (हामीसंग के छ ?) | समस्या तथा चुनौती (के छैन ?) | संभावना उपयोग रणनीति (के हुनुपर्छ ?) |
|---|---|---|---|
| | • कफि प्रशोधन केन्द्र संचालन गर्न सकिने | • उत्पादन भएका फलफुलहरुको व्यवस्थापन गर्न चिस्यान केन्द्र नभएको | • बजारिकरणका लागि व्यापारिक क्षेत्रमा प्रचार प्रसार गर्ने<br>• दुग्ध जन्य उत्पादनहरु जस्तैः झुर्पि बनाउने, चिज बनाउने जस्ता लघु उद्योगहरु संचालन गर्ने |
| पर्यटन | • नमुना सुन्तला बगैचा भ्रमण<br>• होमस्टे (पाहुना घर भ्रमण)<br>• माछापालन फर्म भ्रमण<br>• किवि खेती भ्रमण<br>• विचित्र गुफा भ्रमण<br>• धुर्कोट कोट भ्रमण<br>• अजमिर कोट, सहिद पार्क, कुमारी देवी मन्दिर भ्रमण | • आर्थिक समस्या, तालिमको कमी<br>• बनेको संरचना व्यवस्थित नहुनु<br>• बाटोको समस्या, बत्तीको समस्या<br>• प्रचार प्रसार नहुनु | • तालिम संचालन गरिनेछ<br>• होमस्टेमा अर्गानिक, लोकल खाना तथा संस्कृतिलाई बढवा गरिनेछ<br>• पर्यटन विकासले ६० प्रतिशत भन्दा बढी रोजगार दिन सक्नेछ । |
| सहकारी | • प्रत्येक वडामा सहकारी संचालन गर्ने | • सहकारी सकृय नहुनु | • सहकारी संस्थाहरुलाई दर्ता गर्ने<br>• उत्पादनमा आधारित कार्यक्रमलाई सकृयता गर्नको लागि सहकारीले रेकर्ड राख्नु पर्ने<br>• सहकारी खेती गर्ने |

## अनुसूची २: सामाजिक विकास क्षेत्रको वस्तुस्थिति विश्लेषण

| विषय क्षेत्र/उपक्षेत्र | संभावना तथा अवसर (हामीसंग के छ ?) | समस्या तथा चुनौती (के छैन ?) | संभावना उपयोग रणनीति (के हुनुपर्छ ?) |
|---|---|---|---|
| शिक्षा | • विद्यालय छ ५० <br>• दरवन्दी छ १२६ <br>• जनशक्ति छ <br>• अनुदान <br>• अपेक्षित शैक्षिक गुणस्तर कायम गर्न सकिएको छैन | • धेरैजसो विद्यालयहरुमा घेरावार छैन, केही विद्यालयको विद्यालयको संस्थागत सक्षमता कमजोरी छ। <br>• खानेपानीको पहुच सबै विद्यालयले प्रयाप्त गर्न सकेका छैनन् <br>• विद्यार्थी संख्या अनुसारको न्यूनतम दरवन्दी सबै विद्यालयमा छैन। | • भवनहरु बालमैत्री तथा अपाङ्गमैत्री बनाउने <br>• घेरावार नगरेको विद्यालयको घेरावार गर्ने <br>• खानेपानी, शौचालय, खेलमैदान, बगैचाको यथोचित व्यवस्थापन गर्ने <br>• पुस्तकालय, प्रयोगशाला र प्राथमिक उपचार केन्द्रको व्यवस्थापन गर्ने <br>• बालविकास केन्द्रको व्यवस्थापन गर्ने <br>• शिक्षकको पेशागत विकास र निरन्तर अध्ययन अनुसन्धान गर्ने <br>• विद्यालय समायोजन र दरवन्दी मिलान गर्ने <br>• सबै बालबालिकालाई विद्यालयको पहुँच पुऱ्याउने र निरन्तर टिकाइरहने <br>• सबै बालबालिकाहरुलाई विद्यालय शिक्षाको पहुँचमा पुऱ्याउनको लागि संविधान बमोजिम आधारभुत शिक्षा अनिवार्य भएकोले सबै सरोकारवालाले आफ्नो सेवा क्षेत्र भित्रका विद्यार्थीलाई विद्यालयमा पहुँच पुऱ्याउने अन्यथा सिफारीस रोक्ने <br>• गाउँपालिका भित्र कम्तिमा ३ वटा प्राविधिक शिक्षालय स्थापना तथा सञ्चालन गर्ने <br>• हरेक विद्यालयमा इन्टरनेटको पहुँच पुऱ्याउने <br>• प्रत्येक वडामा १ वटा विद्यालयलाई गाडीको व्यवस्था मिलाउने <br>• गाउँपालिका भित्रका सम्पूर्ण विद्यालय भवन रङ्ग र पोशाक एउटै रङ्गको बनाउने <br>• गाउँपालिका भित्रका विद्यालयलाई प्रर्याप्त मात्रामा खेल सामाग्री उपलब्ध गराउने |

| विषय क्षेत्र/उपक्षेत्र | संभावना तथा अवसर (हामीसंग के छ ?) | समस्या तथा चुनौती (के छैन ?) | संभावना उपयोग रणनीति (के हुनुपर्छ ?) |
|---|---|---|---|
| | | | • प्राविधिक विषय संचालन गर्ने विद्यालयलाई छात्रा र छात्रको लागि छुट्टाछुट्टै छात्रवासको व्यवस्था मिलाउने |
| स्वास्थ्य र सरसफाई | • प्राथमिक स्वास्थ्य केन्द्र १<br>• स्वास्थ्य चौकी ६<br>• सामुदायिक स्वास्थ्य क्लिनीक २<br>• वर्थिङ सेन्टर ३<br>• आर्यूवेदिक औषधालय २<br>• एम्बुलेन्स ४<br>• खोप केन्द्र ३०<br>• गाउँघर क्लिनिक २३<br>• पोष्ट मार्टम सेवा १<br>• ल्याव सेवा १<br>• एक्सरे १<br>• जनशक्ति : मेडिकल अधिकृत १<br>• अधिकृत ७, हे.अ. ७, स्टाफ नर्स १, अ.न.मी. १५, अ.हे.व. १४, म.स्वा.से. ७८, कार्यालय सहयोगी स्थायी ३, करार का.स. ७, कविराज २, वैध २, सहयोगि करार २ जना<br>• नेपाल सरकारबाट सुचिकृत औषधिको नि:शुल्क उपलब्धता छ। | • हाडहाडेमा स्वास्थ्य केन्द्रको लागि भवन नभएको<br>• सबै वडामा पक्की भवन नभएको<br>• पोष्ट मार्टम भवन नभएको<br>• स्वास्थ्य केन्द्रमा कम्प्यूटर, प्रयोगशाला, सवारीसाधन नभएको<br>• सबै वडामा वर्थिङ सेन्टर नभएको<br>• हरेक वडामा आवस्यक औषधि नभएको<br>• हरेक वडामा एम्बुलेन्सको पँहुच नभएको<br>• खोपकेन्द्र र गाउँघर क्लिनिकमा फर्निसिङ्गको अभाव<br>• मेडिकल अधिकृत तथा अन्य जनशक्ति टिकाइरहन नसकिएको<br>• सूचिकृत औषधि प्रयाप्त नभएको<br>• समयसापेक्ष औषधिको प्रकार नभएको<br>• प्रत्येक वडामा किशोर किशोरी/ अपाङ्गमैत्री क्लिनिक नभएको<br>• प्रत्येक वडामा योगकेन्द्रको अभाव<br>• स्वास्थ्य विमाको समस्या<br>• गर्भवती महिलालाई नि:शुल्क एम्बुलेन्सको व्यवस्था नभएको | • सबै वडामा आवश्यक उपकरण फर्निसिङ्ग सहितको पक्की भवन हुनुपर्ने<br>• सबै वडामा वर्थिङ्ग सेन्टर हुनुपर्ने<br>• स्वास्थ्य केन्द्रमा सवारी साधन, ल्याव, प्रयोगशाला हुनुपर्ने<br>• हरेक वडामा स्वास्थ्य चौकीमा एम्बुलेन्सको पँहुच<br>• खोपकेन्द्र र गाउँघर क्लिनिक व्यवस्थापन<br>• मेडिकल अधिकृत र अन्य जनशक्ति टिकाउनको लागि सुविधा व्यवस्थापन<br>• सुचिकृत औषधिको प्रयाप्तता तथा थप प्रकारका औषधिको व्यवस्थापन<br>• हरेक स्वास्थ्य केन्द्रमा आफ्नो सेवाक्षेत्रका नागरिकहरुको पुर्ण शरिर जाँच<br>• विरामीमैत्री क्लिनीक व्यवस्थापन<br>• हरेक वडामा योगकेन्द्रको स्थापना<br>• स्वास्थ्य विमाको सुनिश्चितता हुनुपर्ने<br>• स्वयसेविकाको प्रोत्साहन बृद्धि |
| सामाजिक समावेशिकरण | • हरेक तहमा महिला सहभागिता<br>• महिलाहरुको एकताको लागि महिला मञ्च सञ्चालन | • कार्यक्रम सञ्चालनको लागि प्रयाप्त मात्रामा जनशक्ति छैन | • लैङ्गिक हिंसा निवारण सेवाकेन्द्र गाउँपालिकामा निर्माण गर्नुपर्ने |

| विषय क्षेत्र/उपक्षेत्र | संभावना तथा अवसर (हामीसंग के छ ?) | समस्या तथा चुनौती (के छैन ?) | संभावना उपयोग रणनीति (के हुनुपर्छ ?) |
|---|---|---|---|
| | • जेष्ठ नागरिकहरुको उपचार खर्च र औषधोपचारमा ५० प्रतिशत छुट गर्ने तथा जेष्ठ नागरिकको विवरण राख्ने उद्देश्यले ज्येष्ठ नागरिक परिचयपत्र वितरण<br>• अपाङ्ग परिचयपत्र वितरण<br>• क्षमता तथा व्यक्तित्व विकास संग सम्वन्धित तालिम सञ्चालन भएको<br>• टोल संरक्षण महिला मञ्च सञ्चालनको लागि स्वंयमसेवकको व्यवस्था | • ज्येष्ठ नागरिकको लागि दिवा सेवा नभएको<br>• बालमैत्री तथा अपाङ्ग मैत्री संरचनाहरु नभएको<br>• ज्येष्ठ नागरिक, अपाङ्ग र बालबालिकाहरुलाई सवारी साधनमा छुट नभएको | • प्रत्येक वडामा १ वटा ज्येष्ठ नागरिक दिवा सेवा निर्माण तथा सञ्चालन गर्ने<br>• शिपमुलक तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने<br>• बालमैत्री र अपाङ्ग मैत्री संरचानहरु निर्माण गर्ने |
| खानेपानी तथा सरसफाई | • नदिनाला छन्<br>• मुहानहरु छन्<br>• छल्दि, पनाहा, खुर्पा खोला, चिलि, अरौदी, मरेङ, बासटारी लगायत प्रयाप्त खोलाहरु भएको<br>• कुवा, पधेरा, पोखरीहरु भएको | • नदिनालाहरु बेसीतीर मात्र भएको तर वस्तीहरु माथि डाडामा भएकोले पानिको लिफ्टिङ्ग प्रविधि खर्चिलो भएको<br>• एक घर एक धारा सबैको पहुँचमा नभएको<br>• भएको पानि स्वच्छ नभएको<br>• सार्वजनिक शौचालयहरु नभएको<br>• फोहोर फाल्ने निश्चित ठाउँको पहिचान नहुनु<br>• जनशक्तिको अभाव | • आवस्यक ठाउँको पहिचान गरि लिफ्टिङ्ग विधिद्वारा पानी तान्नु पर्ने देखिन्छ। सबै ठाउँमा विद्युत नपुगेको हुनसक्छ साथै खर्चिलो हुने भएकोले बैकल्पीक उर्जाको व्यवस्था गर्नुपर्ने देखिन्छ<br>• प्रयोगमा आईरहेको खानेपानीको रासायनिक वस्तुको जाँच गर्नुपर्ने देखिन्छ<br>• एक घर एक धारा खानेपानीको धारा सञ्चालनमा ल्याउनु पर्दछ<br>• पानीका मुहान भएको ठाँउमा तारवार गरि गाई वस्तु, केटाकेटीले फोहोर गर्न नसक्ने बनाउन पर्ने<br>• डम्पिङ्ग क्षेत्रको पहिचान गरि सुरक्षित फोहोर व्यवस्थापन गर्नु पर्दछ<br>• दक्ष जनशक्ति उत्पादन तर्फ ध्यान दिनु पर्दछ |
| कला भाषा तथा संस्कृती | • ऐतिहासीक धुर्कोट कोट दरवार, अजमिर कोट वाग्ला, झल्याकोट नयाँगाउँ, अर्घाकोट, कुमारी देवी मन्दिर, वस्तु कालिका मन्दिर, किरातेश्वर मन्दिर<br>• विचित्र गुफा वस्तु | • भाषा , कला र संस्कृतीको लोपोन्मुख छ<br>• संग्रालय छैन<br>• संरक्षण संर्वद्धन , प्रर्वद्धन उत्थान र विकास गर्न सकिएको छैन | • संरक्षण गर्ने<br>• अभिलेख राख्ने<br>• एतिहासिक धुर्कोट कोटमा संग्राहलय बनाउने |

| विषय क्षेत्र/उपक्षेत्र | संभावना तथा अवसर (हामीसंग के छ ?) | समस्या तथा चुनौती (के छैन ?) | संभावना उपयोग रणनीति (के हुनुपर्छ ?) |
|---|---|---|---|
| | • मगर भाषा, संस्कृती (हाडहाडे, जैसिथोक, नयाँगाउँ)<br>• नेवार भाषा (वस्तु, वाग्ला, रजस्थल)<br>• गुरुङ्ग भाषा (हाडहाडे, नयाँगाउँ) | • प्रयाप्त श्रोत साधानको कमि छ | |
| युवा तथा खेलकुद | • विद्यालयस्तरीय विद्यालयगत (गाउँपालिका गत खेलकुद प्रतियोगिता) भएको<br>• विद्यालयस्तर राष्ट्रपति रनिङ्गसिल्ड प्रतियोगिता भएको<br>• क्लवद्वारा भलिवल प्रतियोगिता भएको<br>• खेलमैदान भएको | • खेलको लागि युवालक्षित अवसर छैन<br>• हरेक वडामा खेलमैदान विस्तार गर्न सकिएको छैन<br>• गाउँपालिकाद्वारा विभिन्न खेलकुद प्रतियोगिता आयोजना गर्न सकिएको छैन | • युवालक्षित अध्यक्ष कप, उपाध्यक्ष कप विभिन्न खेलकुद प्रतियोगिता आयोजना गर्ने<br>• हरेक वडामा कम्तिमा २।२ वटा खेलमैदानको विस्तार गरी विभिन्न खेलकुदका अवसर प्रदान गर्ने<br>• वडाद्वारा विभिन्न खेलकुद प्रतियोगिता आयोजना गर्ने<br>• खेलप्रेमी क्लवहरुको संरक्षण , संर्वद्धन गरी विभिन्न खृलकुद प्रतियोगिताको लागि उत्प्रेरीत गर्ने |

## अनुसूची ३: भौतिक पूर्वाधार विकास क्षेत्रको वस्तुस्थिति विश्लेषण

| विषय क्षेत्र/उपक्षेत्र | संभावना तथा अवसर (हामीसंग के छ ?) | समस्या तथा चुनौती (के छैन ?) | संभावना उपयोग रणनीति (के हुनुपर्छ ?) |
|---|---|---|---|
| स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाई | • गाउँपालिका केन्द्र सम्म जाने सडक भएकाले आवत जावतमा सजिलो भएको<br>• कृषिजन्य वस्तुहरुको आवत जावत गराउन सकिने<br>• सबै सरकारी कार्यालयबाट आवत जावतमा सजिलो हुने | • भएका सडकहरु कच्चि रहेको, नाली नभएको, ग्रेड नमिलेको, चौडाई प्रयाप्त नभएको, घुम्ति अत्याधिक भएको र धुम्ति मिलाउनु पर्ने समस्याहरु रहेको छन | • पहिलो वर्षमा ग्रेड धुम्तिहरु मिलाउने<br>• दास्रो वर्षमा नालि कटिङ्ग गर्ने<br>• तेस्रो वर्षमा ग्राभेल गराउने<br>• चौथो वर्षबाट २-२ कि.म. सडक पक्कि गराउदै जाने<br>• बाटो छेउमा वृक्षारोपण गर्ने जसका कारण वातावरण संरक्षणमा टेवा पुग्ने तथा दुर्घटना न्यूनिकरण गर्न पनि सहयोग पुग्दछ<br>• जनशक्ति प्रयोग गर्ने, प्रविधि संगसंगै बेरोजगारीलाई न्यूनिकरण गर्छ |
| पक्की पुल | • वडा नं. ७ को बडाचौरमा पक्की पुल भएको<br>• हुलाकेमा पक्कीपुल निर्माणधिन अवस्था<br>• नादी पक्कीपुल निर्माणधिन अवस्था<br>• वाटुले पक्कीको प्रकृया अगाडी रहेको<br>• सिमघाट पक्की पुल रहेको | • ठुल्दी घाट पक्की पुल नभएको<br>• धनार्जी गुफा जाने ठाउँमा आवश्यकता रहेको<br>• चौरासी फाँटमा आवश्यक रहेको | • पहिलो प्राथमिकतामा ठुल्दी घाटमा पुल आवश्यकता<br>• धनार्जी गुफा जाने बाटोलाई आवश्यकता<br>• चौरासी फाँटलाई मध्यनजर गर्नुपर्ने<br>• खुर्पाखोला पक्की पुल आवश्यक रहेको<br>• किसानटारी कुमालगाउँ पक्कीपुल आवश्यक रहेको<br>• बाच्छामारे पक्की पुल |
| झोलुङ्गे पुल | • हर्राचौर, बाटुले, ठुल्दि, मर्याङ्ग खोला, नादी, बङ्ज्याङ्ग, बर्दवास, छल्दी पनाहा, सिमघाट, हुलाके, धनार्जी, लाहाटा, चौरासी, बाटुले, बडाचौर, सूर्यटारी, खुर्पा खोला, पातन खोला, बाच्छामारे यि ठाउँहरुमा झोलुङ्गे पुल रहेको | • झोलुङ्गे पुलको लागि साधन श्रोतको समस्या छ<br>• स्थानीय तहको बजेटले थेग्न नसक्नु यसको चुनोर्ता हो<br>• आवश्यक ठाउँमा अझै पुलको व्यवस्था नभएको<br>• सावधारा खण्ड, अरौदी खोला, रजस्थल धैरेनी देखि बराजा जोड्ने, सुफल खोला, सिंदूरे खोला, बालुवा हिम्जूमा आवश्यक रहेको | • मोटरबाटो पुग्न नसकेको ठाउँमा विद्याथीहरुलाई आवत जावत गर्न, पैदल यात्रुहरु हिड्न सजिलो हुने<br>• झोलुङ्गे पुलहरु बढी हल्लीने भएको हुदा अव बन्ने पुलहरुमा प्राविधिक स्टिमेट गर्दा ध्यान पुर्याउनु जरुरी देखिन्छ |

| विषय क्षेत्र/उपक्षेत्र | संभावना तथा अवसर (हामीसंग के छ ?) | समस्या तथा चुनौती (के छैन ?) | संभावना उपयोग रणनीति (के हुनुपर्छ ?) |
|---|---|---|---|
| | | • झोलुङ्गे पुलहरुमा सरकारको निग्रानी नभएको<br>• पुल हेरालुबाट उचित रेखदेखको काम नभएको | |
| भवन तथा सहरी विकास | • अधिकांश भौतिक पूर्वाधार रहेका तर प्रयाप्त र युगको माग बमोजिम वडा कायर्मलयका कोठाहरु अपुग रहेका<br>• विद्यालयका भवन तथा कोठाहरु अपुग साथै प्रहरी चौकी, स्वास्थ्य चौकी आदि भवनहरु नभएको | • सबै वडाहरुमा बजार व्यवस्थापन हुन सकेको छैन<br>• संस्थाहरुका बन्न नसकेका भवनहरुलाई निर्माणको लागि पहल गर्नुपर्ने देखिन्छ<br>• गाउँपालिकाको केन्द्रमा विषयगत शाखाको आफ्नो कार्यालयहरु छैनन्, केही कार्यालयहरु निर्माणधिन छन् | • भौतिक संरचना निर्माणको निम्ति प्रदेश तथा संघिय सरकारसंग समन्वय गरेर माग गर्ने<br>• नमुना वस्तीहरु बनाउने व्यापक शहर विस्तार गर्ने संभावना देखिन्छ<br>• प्रत्येक वडाहरुको निश्चित ठाउँ तोकेर बजार विस्तार गर्ने |
| उर्जा, लधु तथा साना जलविद्युत र वैकल्पिक उर्जा | • विद्युत सबै ठाउँमा छ<br>• गाउँपालिकाको केन्द्र तथा वडा नं. २ पिपलधारामा सोलार बत्ति रहेको छ | • आर्थिक अवस्था कमजोर हुनेको लागि विद्युत महसुल बुझाउन नसक्दा विद्युत बाल्न नसक्ने अवस्थाका घरधुरी पनि रहेका छन्<br>• लधु जलविद्युत निकाल्न सक्ने संभावना त छ तर स्थानीय सरकारको श्रोत कम हुन सक्दछ<br>• सबै वडाहरुमा विद्युत मर्मत गर्ने प्राविधिकहरु नभएको हुँदा समस्या परिरहेको छ<br>• सबै वडाको प्रमुख चोकहरुमा बजार, वस्ती, टोलहरुमा सोलार बत्ति हुनुपर्ने तर छैन | • गाउँपालिकाको क्षेत्र भित्र खोलाहरु नजिक भएको हुँदा लधु जलविद्युत निकाल्न सकिने र लोडसेडिङ्गको मार कम गर्ने<br>• वैकल्पिक उर्जा सम्बन्धी काम गर्ने संघ/संस्थाहरुको समन्वयमा प्रयोगमा ल्याउने |
| संचार | • मोवाइल फोन, कार्यालयहरुमा ईन्टरनेट, हुलाक, रेडियोहरु छन् | • मोवाइल फोन प्रयाप्त भएपनि नेटवर्कको समस्याको कारण गाउँका टोल वस्तीमा कतिपय सूचना आदान प्रदानबाट वन्चीत भउको अवस्था छ | • गाउँ टोलको कुना काप्चामा पनि सूचना प्रवाहको लागि संचार विस्तारको लागि उपयुक्त ठाउँ हेरी टावर राख्ने व्यवस्था गर्नुपर्दछ |

## अनुसूची ४: वन तथा वातावरण क्षेत्रको वस्तुस्थिति विश्लेषण

| विषय क्षेत्र/उपक्षेत्र | संभावना तथा अवसर (हामीसंग के छ ?) | समस्या तथा चुनौती (के छैन ?) | संभावना उपयोग रणनीति (के हुनुपर्छ ?) |
|---|---|---|---|
| वन तथा भुसंरक्षण | • वनजंगल (सरकारी, सामुदायिक, नीजि)<br>• काठ (साल, सल्लो, चिलाउने, कटुस, उत्तिस .......)<br>• नांगा डाँडा<br>• कच्ची सडक तथा बाटा<br>• खुल्ला चरण क्षेत्र<br>• भिराला पाखावारी | • वनको उचित व्यवस्थापन नभएको<br>• वन संरक्षण गर्ने चेतना जागरणमा कमी<br>• वनको उचित विकास एवं उपयोग (संरक्षण) को लागि दक्ष प्राविधिक नहुनु<br>• वन भएको क्षेत्रमा पानीको अभाव हुनु<br>• वन क्षेत्र भित्र र वाहिर भएका सडकहरुमा ढल तथा नालिको व्यवस्था नहुनु<br>• खुल्ला चरणले गर्दा वन संरक्षण्मा वाधा पुग्नु<br>• वृक्षारोपणको लागि नर्सरीको अभाव<br>• पाटाहरु समथर र गह्रा नहुनु<br>• वन डडेलो र फडानी हुनु | • वन क्षेत्र भित्र र वाहिर भएका कच्ची सडकहरुलाई व्यवस्थित गरी नालि र ढलको व्यवस्थापन गर्नु पर्ने<br>• सडकको छेउमा वृक्षारोपण (आँप ,नासपाति,अम्रिसो) लगाउने<br>• वन जंगल भित्र तथा अन्य खुल्ला डाडाहरुमा थुप्रै पोखरीहरु निर्माण गरि अटुट रुपमा पानी, कुलो , खोलाको व्यवस्थापन गर्ने<br>• नर्सरी स्थापना गर्ने (सुन्तला, कफी, अम्रिसो, केरा, आप, आदी)<br>• नांगा डाडाहरुमा चरणक्षेत्र निर्धारण गर्ने तथा उन्नत खालका घासहरु लगाउने साथै फलफुलको बगैचाहरु समेत निर्माण गर्ने<br>• वनक्षेत्र भित्र आप, केरा, सुन्तला। कागती, कफी र अम्रिसो प्रसस्त मात्रामा लगाउने<br>• नीजि वनलाई फलफुल बैचामा रुपान्तरण गर्न सहयोग गर्ने<br>• सरकारी तथा सामुदायिक वनको समग्र क्षेत्रलाई प्राविधिक हिसावले परिक्षण गरी उत्पादन मूलक क्षेत्रहर पहिचान गरी ती क्षेत्रहरुलाई तारवार गरी निस्चित समयको लागि लिजमा दिने व्यवस्था मिलाउने<br>• भिराला पाखाहरुलाई गह्रा बनाएर खेती गर्ने व्यवस्था मिलाउने अथवा फलफुल लगाउने<br>• खोल्साहरुमा जाली लगाएर जमिनलाई रोकथाम गर्ने |
| जलाधार संरक्षण | • खोलाहरु भएको<br>• मुहानहरु भएको<br>• पोखरीहरु भएको<br>• कुवाहरु भएको | • पनाहा र छल्दी लगायतका खोलाहरुले जमिनं कटान गर्दौ जादा खेति योग्य जमिन नासिदै गएको र नदी मासिदै जाँदा सिचाईको अभाव भई वर्षाको | • नदीहरुमा ड्याम, बाध, सिचांई, विद्युत, माछापालन, डुङ्गा, र्‍याफ्टिङ<br>• खेती योग्य जमनिको संरक्षण र जाली लगाउने<br>• प्रत्येक सडकहरुमा ढल तथा नालीको निर्माण गर्ने |

| विषय क्षेत्र/उपक्षेत्र | संभावना तथा अवसर (हामीसंग के छ ?) | समस्या तथा चुनौती (के छैन ?) | संभावना उपयोग रणनीति (के हुनुपर्छ ?) |
|---|---|---|---|
| | • सिमसार क्षेत्र रहेको | पानीमा मात्र निर्भर हनुपर्ने स्थिति सिर्जना भएको<br>• नदी नियन्त्रण, कटान<br>• पानी मुलहरु सुक्दै गएका छन् ।<br>• कच्चि सडकहरुमा ढल तथा नालीको उचित व्यवस्थापन नहुँदा सो ढल सिधै पानीका मुहान तथा कुवाहरुमा मिसिदा मुहान तथा कुवा पुरिदै गएका र पानी दुषित भएको<br>• विशेष गरि वर्षामा पानीको मुहान र कुवाहरु भएको ठाउँमा पानी संरक्षण गर्ने बोटविरुवाहरु नहुनु | • पानीका मुहानहरु वरीपरी ठूला सढकहरु निर्माण नगर्ने<br>• जंगल क्षेत्र भित्र थुप्रै खालका पोखरीहरु निर्माण गर्ने<br>• कुवाहरुको निर्माण र संरक्षण गर्ने<br>• पानीको मुहान भन्दा माथि पोखरी बनाउने<br>• पानी शुद्धिकरणका विविध उपायहरु अवलम्बन गर्ने |
| वातावरण संरक्षण | • सर्जीव वस्तुहरु<br>  • मनिस<br>  • वस्तुभाउ<br>  • चराचुरुङ्गी<br>  • वनजगंल<br>• निर्जीव वस्तुहरु<br>  • हावा<br>  • पानी<br>  • माटो | • वातावरण संरक्षण जागरण र चेतना<br>• जनशक्तिको कमि<br>• डम्पिङ्ग साईट नभएको<br>• चरण क्षेत्र नभएको<br>• अव्यवस्थीत वासस्थान<br>• माटो प्रदुषीत बन्दै गएको | • जागरण ल्याउने (होर्डिङ्ग बोर्डको व्यवस्था गर्ने)<br>• ठाउँठाउँमा डम्पिङ्ग साइटको व्यवस्था गर्ने<br>• निश्चित चरण क्षेत्र तोक्ने<br>• एकिकृत बसोवासको व्यवस्था मिलाउने<br>• कच्ची सडकहरु पक्की गर्ने<br>• माटो परीक्षण गरी उचित खालका उत्पादनहरु वृद्धि गर्ने<br>• पकेट क्षेत्रहरु निर्धारण गर्ने<br>• वधशालाहरु व्यवस्था गर्ने<br>• रसायनिक मलहरुको प्रयोगको अवस्थालाई वन्द गर्ने |
| जलवायु परिवर्तन | • वन | • वनजंगलमा आगलागि डडेलो, वन फडानी<br>• प्लाष्टिकहरुको आगजनी गर्ने प्रवृति<br>• वन फडानी/ नाग्ना डाँडा<br>• डम्पिङ्ग साईटको कमि<br>• चेतना र जागरणको कमि<br>• व्यवस्थीत ढल र नाली नभएको | • गाउँपालिकाको केन्द्र तथा प्रत्येक वडामा सार्वजनिक शौचालयको व्यवस्था गर्नुपर्ने<br>• आगलागी नियन्त्रणको लागि पोखरी निर्माण गर्ने<br>• डम्पिङ्ग साईटहरुमा फोहोरमैलाको व्यवस्थापन गर्ने ( सड्ने र नसड्ने अलग अलग गर्ने)<br>• नसड्ने फोहोरलाई प्रशोधन गर्ने, विक्रि गर्ने, निर्यात गर्ने, व्यवस्था मिलाउने |

| विषय क्षेत्र/उपक्षेत्र | संभावना तथा अवसर (हामीसंग के छ ?) | समस्या तथा चुनौती (के छैन ?) | संभावना उपयोग रणनीति (के हुनुपर्छ ?) |
|---|---|---|---|
| | | • स्वच्छ खानेपानी नभएको<br>• सड्ने र नसड्ने फोहोरको उचित व्यवस्थापन नभएको<br>• प्लाष्टिक र सिसा जन्य वस्तुहरुको उचित व्यवस्थापन हुन नसकेको<br>• सार्वजनिक शौचालयको अभाव<br>• विद्यालयहरुमा शौचालयको अभाव | • नांगा ठाँउहरु नराख्ने, वृक्षारोपण गर्ने<br>• पानी शुद्धिकरण गर्ने<br>• धुलो नियन्त्रणका लागि घास रोप्ने, पक्की सडक बनाउने तथा सडक छेउमा वृक्षारोपण गर्ने<br>• प्लाष्टिक र सिसा मुक्त बनाउनुपर्ने<br>• टोटोलमा ड्स्टविनको व्यवस्था गर्ने<br>• विद्यालयहरुमा ड्स्टविनको व्यवस्था मिलाउने |
| जल उत्पन्न, प्रकोप नियन्त्रण (बाढी पहिरो) | • भिरालो जमिन<br>• अव्यवस्थित वासोवास<br>• कच्ची सडकहरु<br>• खोलानाला/ नदीहरु<br>• नाँगा डाँडाहरु | • नियन्त्रणको कार्ययोजना नभएको<br>• प्रयाप्त मात्रामा बजेट तथा कार्यक्रम उपलब्ध नभएको<br>• जनशक्तिको अभाव<br>• नागरिक चेतनाको कमि<br>• व्यवस्थित वसोवास<br>• तटवन्ध | • कार्ययोजना हुनुपर्ने<br>• प्रयाप्त जनशक्तिको व्यवस्था गर्नुपर्ने<br>• जागरण अभियान चलाउने<br>• बजेट तथा कार्यक्रमको व्यवस्था गर्नुपर्ने<br>• वसोवास व्यवस्थित गर्नुपर्ने<br>• वृक्षारोपण गर्ने<br>• तटबन्ध निर्माण गर्ने<br>• खोल्साहरुमा जाली भरेर माटो बग्न र कटान रोक्ने |
| विपद व्यवस्थापन | • बाढी, पहिरो, आगलागि, भुकम्प, हावाहुरी, दुर्घटना, महामारी, वन फडानी | • व्यवस्थित वसोवास को कमि<br>• जागरण / चेतनाको कमि<br>• बजेट तथा कार्यक्रमहरुको कमि<br>• पक्कि घरहरु नभएको<br>• पक्की बाटो नभएको<br>• नाली/ ढल नभएको<br>• फोहोरमैला व्यवस्थापन नभएको<br>• कार्ययोजना<br>• तटवन्ध | • कार्ययोजना<br>• चेतना/जागरण<br>• पक्की घर तथा सडक नाली आवश्यक<br>• व्यवस्थित वसोवास एकिकृत नमुना वस्तीको विकास<br>• मुहान संरक्षण, स्वच्छ पानी<br>• डम्पिङ्ग साईट निर्माण<br>• नदी नियन्त्रण तटवन्ध<br>• व्यवस्थित रुपले सडकहरु निर्माण गर्ने<br>• पोखरी निर्माण<br>• वन जंगल संरक्षण, भू: संरक्षण<br>• महामारी नियन्त्रण |

## अनुसूची ५: वन तथा वातावरण क्षेत्रको वस्तुस्थिति विश्लेषण

| विषय क्षेत्र/उपक्षेत्र | संभावना तथा अवसर (हामीसंग के छ ?) | समस्या तथा चुनौती (के छैन ?) | संभावना उपयोग रणनीति (के हुनुपर्छ ?) |
|---|---|---|---|
| संस्थागत क्षमता विकास | • वडा कार्यालयहरुका आफ्नै भवन छन<br>• गा.पा. मा सभाहल छ<br>• सेवा प्रकृति हेरेर प्रविधिको प्रयोग भएको<br>• शाखागत अफिस संचालनको लागि भवन बन्ने क्रममा रहेको<br>• सरकारी तथा गैर सरकारी संघ, संस्थाहरु छन् | • सबै वडा कार्यालयलाई पूर्ण रुपमा प्रविधि मैत्री बनाउने चुनौती छ<br>• प्रविधिको प्रयोगमा सबैलाई जानकारी नभएको<br>• शाखागत कार्यालयहरु पूर्ण रुपमा संचालन नभएको<br>• संस्थाहरुमा कर्मचारी तथा भवन र भौतिक साधानको कमि भएको | • वडा कार्यालयहरु र गाउँपालिका अफिस भवनमा पूर्ण प्रविधि युक्त बन्नुपर्छ<br>• प्राविधिक क्षमता विकास गर्न तालिम चाहिन्छ<br>• सबै सरोकारवाला कार्यालयहरु व्यवस्थित बनाउनु पर्छ<br>• कर्मचारी व्यवस्थापन र कार्यान्वयन स्थापना गर्ने |
| सेवा प्रवाहामा विद्युतिय सूचना प्रविधिको प्रयोग | • कम्प्यूटराइज प्रविधिबाट काम भएको<br>• गाउँपालिकाले आफ्नै मोवाइल एप संचालन गरेको | • विद्युतिय सूचना प्रविधिको प्रयोग सबैले गर्न नसकेको<br>• विद्युतिय नागरिक वडापत्र नभएको | • सूचना प्रविधि सम्बन्धी जस्तै कम्प्यूटर, प्रिन्टर, इन्टरनेटको व्यवस्था गर्ने |
| सुचना तथा संचार व्यवस्थापन | • फोन, इन्टरनेट, ग्रुप एस.एम.एस., हुलाक, मोखिक, सूचना प्रवाह भएको साथै रेडियो, टि.भि अदिको प्रयोग भएको | • फोन छ तर टावरले काम नगरेको<br>• इन्टरनेट छ तर मौसम अनुसार काम गरेको साथै ग्रुप एस.एम.एस. पनि इन्टरनेटको भर पर्ने गरेको छ<br>• हुलाकबाट सूचना प्रवाह गर्दा समयमानै सूचना नपुगेको र प्रयाप्त कर्मचारी नभएको<br>• संचार साधानको प्रयोग नभएको | • गाउँपालिकाले सरोकारवालाहरु संग समन्वय गरेर आफ्नै टावरको व्यवस्था गर्ने<br>• वैकल्पिक श्रोतको व्यवस्था गर्ने<br>• हुलाकबाट सूचना प्रवाह गर्दा समय अवधि तोक्ने<br>• प्रयाप्त कर्मचारी व्यवस्थापन गर्ने<br>• सबै संचार साधनको प्रयोग गर्ने |
| स्थानीय सेवा प्रवाह | • वडा कार्यालयहरुबाट घटनादर्ता गरी सेवा प्रवाह भएको<br>• सार्वजनीक सुनुवाई भएको<br>• नागरीक वडापत्र रहेको<br>• गुनासो सुनुवाई भएको | • घटना दर्तामा विद्युतिय प्रविधिको प्रयोग नभएको<br>• सार्वजनिक सुनुवाईमा सर्वसाधारण नागरिकको उपस्थिति न्यून रहेको<br>• गुनासो सुनुवाई राम्रो संग हेर्ने नगरिएको पत्रकार, समाजसेवी राखेर गुनासो पेटिका खोतल्ने र अध्ययन गर्ने गरिएको छैन | • विद्युतिय प्रविधिमा सञ्चालन गर्नको लागि सम्बन्धीत कर्मचारीहरुलाई तालिमको व्यवस्था गर्ने<br>• सूचना पुर्‍याउने पत्रिका, पम्पलेट, रेडियोबाट कार्यक्रमको जानकारी गर्ने<br>• सेवाग्राहीलाई नागरिक वडापत्र अध्ययन गर्न लगाउने तथा अध्ययन अनुसार व्यवहारिक बनाउने |

| विषय क्षेत्र/उपक्षेत्र | संभावना तथा अवसर (हामीसंग के छ ?) | समस्या तथा चुनौती (के छैन ?) | संभावना उपयोग रणनीति (के हुनुपर्छ ?) |
| --- | --- | --- | --- |
| | | | • नागरिक वडापत्र सबैको पँहुच मा पुग्ने बनाउने |
| राजश्व परिचालन | • गुल्मी जिल्लाका दुई ठुला खोला छल्दी र पनाहा<br>• प्राकृतिक वस्तुको बजारीकरण, मनोरञ्जनात्मक गतिविधि संचालन हुने स्थान निर्माण गरि मनोरञ्जन कर<br>• सार्वजनिक स्थानमा फलफुल तथा उच्च मुल्य अभिवृद्धि भएको वस्तुको उत्पादन गरि बेचविखन | • श्रोतसाधनको अधिकतम परिचालन गर्न वित्तिय अर्न्तनिर्भरताको अभाव<br>• उपर्युक्त ज्ञान, सीप र प्रविधि भएका जनशक्तिको अभाव<br>• भौतिक पूर्वाधारहरुको अवस्था कमजोर<br>• नागरिक चेतना तथा कर तिर्ने संस्कारको अभाव<br>• भौगोलिक बनावट र हावापानी बमोजिमका उत्पादनमुखी कियाकलापको संचालन नभएको<br>• व्यापारी, उद्योग आदिलाई करको दायरामा नल्याएको | • नागरि चेतना<br>• कृषिजन्य वस्तुको बजारीकरण<br>• नविकरण उर्जाका श्रोतको प्रयोग<br>• बैज्ञानिक र रोजगारी उन्मुख शिक्षा पद्धती<br>• श्रोत साधानको उपयुक्त ठाउँमा वितरण तथा प्रयोग<br>• सबै गा.पा. भित्रका पेशा, व्यावसायी, उद्योगपतिलाई करको दायरामा ल्याउने र राजश्व शाखाले तालिमको व्यवस्था गर्ने |
| आन्तरिक लेखा परिक्षण/वित्तिय अनुशासन | • आन्तरिक लेखा परिक्षक को व्यवस्था (जनशक्ति)<br>• लेखा समितिको निर्माण | • समय समयमा परिक्षण गर्ने संस्कृतिको अभाव<br>• राजनैतिक हस्तक्षेप<br>• व्यक्तिगत स्वार्थ | • समय समयमा निरिक्षण, अनुगमन<br>• कानून र सो अनुरुप खर्च गर्ने परिपार्टीको विकास गर्ने<br>• राजनैतिक तथा व्यक्तिगत स्वार्थको वन्देज |
| सेवा प्रवाहका मापदण्ड निर्धारण | • आम संचार माध्यम<br>• नागरिक वडापत्र<br>• गुनासो सुनुवाई संयन्त्र<br>• नागरिक सहायता केन्द्र<br>• कम्प्यूटराईज सूचना मैत्री सरकार | • सबैको पँहचमा संचार माध्यम नहुनु<br>• साक्षर र चेतनशील नागरिकको उत्पादन<br>• प्रकृयामुखी कार्यशैली<br>• अनावश्यक दवाव र हस्तक्षेप<br>• गोपनियतामा रमाउने प्रवृति<br>• सूचना मैत्री हुन नसकेको | • सबैको पँहुचमा पुग्ने संचार साधनको प्रयोग गर्ने<br>• नतिजामुखी कार्यशैली<br>• क्षतिपुर्ति सहितको नागरि वडापत्र<br>• सूचनाको हकको उपयोग<br>• सेवा प्रवाहको गुणस्तर नाप्ने परिपार्टिको व्यवस्था<br>• सूचना मैत्री बनाउने |

## अनुसूची ६: प्रति एकाई लागत अनुमान

| प्रतिफल | एकाई | प्रति एकाई लागत (रु. हजारमा) | कैफियत |
|---|---|---|---|
| **कृषि वन तथा भुमि सुधार** | | | |
| **रासायनिक मल** | | | अन्तराष्ट्रिय मुल्य, र विनिमय दर ओभरहेड खर्चको आधारमा औषत लागत |
| युरिया | मे.टन | ४२ | |
| डी.ए.पी. | मे.टन | ५८.१२ | |
| पोटास | मे.टन | ४१.३५ | |
| **प्राङगारिक मल** | | | |
| कम्पोष्ट (धुलो) | क्विन्टल | १.५ देखि २ | बजारमा उपलव्ध विभिन्न ब्रान्ड तथा गुणको प्रांगारिक मलको औषत मुल्यको आधारमा |
| कम्पोष्ट (दानादर) | क्विन्टल | २ देखि २.५ | |
| भर्मी कम्पोस्ट | क्विन्टल | २.५ देखि ३ | |
| **बीउ** | | | |
| धान | क्विन्टल | २.१ | विभिन्न खाद्यन्न बिउहरुको उत्पादन लागत औषतको आधारमा |
| गहुँ | क्विन्टल | ३.१ | |
| मकै | क्विन्टल | २.४ | |
| तरकारीको उन्नत बीउ | के.जी | २.८६ | विभिन्न तरकारीको बिउहरुको उत्पादन लागत औषतको आधारमा |
| तरकारीको मुल बीउ | के.जी | १.९७ | |
| दलहन बीउ | क्विन्टल | ८.१ | |
| तेलहन बीउ | क्विन्टल | ९ | |
| **फलफुल तथा तरकारी बिरुवा** | | | |
| कलमी बिरुवा | गोटा | ०.०४१ | विभिन्न फलफुल बिरुवाहरुको सरकारी मूल्यको औषतको आधारमा |
| बिजु विरुवा | गोटा | ०.०२२ | |
| फलफुल कटिग विरुवा | गोटा | ०.०१९ | |
| जमिनको तरकारी विरुवा | गोटा | ०.००१ | |
| **साना कृषि यन्त्रहरु** | | | |
| मिनि लिटर | गोटा | ४० देखि १५० | |
| पावर लिटर | गोटा | १५० देखि १८० | |
| रिपर | गोटा | १५० देखि माथि | |
| **पशुपन्छी** | | | |
| चिलिंग भ्याट ३००० लिटर | संख्या | ४०० | |
| चिलिंग भ्याट २००० लिटर | संख्या | ३०० | |
| चिलिंग भ्याट १००० लिटर | संख्या | २०० | |
| बाखाको वितरण | गोटा | ७ | |
| बाखाको खोर निर्माण | गोटा | ६ | |
| ड्युल प्रपोजका कुखुराका चल्ला | गोटा | ०.०६ | |
| कुखुराको खोर निर्माण | संख्या | ६ | |
| बंगुरको पाठा पाठी वितरण | संख्या | ५ | |
| बंगुरका खोर निर्माण | संख्या | १० | |
| गाई भैसीलाई सुत्केरी भत्ता | संख्या | २.५ | |
| **सहकारी तथा गरिबी निवारण** | | | |
| सहकरी शिक्षा र प्रशिक्षण | वटा | ७५०० | |
| सहकारी प्रशिक्षक प्रशिक्षण | वटा | ७५०० | |
| सहकारी संघ संस्थाको रणनीतिक योजना तर्जुमा (१५ दिने) | वटा | ७५०० | |

| प्रतिफल | एकाई | प्रति एकाई लागत (रु. हजारमा) | कैफियत |
|---|---|---|---|
| **कृषि वन तथा भुमि सुधार** | | | |
| सहकारी व्यवसाय प्रवर्धन तालिम (१५ दिने) | वटा | ७५०० | |
| सहकारी नेतृत्व तथा व्यवस्थापन विकास तालिम (१५ दिने) | वटा | ७५०० | |
| **शिक्षा तथा बिज्ञान प्रबिधि** | | | |
| कक्षा कोठा निर्माण | वटा | ८०० | |
| कक्षा कोठाको सवलीकरण | प्रति ब्लक | १५०० | |
| पाठयपुस्तक विकास | प्रति विषय | ३०० | |
| कार्यशाला (३ देखि ५ दिने) | प्रति सहभागी | १५ | |
| शिक्षक तालिम (१० दिने) | प्रति सहभागी | २० | |
| छोटा अवधिको तालिम (३९० घन्टे) | प्रति सहभागी | २१ | |
| सन्दर्भ सामाग्री विकास | प्रति विषय | २५० | |
| सेवाकालिन तालिम (३० दिने) | प्रति सहभागी | ५५ | |
| **स्वास्थ्य तथा जनसंख्या** | | | |
| १५ शैया अस्पताल | वटा | १५०००० | |
| जिल्ला अस्पताल | वटा | ३००००० | |
| एक्सरे मेशन (साधारण) | वटा | ५०० | |
| एक्सरे मेशिन (डिजिटल) | वटा | २०००–१००० | |
| सिटी स्क्यान मेशन | वटा | ३००० | |
| एम आर आई मेशिन | वटा | ५००० | |
| **खानेपानी** | | | |
| प्रति आयोजना (विकास चरण) | | १००० | |
| प्रति आयोजना (कार्यान्वयन चरण) | | ५५०० | |
| खानेपानी उत्पादन वृद्धि | प्रति एमएलडि | ३२६०० | |
| ढल प्रशोधन केन्द्रको लागि जग्गा अधिग्रहण | रोपनी | ६१०० | |
| **युवा तथा खेलकुद** | | | |
| युवा प्रतिभा सम्मान | जना | १०० | |
| स्वरोजगार व्यवसायको विमा | वटा | ३.२५ | |
| खेलकुदका प्रदेश प्रतिभा सम्मान | जना | १०० | |
| स्काउट र विपद् व्यवस्थापन तालिम संचालन | जना | १२.५ | |
| प्रदेशमा रंगशाला निर्माण | वटा | २०००००० | |
| कवड हल निर्माण | वटा | ६०००० | |
| पौडी पोखरी निर्माण | वटा | २३०००० | |
| **महिला बालवालिका र जेष्ठ नागरिक** | | | |
| वृद्धबृद्धालाई आश्रय प्रदान | जना | १९ | |
| लैगिक सम्पर्क व्यक्तिहरुलाई तालिम | पटक | १०० | |
| प्रदेशस्तरीय अपाङ्ग स्याहार केन्द्र स्थापना | जिल्ला | ३०० | |
| जेष्ठ नागरीक मैत्री आश्रम | जना | २७७ | |
| सिमान्तकृत महिला उद्यमशिलता कार्यक्रम | जना | ४६.६६ | |
| **श्रम तथा रोजगार** | | | |
| व्यवसायीक तथा सीप विकास तालिम | पटक | ६०० | |
| वालश्रम उन्मुलन चेतनामुलक कार्यक्रम | पटक | १२०० | |

| प्रतिफल | एकाई | प्रति एकाई लागत (रु. हजारमा) | कैफियत |
|---|---|---|---|
| **कृषि वन तथा भुमि सुधार** | | | |
| **भौतिक पुर्वाधार तथा यातायत** | | | |
| पिच सडक | कि.मि | ३००००-५०००० | डबल लेन |
| ग्रावेल सडक | कि.मि | १००००-२०००० | डबल लेन |
| पुल | प्रति मि. | १०००-२००० | डबल लेन |
| **उर्जा जलश्रोत तथा सिंचाई** | | | |
| मुल नहर तथा संरचना निर्माण कार्य | कि.मि | १७२५ | |
| सर्भिस सडक निर्माण | कि.मि | २००० | |
| मुल नहर निर्माण कार्य | कि.मि | ४२००० | |
| नहर प्रणाली रिमोडलिंग गर्ने कार्य | कि.मि | ८२५०० | |
| शखा उपशाखा नहर निमाण कार्य | कि.मि | २००० | |
| सिंचित क्षेत्र वचावट कार्य | कि.मि | ४०००० | |
| सिंचित क्षेत्र विकास कार्य | कि.मि | ३०० | |
| नहर संचालन तथा र्ममत | प्र.श | १५०० | |
| सार्भिस रोद मर्मत तथा बचावट कार्य अन्वेषण डिप टयुवेल निर्माण तथा पम्प टेस्ट | कि.मि | ५०० | |
| ग्राउन्ड वाटर मनिटरिङ्ग | संख्या | ०.९७ | |
| वाटर क्वालिटी अध्ययन | वटा | ३०० | |
| जलवायु परिवर्तन सम्बन्धी अध्ययन | वटा | ३०० | |
| तटवन्ध निर्माण | कि.मि | १५०००० | |

(यस अनुसुचीमा प्रदेश ५ सरकारले प्रकाशित गरेको मध्यमकालिन खर्च संरचना (आ.ब.२०७६/७७-२०७८/७९) बाट साभार गरिएको हो)

## अनुसूची ७: सन्दर्भ सामग्रीहरू

१. ***नेपालको संविधान:*** *कानून किताव व्यवस्था समिति, सिंहदरवार काठमाडौ, २०७२*

२. ***पन्धौं योजनाको आधार पत्र (२०७६/७७-२०८०/८१), २०७६:*** *राष्ट्रिय योजना आयोग, सिंहदरबार काठमाडौ*

३. ***नेपाल सरकारको मध्यमकालिन खर्च संरचना, २०७६:*** *राष्ट्रिय योजना आयोगको सचिवालय, सिंहदरबार, काठमाडौ*

४. ***नेपाल सरकारको मध्यमकालिन खर्च संरचना, २०७५:*** *राष्ट्रिय योजना आयोगको सचिवालय, सिंहदरबार, काठमाडौ*

५. ***प्रदेश सरकारको पहिलो आवधिक योजना, २०७५:*** *प्रदेश नीति तथा योजना आयोग, प्रदेश नं. ५, बुटवल*

६. ***नेपाल सरकारको दीर्घकालिन सोच, २०७५:*** *नेपाल सरकार, राष्ट्रिय योजना आयोगको सचिवालय, सिंहदरबार, काठमाडौ*

७. ***प्रदेश नं. ५ सरकारको मध्यमकालिन खर्च संरचना, २०७६:*** *प्रदेश नीति तथा योजना आयोग, प्रदेश नं. ५, बुटवल*

८. ***स्थानीय सरकार सञ्चालन ऐन, २०७४:*** *नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौ*

९. ***स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५:*** *राष्ट्रिय योजना आयोगको सचिवालय, सिंहदरबार, काठमाडौ*

१०. ***स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४:*** *नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौ*

११. ***प्रदेश वस्तुस्थिति विश्लेषण विवरण, २०७५:*** *प्रदेश नीति तथा योजना आयोग, प्रदेश नं. ५, बुटवल*

१२. ***गाउँपालिका वस्तुस्थिति विवरण, २०७६:*** *धुर्कोट गाउँ कार्यपालिका, फूलखर्क, प्रदेश ३, बरबोट, गुल्मी*